संस्कृत छात्र-संघ, धरानको मुखपत्र–

संपादक मंडल
कृष्ण कोइराला
लक्ष्मी नेपाल
जय नारायण शर्मा
कमल प्रसाद पौड्याल

नेपाल

प्रधान संपादक
प्रो० टीका प्रसाद शर्मा

व्यवस्थापक
उद्धव प्रसाद काफ्ले
देवमणि आचार्य

वर्ष १] २०१६ [अंक १

नेपाल

देवमणि आचार्य

[आचार्य ज्यू मध्यमा अन्तिम वर्षका छात्र, सं. छा. संघ घरान का का का. सदस्य र व्यवस्थापक मण्डल का सदस्य हुनुहुन्छ । बहाँको कविता राष्ट्रियता पूर्ण छ । सं.]

मानो यो विरुवा नवीन पथको, नेपालका सन्तति ।
आऔं लौ सबले गरौं हिलि मिली नेपालको उन्नति ॥
सागरको सरि शान्त शासन लिई आदर्श राखी ठूलो ।
स्वर्गोद्घाटन तुल्य साधन लिई ज्योत्स्ना उदायो अहो ॥
ताराका बिचको शशाङ्कसरहे नेपाल यो, सत्वर ।
नेपाली जन जागृती करणमा नेपाल यो तत्पर ॥
अन्धो त्यो पनलाई ध्वंस नगरी राख्तैन शेषांशयो ।
ज्योत्स्नाको कलिका जगाइ सबमा छोडनेछ नेपालयो ॥
वासन्ती वनको सुगन्ध फुलयो विज्ञानको मूल हो ।
सन्मार्गोत्पथ को र भव्य जगको विज्ञान नै मार्ग हो ॥
नेपाली सरि शूर-वीर जगमा कोही नहोला अहो ? ।
छदैं गौरव, विश्व-व्योम भरिमा वढ्दोछ नेपाल यो ॥
गङ्गा चन्द्र समान, मध्य शिरको शोभा सरी शंभुको ।
माथामा हिमको र बीच तलमा झण्डा लियो देशको ॥
पीड़ा त्यो जगको हटाउँ सबको रक्षा गरौ लोक को ।
राख्दै लोचन स्वच्छ शैल हिमझैं बढ्दोछ नेपाल ॥

पूर्व ४ नं भोजपुर

विज्ञानको आविष्कार या बहिष्कार ?

तारिणी प्रसाद भट्टराई, अखौंले, धन्कुटा ।

मानवले अलि अलि गर्दै विज्ञानको विकास आज यस्तो बिन्दुमा पुरयायो कि अब यो सित जोरी खोज्ने हो भने काल्पनिक उपन्यासका अखण्ड शक्तिवान राक्षस हरूले विध्वंस गरेझैं गर्न सक्छ अथवा विज्ञानको कोपमा पर्नु सानु कमिलों भहासागर मा पर्नु हो । तर यसलाई अपनाउने हो भने र यसको शरण पर्ने हो भने मन चिन्ते झोलीले झैं हाभीले जे माग्यो उही दिन सक्छ । यसको विकास वारे केही विचार गर्दा न गर्दै हामीले सपना मा पनि गर्न नसकेको उन्नति मा पुगि सक्छ ।

पहिले हामो साधारण सलाई को आविष्कारले छक्क थियौं भने भाप—इञ्जिन मोटर, हवाइ-जहाज को आविष्कार ले सलाईको उत्पत्ति लाई नगण्य गराइ दियो अनि आज प्रक्षेप्यास्त्र र नकली जुन इत्यादिको निर्माणले सारा वैज्ञानिक उत्पत्तिलाई धेरै पछाड़ि गरायो ! आज मानव विज्ञानको भर

ईश्वर दर्शन

जगदीश नेपाली

[नेपाली ज्यू सुप्रसिद्ध साहित्यकार महानन्द ज्यू को सुपुत्र हुनुहुन्छ । वहाँ सफल सामाजिक कार्यकर्ता र प्रतिष्ठित नागरिक एवं सफल राजनीतिज्ञ पनि हुनुहुन्छ । सं०]

जाहाज रेल अनि मोटर पैलि पैदल
गर्दै कुदेर म घुमें सब देवता स्थल
पैसा सकें सब भएछ वृथा परिश्रम
प्रत्यक्ष कांहि पनि पाइन देव-दर्शन
ती धाममा त परमेश्वर देख्न पाउँला
पोरी हलौं हृदय दुःख सबै विसाउँला
भन्दै कमै सङ्ग पुगें जब चारधाममा
फोस्रा भए जति थिए मन भित्र कामना
थैली र वेग मनको सब रित्तिएपछि
फर्कें निराश र उदास भई घरै जपी
बोकी प्रसाद अनि निर्मल जाह्नवी-जल
नेपाल भित्र म पसें न मिलेर सम्बल
मध्याह्न दोपहरमा हरूवाहरू सब
देखें हलो र फरूवा सित लाप्पिदा अझ
नांगो शरीर तप तप् पसिना चुहाउँदा
आमा उमापति दुबै मनले झुराउँदा

बोकेर यो हृदय दाहक उग्र तस्वीर
तेर्सों सकेर म चढें कमले उँभोतिर
पाएँ यहाँ अझ कठोर नवीन दर्शन
भोकै थिएँ तर पनि छिन कुम्लि खाईन
बोकेर डेढ़मन गेग्रिनमा खुई खुई
गर्दै उडन्त मनमा कति कामना लिई
टेकाउँदे छिन छिनै कति ठाउँ टेकन
चोखा पवित्र मनका भरिया अकिञ्च
डोको अनौ र फरूवा सितका लडन्तमा
वित्तो छ जन्म जसको तिनका निधारमा
ओवाउँदैन पसिना जुन नीतिले बुझ
त्यो नीतिको अब हुदैन कुनै समर्थक
देखें तिनै कृषक, वाहक का शरीरमा
छन् स्वेत-विन्दु जति उत्रि यी आत्मादो उमा
जो वस्तु पाइन धुमेर समस्त तीर्थमा
भेटें उही परम वस्तु मनुष्य देहम

नेपाल देश शिवलोक समान पुण्य हो
जन्मे यहाँ जति जना सब देव अंश हुन्
यो तत्व सम्झन सके पछि मिल्छ सद्गति
जो संझदैन उसको उभयत्र दुर्गति ।

जय नेपाल

परी पृथ्वी बाट उडेर चन्द्रमा आबाद गर्ने अनि मंगल को विहार गर्ने साहस गर्दैछा तसर्थ अपार विज्ञानको उन्नति को अन्तिम विन्दु वारे सोच्न हाम्रो दिमागले भ्याउन सक्तैन।

अब विज्ञान के हो ? यसलाई जन्माउने हुर्काउने को हो यसको उत्तर हामीले खोज्नै पर्दैन। किन भने विज्ञान मानव ज्ञान बाट उत्पन्न भएको ज्ञान हो। यसलाई मानव मस्तिष्कले जन्मायो हुर्कायो अनि बढायो र बढाउदै छ। इतिहास का पन्ना पल्टाई हेरे हामी देख्न सक्छौं कि पहिले को मान्छे विज्ञान बाहिर थियो उ प्रकृति संग लड्दोगरी प्रकृतिकै भरपरो जसो तसो बाच्तथ्यो। उसलाई आँधी वर्षा तथा अन्य जंगली प्राणी देखि बचो हिड्न हम्मे पर्थ्यो। मनुष्य यो विशाल संसारको एउटा शक्तिहीन जीव मात्र थियो। तर भौतिक जगत को सर्वोत्कृष्ट सृष्टि, मानव दिमाग ले विज्ञान जन्मायो यसलाई हृष्ट पुष्ट बनायो अनि यसैको सहारा ले उ फुत फुत उन्नति को सिढ़ो चढ़दै धेरै माथि पुग्यो र अगम्य विश्वलाई एउटा शहर झै बनाई दियो।

यसरी विज्ञान मनुष्य को पूर्ण सहारा भएको छ। तर यति भएर पनि यसले अपजस को भागी हुनु परे को छ। विश्वमा विज्ञान को आविष्कार र विकासमा मतभेद देखिदै ने छ। प्रसिद्ध कवि वर्डसवर्थ, मिल्टन र अन्य कैयौं यूरोपीय विद्वान दार्शनिक हरूले विज्ञान देखि दुःखी भएर प्राकृतिक जीवन पाउने उत्कट अभिलाषा आफ्नो शब्दमा पोखेका छन्। वैज्ञानिक प्रगति रोकी फर्केर प्रकृति संग मिलेर बाच्नुमा ठूलो सुखको अनुभव गरेका छन् कि मानवले विज्ञान को आविष्कार प्रकृति विजय गर्ने भएर आफै लाई दुःखी गरायो। मनुष्य जति आमोद प्रमोदका साधन उत्पत्ति गर्छ उति बढता उस्को तृष्णा बढ़दै जान्छ, यस युगमा मनुष्य ले खान, लाउन, हिंड्न, डुल्न बोल्न, धेरै सुख र सुविधा पाएर पनि अर्काको डाही गर्छ अनि आफू धेर सुख पाउने होडमा अर्कालाई विज्ञान को दुरुपयोग गरी संहार गर्छ, अर्को धेर सुखी भएको देखेर आफू झन सम्पन्न हुन अनेक भयंकर संहारक अस्त्र आविष्कार गर्ने प्रयास गर्छ। तसर्थ हामीले विज्ञानलाई चलाई रह्यौं भने एक दिन यसले मनुष्य त के सारा प्राणीको नाम निशान मेटि दिने छ। उनीहरूको रायमा आज विश्वमा बढ़दै गइ रहेको लड़ाई झगडा ईर्ष्या को कारण विज्ञान नै हो।

भारत का महान आदर्शवादी नेता महात्मा गान्धीले पनि विज्ञानको बहिष्कार झन्डै यसरी नै गरेका छन्। गान्धी जी को रायमा भारतमा अन्य यूरोपीय देशमा झैं बढ़दै गइ-

उनैलाई

दण्ड पाणि 'नेपाल'

[नेपाल ज्यू उत्साही कार्य कर्ता हुनु हुन्छ। खहरे, डढेलो आदि संकलनमा यहाँ का रचना पाइएका छन्। यहाँ का रचनामा यथार्थता पाइन्छ। सं]

हिमाल जस्तो भावना तिम्रो कसरी पग्लियो ?
संयमी मन विलास तिर कसरी पल्टियो ?
नारीको हक कर्तव्य सबै कसरी बिसियौ ?
पवित्र आफ्नो समाज देखि किनहो तर्सियौ ?
नेपाल आमा जानकी लाई सम्झेर रुदैंछन्।
भृकुटी, गोपा, सावित्री सबै धिक्कार दिदैछन्।
इच्छाले हो वा लोभले होकि पसल फिजायौं ?
अमूल्य जुनि इज्जत सबै माटैमा मिलायौ।
यौवनको यो हुरिले तिम्रो भावना उडायो।
सुन्तले रङ्गको गालाको लाली गालामै विलायो।
जीवन यो हो पानीको फोको भूलमा न पर।
चुल्चुले दिदी विन्ती छ मेरो नगर रहर॥
शिशु की आमा बनियो तिमी चरित्र सुधार।
कसिंगर बनी न जाउ नारी! विन्ती छ हजार।
कृत्रिमताको क्रीम र लालो छाडी यौ चटक।
प्रकृतिलेनै पार्ने छ तिम्रो शरीर सपक।
युगको धर्म चिन्हेर बढ भविष्य निहाल।
नारीको हक लडेर लेउ हुर्मत नफाल॥

\+ \+ \+

निमुखा भाई बैन्हीको निम्ती डटेर लडौंला।
पुरुष नारी मिलेर संगै अघाड़ी बढौंला॥

छथर, घुम्लिङ्ग (धन्कुटा)

रहेको पूंजी पति मजदूर हरुको संघर्ष र ताना तानो तथा अन्य अशान्तिको प्रमुख कारण हरेक व्यवसाय को औद्योगीकरण हो। उनले भनेका छन् भारतको आफ्नै आदर्श अरुको भन्दा पवित्र र उत्तम छ, यसर्थ यो देशले कुनैकुरामा पनि विदेशीकरण गर्ने जरूरत छैन्। गान्धी जी ले भारतमा शान्तिको उपाय औद्योगीकरण हटाई वा घटाई साना कुटी उद्योग धन्धालाई पुनरुत्थान गर्नु बताएका छन्, जसबाट, सबैले काम पाउने छन्। (किन भने मशीनको प्रयोगले मान्छे फाल्तू गराई दिन्छ र बेगारी समस्या उठाई दिन्छ) अनि

सता उद्योग धन्दाले प्रमुख स्थान पाए पछि कसै संग "अपार पूँजी" एकत्रित हुने वैभव, सबैमा आर्थिक समानता आउने छ। महात्माजी को सिद्धान्तमा विज्ञान ले नै मानिसमा शुष्क सर्वोदृष्टि जन्माएको। किन भने विज्ञान मन्दा पूर्व मानिसमा न यस्तो अज्ञानता ने थियो न शोषण पद्धति नै। सबै काम गर्थे, सबै खान्थे। तसर्थ अब विज्ञानले जन्म लियो शोषणले जन्म लियो, अब विज्ञान फाल्नाउन पाइने शोषणले जरा गाड्यो। अहिले विज्ञान डर लाग्दो भयो साथै शोषण पनि असीमित हुन लाग्यो। यसधारण विज्ञानको बहिष्कार गर्दै लगेमा संसारमा शान्ति हुदै जाने छ।

अब यी दुई जना विद्वानहरुका विचार कहाँ सम्म ठीक हो, यस विचारले विश्वको कति सम्म कल्याण होला भन्ने कुरा पहिले विचार गर्नु छ। यो कुरा पहिले नै थाहा पाइएको छ कि मनुष्यले नै विज्ञान को सृष्टि गरेको अनि यसैको आधारमा आफ्नो विकास गरेको र अहिले त उ विज्ञान बिना यसप्रकार मिसिएको छ कि यसलाई त्यागि दिने वा उपेक्षा गर्न हो, भने मनुष्यको अस्तित्वनै असंभव छ। बिना विज्ञान वर्तमान, मनुष्य जुन स्थितिमा छ त्यो स्थितिमा कदापि पुग्ने थिएन। त्यो भए विज्ञानको बहिष्कार कुन परिस्थिति बाट प्रभावित भयो? यस युगमा विज्ञानको दुरुपयोगको डरले मानव अन्तरात्मा साचै नै भयभीत छ। अणु अस्त्रको प्रयोग महोत्व भन्ने प्रायः सबैको हार्दिक कामना छ। तर तथ्य के हो भने विज्ञान मनुष्य दिमागको उपज हो र मानिसले आफ्नो हित का लागि यस को उन्नति र विकास गरेको त्यसैले विज्ञानलाई बाटो अबाटो लै जानु पनि दुईटो हातमा छ। विज्ञान कुनै चेतनशील तत्व होइन जसले स्वयं मानव माथि मार गरोस्यो त मानव द्वारा चालित हो! यसको पृथक् अस्तित्व केही छैन।

विज्ञानको बहिष्कार कुन परिस्थितिमा आयो त भन्ने कुराको ऐतिहासिक तथ्य छ कि विश्वमा औद्योगिक क्रान्ति सर्व प्रथम यूरोप मानै भयो। त्यसमा पनि इंगल्याण्ड सब भन्दा अगाडि थियो। फल स्वरूप इंगल्याण्डले छिटै नै निकासको का चुल्लो पेर्न पायो। जब देशमा औद्योगीकरण भयो र उद्योगको केन्द्रीकरण भयो देशको सारा सम्पति नि स्वतः अल्प संख्यक पूजीपतिमानै केन्द्रित भयो। बहु-संख्यक वर्ग आफ्ना दोन छाक अवस्था बाट छटपटाएर स्वतन्त्रता र समानताको आवाज उठाउन थाल्यो। अनि दुई बीच संघर्ष हुँदा समय समयमा भता तर्ने रक्तपात, हिंसा,

वैदिक राष्ट्र गीत

अनु. जदानन्द भट्टराई

[भट्टराई ज्यूको अनुवादमा मौलिकता छ। हाम्रो देशमा "पाती पढने" चलन छ; यसै वैदिक मन्त्रले। सबै वेदको अर्थ बुझन सक्ने हुदैनन्। यस अनुवादले सबैलाई यस ऋचाको अर्थ स्पष्ट गर्नेछ। वहाँ उत्तर मध्यमा (व्याकरण) प्रथम वर्षका छात्र हुनु हुन्छ। सं०]

आब्रह्मन् ब्राह्मणो ब्रह्म वर्चसी जायताम्।
आराष्ट्रे राजन्यः शूर इषव्योऽतिव्याधी महारथो जायताम्।
दोग्ध्री धेनुर्वोढानड्वानाशुः सप्ति पुरन्धिर्योषा
निकामे निकामेनः पर्जन्यो वर्षतु।
फल वत्यो न ओषधयः पच्यन्ताम्।
योगक्षेमोनः कल्पताम्॥ (य जु० सं २२।२२)

अतिशय राम्रो देश छ हाम्रो वगी नदी का धारा
सब साधनले देश सजाऊ प्रभु यै हाम्रो नारा"
हुन् ब्राह्मण विद्वान् राष्ट्रमा ब्रह्म तेज ब्रतधारी
महारथी हुन्, शूर,धनु धर क्षत्रिय लक्ष प्रहारी
गाईहरू पनि मधुर दूधको रहुन वगाई धारा
सब साधनले देश सजाऊ प्रभु यै हाम्रो नारा॥
गोरुठूला अनि बलिया हुन् खूब उठाउन भारी।
अश्व आशु-गामी हुन् दुर्गम पथमा विचरण कारी
उसको गति देखी लज्जा मै हार्छोस् समीर विना बहाश।
सब साधनले देश सजाऊ प्रभु यै हाम्रो नारा॥
महिलाहरू हुन् सती, सुन्दरी, निज निज पतिका प्यारा,
विजयघण्टा नलिई न फिरोस् वीरहरूको धारा
जसका गुण गाथाले गुञ्जित दिग्दिगन्त होस सारा
सब साधनले देश सजाऊ प्रभु यै हाम्रो नारा॥
यज्ञ निरत हुन् भाई सदैव शूर, सुकृत, अवतारी।
युवक यहाँ का सभ्य, सुशिक्षित, सौम्य, सरल, सुविचारी
जो होलान् यस धन्य राष्ट्रका भावी सुदृढ सहारा
सब साधनले देश सजाऊ प्रभु यै हाम्रो नारा।
समय समयमा आवश्यकता वश रस घनयो वरषाउन्
अन्नौषधमा फल हुन टम्म अनि सब आफै पाकुन्।
योग छ हाम्रो क्षेम छ हाम्रो स्वतः सिद्ध मिलेको सारा
सब साधनले देश सजाऊ प्रभु यै हाम्रो नारा॥

(फेदाप कोया खोला) लिङ्दिङ्-

मारामार देखिन थाल्यो प्रथम र द्वितीय विश्व युद्ध यसका ज्वलन्त प्रमाण हुन। यस्तै परिस्थिति वाट प्रभावित भई कैयौं भावुक मानवता वादी विद्वान नेताहरुले उक्त अशान्ति को मूल कारण न भेटो विज्ञानलाई गालो गर्न थाले वैज्ञानिक संसारको विरोध गरी प्राकृतिक जीवनको स्वर्गीय सुख. का उद्गारहरु अनेक कविता, नाटक, कहानी र लेखमा निस्कन थाले। एकतिर मशीनको प्रयोगले उपभोगका सामग्री हरु भरमार बढ्दे थिये-त अर्कातिर यही अनुपातमा वितरण न भई अल्प संख्यकको हातमा धन एकत्रित भइ रहेथ्यो। महात्मा गान्धीको विज्ञान विरोध पनि यही परिस्थिति वाट प्रभावित भएको हो। असमान वितरण वाट उत्पन्न भएको गडबडी पट्टि ध्यान नदिई गान्धी जी ले उद्योग धन्धाको केन्द्रीयकरण हटाई साना साना उद्योग धन्धा वढाउने उपदेश दिन थाले। देशमा खांडो कपडा चर्खाको बलजफ्ती प्रचार गरियो जो कि वैज्ञानिक उत्पादनको अगाडि टिक्न विलकुल असमर्थ भयो किन भने वैज्ञानिक उत्पादन वस्तुको प्रति इकाइ लागत मूल्य प्रति दिन घटदै जान्छ र हातले वनाएका माल महँगा पर्छना यो कुरा प्रष्टै छ कि महात्मा जी को महान प्रयासको वावजूद भारतले औद्योगिकरण गर्न करै लाग्यो र आज गान्धीजीको आदर्शको अनुयायी भारत देशलाई भौतिक विकासले पुष्ट राष्ट्रहरूको दांजोमा पुर्‍याउन प्रयास गर्दैछ। महात्मा गान्धीको "अमृत वाक्य" को भारत सरकार आदर जरुर गर्छ तर व्यावहारिकतामा यस्को प्रयोग विल कुल न गण्य छ।

त्यसैले कुरा छर्लंग छ कि विज्ञानले मनुष्यको हानो केही गरेको छैन। प्रथम द्वितीय महा समरमा असंख्य धन जनको क्षति जरुर भयो तर यो क्षति असमान वितरण वाट जन्मेको झगडा बढ्दै गई उग्रराष्ट्रवादिताको रूप लिई भएको थियो। कुनै हथियारले हाम्रो हात काट्यो भने हथियारलाई नै दोष दिनु आफ्ने नासमझी हो, भूल हो। यस युगमा हामीलाई खाँदा, वस्ता, सुत्दा, हिंडदा र बोल्दा हरेक चोजमा विज्ञान न भई हुदैन भने कसरी यसलाई हटाउने वाद्यटाउने गर्न सकिन्छ ? समाजमा संघर्ष, हत्या, विश्व युद्ध चल्छ भनी आत्तिएर रोक्न खोज्नु निष्फल प्रयास र निर्बुद्धिको परिचय दिनु मात्र हो किन भने विज्ञान झगडाको कारण होइन मनुष्यक आफै स्वार्थ वाट प्रेरित भई यस्को दुरुपयोग गर्छ।

आज विश्व विकास तिर नै लम्की रहेको छ भन्ने कुरा निर्विवाद सत्य छ। त्यस्को कारण के भने विज्ञान पनि दिन पर दिन फस्टाई रहेको छ। वैज्ञानिक उन्नति रोकिएमा प्रगति पनि रोकिने छ र यस्लाई घटाए अवनति तिर पछि सर्ने छ। त्यस्कारण विश्व कल्याणको लागि विज्ञान को नयां नयां आविष्कार पनि हुनु पर्छ, विकास पनि हुनु जरूरी छ "बहुजन हिताय-बहुजन सुखाय अनि सर्वजन हिताय सर्व सुखाय।"

विग्रे

श्री विद्यानाथ पोख्रेल,

["भारती" आदि पत्र-पत्रिका का पाठक वहाँ सँग परिचित छन्। वहाँ लाई पूर्वाञ्चल नेपाल का हास्यरसा वतार भने पनि हुन्छ। धन्कुटा जिल्ला का पुराना सामाजिक र राजनीतिक कार्य कर्ता हुनु हुन्छ। भू० पू० सल्लाहकार सभाका माननीय सदस्य पनि हुनु हुन्थ्यो। स०]

चाकडी वाला पर्रा लागो, ममता जाग्यो मन्त्री विग्रे।
घूस मलैजा छाड्न सकेनन् जागीर वाला सारा विग्रे॥
झण्डा वाला मोटर सम्झी देश भूले अनि नेता विग्रे।
नेता नेता भन्दा भन्दै पाटी वाला गैरह विग्रे॥
पार्टीको दलवन्दी घुसेर छात्रहरू पनि धेरै विग्रे।
सेक्रेटरीको रस सम्झेर राल चुहाई शिक्षक विग्रे॥
वन्दुक लठ्ठी हान्न न जान्दा पुलीस हरूता विग्रे विग्रे।
सित्ती लठ्ठी खाँदा खाँदा कुरा वुझेनन् जनता विग्रे॥
वस्तु-स्थितिको ख्याल न राखी शब्द थुपारी कविजी विग्रे
शब्दावली अनि पद लालित्य हेरे-कविता प्रेमी विग्रे॥
टी पार्टीमा भुल्न गएर प्रेस रिपोर्टर जम्मै विग्रे।
मन कथ्यक अनि एक पक्षको खवर पढीकन पाठक विग्रे॥
रुपियामात्र झल झल सम्झी रोग न चिन्दा डाक्टर विग्रे।
नकली खाली पानी जस्तै औषधि खाँदा रोगी विग्रे॥
भाई फुटाई मुद्दा लाई न्याय न सम्झी ओकिल विग्रे।
घूस कोसेली पेल्न न सक्दा मुद्दा हारी झगड़े विग्रे॥
अनुचित नाफा वढता धोकी वन्धु ठगी व्यापारी विग्रे।
सस्तो मात्रै खोजी हिड्दा माल न खप्ता किन्ने विग्रे॥
राग रागिनी माया मारी फिल्मी लयले गायक विग्रे।
शास्त्र न जानी कर्म गराई पुरोहित-पुजारी वन्ने विग्रे॥

कचिडे, धन्कुटा

कसरी ?

उमानाथ भण्डारी, धन्कुटा, किन्ताङ

[हाम्रो देशमा अझै पढदा विग्रिइन्छ भन्ने चलन छ। केही चेतन शील ठाऊँ छाडी अन्त गएमा पढनुपर्छ भन्ने सुन्ने विद्यार्थीले नाक कोप्र्याउने बानी गएको छैन। भण्डारी ज्यूले त्यही समस्यालाई लिनु भएको छ। हाल वहाँ श्री पि० सं० म० वि० धरानका उ० म० को छात्र हुनुन्छ। सं]

"वा वा! अबता म पनि पढन जान्छु।"

"तँलाई के नपुग्दोछ र पढन जान्छस ? मैले यत्रो सृष्टि गरेकोछु। पहिले खेतको नाम मा ३ माना को बिउ पनि थिएन। आज तिन मुरी को बिउलगेर पोरव्ने गरेको छु। त्यति मात्र होइन। साठी, सत्तरी घर जजमान पनि छन्। यसैलाई सम्हालेर खान कत्रो मुश्किल परेको छ। मैले घर छोडेर कहीं नगै अग्नि स्थापना पढेर यत्रो जजमान थामेंको छु। तँलाई म आफैं पढाएर आफ्नु व्यवहार थाम्न सक्ने बनाई दिन्छु।"

"होइनवा ? ठुलाघरे हुमागा भी का छोराले पनि म्याट्रिक पास गेरर आएछन्। उनले ग्राम विकासमा लागेर मैंनाको १३५रु कमाउछन् अरे। उनको देश भरी नाम चलेकोछ। फलानाका छोराले कमाल गरयो पढे पछित त्यरतो होस्न भनि गाउलेहरु उसैको प्रशंसा गर्छन्।,, कपाल कनाउदै सुन्दर ले भने।"

"त्यो...त्यो....त्यो हुमागाचो को छोरो के कामको छर, बाबुको त्यत्रो धन पढने निउले त्यसै उडाएर सक्यो। पढयो भने ३ पाटा कपाल मुड्ने। टोपी भिक्के। कुन गतीला छन् र। अचेल का पढे लेखेका मान्छे। टोपी कैले भिक्नु पर्ने हो, जुंगा कैले काटनु पर्नेहो त्यो पनि थाह छैन। जिउदै बाबुलाई चपरी मुनि हाल्छन्। टोपी का नाडंमा डालो घोच्याये। मुरुवाल को सट्टामा धोको मिरे, जो भएका बेकामी भेला भए, हुंग्रो फुके दगुरे। घरको भने यौटा सिन्को माच्न पनि जान्दैनन्:। गाईका खुर जत्रो टुपी राख्नु, बेहान बेलुका सुझे भन्नु, त्रिपुण्ड्र चन्दन लगाउनु, सनातन धर्म को पालन गर्नु कता हो, मुख सम्भ धुदैनन्। त्यस्तै हुन जान्छस् ? जा मुर्ख हो!"

देवी दत्त त्यस गाउँका ख्याति प्राप्त र हुने खाने मानिस थिए। उनका दुई पत्नी थिए। जेठो का २वैनी छोरी एकमात्र छोरा थिए। त्यस्कारण उन सुन्दर को ज्यादै प्रेम

प्रभात

मुक्ति नाथ सुवेदी,

[सुवेदीज्यू का यस्ता धेरै रचनाहरु पाइएका छन्। 'प्रभात' ले उपदेश दिएको पाइन्छ। वहाँ श्री पि० सं० म० वि० का पू० म० द्वितीय वर्ष का छात्र हुनु हुन्छ। सं०]

अब उठ मलिनो भो यामिनीको मुहार।
तृण विच लटिंदा छन् मोतिका सौम्य हार॥
सरर सुरभि चल्ने वायुको मन्द वेग।
रिपुगण पर सारी फैलिएको प्रभात॥१॥

सगर नजर गर्दा सूर्य निक्ली रहेका।
वर पर सब साथी काममा छन् भिडेका॥
फरर गरि पखेटा उड्न लागे विहङ्ग।
नर-वर! गर राम्रो काम पारेर डङ्ग॥२॥

तर वर गरी आफ्नू लक्ष्य लाई नफाल।
अधिकतर सबैले राखि कर्तव्य-ख्याल॥
अलसिपन धपाई जाँगरीलो बनेर।
अब नव प्रतिभा लो काम थालौं मिलेर॥३॥

\+ \+ \+

गर्दथे। सुन्दर गाउँका ठीटा हरु संग लागेर न विग्रियोस् उस्ले घर व्यहार राम्रो संग थाम्न सकोस् भन्ने उनको धारणा थियो। उनलाई आधुनिक शिक्षा का प्रति घृणा थियो। प्राचीन अन्ध परम्परा र रुढि बुढि का भक्त थिये।

'के कुरा हो ?' मित्रवाट सानी आमा रन्किदै आइन।

"सुन्दरे माष्टर हुने रे ?"

"भैंसीलाई घास कुन त्यस्को आमाले काट्छे अरे! माष्टरनी.लाई चैं माइतैमा फुलाएर राखे को छ। म सक्किन यत्रो बाह फसाद गरेर घिच्याउन। निकालिदिनु जताबुकै मुन्टियोस् ?"

सुन्दर १८ वर्षका नव युवक थिए। देवीदत्त ले उनको २ विवाह गरि दिएका थिए. पैलो विवाह उनको शिक्षित ठाउँमा भएको थियो। एक दिन देवीदत्त बुहारी पठाई माग्न गए छन्। मेरी छोरी ऐले ६ क्लासमा पढदैछ जाँच सकिए पछि पठाई दिउंला भनि सम्धीले भनेछन्। देवीदत्त रीसले रन्किएरू "सर्के भने छोराको अर्को विहे गर्छु।" भनीफर्केछन्।

त्यहि बाटो गएर माफ घरे दाहालकी छोरी मागी दो श्रो विहे समेत गरेका थिए। उनलाई अंग्रेजी पढ्ने ठूलो अभिलाषा थियो, तर, उनका पिताले आधुनिक शिक्षामा अघाडी बढ्न दिएका थिएनन्।

एकदिन बेलुका सुन्दर भैसीलाई घांस हालेर आई अघेना का डोलमा बसी रहेका थिए। उनका मनमा कुरा खेली रहेका थिए। एक बांजी उनले पिताको मुखमा करुण दृष्टि ले हेरे। पुत्रको आशय बुझि देवीदत्त फेरी उनै कुरा दोहर्याउन लागे।

"हुमागाव को छोरो हरामीको आज सम्मविहे गरेको छैन। २०।२२ वर्षको भइ सक्यो जस्ता तस्ता केटी मन पर्दैनन्। उसका बाबुले सुबेदी की छोरी मागेर कुरो छिनी सकेको पनि मन परेन भनेछ। अब त्यो त्यसै फुल्छ होला। उसका लागि दुनियां मा केटी नै छैनन्। बिमिरेको छोरो पितृभक्ति कस्तो छ। जेकाम गर्न पनि बाबुलाई सोद्धछ। उस्का ५ भाई त छोरा भई सके। फेरी ती हरामी हरूको संगतै गर्दैन। यदि तँ मैले भनेको मान्दैनस् र जान्छस् भने जता सुकै लम्की। आज देखि तैले मेरो घरमा आउनु पर्दै पर्दैन। तँ संग बाबु छोराको संबंध जीवन भर रहने छैन बुझिस्?"

सुन्दर साच्चैनै सुन्दर थिये र उनको विचार पनि सुन्दर थियो। उनी शिक्षित भएर जीवनमा नयां परिवर्तन ल्याउन चाहन्थे। उनलाइ रातभर निद्रालागेन। लागोस् पनि किन? उनको हृदयमा देवीदत्तका वाग्बाणले असाध्य घोचेको थियो। उनी त्यही वाक्य सम्झन्थे "तँ संग बाधु छोराको सम्बन्ध जीवन भर रहने छैन बुझिस्।"

बेहान भयो। भालेको सुरीलो स्वरले सुन्दरकी सानी आमालाई ब्युंझायो। उनी उठिन्, आफ्नु घरधन्दा तिर लागिन् तर सुन्दर उठेनन्।

"सुन्दर। ए-। सुन्दर!! यति बेर सम्म सुती रहन्छस्, कुरा गर्छस् आकास र पातालका। तेरो बुद्धि कहिले आउँछ। सिन्न् जुरोत पलाउदैन त अबता?"

तर, सुन्दर ओछ्यान मा थिएनन्। ——

भाग्य ?

श्री लक्ष्मी 'नेपाल'

❀

[नेपाल ज्यू पूर्वमध्यमा द्वितीय वर्ष का विद्यार्थी र उत्साही, विद्यार्थी-कार्य-कर्ता हुनु हुन्च। ने० रा० वि० फे० घरान का का० का० सदस्य र संस्कृत-छात्र संघ घरान का साहित्य मन्त्री एवं सम्पादक मण्डल का सदस्य हुनु हुन्छ। यस वर्षको खेल कूदमा विशेष स्थान पाई "चैम्पियन शीप" प्राप्त गर्नु भएको छ। सं०.]

त्यहीं छन् सबैका सुकोरा पखेरा।
उनै सूर्य, आकाश, औ चन्द्र तारा॥
तिनै भीर, टापू, नदो, बाग, बारी।
सबै स्तब्ध छन्, शान्ति सन्तोष धारी॥
उनै मानवी छद्म, व्यापार, दम्भ।
उनै "लूज फिट्" विश्व का रङ्ग मञ्च॥
उनै भोक, तिर्खा, अतृप्ति सदाका।
अली सभ्य भै दैन्य शोषण् पुराना।
उनै जन्म दाता, उनै बुद्धि दाता।
सबैका सहारा ऊनै छन् विधाता॥
निदायो ममा मात्र के भाग्य नाता?
कि अर्कैछ त्यो? भाग्य को चैं विधाता॥
भए शक्तिशालो; बने बुद्धिमानी।
म जस्तै भएता पनि भाग्य मानी॥
बनेतो कसोरी? अभागी म चाहीं।
समाधान यस्को कतै पाइयो कि?

छथर छुमलिङ् (धन्कुटा)

विराट नगर ऐतिहासिक खोज

श्री महानन्द साप कोटा

(प्रसिद्ध कवि, कोषकार र भाषाविद् सापकोटाज्यू देश-व्यापी हुनुहुन्छ । तर, वहाँ केन्सरले आक्रान्त हुनु भएकोले हाल इलाज गराउन कलकत्ता जानुभयेकोछ । वहाँ चाँडै स्वस्थ हुनुहोस्—ईश्वर संग यही प्रार्थना छ । सं०)

मोरङ्गका सदर मुकाम को नाम विराट नगर हो । त्यस्का उत्तर भागमा गोग्राहा भन्ने एक काँठ पनि छ । पाण्डवहरु गुप्तवास बसेको विराटनगर नामका सादृश्यवाट त्यो विराटनगर यही नै हो भन्ने धेरैके धारणा भयेको बुझिन्छ । इतिहास मार्न हुदैन, यस विषयको इतिहास खोज्न हामीले महाभारतलाई नै आधार मान्नुपर्छ ।

महाभारत के भन्छ हामी हेरौं ।

पाण्डवहरूले काम्यकवनमा १२ वर्ष विताएपछि अब यो गुप्तवास को एक वर्ष कहाँ विताउने भनि युधिष्टिरले प्रश्न गर्दा अर्जुन भन्छन्.....परितः कुरून्

पाञ्चालाश्चेदि-मत्स्याश्च शूरसेना पटच्चराः
दशार्णा नवराष्ट्राश्च मल्लाःशाल्वा युगन्धराः
कुन्ति राष्ट्रं च विपुलं सुराष्ट्रावन्तयस्तथा ॥१३॥

विराटपर्व १ । १२ । १३

पाण्डव पाँच भाई मा अर्जुन को राजनैतिक बुद्धि तीखो थियो भन्ने स्पष्ट छ, अनि 'परितः कुरून्' मा विशेष मनोयोग दिनुपर्छ । परितःको अर्थ वरिपरि हुन्छ । परितः कुरून्को अर्थ भयो कुरुराज्य, अर्थात् दुर्योधनका का राज्य को वरिपरि । कौरव र पाण्डवमा राजनीतिको संघर्ष थियो । गुप्तवास का अवसानमा मिलाप न भयेका खण्डमा संघर्ष अनिवार्य थियो, त्यसो हुंदा दुर्योधन परिचालित राजनीतिको आलो समाचार पाण्डवहरुलाई आवश्यक थियो, अनि उनीहरु दुर्योधनका राज्यदेखि टाढा कसरि जाउन् ? अब राजनीतिमा चतुर अर्जुन परितः कुरुन् का राज्यहरूको नाम लिन्छन् । यो कथनबाट विराटनगर हस्तिनापुरबाट टाढा रहेन छ भन्ने स्पष्ट हुन्छ ।

त्यस पछि विराट राजा बलवान, पाण्डवका अभिरक्त धर्मशील र वदान्यछन्भनेर युधिष्ठिरले एक वर्ष विराट नगरमै वर्षौं भनेर सल्लाह दिये पछि उनीहरु हिंडेका प्रकरणमा "कालिन्दीमभितो ययुः" भनेर लेखियेको छ जसको सरल नेपालीमा यमुना वगेतिरै भन्ने अर्थ हुन्छ, अनि,

"ततस्ते दक्षिण तीरमन्वगच्छन् पदातयः ।"

अर्थात यमुनाका दक्षिण किनारै किनार पैदल हिड़े र

उत्तरेण दशार्णस्ते पञ्चालान् दक्षिणेन च ॥
अन्तरेण, यकृल्लोमान् शूरसेनाश्च पाण्डवाः ।

अर्थात दशार्णका उत्तर र पञ्चालका दक्षिणबाट यकृल्लोमन् र शूरसेनका माझबाट पाण्डवहरु गए । त्यसपछि सानो यौटा गोरेटो देखेर द्रौपदीटाढै रहेछ, आज यहीं वास वसौं भन्छन् युधिष्ठिर का आज्ञाले अर्जुन थाकेकी द्रौपदीलाई बोकेर नगरका छेउमा पुग्छन् । उपर्युक्त कथनबाट वर्तमान मथुराका दक्षिण तिरनजिकै मत्स्यदेश भएको स्पष्ट छ । फेरि कीचक वध भये पछि सुशर्माले मत्स्यदेशको दक्षिण तिरबाट र दुर्योधनहरुले

गजल

भवानी प्रसाद शर्मा घिमिरे,

गयो रात भयो प्रातः सबैलो काममा लागौं ।
फिजोयो पूर्वमा लालो छिटै आलस्यता त्यागौं ॥१॥
'चियाँ-चूँ-चूँ' गरी पक्षी हिंडे फल् खान कानन् मा ।
नदी-नाला र झर्नाको मधुर भो शब्द सुन्दामा ॥२॥
कोदालो काँधमा हाली हिंडे लौ खेतीवाला ती ।
मुखैवाई गरी हाई बसे आपत्ति पर्लाकि ? ॥३॥
न राखी आश अर्काको भरोसा आफुमा राखौं ।
वनी योग्य त्यसै वांट मिल्यो जुन सोही फल चाखौं ॥४॥
बढ़ा देखि न मानी डर उचित काम सँधै गर्ने, ।
परे लडनु रिपुका साथ समरमा गइ बढ़ मर्ने, ॥५॥
कुनै ठूलो लिए लक्ष्य फल आधीता मिल्ला ।
मुडेवल् लाई त्यागी दिउँ कतै हाम्रो नहोस गिल्ला ॥६॥
सिकौं कार्य-प्रणाली यो हवस् काम फूर्ति का साथ, ।
सबैका साथ गरी मेल असल तत्व लिउहात ॥७॥

श्लाम, पाँचथर, भोल्यानी,

उत्तरतिरवाट गाई हरण गर्ने निउले विराटनगरमा आक्रमण गर्दा नदी तरेको उल्लेख पाईदैन । कालिन्दी अर्थात् यमुना भन्दा कोशी सानो छैन र यो कोशी उस वेला पनि थियो । अवश्य पनि आक्रमण गर्ने वा प्रतिरोध गर्नेले कोशी तर्नु पर्ने हो, त्यसको कतै उल्लेख न भये बाट पाण्डवहरू यहाँ न आयेको स्पष्ट हुन्छ । अझ यहाँका तो ससाना राज्यको उल्लेख गर्दा तिनीहरू यहाँसम्म आई पुगेको भये, वाटामा पर्ने अयोध्या आदि देशको पनि उल्लेख हुनुपर्ने यो कुनै कुराको उल्लेख न हुँदा पाण्डवहरू यतातिर आएको प्रमाण पाइदैन । हाम्रा विराट नगर का उत्तर उपकंठको नाउ गोग्राहा छ । महाभारत विराट पर्वमा पनि गोग्राहा शब्द पाइन्छ । महाभारतमा ग्रह, हरणको अर्थमा प्रयोग भयेको देखिन्छ । हाम्रो गोग्राहा विराट नगरको जति नजिकै छ त्यति नजिक त्यतिका गाईको गोठ रहनु असम्भव छ । लडाइका डाङ्डुङ्ले गाई हर्केर भागे भन्ने पनि उल्लेख महाभारतमा पाइन्छ । दुर्योधनका रथी, महारथी र ठूलो सैन्य भने हरणमा गएका थिए । उता विराट-नगर-वाट वृहन्नला अर्थात् गुप्त भेषी अर्जुनले हाकिएका रथमा

फूलवारी

डिल्ली प्रसाद भट्टराई,

[वहाँ पूर्व मध्यमा (व्याकरण) दोश्रो वर्ष का छात्र र सं. छा. सं. धरान का संगठन मन्त्री र सफल कवि हुनुहुन्छ । स.]

जन्म भूमि सबकी फुलवारी ।
मालि हामी सबहौं नयपाली ॥
अल्छि भाव मनका पर सारौं ।
वार बारि बलियो अति पारौं ॥१॥

साथि ! झारहरू यी सब फालो ।
पानि फेरि रसिलो मल हालो ॥
गोड्नु पर्छ सबले अब जाऊँ ।
फूर्ति भैकन कुटे सब ल्याऊँ ॥२॥

सूट बूट चस्मा त्यहिं राख ।
खेतिवाल हरूको दु:ख चाख ॥
बांध खूब पटुका दस हात ।
खन्नु पर्छ दिन भर्गर याद ॥३॥

साथि ! हेर भुँवरो अति छुच्चो ।
रम्य शब्द छ, छ त्यो तर लुच्चो ॥
हेर शब्द मधुरो कति बोल्छ ।
काम छैन अरु क्यै रस चुस्छ ॥४॥

कोइली रुख महा भइ मस्त ।
राग पञ्चम लिई कन बोल्छ ॥
रम्य शब्द तिरको तजि आशा ।
काग बोल्छ खुसि भै निज भाषा॥५॥

कोई नील अनि छन्, कति राता ।
कोई श्वेत, तर छन् अति खासा ॥
फूल को विविध हो किन वेश ।
छोड्ला र कसले निज भेष ॥६॥

साथि ! हेर जलक्यै नमिलेर ।
फूल झर्न अब गो तिमी नेर ॥
वारि हाल उसमा र सपार ।
गर्नु पर्छ जनले उपकार ॥७॥

जाऊ उच्च थलमा पनि हेर ।
पानि जान्छ कि कतैं तिर खेर ॥
उच्च प्रेम गर खूब फुलाऊ ।
रम्य वन्न तिनलाई सिकाऊ ॥८॥

साथि ! फूलहरुका कलि हेर ।
फुल्न लाई अब के छ र वेर ॥
पानि औं मल मिले सब फुल्दन् ।
रम्य भैकन सदा सुख दिन्छन् ॥९॥

साथि ! क्रोध र कपट् पर सारो ।
प्रेम, शुद्ध मनमा लिइ भारो ॥
आउ बाग विच फूल सह्यारी ।
पार भव्य अब यो फुलवारी ॥१०॥

साथि ! एक मत भैकन ऐले ।
गर्नु पर्छ सब कार्य सबैले ॥
फुल्न लाग्छ जब यो ढकमक्क ।
हुन्छ बाग अनि यो झकमक्क ॥११॥

कौरवहरु सित युद्ध गर्न आउने उत्तर कुमारले निकै बाटो हिंडेको बुझिन्छ । त्यति नजिकै युद्ध क्षेत्र भयेको भए युद्ध' जेता का विषयमा विराट राजा र कङ्क अर्थात् गुप्त भेषी युधिष्ठिरमा त्यो विवाद को आवश्यकता पनि पर्ने थियेन ।

ई सबै कारणहरुवाट हाम्रो विराट नगरलाई उ विराट नगर हो भन्दा ऐतिहासिक अनवधानता हुन्छ । संक्षेपमा महाभारत वर्णित विराटनगरको हाम्रो मोरङ्गका विराटनगर सित केही सम्बन्ध छैन ।

(सूचना: —ने॰ भा० प्र० समिति का कति पय: शब्द विधान सित मेरो भिन्न मतछ, तर आफु रुग्णावस्थामा हुँदा अरुवाट लेखाएको हुनाले मेरा विचार अनुसार का शब्द विधान परेका छैनन्) ।

महानन्द

उस्को भनाई

उत्तरकुमार श्रेष्ठ

[यहाँको रचना "कान्ति" मा देखा परेको थियो, त्यस विद्यार्थी र धोवा स्कूल का शिक्षक हुनु हुन्छ । रचना वड़ो भाव पूर्ण छ । सं०]

"संघर्ष मय जीवन पथमा
विजयी बन्ने कोशिश गर्दै,
आज्ञा, श्रमले घैला भर्ने,
झन सुक्ने गो झन सुक्ने गो,,
यो छ उसको भनाई,
"कुनै पनि चिज त्यस्तो छैन,
वढाउँदा घटतै जाने,
मेरो कोशिश जति वढदो
भाँड़ा हेर्दा अझरित्तै छ ।"
यो छ उस्को मनाई,
"मेरो शक्ति जति आउँछ
त्यति चुस्तै रहने होला केही:
अवश्य नै छ कोही चुसाहा
पल्किएको त्यो चोरी गर्ने"
यो छ उस्को मनाई ।
"किन कसरी केले कैले देखि
चोरी रहेथ्यो त्यो चोर्ने वाला,
कसरी घुस्यो मेरो शरीर मा,"
यो छ उस्को मनाई,
"जति उपचार गरी बढ़न खोज्छु
झन्टी झन्टी आक्रमण गर्छ ।
केले कसरी त्यो उन्मत बन्यो
मेरै तागत ले पो होकि"
यो छ उस्को मनाई,
"स्वच्छ हिमाली जल वायुले
सेंचिएको यो अमूल्य शरीर
त्यसले पनि यदि कमसल भए
किन यसरी हर्दम हत्ते हाल्यो"
यो छ उस्को भनाइ,
"म पनि किन हो कस्तो कस्तो,
भएं अलमल्ल लाटिए जस्तो,
त्यसको चेष्टा मलाई मार्ने,
देखी म आतिएको पो हूँ कि ?"
यो छ उस्को मनाई,
"हिंस्रक जन्तु आई लाग्दा
सचेत आत्मा जसरी डर्छ,
म पनि यसरी भयभीत भएको,
यो स्वभाविकनै संझी होला"
यो छ उस्को भनाई,
"हृदयी व्यथा झन् झन् चर्को
थपिन गयो अझ अर्को अर्को
अन्त्य सम्म पनि छाड्न नसक्ने,
तागत छ कि किन त्यस्को यस्तो ?"
यो छ उस्को भनाई,
"दिन पर दिन म सुक्दै आएँ
त्यो एकातिर कतै हुने पर्ने
सज्जन हरूले वर पर काहीं
चोरी को शंका पाएको छकि"
यो छ उस्को भनाई,

अस्वौले, धनकुटा,—

उद्योग

श्री भीमशंकर भण्डारी

[भण्डारी ज्यू सं० छात्र संघ, धरानका उपसभापति वहा श्री पि. सं. म. विद्यालयका उ. म. प्रथम वर्ष का छात्र

मनुष्य सबै प्राणी मध्ये चेतनशील प्राणी हो । मनुष्य लाई विभिन्न किसिम का आवश्यकता पर्छन् । मनुष्य सधै उन्नत र सभ्यबन्ने कोशिश गर्छ, स्वाबलम्बी हुन चाहन्छ, स्वदेश मानै सबै आफ्ना निमित्त आवश्यक सामानहरू उत्पन्न गर्ने इच्छा गर्छ आफ्नो देश नै सबै भन्दा उन्नत र सभ्य बनाउने कोशिश गर्छ । मनुष्य संधै सुखको इच्छा गर्छ तर आफ्नो इच्छा पूर्ण गराउन विभिन्न सामान हरू चाहिन्छन् जसरी एउटा घैला बनाउन माटो, पानी, चक्, दण्ड र कुमाले को आवश्यकता पर्छ त्यसरी नै मानिस को इच्छा पूर्ण गर्न पनि घेरै सामान हरूको आबश्यकता हुन्छ । ती साधन मध्ये मुख्य साधन उद्योग हो । उद्योग बिना कुनै पनि कार्य सफल हुदैन । जसरी माछो पानी बिना बाच्न सक्तैन उद्योग-बिना मनुष्य पनि सफल हुन सक्तैन । प्रत्येक अवस्थामा उद्योग को आवश्यकता पर्दछ । किन भने मानिस ले उद्योग छाडे पछि जीवन बाटनै मुक्त हुन्छ । प्रत्येक कार्यमा उद्योग को नै आबश्यकता पर्छ । कल्पनाले मात्र कुनै पनि काम गर्न सकिदैन । पैले कल्पना गरिन्छ र त्यस लाई उद्योग द्वारा सफल गरिन्छ । त्यस्कारण मनुष्यका साथमा उद्योग को मुख्य स्थान हुदो रहे छ भन्ने विश्वास हुन्छ ।

कार्य-सिद्धि गर्न स्वास्थ्य पनि आबश्यक छ । रोगी मानिस ले कुनै पनि काम गर्न सक्तैन । स्वस्थ भएन भने त्यसको जीवन निरर्थक हुन्छ ।

स्वस्थ बन्न लाई पनि उद्योग हुनुपर्छ । बिना परिश्रम मानिस स्वस्थ बन्न सक्तैन जुन सुकै कार्य गर्न लाई सोचने शक्ति हुनु पर्छ । बिचार नगरी गरेको कार्य पश्चाताप जनक हुन्छ । राम्रो सोच्न स्वास्थ्य असल हुनुपर्छ । स्वास्थको सुरक्षा गर्न परिश्रम आवश्यक हुन्छ !

कुन ठाउमा कुन धातुको खानी छ, कस्ता ठाउमा कुन समान हुन्छ, सो पत्ता लगाउन शिक्षा को आवश्यकता पर्छ । बिनाज्ञान पत्ता लगाउन सकिदैन । विद्योपार्जन गर्नको लागि उद्योग नै आवश्यक हुन्छ । कल्पनाले मात्र बिद्या हुदैन । बिना विद्या सामान को ज्ञान हुदैन । बिना उद्योग हुनुहुन्छ । कृशकाय भएता पनि मस्तिष्क वहाँ को गतिलो छ हुनु हुन्छ । सं०]

विद्या हुदैन । त्यस्कारण हामी ले उद्योग सदा गर्नु पर्ने रहे छ । उद्योग ले मात्र सबै काम सफल हुदारहे छन् ।

मानिस हरू दुःखी भए भने आफ्नो भाग्यलाई दोष् छन् । कुनै काम सफल भएन अथवा गरीब भयो भने "पूर्व जन्मको कार्य नै यस्तो रहेछ, मेरो भाग्यनै यस्तो रहेछ" भनेर पूर्व जन्मको कर्म र भाग्यलाई दोष लगाउछन् । त्यो गलत हो । भाग्यले अथवा पूर्व जन्मका कार्यले यस जन्ममा कार्य सिद्धि हुँदैन । उद्योग गर्नु पर्छ । उद्योग गरे पछि न मिल्ने केही छैन ।

केही मानिसहरू उद्योग पनि गर्छन् तर कार्य-सिद्धि हुँदैन । किन ? त्यस्मा पूर्ण उद्योग न हुनु हो । दश मैनामा पैदा हुने गर्भ पाँच मैना मा नै पैदा गराउन खोजियो भने हुँदैन । असारमा रोप्ने धान मंसीरमा रोपेर खान पाईदैन । त्यस्कारण परिश्रमको अवधि हुन्छ । एकै पटक वृक्षका टुप्पा मा पुग्न खोजियो भने पुगिदैन । विस्तारै क्रमै संग चढ़ियो भने मात्र पुग्न सकिन्छ । त्यसरीनै औद्योगिक कार्यहरु पनि जुन कामलाई जति परिश्रम गर्नु पर्छ त्यति नभै सिद्ध हुँदैनन् ।

मानिसहरूको स्वभाव ज्यादा चञ्चल हुन्छ । कार्यको आरम्भ गर्ने वित्तिकै फल खोज्छन्, आफ्नो परिश्रम कम्ती भएको विचारै नगरी भाग्यका भरमा पर्छन् र उद्योग गर्न छाडेर आफ्नो जीवन नै निरर्थक बनाउछन् । पानीमा उत्पन्न हुने जल कमललाई पाखामा रोपेर उद्योगलाई दोषनु हुँदैन । जलमा हुने कमल जल मा नै लगाये मात्र राम्रो हुन्छ त्यस्कारण उद्योग पनि देश, कालको ख्याल राखेर गर्नु पर्छ ।

हामीहरू पुराण हरूमा भनेको सुन्छौं । सत्य युगमा देवता र मानिसहरू आकाशमा उडथेरे । पुष्पक विमान हुन्थ्यो रे । आज ती सबै हामी प्रत्यक्ष देखिरहेका छौं । आज मानिसहरू चन्द्र लोकको पनि भ्रमण गर्न समर्थ भएका छन् । रेल, मोटर, हवाईजहाज आदि अनेक प्रकारका साधनहरू बनेका छन् । एकै दिनमा मानिस आकाशमा

उडेर संसार भ्रमण गर्न सक्छ । यी यानहरू जादू द्वारा, अथवा धामीले मन्त्र-जन्त्र द्वारा बनाएका होइनन् । यी सबैका हुन् मानिसका परिश्रमले । परिश्रमले नै आकाशमा उडून पनि सकिदो रहेछ । त्यसकारण सबै इच्छा पूर्ण गर्ने उद्योगको अवलम्बन गर्नु हाम्रो कर्तव्य हो । हवाई जहाज बनाउने पनि पैले एकै पटक सफल भएका होइनन् । कति विफल भये । तर विफल भये पनि भाग्यको वास्ता न राखी उद्योग गरे पछि असाध्य केही पनि छैन भन्ने निश्चय गरी काम गरीरहेका ले नै सफल भये । एक पटकमा नै विफल हुँदा भाग्य रहेन छ भनेर काम छाडेको भये हामीहरूलाई पुष्पक विमान पुराणको कुरा मात्र हुने थियो, देख्न पाउने थिएनौ । कार्य गर्दा पैले नै सबै सफल हुँदैनन् तर परिश्रम छाड्नु हुँदैन । परिश्रम गरीरहे पछि अवश्य सफल हुन्छ ।

अभौ हामीहरूअरु देश भन्दा पिछडिएका छौं । किन ? के हामीमा बुद्धि छैन ? के हामीमा बल छैन ? के हामी अरु भन्दा कम छौं ? छैनौ । हामीमा बुद्धि छ, बल छ, अरु भन्दा कमी छैनौ तर हाम्रा देशमा कुने उद्योग सम्बन्धी कार्खाना न भएकाले नै आज अरु भन्दा पछाडियेका हौं । हामी संग पूर्ण सामान भएर पनि हामी गरीब छौं । हाम्रा देशमा प्रशस्त स्कूलहरू छैनन्, भएका पनि गरीबका लागि न भए समान छन् । पैसा नहुनेले शिक्षा लिन पाउदैन । अशिक्षित भए पछि "त्रिभिर्बराटै, निर्णयन्तिगोपाः" भने जस्तो असल सामानको ज्ञान हुँदैन । काम गर्नेतरीका राम्रो संग याद हुँदैन । असल काम गर्न सक्तैनन् । त्यस्कारण शिक्षालय हरूमा उद्योगको शिक्षा पनि दिलाउनु पर्छ । त्यसबाट आफुलाई कमाएर खाई कन पनि पढ्न पाउछन् । अशिक्षाको स्थान रहदैन । काम गर्न सिकेर आफ्ना-आफ्ना गाउँमा गएर राम्रो उद्योग गर्छन् । काम गर्ने तरीका सिक्छन् । अर्को कुरा प्रत्येक प्राममा उद्योगशालाहरू हुनु पर्छ । प्रत्येक मानिसमा उद्योग गर्ने र आफ्ना निमित्त सामानहरू आफुले नै उत्पन्न गर्ने शक्ति हुनु पर्छ । त्यसबाट स्वावलम्बी हुइन्छ ।

अर्को कुरा यदि अर्को राज्यमा झगडा भयो भने हामी नून खान, लुगा लगाउन पाउदैनौ । यो हामीमा कार्य क्षमता न हुनु हो । हाम्रा देशमा ताँवा खानी, फलाम खानी, हरू जत्ति छन् । तर तिनको दुरुपयोग भै रहेको छ । औद्योगिक कार्यको अभाव भएकाले मनुष्य जीवनको मुख्य साधन पनि हामी संग छैन । उद्योग न भए पछि दुःख पाइन्छ । त्यस्कारण अब तुरुन्तनै नेपालका विभिन्न इलाकामा उद्योग कार्यको सुरु गर्ने प्रयासमा हामी नेपालीले लागेर आफुले अर्काको कुनै पनि आशा न राखी अरु देशलाई सहायता गर्ने प्रयत्न गर्नु पर्छ । यदि हामीले राम्रो संग उद्योग गर्यौं भने हामी नै उपमेय बन्ने छौं । हाम्रो आफ्नो सामान छंदा छंदै पनि अर्काको आशा गर्नु योग्य होइन । "आशाहि परमं दुःखनैराश्यं परम सुखम्", भनेको छ । हामीमा उद्योग गर्ने मनोवृत्ति हुनु पर्छ र प्रत्येक क्षेत्रमा केही औद्योगिक केन्द्र खोलेर सबै जनतालाई योग्यता अनुसारको कार्य दिए पछि खानाले कोई पनि मर्ने छैन र तुरुन्त नै नेपाल, नेपाल हुने छ ।

भोजपुर, मांदिङ, जोगीटार ।

नेपालको यो सानो सन्सार मा

टेकबहादुर कार्की

[कार्कीज्यूको प्रतिभा को परिचय 'छात्र वाणी, 'छात्र, आदि पत्रिका र" भेट" एवं "सहरे" का पाठक हरूले पाई सक्नु भएको छ । अहिले श्री महेन्द्र कालेज धरान का चतुर्थ वर्ष का छात्र हुनुहुन्छ । सं०]

सानी चंरी गाईयो गीत झरना को स्वरमा मिलेर ।
झरनाको नजीकै वसी लहरा को पातलाई फेरेर ॥
नाच, नाच ए सानो चरी दुई दिन को जोवन समाती ।
दिन, रात भएर खुसी चढ़ाउलान् तिमीलाई फुल पाती ॥
पहरा को वासलाई तिमी मेरो माया देव लोक तुल्याई देऊ ।
शिशिर लाई त्यागेर अव मेरो माया वसन्त डाकीलेऊ ॥
एउटा गीत गाई यौ तिमी एउटा गीत झर्नाले गाउला ।
हरिण का सुन्दर जोका अनि त्यहाँ दर्शक पाउला ॥
चन्द्र-दीप उदाई आउला मेरो माया तमलाउ छासेर ।
ताराहरू साथ मा ल्याउला मेरो माया पिरति गाँसेर ॥
फुल लिई प्रकृति आउलिन् मेरो माया मुसुक्क हाँसेर ।
बिहान को सूचना देला मेरो माया भाले ले वासेर ॥
पूर्वी हावा पश्चिमी हावा छाडी अव नेपालकै हावामा ।
नाच नाच ए सानी चरी नेपाल को यो सानो सन्सारमा ॥

घोपा, धरान ।

किन होला ?

भक्त बहादुर गुरुङ

[गुरुङ्गजी हँसमुख र मिलनसार साथी हुनुहुन्छ संस्कृत छात्र संसद का अध्यक्ष र श्री पि० सं० म० विद्यालय का 'प्रथमा' का छात्र हुनुहुन्छ । सं]

"भनन दिदी ?"

"किन सोध्छ्यौ बैन्ही ? नसुन्नु नै राम्रो हो ।" प्रियम्वदा ले अश्रुसिंचित आंखा लुकाउँदै भनिन् ।

"नाई के ? दिदी ज···स्तो भए पनि सुन्दछु । अरूलाई दुःख पोख्ता मन हलुँगो हुन्छरे ।" केशरी ले सहानुभूति पूर्ण स्वरमा भनिन् ।

प्रियम्वदा—जस्को जीवन मा कुनै दिन सूर्य झुल्केथ्यो, तर अस्तायो फेरि । उनी दुःख र वेदना को प्रतिमूर्ति थिइन र थियो हृदय मा अगम स्नेह, एवं आकुति मा अपार व्यथा ।

"तर बैन्ही म एकली को दुःख मै संग रहन दिएको भए नै वेश हुन्थ्यो ? तिम्रो आग्रह यस्तै छ भने···

× × ×

"प्रियम्वदे ! तिमी ले कस्को सौन्दर्य चोरथौ ? गुलाफ को, होइन त्यसमा काँडा हुन्छन् ! चन्द्रमा को ? होइन त्यसमा कलंक छ ?"

"एकोहोरो दृष्टि मैपट्टि गरी वहाँले भन्नु भयो ।"

"लाज ले म भुतुक्क भएं । मेरो मुखवाट वाक्य निस्केन । यसै प्रकार वहाँ र म एक प्राण दुई जीउ थियौं । परस्पर को मेल ले हामीलाई एक अर्काको प्रेम मा इर्ष्या गर्न लगायो ।"

"विवाह को ८ वर्ष सम्म हामी एकाकार भयौं । हामी मा सन्तान प्रतिको ममता थियो तर पूर्ण हुन सकेको थिएन । यति लामो अवधि कसरी वित्यो हामीलाई थाहा छैन । सासू ससुरा नाती को मुख हेर्न उत्सुक हुनुहुन्थ्यो । छर छिमेकी चौचौ थिए । तर दैव ले हामीलाई ठगेको ठग्यै गर्‌यो ।"

"यसै वर्ष एक पल्ट वहाँ परदेश तिर लाग्नु भयो । आउदा वहाँ मा आमूल परिवर्तन भएको । त्यो प्रेम, प्रणय उत्सुकता जम्मै पन्साएर मलाई हेर्दै न हेर्ने, मेरो हात ले छोए को वस्तु नै न छुने, मतलव कि म वहाँ को निमित्त सबै भन्दा घृणित पदार्थ भएं । म रोयें, आफ्नो विते को जीवन लाई संझे, प्रेम को भीक मांगे । तर शून्य, कुनै अर्थ निकलेन । वहाँ को मन फिराउन मैले मात्र होइन, सासू-ससुरा, छर-छिमेकी सबैले चेष्टा गरे तर व्यर्थ !"

प्रियम्वदा धुंक्क धुक्क गर्न लागिन । शायद अतीत संझेर व्यथा, वेदना र सफल तर अपूर्ण प्रणय ले उनको हृदय लाई चाल्नोवनाई सके को थियो । जीवन प्रति को उनको आस्था हर्‍यो ।

"दिदी" टप···टप आसु झार्दै केशरी ले ब्यूझाइन् उनलाई । प्रियम्वदा को कथा ले भन्दा उनले खप्नु परेको कल्पित व्यथा ले उनलाई द्रवीभूत गरायो ।

"भो ··· दिदी ··· अरु होइन ।" केशरी ले पुनः भनिन् । "केशरी यो विनाश गोथा अब जम्मै सुनि हाल तै तै ।" आंखा का डोल का आंसू पुछिन् प्रियम्वदा ले ।

केशरी ले एक टक दृष्टि दिइन प्रियम्वदा को व्यथित मुख मा ।

"यस वर्षको भदौ मा वहां थलिनु भयो । कति औषधि भयो, धामी, झाँक्री, जरी, बूटी जम्मै प्रयोग गरिए, तर निष्फल । मैले साठी रात रोई रोई काटें । न खान मन लाग्थ्यो, न सुत्न । सबैले संझाए—"यसरी जीउ गलाउनु हुन्न" तर मेरो आत्मा मानेन ।"

"वहाँ भने त्यस्तो अवस्था मा पनि मलाई देख्ने वित्तिकै दाहा किटनु हुन्थ्यो । अनि नित्य मैले राती राती वहाँ को सुश्रूषा मा जाने गरैं । मेरो आंखा का आंसु थामिदैनथे ।"

"२ महिना पछि एउटा डाक्टर ले करीव १ पावा खून दिए रोग मन्थर हुन सक्छ, निको हुन त कुन्नि ? जवाफ दियो । 'सांस रहुन्जेल आश' भने झैं ससुरा सासू दुबै ने आफ्नो शरीरको रगत दिन तैयार हुनु भयो । तर त्यसो गर्न डाक्टरले आपत्ति गरयो । अनि डराई डराई म अगाडी आयें । डाक्टर ले एक पाउ रगत मेरो जीउ बाट झिके !"

प्रियम्वदा फेरी घुंक्क घुंक्क गर्न लागिन् केशरी ले भन्ने शब्द पाईनन् । केवल २–३ पटक "दिदी" "दिदी" भनेर चुप लागिन् ।

"बैन्ही । दैवले जस्लाई ठग्दछ, मानिसले पनि ठग्दा

रहेछन्। कस्ले चिताएको थियो होला कि मेरो यो हविगत हुनेछ।" आसू पुछ्तै प्रियम्वदाले भनिन्।

"हो दिदी। दैव पनि मरे को लाई नै मार्न जान्दो रहेछ।" सुंक सुंक गर्दै केशरी ले अर्कातिर मुख फर्काइन्। दुवै मौन थिए। नजीकै सुस्के को खोला को छेवै मा वाखा पाठा चर्दै थिए अनि थियो ओरालो लागे का सूर्य पारी डांडा वाट च्याउंदै।

"त्यहां को इलाज ले वहाँलाई आराम न भएको ले डाक्टर ले जलवायु परिवर्तन गर्ने सल्लाइ दिए।" एक छिन रोकिएर, आंसू पुछ्तैं उनी भन्न थालिन। "हिडने वेलामा सासूले भन्नु भयो" "तेरो ज्यान जोगाउन सबै भन्दा वढी त्याग प्रियम्वदा ले गरिन् दिलीप।" तँलाई आफ्नो खून दिएर मेरी बुहारी ले जिलाए कि छन्। अब···।"

"एक्लै जाँदा सबै थोक को व्यवस्था हुँदैन। प्रियम्वदा लाई पनि लिएर जानु।" मेरा ससुरा ले भन्नु भयो।

'मुसुक्क हांस्दै वहाले मलाई अँगाल्नु भयो। म कति-खुशी भयें मलाई थाह भएन। मैले संझे मेरो तपस्या पूर्ण भयो।

"प्रियम्वदे। कुन शब्द ले तिमिलाई धन्यवाद दिउँ। मेरो निमित्त तिमीले ज्यान अर्पियौ। मेरो हिफाजत को तिमी लाई कत्ति ख्याल छ।"

" स्वामी, यो त मेरो निम्ति हो। नारी को जीवन पति नै हो।" आत्म-विस्मृत थिएँ म। मलाई लाग्यो मै ले आफ्नो सपना पूर्ण गरें। त्यस रात भरी मलाई निद्रा लागेन। म यति प्रसन्न थियें वैन्ही कि भन्ने शब्द पाउँदिन।"

"यस पछि को कथा छोटो छ। मेरो विनाशको प्रारम्भ यस प्रसन्नता मा लुकेको रहेछ। तर मलाई के थाहा? नित्य हामी हाँस्थ्यौं, खेल्थ्यौं दिन कसरी वित्तथ्यो, ज्ञान थिएन।"

"वैन्ही, एक दिन वेलुका शायद पूर्णिमा को दिन थियो, वहाले घुम्न जाने प्रस्ताव गर्नु भयो। म तैयार भएँ। हामी यतै तिर-उ···त्यो माथि देखिए को पहाड पारी एउटा ठूलो नागी छ ····।"

अगाडी पट्टीको डाँडा लाई देखाउदै प्रियम्वदा ले भनिन् "त्यसै मा धेरै वेर सम्म खेली रह्यौं। मैले गीत गाएँ अनि डेरा वाट ल्याएको चिया विस्कुट खाये पछि फर्कन लाग्यौं। अलि पर पुगे पछि यसै खोला को शिरको ठूलो छाँगो पटि देखाए र वहाँले भन्नु भयो··· "प्रियम्वदे! तिमी लाई यहाँ वाट धकेलो दिएं भने···" नाई के। मलाई डर लाग्छ" भन्दै म

स्फटिक हो यो दुनियाँ

पुष्य प्रसाद आचार्य "विद्रोही"



[विद्रोही ज्यू सफल समाज सेवी उत्साही विद्यार्थी-कर्मकर्ता र कवि हुनुहुन्छ। छात्र वाणी, जूनेली, छहारी र खहरेहरुया वहाँ का रचना प्रकाशित भएका छन्। हाल आइ० ए० का छात्र हुनुहुन्छ —सं०]

न छोउ, न छोउ, परै वस
म छोटो हूं, म शुद्र हूं
म नीच हूं, म अछूत हूं
म छाई छिटो हाल्नु पर्ने
जगत को जन्म हूं
त्यो अन्ध नेत्र को
म कालकूट विष हूँ
वसेर हेरे उच्च महलवाट
म कति नीच छुं
कुन समुद्र को वीच छू
कुन मन्दिर को ऋणी छू
हा दैव दैक अलाप्तै
देखिन्न दुनियां कतै भने
आउ पर परै वसी
कर्म गर म सँगै
यहाँ आई देख्ने छौ दुनियामा
उंच नीच छन् कहाँ
तब त्यो अन्तर उरमा
काल कूट विष राखी
दुनियां लाई कुपथमा
तानी लाने रहेछ को?
एक्कै पटक झट्ट देखने छौ
स्फटिक हो या दुनियां

पछि सरें । अनि वहाँले" त्यसो गर्छु भने तिमी लाई विश्वाश लाग्छ रानी ! मेरा दुवै कमला समाउदै भए भयो । स्व चालित झैं म अघि लागे । छाँगों को शिर को ठूलो ढुंगा मा बसेर यस्तै गन्थन भये । एक्कासी" म चिप्लेर लर्वें भने के होला रानी ।" भन्द बढा उठ्नु भयो । हतार-हतार मप्को हाल्दै म पनि उठें । तर बैन्ही राम्रो संग उभिन पनि पाएकी थिईन । "जा पापिनी तेरो जरुरत छैन" भने शब्द सँगै म तल झर्न पुगें । मलाई होश छैन त्यस पछि केशरी । एक्कासी मैले बुढा मान्छे शिरान मो बसेर पंखा हंम्कदै गरे को देखें । म स्वस्थ्य भएपछि बुढाले ३ दिन पछि तिमीलाई होश आयो भने । त्यस पछि देखि म यहीं नै बुढा बाका आश्रय मा छु । कति पल्ट उनले मेरो अतीत सोधे, तर मैले भन्न सकिन ।"

प्रियम्वदा अडिइन् । एक्कासी केशरी 'मेरो दीदी' भन्दै उ सँग टाँसिन पुगिन् । दुवै जना रोए, अँध्यारो हुन्जेल ।

··· ए छोरी ··· ए छोरी···एउटा कृशकाय बूढा आतिदैं आई पुगे ।

'सो वा आई पुग्नु भएछ ?' बैन्ही भोली पनि आउदै । आमा लाई पनि ल्याउनु । बसुज्जेल त सँगै बसौं" प्रियम्वदा उठिन्, केशरी पनि ।

"म बूढोलाई अत्याएर ? हरे, यत्रोवेर सम्म यहाँ किन बसेकी ? । मता कता कता फेरि हिड्डिन् पो भने को । बुढाथोकी पनि खोज्न गएको छ । ल जाँउ ।"

"बैनी आएकी रछिन् । कुरा गर्दा गर्दै बेर भै गो ।" हाँस्दै प्रियम्वदा ले भनिन् ।

"भोली पनि आउ है नानी ।" केशरी तिर फर्केर बुढा ले भने । "तिमी सित भेट हुँदा यिनको मन फिर्छ कि । यत्रो दिन भैं सक्यो न पुरा खान्छिन, न सुत्छिन ? यो बुढा लाई पीर ।" अनि बुढा हाँसे ।"

गीत

प्रो० चन्द्र शेखर श्रेष्ठ, एम० ए० (अन्तिम) धरान

श्रेष्ठ ज्यू धरान का ख्याति प्राप्त गायक र कवि, कलकत्ता विश्व विद्यालयका एम्० ए० (अंग्रेजी साहित्य) का विद्यार्थी हुनुहुन्छ । नेपाली लोकगीतमा उहाँको विशेष रुचिछ । हाल वहाँ शारदा बालिका विद्यालय का अध्यापक, श्री महेन्द्र कालेज धरानका प्रोफेसर र त्रिभुवन विद्यापीठ (रात्रि पाठशाला) का प्रधान अध्यापक र छात्र आवाज' का प्रधान सम्पादक हुनुहुन्छ ।

महल हेर हाँसको झाडेर खित्का रमाई ।
झुप्रो सँधै रोएको रगत आँशु वहाई ॥
गरीव गर्छन कमाई तो धनी हेर मोटाउँछन ।
बनाई ताजमहल झुप्रोमा आफु मर्दछन् ॥

गरीवको जोड पाएर गद्दीमा पुगी गम्कन्छन् ।
ऐशमा आफु डुवेर दुःखी को दर्द भुल्दछन् ॥
कहीं छन् खोला दुधका घुरघान मा भात थुप्रन्छन् ।
कहीं चै बुढ़ा, बालक भोकले सुकी ढल्दछन् ॥

बाटो र घाटो बनाई कार्खाना मील चलाउछन् ।
नाङ्गो कङ्गाल शरीर लिई जिउदै उनै मर्दछन् ॥

चाहाड आयो तिहार झिली र मिलो महल :
अँध्यारो खोको झुप्रो त्यो हेर्दछ भई विह्वल ॥
सन्तान एउटै आमाका दुधको हक बराबर !
आकाश र जमीन को फरक मेटनै पर्छ मरेर ॥

संधै फुली रहौली र ?

पीताम्बर शर्मा, मादी चैनपुर

प्रफुल्ल कोमल "फूल" मुसुक्क मुस्कुराउंदै,
फुली रहेछ रातमा पवित्र चाँदनो छिटो,
चलाउदोछ नाउ "उ" विषादको समुद्रमा
समुद्रकै उछाल भैं बही रहेछ साथमा
पवित्र "फूल" ! नहो चिसो छचल्किएका नेत्र भैं-
हृदय रन्जन "सरज्" फुलाउने छ जीवन
न वेलिई रहौली र सुन हे "मुस्कुराउंदी"
तिमी त प्रेम "चाँदनो" सुकी सुकी वचौली र ?

माघ २०१६
वाराणसी

हाँसो लाग्दो एक अङ्के नाटक—

....अर्पै मात्रै पनि हुन्छ भन्या को....?

—पद्मराज 'सरोज'—

ठाऊँ— मगर गाऊँ

कैले ? बुढो मचो जैले

[आले बुढो मरेको तेह्रौं दिन]

पुरेत (यजमान सित)—"तेरो बाबैं ले जोर-जार, यता-त्यता गरेर किनी दिएर पो तैंले यत्रो सम्मो पाटो वारीमा ढली-मली गर्न पाइस् । उनको नाउँमा खेत दान गर्न पर्ने हो, तँ जत्तिको छोरो भएर, फोंगटो सम्म पनि न भए काले पाखै भए पनि दान गर्न लाई जौ-तिल-कुश समात्त जेठा,...ला...कु...श...!"

यजमान (कपाल कन्याउँदै)—"मोर्ने मोरेर गया पनि बाँच्नेले त खानै पर्‍या बाज्या, एउटो पाटो बारी पनि कसरी भर्ला-प्याक् पार्‍या होर ?"

पुरेत (दुनो अगाड़ी सार्दै)—"भै गयो त, दान भने को यथाशक्ति गर्नु पर्छ; भूमि को साटो दुई बीसे दश-पन्द्र, जति शग्दछस् राख्त...!"

यजमान—"दाम त छैन बाज्या, बाबै मोरेको मनेर बुढा घरे साहू कहाँ पाँचोटा रुपिया माग्न जाँदा पनि पत्याएनन्, बाबै हुँदा सम्म पो सोहूले पनि पत्याउँ थ्यार, तपाईसित भया हाल्दिनुस्, भो , तमसुक भन्या पनि ग दैंम्ला...।"

पुरेत (स्वीकृति सूचक टाउको हल्लाउँदै)—"हुन्छ। बैतर्नी गर्ने बेला पनि भयो गाई फुकाएर ल्या...। त्यै गाई को पूच्छर समातेर तेरो बाबै पोप को खोलो तर्छन्, कुरा बुझिस् ?"

यजमान (बर्कोको झोलङ्गोमा रोई रहेको नानी तिर हेर्दै)—"नानो को बोई सुत्केरी भा को एक मैना पनि भाक्छैन । नानी लाई दूध आन्न भन्छ, त्यै गाई को दूध को भर छ बाज्या, । दूध खान न पाने हो भन्या त नानी पनि...?"

पुरेत (जर्को दै)—"आफ्नो बाबु लाई पीप को खोलामा डूबी रहन दिने भए दे, बाहुन को भन्दिने धर्म हो भन्दिएँ ?"

यजमान (आफ्नो बाबुलाई सम्झेर)—"बाज्या तेसभा २०० रूपिया दैंदा न यार्को बहर गोरु छ । खोला बढ्दा त्यसैको पूच्छर समातेर बाबै तर्थ्या, त्यै गोरु ज दान गर्छ भो बलियो पनि छ, बाबैलाई एक्कै फेरामा फिटिक्क पारी पुयाई देन्छ ।"

पुरेत (गोठतिर गोरुलाई पुलुक्क हेरेर) "गोरु दान गर्ने चलन भने छैन । काम न चलाई न हुने, गोरुलाई नै लगेर भए पनि बाबै लाई तार्दिनुला त...?"

× × ×

पुरेत (आचमन गरेर भान्छामा खान बस्दै) "आज बाहुन ले खाएको लाएको तेरो बाबैले पाउँछन् । बाबैले जे जे रुचाउँथे त्यो त्यो ल्या"....(पाकेको केराको घरी तिर हेर्दै)।

यजमान (कुखुरा को फूल र जाँड-रक्सी भान्छा तिर दिन खोज्दै)—बाबैले त यो फूल र भातीको जाँड चौपट्टै रुचान्थे । पैले यो नखाई त भात पनि खान्न थे । बाबैलाई भोक्कै राख्न त भैन, बाज्या...।'

पुरेत (दुइटै हातले थाल छेक्दै)—नाँ....नाँ...नाँ, बा—बा ...हुनलाई अर्पै मात्रै पनि हुन्छ ।"

× × ×

पुरेत (गोठको बहर गोरु पट्टी आँखा घुमाउँदै)—"लौ त जेठा, गोरु डोरेर तँ आफै ज जानु पयो नि अरु गएर तमसुक गर्न पनि मिलेन...?"

यजमान —"बाहुनलाई अर्पी सक्यौं नि बाज्या गोरु त ?"

पुरेत—"तेसो भएर त डोरेर हिन भनेको केर नि...?"

यजमान—"बाहुनलाई अर्पै मात्रै पनि हुन्छ भनेर अघि भर-खर भन्याको होइनर बाज्या ?"

[पद्माश्रम-रुपसे, पाल्पा ।]

रहस्य

श्रीरामचन्द्र अधिकारी "धरान"

[अधिकारी ज्यू कवि कथाकार दुवै हुनुहुन्छ। श्री पि० सं० म० वि० का पूर्वमध्यमा द्वितीय खण्ड का० का० समिति का सदस्य हुनुहुन्छ। सं०]

वसन्त कुमार को जोवनको त्यो सुहागरात थियो। जुन सबै लाई एक पल्ट आँउछर जोवन भरविर्सिदैन। जस्को आनन्द मानिस पुनः जोवन भर पाउँदैन।

साराघर विजुली बत्ती र कागज का फूल हरूले झका झक पारेको थियो। बसन्तको कोठा त के कुरा ठूला ठूला मानिसका फोटो हरू चारैतिर टांगिएका, कागजका फूल रोता, हरिया एवं पहेंला रंगका बिजुलीका टहक ले कोठा झलमल्ल थियो।

नयाँ दुलही मित्र एउटा खाटमा बसेकी थिईन्। उनी उनो जोवनमा भएका, बितेका घटना हरू बराबर संझी रहेकी थिईन्। सुहाग रात को संझनाले हृदय वेला बेला झस्कन्थ्यो।

यतिकै मा बसन्त ले कोठामा प्रवेश गरे। आज बसन्तको स्फूर्ति बढेको थियो। कोट, जुता फुकालेर रातीको पोशाक लगाई बालिष्ठको सहारा लिई बसे।

दुवै चुप थिए। परस्परमा को पहिले बोलाउने ! भन्ने मनमा दुवैका विचार धारा उम्लो रहेका थिये। वातचीत गर्नु, सुहाग रातलाई सार्थक बनाउनु, दुवैको असीम इच्छा थियो।

स्वभावले चञ्चल हुनाले बसन्त कुमार ले कुरा छेड़े। "तिमी लाई म कुन नामले बोलाऊँ ?"

वृन्दालेशिर उठाइन तर आँखा चार भएपछि लाजले शिर निहुराइन्।

बसन्त ले फेरि सोधे—"तिम्रो नाऊँ म सुन्न सक्दछु ?"

वृन्दाले लाजले शिर झन् निहुराँउदै भनिन्।

"वृन्दा"

"ओः कति मीठो नाम, म आज देखि तिमीलाई "वृन्दा" भनेर बोलाऊंछु है। वृन्दा। वृन्दा। तिम्रो यति मीठो नाम छ र तिम्रो शरीर अनुहार पनि पूर्णचन्द्र जस्तो निर्मल छ तर तिमी म संग किन बोलिदनौ वृन्दा ?.....के तिमी म संग प्रेम गर्दिनौ ?"

"तिमीले अरूलाई आफ्नो हृदय दिएकी छयौ कि म तिमी लाई मन पर्न सक्किन वृन्दा !"

बसन्त ले वृन्दाको हृदय जान सोधेका थिए तर उनले साच्चै भनिन्।

"हो मैले मेरो हृदय अर्कालाई दिएकी छु !"

"हँ".....

"मेरो हृदय अर्काले लिएको छ।" "के तिमी उमंग सिनेमा आदिपनि जान्थ्यौ ?"

"हो म वराबर जान्थें। जब मलाई भोक लाग्थ्यो, म वहाँ संग माग्थें, खान्थें। मलाई खर्च चाहिंदा रूपिया दिनु हुन्थ्यो। साडीब्लाउज इत्यादि पनि। मलाई काखमा लिनु हुन्थ्यो, म्वाई खानु हुन्थ्यो। म दुःखी हुँदा रूनु हुन्थ्यो र सुखी हुँदो हास्नु हुन्थ्यो। जब म यहाँ आएँ, वहाँको हृदय वराबर मेरो संझनामा' बली रहेको छ। जव संम म फर्कन तव संम वहाँ लाई शान्ति मिल्दैन।"

"के तिमी मलाई प्रेम गर्दिनौ ?"

"गर्छु जरूर, तर त्यत्ति होईन जत्ति वहाँ लाई गर्छु।

'पापिनो"

बसन्त कुमारको आवेश ले, रीसले, घोनले एकै चोटी हृदय उम्लियो।

उनले भने—

"त्यो तेरा प्रेमीको नामके हो ?" वृन्दा बोलिनन।

बसन्तको घृणा आवेश जम्मै रीसमा बदलियो। कोठा को तासी मा राखेको जोरनाले बन्दुक झिकी टोटा भरे र रिसले आँखा तर्दै भने—

"वेश्या ! त जस्ती कुलांगारले मेरो दैलामा टेक्नुने

महापाप हो। म त्यस्को प्रायश्चित्त वै बन्दुक द्वारा गर्दछु। मन् त्यस्को नाम ?"

वृन्दा चूप रहिन्

बसन्त अझै रिसले अल्दै ओछ्यान बाट उठे। बित्यौंस पर्दा भनेर वृन्दा ले मच्चाटेको थिईन्। बसन्तले फेरी सोधे—

"भन् त्यो कोही ?"

वृन्दा ले गम्भीरता साथ भनिन्।

"म मेरो आमा लाई प्रेम गर्छु"।

बसन्तको रीस दयामा परिणत भयो।

बन्दुक हात बाट खस्नुका साथै मैमा खस्यो।

अनुहारमा रगत हरायो। शुष्क चेहराले सोधे—

"यो कुरा मलाई पहिले किन भनिनौ ?"

सन्देश

यादव वस्ती, धरान, घोषा।

[वस्ती जी पू० म० द्वि० खण्ड का भावुक छात्र हुनुहुन्छ। वहाँको कविता ले धेरणी घर ब्यू लाई मलकाँउछ। वहाँ सँ० छा० सं० धरान का काड़ा मन्त्री हुनुहुन्छ।]

सोई लक्ष्य व्रत यो जन सेवी।
दुःख दैन्य मद मूल उखेली॥
छात्र शील पथका अनुगामी।
सत्य-सभ्य युगका द्रुत हामी॥
रम्य नीति नव ज्योति जगाई।
देशका अनय दूर भगाई॥
भेदका प्रलय मेघ फटाई।
भाई भाई बिच मेल बढाई॥
अन्धकार पथमा अब छैनौं।
शुभ्र ज्योति न भई हिंडदैनौं॥
वृद्धि-वृद्धि तिर चक्र चलाई।
गाऊँ गाउँ जन जागृति-ल्याई॥
हाँसो हाँसो कन माइ हंसाऊँ।
देश जाति अति माथि चढाऊँ॥
पुष्प खान यहिंने अब मानू।
मोन भो सुर पुरी किन जानू॥

—:०:—

दुइ मनका

श्रीभीमनिधि तिवारी,

[विख्यात साहित्यकार तिवारी जी को परिचय दिन खोज्नु हाम्रो अनधिकार चेष्टा हुने छ। वह सित नेपाली साहित्य संसार परिचितै छ। सं०]

त्यो कोयली हो: रंग कालो छ,
त्यो रज हाँस हो: सेतो,
बाहिरो भुत्लाले के गर्छ ?
के त रंग सर्छ ?
मित्र मुटु तातो छ रंग उस्तै रातो छ।
एउटै बन्धन, एउटै स्पन्दन, अनि एउटै नातो छ।

× × × ×

फ्याँकि दिन्छु म यो पञ्च रत्ने वाला
मलाई शृंगार चहिएको छैन
मलाई अलंकार चाहिएको छैन
मलाई नुपूर को झंकार चाहिएको छैन,
म स्वयं सुन्दर छु मनोहर छु,
दिनकर जस्तो प्रभाकर छु।

× × × ×

अप्रकाशित "विना सुमेरुको माला" बाट

—:०:—

बहिनीलाई चिठी

ले०—श्री टंकनाथ पौडेल, गमीरी आसाम

[पौडेलज्यू प्रवासी नेपाली हुनु हुन्छ। आसाममा हाम्रा नारीहरूको समस्या यस चिठीले देखाउँछ। प्रवासमा कति यस्ता चलन वा घटनामा हाम्रा बन्धुहरूले मुछिनुपरेको छ जो हाम्रा संस्कारले दिदैनन्। वहाँ श्री पि० सं० म० बि० का उत्तर मध्यमा (व्याकरण) प्र० बर्षका छात्र हुनु हुन्छ। यो वहाँको प्रथम प्रकाशित कृति हो। सं०]

प्रिय बहिनो!

धेरै दिन सम्म तिम्रो पत्रको प्रतीक्षा गर्‍यें, तर आशा आशामै सीमित रह्यो। त्यति साहो रुष्ट हुने अनिष्टता केही गर्‍यें जस्तो लाग्दैन। यदि कुनै प्रमाद गरेको भए क्षमा प्रार्थना गर्दछु।

डाक विभागका व्यक्तिहरू केवल स्वयं सेवकका लागि वसेका होइनन् पूरा सरकारी वेतन धारी नै हुन् अतः तिनी हरू संग एउटा चिठ्ठी पठाउन क्यै मुलैजा राख्नु पर्दैन, अलिकता कागत मसीको खाँचो? अनि त चिठ्ठी मुले लेख्नके गाह्रा? अरुका दिदी वहिनीहरूले तिहारको उपलक्षमा दाज्यु भाईको निमित्त टाढा देखि पानी बोकी ल्याएर छिटी छर्की गरी ढकभक्क फुलाएका सयपत्रिका फूलवारी देखेर म छिन छिनमा तिमीलाई न सम्झा रहन सक्छिन। तर यो मन त्यो मन जस्तो नभएकोले साह्रै दुःख लाग्दछ।

हिउँद लागे पछि यताबाट धेरै मान्छे साहुको रिन तिर्न न सकी जग्गा डीक-बन्दक राखेर आसाम जान्छन्। कोही-कोही आसाममा पैसा त्यसै फल्छन् भन्ने सुनी उल्किएर जान्छन्। तिनीहरू मध्ये कोही फिरेर आई पनि हाल्छन् कोही गएका गयै हुन्छन्। माथि डांडा घरे खतिवडनी दिदी आसाम गएकी थिईन्। तिहारमा भाईहरूलाई टीको लाउन अस्ति आएकी रहिछन्। बजारमा भेट भयो। उनी संग यहाँ बाट आसाम गएका मानिसको भला कुसारीका बारेमा सोधेर्यें। उनका भनाईले मुड्लान त बंड़ो न राम्रो पो बताउँदथिन्। उनी भन्थिन् "मुड्लानमा त स्वप्नमा पनि वस्तु न परोस, अझ हामी जस्ता अवलाले त सत थामेर वस्न नै न सकिने रहेछ। त्यहाँका ठूला ठालू, गाउका मुखिया, गाउँ बूढा भनाउँदाहरू पाप मेल सांचेर आफ्नो जीविका चलाइरहा रहेछन्। मत तिनीहरूको चाल-चलन देखेर दंग पर्‍यें, यदि कुनै विसवाइसे तरुनीको लोग्ने मरयो भनें उनीहरु हल गोरूको वन्दोवस्त मिलाउँदा रहेछन्। पतिको मृत्यु भएको वर्ष दिन पनि न पुग्दै १।२ वटी कुटुनी बुढ़ी उस्का पछि लाग्दा रहेछन् र एकातिर फँसाई दिंदा रहेछन्। तो ठुला भनाउँदाहरू त्यस छोरी, बुहारीको अवि-भावकलाई सताउन लाग्दा रहेछन् र केही चप्क्याएर मात्रै भात-भान्सामा लिंदा रहेछन् अन्यथा पतितको पतितै पार्दा रहेछन्। काहीं उजुर गर्न जाउन् भनें आफ्नु भाषा बुझि दिने त्यस देशका अड्डा अदालतमा मानिस हुँदा रहेन छन्। त्यस ठाउँमा परेको आपत्ति, अन्याय, अत्याचार गाउँको मुखिया मार्फत गराउनु पर्दो रहेछ। त्यहाँका ६।६ क्लास संम पढेका केटा केटीहरू यो हाम्रो भाषाको अक्षर विनेका हुँदा रहेछन्। प्रायः यहाँ बाट गएका हाम्रा दाज्यु-भाईहरू पराधीन भै काम गरेर वस्ता रहेछन्'। वहिनो! आसाममा यदि यस्तै नै अत्याचार छ भनें, यो पत्र पाउना साथ तिमीले तुरुन्त आउनु। बरु हाम्रै देशमा दूध जस्तो पोसिलो र ठण्डा पानी नै पिएर वसौंला।

तिम्रो माया गर्ने दाज्यु

सेतो

श्री पं० भोग्य प्रसाद शर्मा, भंडारी।

धन्कुटा सिवुरा (छथर)

[भण्डारी ज्यू पिण्डेश्वर संस्कृत महा विद्यालय का अध्यापक हुनुहुन्छ। झण्डै झण्डै कवि शिरो मणि लेखनाथ ज्यू संग मिल्दो वहाँ को कविता असाध्य हृदय ग्राही छ। सं०]

औंसी को रात सेतो, सकल वन भरी को हरा पत्र सेतो।
राहूको विम्ब सेतो विष, कव, कुहर, ध्वान्त, सम्पूर्ण सेतो॥
वर्षा को मेघ सेतो भ्रमर नयनको नानी झन् खूब सेतो।
यो सारा सृष्टि सेतो मन विच छ भने ज्ञान गांभीर्य सेतो।

उमर खय्याम का केही रुबाई

अनु० श्री राम प्रसाद श्रेष्ठ, धरान ।

[पर्सिया ज्यु कविकै नामले प्रसिद्ध हुन् छन् । खैय्याम का रुबाई लाई अनुवाद गर्दा ठीक शब्द राख्न सक्नु निकै गाह्रो छ । तर यो अनुवादमा यहाँ को आफ्नै मौलिकता छ । यहाँ का विभिन्न पत्र पत्रिकामा निकै रचना प्रकाशित भएका छन । अप्रकाशित रचना ता 'अनगिन्ती नै छन् । हाल यहाँ दार्जिलीङमा अध्ययन गर्दै हुनु हुन्छ । सं०]

जाग, अरुणाले तममय रजनी को प्यालामा
प्रस्तर फेंकी, ताराहरुको शुन्य व्योममा
बिखरित पारी कान्ति याणले गरयो घात
सुल्तान सबल को भव्य, शान्त, निश्चल पुर्जामा

× × ×

उषाकालमा स्वप्न-जगतको अन्त पूर्व, त्यो,
भट्टी मित्र, म सोच्छू, गुँज्यो शब्द कसैको
नानी हो, उठ, गर मधु सींचित आफ्नो प्याला
जीवनको मदिरा को प्याला नहुँदै रित्तो

× × ×

माले गाल्यो, भट्टी सम्मुख खपा सबैले
शोर मचाए-"ढोका खोल तिमी अब ऐलें
क्षणिक रहरको हाम्रो छोटो जीवन-यात्रा
अन्त हुन्छ जब, भनी हुन 'फर्कन्छु' कसैले

× × ×

घच्घच्याउँदो नयाँ वर्ष इच्छा, छ, पुरातन
प्राणी चिन्तन शील लिन्छ एकान्त को शरण
तरु वितानमा जहाँ मुसाको श्वेत हात छन्
ईशा लिन्छन् भरा बाट उच्छ्वास चिन्तन

× × ×

आउ, भर प्याला, बसन्तको अग्नि शिखामा
आफ्नो पश्चाताप रूपी गर त्यक्त शरद को गहना
समय चरी को केवल छोटो नै यात्रा पथ
हेर, चरीले पंख फुकाइन् उड्ने बटमा

× × ×

तरु शाखा तल कविता को यौटा पुस्तक, अनि
मद्य-पात्र, रोटीको टुक्रा, अन्त्यमा तिमी
छेउमा म संग गीत गाउँदै जँगल भित्र
आज बनेको जँगल हुन्थ्यो स्वर्ग, व्योम मनि

× × ×

यौटा द्वार थियो जस्को कुन्जी नै दुर्लभ
एक आवरण, पारी दृष्टि-प्रवेश असंभव
तिम्रो मेरो कथै छोटो चर्चा भैं लाग्यो
अनि 'मेरो' या 'तिम्रो' विषय थिएन अरु सब

× × +

मैले अविरल घुम्दो नभ सित प्रश्न गरें यो
"विधि को करमा के छ दीप आफ्नो संततिको
पथ-प्रदर्शन निम्ति तिमिर मा जो पीडित छन् ?"
'अन्धो एक समझ,' उत्तर आकाश को थियो

× × ×

ओ, माटो को पात्र अधर माथी झुकें म
यस जीवनको गोप्य को गरुँ भनी अब बोधम
प्रति चुम्बन मा, फुस फुसाउँदै बोल्यो यो "अब
प्यूँदै जा, फर्कनस् भट्टी मित्र गई तँ"

—×—

नोटः—उमर खेयाम पारस का प्रसिद्ध कवि हुन् । यिनको पूरा नाम थियो—गया सुद्दीन अबुल फतह उमर इब्न इब्राहीम अल खैयामी । केही विद्वान्हरूको मतानुसार 'खैयाम' शब्द उनको व्यवसाय संग संबन्धित मान्छन् तर, यो उनको उपनाम हो ।

यिनी प्रसिद्ध गणितज्ञ, ज्योतिषी र विचारक थिये । स्वान्तः सुखाय कविता लेख्तथे । यिनका सबै 'रुवाइयात' न पाइए पनि पाइयेका बाट भन्न सकिन्छ कि इनले धार्मिक संकीर्णता या कट्टरता, र सूफी सम्प्रदाय को विरोध गरेका छन् । इनका कवितामा व्यक्त विचार स्वातंत्र्य, साहस, व्यंग, भाव गंभीरता र तीव्रता एवं प्राचीन भै कन पनि आधुनिकता पाइन्छ ।]

अपूर्णता

मदिराज विसिना. वेह्युम ब्रह्मपुर

[विसिना ज्यूको कथा चाख लाग्दो र, मनला मूलक छ। श्री वि० पं० म० वि० का प्रथमा का विद्यार्थी हुनु हुन्छ। सं०]

चाटमा छोरा रमानु ताजै निन्द्रा देवीको आराधना गर्दै पढेका वरणीधर पण्डित बाजे को कोठामा गिएर उठाउन चाहेका अरु कोई थिएन। मलतो को चाहना बोली गिएकी पण्डितको बाजै आएर वरणीधर का बोडा मा बसी खुट्टा हुम्म्याउदै भन्न थालिन्। "हेहेन हात्रो मदन भात खाँदै टेबो भयो, उनन्दा १५ सैना कान्छो चौरा धरे कान्छा मामीका छोरा मोहन को बिहे भाको एक वर्ष मै भक्यो भनेपछि हेर्नि ज्वाला वर्ष लाग्ने हुंदा भाचैना नेतालु पनि ल्याउने भरे, केटी पनि साँच्चै चाख लाग्दो रहिछ। एवार वर्ष मात्र टेबेको भरे। अस्ति मैले आँखा झाट्मा देखेथें। १५ वर्ष की भने पनि सुहाउने। उतिकैमा छिमेकी को बरमा देखा भयो कि तुहारी हात्रो भने म आफैं बुढेसे माँड़ा मागेको देखा हुन् भित्र ले के भन्लान्? अरुका माझ लाग्ने जेला भई भएको कसै को कुनै ता टमिटै गर्नु पर्थ्यो। बिन कान मा तेल हालेर बस्नु भएको। ऐले पनि यसै पुलाठले विचार गर्नु भएको भनी देख्ता ता अहमाई भए पनि माझ लाग्ने भय आफै तुमेर यौटी सिमाने केटी ता मदन्लाई मिलाई दिउँ भनी मबाँक पो चलन लागेको छ। यौटा सिंगो ता अर्को बहोला है।"

"मैले ता ऐले होइ भन्ने विचार गरेको थिएँ तिमी चाँही बढै डराए लाग्छ। यो पुरुष मा कन्यायी हुनु हुँदैन भन्ने बुढा पाकाको भनाई छ। माझ लागोस् मदन का लागि कुनै आईमाइले ज्वानु को मौज त खाए की होला" भन्दै पण्डित वरणी घर कोट्टो पर्छ। "यसाली पनि केही न हुन्छिन्छ है, मनेकोला कहाँ माझे गरेको छर।" भेट्ने बाहैं पण्डितनी बज्यैले भनिन्।

केही दिन पछि मुखिया बाजे को छोरी अन्माएर सबै बुढा पाका माझ गोर बसेका थिए। सबै आफ् आफ्ना विषयका चर्चामा थिए। कसै को धान बिग्रयो कसै को छोरी बेच्ना भयो। मलाई सबै का समस्या थिए। सबैको एक अर्का प्रति सहानुभूति पनि थियो। "हेइन तपाईं हरु मेरो भतिजा छोरी को बिहे गर्नु हुन्छ। मंगीर मसुरा बन्नु हुन्छ मेरो मदन को लागि मले आज ७ दिन भैस्क्यो म डुलेको डुल्यैनु। मले जस्ता केटी हरुले किन्दैन्न् कहि मिले मले पनि टिपनले मिल्दैन" डुंगा केलाउँदै वरणी घर ले भने।

"अहो! पण्डित-ज्यू! तेती सारो हरेश खानु भएको? मैले सातोटी केटीहरु पत्ता लगाएको छु। तेम्मा पनि रात्रो छत वरान, केटी पनि १० वर्ष को गोर, दिन साइत पठाइ दिन पनि बाँकि न भनें. कुटुम्ब सबै योक मिलेकोता खमारे ज्योतिषी बाजे का छोरा छ तपाईले अस्ति सप्ताह मात्र बांदा देख्नु भएकै हो। उनीहरु म भोलो यही किकाई दिन्छु। तपाई प'न आउनु होला दुई दिनमा तुहारो मिल्याइन्छ।" मुखियाले डुंगा मुसार्दै आफ्नु घाक दिए।

"मैले पनि त्यहा उमिने विचार गरेको थिएँ," पंडित बाजेले भनि हाल्नु भयो। "भलाई आज साँझ गाउँबाट विवाह पढन आउ भन्ने निम्ता आएको हुंदा ऐले हतार छ विदा मान्न चाहन्छु। भोली भेला हौंला।"

उघैं का हतारे वरणी घरलाई एकछिन बस्ने फुर्सत पनि होस् त कसरी? हुनपनि गजबै थिए पण्डित वरणीधर। वर पर दुई चार गाउँ मा त्यतिका विद्वान पण्डित भेट्न गाह्रैने थियो। न्वारान, पुरान, श्राद्ध, घर पैचो, फुङ, फाक, मन्त्र, तन्त्र, सबै तिर उनका समान अधिकार थियो। यजमान यति थिए कि मैना मा एकछाक भात घरमा खान पनि उनलाई जुर्दैन थियो।

मुखिया बाजे "हवस् ऐले पाल्नु होस्। भोलि अवश्य आउनु होला।"

× × ×

न भन्दै मुखिया बाजे को भनाई अनुसार चारै दिन भित्रमा मदन को विवाह भयो। सोरह दिने मेतालु ल्याउने

काम पनि सकियो । बुढाको शिक्षाले हतारिएकी बुढी सासु को आशा पुरिए । उनले सन्तोष को श्वाँस लिइन् । घरको घर पनि छोराको बिहे गरेर पनी काम बाट छुट्टि पाए । घर व्यवहार सम्हाल्ने तालिम छोरा लाई दिनु पर्छ भन्ने सोचले लागे । तर, ७ वर्षको पुतली खेलाउने मदन मा त्यो कार्य क्षमता कहाँ बाट आउने भन्ने चिन्ता थियो । मदन १२ वर्ष को हुँदा सुशीला १५ वर्ष की भइन् । उनीमा नव यौवन को मादकता भरियो आफ्ना पति को अनभिज्ञता देखि खिन्नतामा पाप हुन्थिन् उनी चाहन्थिन् पतिदेव को मुख बाट मधुर र प्रेम बाणी, तर पतिबाट पाउथिन् लाज, सकोच र उदासीनता । उनको कुनै व्यवहारमा मदन ले ध्यान दिएको पाउन थिन् । उनको यौवन बिना पुजारी को मूर्ति थियो ।

यौवन चाहन्छ आशक्ति तर पाउथिन् लाज्छना । सुशीला को आपनो प्रेम मदन पाउँथे, र प्रेमको शुद्ध र पवित्र अनुभूति । पतित्व लाई चिन्ह सक्ने हविगत उनमा थिएन । यसै कारण सायद पत्नीका आशालु नेत्र लाई चिन्ह मदन असमर्थ थिए । उनमा शैशव थियो यौवन होइन । यौवन-जनित मादकता र उन्मादको जन्म उनमा भएको थिएन ।

उनी चाहन्थिन् आफूले गरेको गल्तीमा सुझाव र अर्काले गरेको थिचो मिचो बाट संरक्षकता । तर, ती बालक मदन लाई म यिनको अविभावक हुँ भन्ने कुराको थाह हुन्नथ्यो ।

सुशीलाले गरेको पति सेवाले उनीमा लाज र रीस उत्पन्न गराउँथ्यो । उनी सुशीला का मुख हेर्न चाहदैन थिए । छेउमा बस्न चाहदैन थिये, साथमा हिड्न चाहदैन थिए । सुशीला का लागि आफ्नो पति दुस्काको देवता बराबर थियो । तै पनि यी मेरा प्रसन्न हुने दिन चाँडै आउनेछन् भन्ने विश्वास ले आफ्नो ईष्ट देव को पूजा गर्न कहिल्यै पनि चुक्ति न थिइन् ।

सासु को मुख को कठोर गाली र भुत्लाई भने सुशीला का लागि ओडन ओछ्याउन खाँचो हुदैन थियो ।

चौध वर्ष को उमेरमा मदन पढन विर्देशिये । दुइ बर्ष पछि प्रथमा पास भएको थाह भयो । अब उनले धेरै साथीहरूको संगत गर्ने र विश्व विद्यालय, टाउन हल आदिमा गएर भाषण सुन्ने गर्न थाले को हुँदा घर न आई १ विषय को आचार्य पास गर्ने विचार लिए । सुशीला सासुको रात दिन को भुत्ल्याई पाउँथिन् । पेट भरी खान समेत पाइनन् । खान न दिएको समाचार माइती घरमा पुगेको ले तीजमा जगेर माइती ले पनि पठाएनन् ... ...

एकदिन सम्म पनि न बिराई सुशीलाले आफ्नो इष्ट देवको मानसिक पजा चर्यो सम्म गरिने रहिन । आफ्नो बाट अलग भएका चौध वर्ष पछि अब मेरो पढाई पूरा भयो । जाँच दिएर १ मैन्हा पछि अवश्य चैत्र १४ गते आईपुग्नेछु र व्यवहार मा लाग्ने छु भन्ने आफ्ना पिता लाई लेखेको पतिदेव को पत्र सुनिन् ।

उनको यौवन ले नवजीवन पायो । आज सम्म पतिसंग दोहोरो बोल्न नसकेकी विरहा नलदग्ध सुशीला का आशा वल्ली मा प्राण सञ्चार भयो ।

आज त्यही चैत्र १४ गते हो । सुशीला का निमित्त आज एक एक पला युग भए । घाम माथि डाँडामा बसी सके, पतिदेव आई पुग्ने वेला भयो, हर्ष र उत्कण्ठा अटाएको छैन । उनका लागि प्रत्येक पला साँधैका दिन भन्दा लामो भइ रहेको छ । उनी हतार हतार पंधेरा बाट आईन् । घरमा ठूलो हल्ला छ । २ । ४ जना नौला मान्छे पनि बोले जस्तो लाग्छ । को रहेछन् भनेर हेर्ने इच्छा थियो तापनि कुनै अपरिचित व्यक्ति सग चार आँखा भए भने के होला भन्ने डरले हेर्न सकिनन् । गाग्रो बिसाएर भित्र आखिमयालका ब्बाल बाट चियाउन पाए १४ वर्ष देखि देख्न न पाएको मदनको बदन को दर्शन पाउँला भन्ने विचार गरेर ढोका सम्म आई पुगेको थिइन् । सबैको आवाज लाई जितेर शशुरा को आवाज आयो: "मेरो बाबू···! अब म तिमीलाई कहाँ गएर पाउनी बाबू ! मर्ने बेलामा बाका मुखमा हाल्ने जल लिन गएको थिइस होला नि बाबू ? तपाई हरू साथी भएर पनि एक्लै नाउमा चढ एर पठाउनु भयो···? धिक्कार छ । धिक्कार छ !! धिक्कार !!! साँझ मा जान पनि परेको थिएन, छेउकै ल्याई दि०को भएपनि हुन्थ्यो । हे ! भगवन् ! अब त्यो नेउपाने की छोरी को केहाल होला ।"

सुशीला स्तब्ध रहिन् । कस्तो कस्तो छांगा बाट खसे जस्तो अथवा बिजुली को करेण्ट लागे जस्तो अनुभव भयो । ढोका माथि टाँगेको पति देवको मूर्ति हेरिन्, आखाँ भरिएर आए मुटुमा गाठो परयो उनी उत्तानो पछाईरिन् ।

धर्म संकट

लीला धर शर्मा अर्जेल, ६ नं० मिक लुङ

बुध-बारे

मैंबालक हुदै पिताजीले साँउ अक्षर र मात्रा चिनाई व्रत वन्ध गरी दिनु भयो। नजीकै को मिडिन स्कूल मा नाम पनि लेखाई दिनु भयो। मावली नजाकै हुनाले शुभाशुभ कार्य मा जान्थे।

"ए भाजा! अवता व्रतवन्ध पनि भयो। त्यस कारण रुद्री, वेद, चण्डी, अग्नीस्थापना आदि यजमान गर्ने काम लाग्ने किताब पढनु पर्छ। अवता वा लाई पनि पाला दिनु पर्छ नि। वा बूढो भई सक्नु भयो अवता कति कुदनु? त्यसो भये पो यजमान ले पनि छाड देनन्, आफ्नो जीविका पनि राम्ररी चल्छ अनि पूर्खाको धर्म रहने। त्यो गाई खाने विद्या पनि पढनु हुन्छ र नाउ पनि कस्तो। इंग्रेजी अरे।" भन्ने कथन मामाहरु वाट सुनिन्थ्यो।

उता स्कूल म मावल गएको दिन को दर्खास्त स्वीकृत न भएर १ आना फाइन र त्यस दिन को पाठ समेत छाडिन्थ्यो। शिक्षक हरु वाट त्यो छाडिएको पाठको प्रश्न हुन्थ्यो। उत्तर न पाउँदा उनी हरु वाट यस्तो कथन सुनिन्थ्यो।

"हिजो कहाँ गयोका थियौ? दर्खास्त मा पनि मावल जानु परेको ले" भन्ने थियो। मावल किन जानु परेको? श्राद्ध पो थियो होला। लु थाप हात "हिजो आज का वाहुन हुँ···विधि विधान भन्दा आफूलाई सपार्ने विधान पटि ध्यान दिएका देखिन्छन्। होइन त? यस जुग मा मानिस ले के कता पुग्ने र गर्ने तरखर गरि सके। तिमी हरु को दिमाग ले त तेह्रौं शताब्दी नै देखतैं छौ। न गर्नु, न पढनु, न जान्नु होईन, युग सँग ने पाइला चाल्नु पर्छ। आफ्नो परम्परा लाई कायम राख्ने चेष्टा गर्नु, पर्छ। तर एकोहोरो होइन। यजमानी र कर्मकाण्ड हाम्रा संस्कार हुन। तिनलाई जोवित राख्न घर जेथा दानगर भन्नु, स्वर्ग मा पितृ खुशा पार्न सुन, चादो, लगाउने खाने, गाई, वस्तु सबै दिने होइन।" मास्टर जी को कथन सुनियो।

फेरि कहिले कही विदा को दिन गाई, भैसी हेर्न जाँदा आफ्नै उमेर का गोठाला हरू डोका, घूम, महला, आदि वुन्थे, दामला वाट्थे। "ए स्कूले। कोई दामलो पनि वाट्दैनस्, महलाहरु पनि वुन्दैनस् जान्देनस कि क्या हो? ती माष्टर हरू ता एउटा घूम पनि वुन नजानेर ५।६ रुपियाँ पर्ने वस्तुम पानी मा पनि न थाम्ने छाता किन्छन् क्यारे ६ सिकाउँथेर? अव नपढ ही साथी! भन्" भिनो हालिस्। "रामायण" "महाभारत" का शिलोक गोठमा भनु पर्छ। गोठालो हिंवदा पनि गाई-भैसी खर्किएका वेला मा मनुना कहिले कहा। तर कुरो राम्रो वुझनु पर्छ। गाउँघर का विहेमा पनि गाई-भैसी वाँधेर भन्न भ्याई हालिन्छ। दूध-दहि पनि परसंस्त खान पाईने। मही त पाढा वाछा लाई पनि छयाल व्याल। हेरन, ती मास्टर हरू त एक मानो दूध किन्छन् र चियामा अलि अलि लगाएर खाँदै दिन भर पुराउछन्। विहान वेलुका भात संगता परैनाओस्। दूध दही खान न पाउने घाँटी सुके को ले गर्दा हामीलाई १ छाक पुग्ने चामल किनी पाँच छाक पुराउँछन्। हामी ता आफ्नै कमाई खाउँला।" भन्ने कथन ती गोठाला हरु वाट सुनिन्थ्यो।

एक दिन भिनाज्यू हाम्रा घरमा श्राद्ध भएको हुनाले आउनु भएको थियो "ए केटा। तंता अंग्रेजी पो पढ्दै छस् अरे हो? तैले आफ्नो पूर्खा को धर्म विराउने भई छस्। कौमुदी भ्वादि सम्म पढे को भए र भागवत एक वर्ष सम्म पढे को भए यस गाँउँको गन्ने मान्ने हुने थिइस्। मैले त राम शब्द सम्म पढेर भागवतमा निकै प्रसिद्ध भये को छु। अव त्यता पट्टा को मेलो छाडिदे।" भन्ने कथन भिनाजु वाट सुनिन्थ्यो।

एक दिन नजिकै का सुब्बा साहेब को घर गएको थिएँ। "ए बाजे पाँच सात महिना भात पकाई दौन। यस पालो घरको साहै विरामी भएकी र भान्से बाजे पनि आफ्नो बाबू खसेका ले घर व्यवहार पटि लागे। यस कारण साहे दुःख पाइयो। त्यसपछी अड्डा मा सिपाही को जागीर मिलाई दिउँला। त्यति भए पछि गाँउ तिर झगडिया हकलाई हप्क एर खाने मेलो भई हाल्छ। जागीर त चोखै। जागीरे भए पछि जोडी वाध्न पनि गाह्रो पर्दैन।" भन्ने कथन सुब्बा वाट सुनियो।

मिडिल पास गरेर प्रथमा पनि प स गरें . एक दिन एउटा एम० ए० सित भेट भयो । "हेर अंग्रेजी विद्याले १ महिना को बाटो एक दिनमा र १ दिन को बाटो छिन मा पार गर्छन्, उड्छन्, पौडन्छन् दगुर्दछन्, विश्व राजनीति, समाज शास्त्र, विज्ञान, शासन, नियम कानून सारा जान सकिन्छ । मन लागे को व्यवसाय वकालत, डाक्टरी, प्रोफेसरी कति के भनी सारा ज्ञान को भण्डार खुल्दछ । मीठो खानु, रामो लगाउनु, ठूलो-बडा को संगत, मान, इज्जत ।" भन्ने कथन एम० ए० बाट सुनिन्थ्यो ।

एक दिन फेरि प्रसिद्ध पं० व्याकरणाचार्य जी संग भेट भयो । कुरा कुरैमा" संस्कृत पो पढनुपर्छ त, सर्वभाषाजननी संस्कृत नै हो । यो भाषा जानेर पो अरु भाषा सिक्नु पर्छ" भन्ने कथन आचार्य जी बाट सुनिन्थ्यो ।

त्यस पछि संसार लाई त्यागेका जटा-धारी सन्यासी संग भेट भयो । कुरा कुरैमा "यो संसारमा आफ्नु केही पनि छैन, आफुसंग भएको शरीर ता संग जादैन मने अरु त के ? संसारमा सब कुरा नाशवान् छन् । आफ्ना बाबु-आमा, दाज्यू भाइ, दीदी-बहिनी कोही पनि संग जादैनन्; त्यसकारण सन्यास नै उत्तम हो ।" भन्ने कथन सन्यासी बाट सुनिन्थ्यो ।

अबता कानले सुन्न छोड्ने । जुन सुन्यो त्यही वेश । सब अब्बल, सबै उत्तम तर म यौटा, मैले लाग्नु पर्ने यौटा बाटो । कुन मानौ कुन न मानौ । जल, संकट अन्न-संकट, अर्थ-संकट, राज नीति-संकट यो जम्मै ता थिए थिए । मलाई नयाँ संकट आइलाग्यो-धर्म-संकट ? न भए तपाई नै भन्नु होस् यो कुन संकट हो ? छ कुनै संकट-मोचन को बाटो ?

—

सान्त्वना

श्री पद्म पौडेल

पश्चिम ४ नं० स्याङ्जा, नुवाकोट

[पौडेल ज्यू को रचना 'कान्ति" मा देखापरेथ्यो । शायद यो दोश्रो प्रकाशित रचना हो । 'सान्त्वना' भाव पूर्ण कविता हो । वहाँ दोश्रो वर्ष पू० म० (व्याकरण) का छात्र हुनु हुन्छ । सं०]

चोर्ले नास्यो सदा मोह वश परि अझै मुग्ध मै हेर्छ नासो ।
दिव्य ज्योती विछट्टै मलिन पछि हुने मोह ले बाँधि पासो ॥
चिन्ताको उग्र राँको दन दन बलला ग्लानि ले वास गर्दा ।
कस्ले हा ! टम्म पारेर विनय भरला क्लेश को च्याति पर्दा ॥
बन्मा एक्लै बसेको तन मन धन जो ईश मा अर्पिएको ।
जाली झोली भिरेको विषय मल बलै रोक्न हर्दम् तयारी ॥
हेर्दा हेर्नेछ पारेर नयन कुटिला मोहको त्यो भिखारी ।
(के नेपाली ले पनि जाली झोली भिर्लान् त-?)
हैन-नेपालीको निशाना अमिट छ अघिको च्याङ्ग टोपी टपक्क,
डोको भाङ्रा छ विज्ञान जनक भतुवा हैन झोली पटक्क;
नाम्लो डोको र खेलु उदर भरणको साथमा साँझ सम्म,
हास्दै खेल्दै बुनेको रहर पनि हुने ज्ञान विज्ञान सम्म,—

—०—

गूजी आयो

श्री पुण्य "खनाल"

[खनाल ज्यू मननशील, एकान्त प्रेमी र मिलन सार साथी हुनु हुन्छ । वहाँ उ० म० (व्याकरण) प्रथम वर्ष का विद्यार्थी हुनु हुन्छ । बहाँका धेरै अप्रकाशित कृति देखिएको छन् । सं०]

देशका वीर कलीला !, बालक हामी जान्दैनौ ।
गूजी आयो भन्दैछन्, आमाको काख छाडदैनौं ॥
कलीला हामी जान्दैनौ, आमाको पोते चुँडाई ।
ठट्टा गर्दै फयाकिनाले, गुजीले लग्यो रमाई ॥
धुरु धुरु रोयेकी ती, आमालाई छक्याई ॥
पल्लो घरमा खेल्नाले नै, चामल पीठो चुक्याई ॥
कुत्ता पसो यो घरको डालो जम्मै रित्याई ।
खाएर धम्की देखाउँछ, हामी साना ठम्याई ॥
हाम्रो आमा बिचरी, झुत्रा-झाम्रा लाएकी ।
बनी गरी उकालोमा, लामु सास फेरेकी ।
जसबाट जन्मियौ, उसैले पाली हुर्कियौ ॥
गलाको त्यो पोते लाई गुजीले लांदा बिर्सियौं ॥
बाबू छँदै आमाको, पोते लगी बिधवा ।
पारें भन्दै उर्लिएको, कस्तो धूर्त फटाहा,
जन्म दाता आमा को नै, पालन र लालन,
बाध्य भई गर्नु पर्छ, भविष्यलाई उज्ज्वल,
बालक हामी बढेर नै, गुजी लाई मारेर,
गई ल्याऊँ आमाको त्यो, पोते लाई खोजेर ॥

उ-काली ?

श्री कृष्ण कोइराला, साहित्य रत्न,
कोइराला-गांउ, विजयपुर

श्री-निवास

२१।१०।२०१४।

प्रिय कामिनी,

एक युग पछि हामी दुईमा संझौता भयो, खुशी को कुराहो तिम्रो। आधा जीवन गुमाएर पाए को अनुभवले जीवन को वाटो व्यापक हुनसकोस् यही म चाहन्छु। आज सम्म एउटा वोझ, वेदना र असन्तुष्टि को भारो वोकी

रहे को थिएं. आज पन्साउन पाएं। कामिनी ! एक पल्ट फर्केर अतीत तिर हेर, जीवन का पृष्ट पल्टाउ अनि मनन गर ? तिमी के थियौ के भएकी छौ ?

तिमीले विर्सेको होओइनौ। वाल्यकाल देखि नै हामीले परस्पर मा समर्पण गरी सकेका थियौं, तर आज म विचार गर्छु त्यस समर्पण मा वैषम्य थियो। हुनता यस मनोइमा तिमीलाई दुःख लाग्ला, तर, यो सत्य हो। वाटा का धूले-खेल छोडेर हामी दुवै स्कूलका इज्जत वन्यौं। कालेज ले ठूलो स्थान दियो। शैशव नाघेर हामीले आफुमा केही आएको अनुभव गरयौं। सौन्दर्य प्रदर्शन, यौवन जन्या चाञ्चल्य, उम्माद, संवेग, आदि को वाहुल्य हामीमा 'रह्यो। पुर्खा को इज्जत र शान ले हामी लाई स्वतन्त्र तुल्यायो

प्रेमको परिभाषा वन्यो, उत्सर्गले स्थान पाएन। आत्म-समर्पण र समझौता मानवीय मस्तिष्कका सव भन्दा कमजोर विचार भए।

युग फेरियो, परिवर्तन आए। विशेष अध्ययन का लागि म यूरोप तिर गएतिमी भारत तिर,। नग्न-आकर्षण ले हामी लाई नजिकै राख्यो। प्रवास काल का हाम्रा चिठी मा यौटै कुरो हुन्थ्यो" यदि साँगै भए·····। ५ वर्ष को विलम्वित अवधि पछि म घर फर्कें, सफलता उत्साह र तिमी लाई पाउने उमंग लिएर। हामी पुनः एकाकार भयौं। हाम्रो निमित्त सवैं दिन थियो सवैं रात। एकदिन तिमीले आत्म-विस्मृत भएर सोध्यौ—"यूरोप तिरको जीवन को परिभाषा ?···मैले जवाव दिएथें–"सर्वथा निरभ्र, उन्मुक्त।"

अकस्मात् मादक भएर तिमीले सोधेकी थियौ। "यौवन र प्रेम को सामीप्य किन ?"

"प्रेम यौवनमा मात्र होइन, शैशव मा र वुढेस काल मा पनि हुन्छ। तर, त्यसमा शरीर को हैन, अन्तस्करण को सम्वन्ध रहन्छ। यद्यपि यौवन मा उत्तेजना-जन्य वासना को"। कुरो नवुझेर मैले जवाफ दिए थें।

त्यस दिनको तिम्रो वोझिलता, शिथिलता, उन्माद र कटाक्ष अनि प्रश्न को वैचित्र्य वुझ्नु मेरो निम्ति पहेली थियो। तिम्रा आंखा मा अतृप्ति थियो। विचार मा विश्रृङ्खलता र स्थिति मा अस्थिरता।

"कामिनी ! तिम्रो प्रश्न को अर्थ के ?" विमूढ भई मैले सोधें।

"तिमी अझै संवेदनशील हुन सकेनौ ! यही मलाई दुःख छ" आजीत भएझै तिमीले जवाफ दिनौ, चोखो सुस्केरा लिएर।

"तिमी अस्वस्थ छौ शायद परेशान पनि । आराम गर"

"तर मेरो अस्वस्थता अकारण होइन । यसको अर्थ र उपचार तिमी संग छ ।" दृढ स्वरमा तिमीले भन्यौ । स्पष्ट···तिमीकि मन्दिनौ ? तिम्रो हरतह सहायता गर्न म तैयार छु ।"

अनि एकासी प्रसंग फेरेर तिमीले सोध्यौ···"यूरोपमा जीवन को शून्यता को आधार के छ ?"

"कम से कम यो बन्धन र जवर्जस्ती त्यहाँ छैन ।"

"नारी र पुरुष को सम्बन्ध को विवेचना ?"

"आफ्नो रुचि र चुनाउ को आधार मा निर्धारित सोमा सुम्म सबै स्वतन्त्र छन् । परि आएको वेलामा-न्यायालय ले पनि साथ दिन्छ । स्वतन्त्रता र स्वतन्त्र सम्बन्ध मा रोक टोक छैन ।" निसंकोच मैले जवाफ दिएँ ।

"कति आश्चर्य जनक, कति मीठो !" पूर्ण संतुष्टि सो तिमी ले भन्यौ । "कि त्यस समाज को सिर्जना हामी गर्न सक्तौं ।"

"सक्यौं तर आफ्नो मा दृढ़ विश्वास हुनु पर्दछ" ।

तिम्रा कुरा सुन्दैर पनि मैले चुप्प पचायें । हाम्रो सम्बन्ध मा दोष आउन सक्छ । एक दिन बिहे-बारी गरी घर बस गर्ने विचार तिम्रा अवाडि मैले राखें । तर कुरो नछुती तिमी जंगियौ···"यो त एउटा तगारो हो । त्यस्तो जीवन मा पनि कस्तु तिमी जस्ताको विचार । कति पतन शील र अकर्मण्य । विवाह यौटा संकट र जवर्जस्ती हो गिरीज ! त्यहाँ सुख र शान्ति छैन । नारीको जीवन र सौन्दर्यको त्यहाँ मूल्य छैन । स्वतन्त्रता र रुचि को त्यहाँ कदर हुँदैन । आफ्ना शिक्षित दाज्यू हरुको जीवन देखेर पनि तिमीले यति बुझ्न सक्दैनौ ।" यति लामो उपदेश सुन्न म तैयार थिइन ।

"तर कुन जडको सृष्टि हामी गर्दै छौं । त्यो पनि थाह छ ।"

"यो सृष्टि आजको हाम्रो समाज लाई चाहिएको छ । विशुद्ध रुपमा संसार लाई चित्त बुझ्न को निम्ति ।"

पैल्टो पल्ट तिम्रा विचार देखि मलाई विरक्ती लाग्यो । मैत्री मा मैले दोष देखें । शायद त्यही अनुभव गरेर तिमीले मलाई 'अकर्मण्य' मनेथ्यौ ।

एक दिन तिमी ले मलाई यौटा प्रोफेसर संग परिचय गराथ्यौ । पहला उनी संगको सामीप्य को आनन्द पनि । मैले सोचें-तिमी कला प्रियता र जिज्ञासा को समाधान हो । तर, मलाई के थाह कि तिमी नित्य नयाँ खोज गर्न उद्यत मनको छौ । यसै दौरान मा शायद मैले बाहिर जानु परयो । दुई महिना पछिको मेरो परिवर्तन मा मैले तिमी लाई आफु मन्दा बिकै पर पाएँ । तर पनि सोचें यति लामो बाहिर बसाई को प्रायश्चित तिमीले चाहेको हो । तर, वास्तविकता को संकेत त्यसदिन मैले पाएँ जब प्रो० मदन को रुप, गुण, र संगीत ज्ञान को मुख कण्ठ ले प्रशंसा गरेको थियौ ।

"कामिनी ! बाहिर मान्छे को मनाई के छ, थाह छ ?" बजार मा कैल्हिएको कुप्रचार र विवाहित संकेत थाह पाए पछि एक दिन मैले तिमीलाई सोधें ।

"बाहिर का न चाहिदा हल्ला पुगे अवकाश मनाई छैन"

"तर, आफ्नो अस्तित्व खिने को मध्यमा रहेको छ । यो पनि थाह छ ?" नम्र भएर मैले भनें; यद्यपि तिम्रो जवाब ले मलाई रिस उठेको थियो ।

"मलाई आफ्नो अस्तित्व रक्षण का निमित्त कसैको सहयोग चाहिएको छैन । मन लागे तिमी पनि यस हल्लामा विश्वास गर्न सक्छौ ।" तिमी त्यसै उत्तेजियौ । म विस्मित थिएँ, तिम्रो असहिष्णुता देखेर ।

२।३ दिन पछि तिम्रो बिहे को निम्ति योग्य वरको चुनाउ गर्ने अधिकार तिम्रा पिताले तिमीलाई दिएपछि आफ्नो सहयोग को निम्ति मलाई निम्तायौ तिमीले । शायद कुनै कन्यार्थी मै आएका लाई पन्छाउनु थियो । तिमीले मेरो अवाडि आत्म-समर्पण गरयौ । तर यो नयां थिएन । अपितु एउटा नयां कुराको बोध मलाई भयो । प्रो०मदन पटिको मेरो अरुचि देखेर तिमी एक्कासी जंगियौ । मैले संके तिम्रो असन्तुलित मस्तिष्कको विकार हो । तर, पछि थाह पाएँ । यस्तो सम्झनु मेरो भ्रम र हेछ । सोचिनै उ प्रति तिमी आकर्षित रहिछौ ।

"कामिनी ! मदन को चाल चलनमा·····"

"तिमी जस्ता छिद्रान्वेषी लाई कसै माथि पनि विश्वास हुँदैन ।" मैले कुरो छलयाउन पाइन ।

"तर, तिमी माथि ता गर्छु ।" मैले बिस्किएर भने ।

"किन कदर पाउने कोशिश गर्दछौ ? म माथि विश्वास गरेको भए शायद यो कुदृष्टि रहने थिएन होला । शिकारी दृष्टि र लोलुपता वाहेक तिमी संग अरू केही छैन । तिम्रा प्रत्येक भेद मलाई थाह छन् । तिमी जस्ता को प्रेम को पूजा गर्नु ... ...,,

भन्दा भन्दै तिमी रोकियौ । किन ? म जान्दिन । त्यस पछि तिमीले मेरो विरोध मा वाहिर पनि भन सुन गर्‌यौ । तिम्रो र मेरो भेट वन्द भयो । एक दुई पल्ट मैले त्यसको कारण बुझ्न खोजें, तर सकिन, । वजार मा निस्कन छाडें मेरो प्राक्टिसबंद भयो । प्रत्येक नजरमा म आफ्नो उपहास पाउथें त्यति तीव्र र गहन प्रेमको यो भया वह अन्त । यति अविश्वसनीय, अति आकस्मिक । मेरो आत्मा रोयो । मैले घर छोडें एक वर्ष करीब पछि म फेरि फर्कें, मनमा अगम स्नेह र प्रेम को निधि लिएर । किन कि मलाई विश्वास थियो, अब तिमी सन्तुलित भै सक्केकी होउली. मेरो निम्ति उत्सुक वनेकी होउली । न भन्दै त्यस्तै रूपमा तिमी म कहाँ आयौ । यस विचका कति कृत्रिम र अवास्तविक कुरा तिमी ले गर्‌यौ । एक दिन रहस्यात्मक ढंग ले प्रस्ताव राख्यौ । तिमी संग बढन लागेको शिशु लाई संसार मा अवतीर्ण हुन नदिने इलाज । सभ्य र शिक्षित व्यक्ति को हवाला दिंदै यस वास्तविकता लाई ढाक्न खोज्यौ । तर, म त्यसको निम्ति तैयार थिइन । मलाई मनाउन तिमी ले आफ्नो सौन्दर्य रक्षा को निम्ति त्यसो गर्ने आग्रह गर्‌यौ । म संग रहेको प्रेम को स्थायित्व वा एकलौटी अधिकार को याचना गर्‌यौ । तर म मानिन । संसारमा म मात्र डाक्टर थिइन । तिमी ले गर्भ पात गराई छाड्यौ । मेरो नामर्दीपना र नासमझी लाई मेरा समाजमा तिमी ले धिक्कारयौ, थुक्यौ । तर, पनि म प्रसन्न थिएँ । किन कि अजात शिशुको हत्या मैले गरिन ।

शायद यी जम्मै घटना तिमीले विर्सी सक्यौ होला । तर पनि एक पल्ट संझने चेष्टा गर त । शायद यस भन्दा बढ़ी स्पष्ट हुने छन् ।

शायद यिन दिन ने होला म फेरि यूरोप तिर गएँ । वहीं मैले तिम्रो एउटा चिठी पाएं । तिम्रो "मृत्युमा खुशी मान्ने छु, यस निमुखो वचाई भन्दा । तिमी वाँचे पनि सफलता देखि भेरै टाढा रहने छौ ।..." आदि आदि । मैले सम्झें तिम्रो प्रगल्भता हो । मेरी वाल्य-संगीनी कामिनी को अन्तर लाई चिन्ने गर्व मैले भुलिन, तर त्यसो रहनेछ । उपेक्षिता स्त्रीको अस्थिर आत्मा वोलेको सत्य नै रहेछ । आज म सझदैंछु एक दिन तिमीले मेरो प्रेम सम्बन्धी विवेचना को मखौल उडाई थ्यौ । तर कामिनी ! सौन्दर्य सधैं निर्विकार छ । सौन्दर्य को अहंकार, यौवन को गुमान शारीरिक वनौट मा निर्भर रहन्छन् । सौन्दर्य मा नै प्रेमको उद्रेक र आरोपण हुनु जरुरी छैन । असुन्दर पनि प्रेममय हुन सक्छ । तिमी मा सौन्दर्य र प्रेम को सामञ्जस्य छ भन्ने घमण्ड थियो, तर, मैले भने पैल्ही नै, त्यो नश्वर हो अस्थिर हो । कसैको पनि सुन्दर शरीर र वैभव नै प्रेम को निम्ति पर्याप्त छैनन् । त्यहाँ

मन !

देवी शर्मा भण्डारी,

[भण्डारी जी पूर्व मध्यमा प्रथम वर्ष का छात्र, उत्साही र सफल कवि हुनुहुन्छ । वहाँ का रचना मा मार्मिकता पाइन्छ । सं०]

अहा ! मन तँ अधीर छस्
कहिले हाँस्छस् कहिले रुन्छस्
वर पर तँ डुलो रहन्छस्
अहा ! मन तँ सदा व्यस्त
रहन्छस् ।
कहिले ठूला सागर तर्छस्
कहिले वायुमान मा उड्छस्
कहिले राम्रो कहिले नराम्रो,
हरदम एक एक सोची
रहन्छस् ।
कहिले जीवन कहिले मृत्यु
सोचो रहन्छस् अनेक ऋतु ।
गतिछ तेरो अतिनै शीघ्र
वायु भन्दा पनि छस् तीव्र ।
मन ? तेरो घर हो आकाश
क्षण भरमा नै किन हुन्छ हताश
पृथ्वी तेरो खेलने मैदान
सबभन्दा छस् अहो! विशाल !
कहिले डर्छस् कहिले गर्छस्
कहिले हार्छस् कहिले जित्छस् ।
तेरो निम्ति केही छैन
हुन् तेरा ई सब एकै चैन ।

पूर्व ४नं० भोजपुर माध्दोङ

केवल वासना-जन्य उत्तेजना रहन्छ, शारीरिक शिथिलता र युवा तेज पछि त्यो स्वतः स्पष्ट हुन्छ । प्रेम ता हृदय मित्र को अनुभव हो । त्यसको प्रत्यक्षीकरण आँखा ले होइन अन्तर ले गर्छ । त्यो सत्य पनि हो, शिव पनि हो र सुन्दर पनि हो ।

अस्तु, यस पछिको कथा छोटो छ । यूरोप वाट फर्कंदा मैले तिमी लाई पाइन । प्रो० मदन वाट तिमी कुनै भारतीय इञ्जिनीयर संग वसी वासी गर्ने उद्देश्य ले गयी भन्ने थाह पाएँ । खल्लो अनुभव भयो । सपना मा पनि त्यस्तो अस्थिर भयौ होला भन्ने कल्पना मैले गरेको थिइन । केही दिन पछि तिमी समुद्र पारी भएको खबर पाएँ । अनि संझे एक दिन तिमी ले विवाह लाई जीवन को निष्कृष्टतम तगारो भनेको कुरा । तिम्रो भविष्य के होला ? म विचलित थिएँ र छु पनि । दुई वर्ष पछि विश्व स्वास्थ सम्मेलन मा भाग लिन जांदा दिल्ली मा इञ्जिनीयर सुधीर मजूमदार को कुनै दुर्घटना मा मृत्यु भएको खबर पढें । दुर्घटना को तेश्रो दिन तिमी संग साहदरामा भेंट हुँदा तिमी ले सारा दोष म माथी थोपरयौ ।

"तर, मेरो अपराध के ? तिम्रो रूचि र चुनाश्ले सम्पन्न भएको काम न हो ।" मैले भनेथें ।

"तिम्रो अविश्वास र अवहेलना वाट जोगिन मैले त आफ्नो वन्दोवस्त दरयाउनु थियो ।"

"के मदन नै पर्याप्त थिएन र ?"

"तिमी भन्दा कम भद्र उ पनि होईन । यदि तिमीले मेरो सौन्दर्य रक्षा को निमित्त त्यति गरि दिएको भए मेरो यो दृविगत हुने थिएन ।"

"मेरो निमित्त यो उचित थिएन । समाज मा वसे पछि सामाजिक वन्नु पर्छ, उस्को सत्ता को अघाडी झुक्नु पर्छ । फेरि तिमी साचिकै प्रेम गर्दिन्थ्यौ त त्यहाँ प्रतिशोध, प्रति योगिता वा वरावरी को प्रश्न न आउनु पर्ने थियो । म यो पनि भन्दिन कि विल्कुलै अस्तित्व को विलुप्ति नै होस् तर विभिन्नता मा चहानें प्रवृति हुनु हुदैंन ।" मैले भने थें ।

"मेरो आत्मा ता त्यसो मान्दैन । मेरा विचार संग तिमी परिचित छौ । म चाहन्छु निर्वन्ध, स्वतन्त्रता जंगलको चरी सरह ।" क्लान्त शिथिल स्वर मा तिम्रो जवाव थियो । मैले त्यस दिन अनुभव गरेथें तिम्रो विरक्ती, आत्म सन्देह र प्रच्छन्न कोप । म थाह पाउन कैले तिम्रो वन्धत हुने चेष्टा गरें । हो, केही दिन पूर्व सम्म तिमी माथिम आफ्नो अधिकार सम्झन्थे । अव होईन त्यसदिन तिमी अशान्त थियौ, म पनि इतार मा थिएँ । सम्मेलन भरी पुनः म त्यहाँ जान सकिन । हाम्रो दल का अरू डाक्टर हरू फर्के पछि तिमी लाई भेटन जादा, कुनै गोरा संग तिमी इन्डोनेशिया तिर हिडेको थाह पाएँ । म संग भन्ने शब्द छैनन् । कामिनो । त्यसदिन मैले कति लांछित र अपमानित अनुभव गरें । यौटाको वियोग सेलाउन न पाउदै, तिमी अर्का तिर लहसियौ । तिम्रो निम्ति के त्यसले गर्नु उचित थियो । तिम्रो चाञ्चल्य उन्माद र वासनाको तीव्रता पैल्हो पल्ट मने जस्तो मैले अनुभव गरे यतिसम्म तिमी फरौली मैले सोचे को थिइन । यसरी तिमीलाई लाञ्छित गर्ने चेष्टा मेरो होइन, तर घटना क्रमलाई निरुपण गर्ने मात्र इन्डोनेशिया वाट आएको एक चिठीमा तिमीले लेख्यौ तिमी संग प्रेम गर्नु भन्नु म आफ्नो अपमान सम्झन्छु ।" यसै अपमान ज्ञानको आगमा पनि तिमी मलाई संझ यसमा पनि मलाई सन्तोष लाग्यो । अर्थ यो होइन कि अझै पनि तिमीले मलाई प्रेम गर्नु जरूरी छ । तर मेरो तिमी प्रतिको आकर्षण आलैछ ।

आज सम्झन्छु मलाई भेटन आफ्नु अपमान संझेको कुरा । जव तिम्रो दरवान ले जवाव ल्यायेथ्यो "मेम साहव लाई फुर्सद छैन रे" मेरो वारंवारको अनुरोध देखेर उ द्रवी-भूत भयो, तर तिम्रो मन फर्केन । धेरै पल्ट अनुरोध गर्दा तिम्रो सानो चिट आएथ्यो—'मलाई तिम्रो भेट चाहिन्न । तिमी संझकि तिमी भमेरो निम्ति मरिसक्यौ । "तिम्रो चिटग अझै म संग सुरक्षित छ । त्यसवेलाको सुख समृद्ध शाली तिमीले आज यस्तो कसरी हुनु पऱ्यो । मलाई आश्चर्य छ । तिम्रो सहवास मा सर्वस्व अर्पने त्यस वन्धुले तिमीलाई नाङ्गो झार पारी घपायो । विश्वास गर्ने अप्ट्यारो पार्दछ ।

आज भरिमा तिम्रो चिठी कति पल्ट हेरी सकें मलाई थाह छैन । ताज्जुव लाग्छ, अनि विश्वास गर्न मन लाग्छ । जेहोस तिमीले पश्चाताप गर्नु ठूलो प्रायश्चित को । तामो जीवनमा पाएको कटु, मधु, अनुभवले तिमीमा मनुष्यत्वको उदय होस् यही मेरो कामना छ । तिमीले पेट पाल्न को निम्ति सानो नौकरी नै भए पनि लेखेकोमा स्थानीय एउटा वालिका स्कूलमा हेड मिष्ट्रेस को ठाउँ खाली छ । एक वर्ष को परीक्षण काल पछि स्थायी हुन सक्छ । चाहेमा आउन सक्छयौ ।

यस विचमा धेरै परिवर्तन आए । ठाउँ नै नयाँ भएको छ । मित्रता को नाताले अझै पनि तिमीलाई निम्तो गछु । अझै पनि हर तरहवाट तिम्रो सहयोग गर्न तैयार छु । विशेष भेटमा । तिम्रा सगोनीहरू सवै आनन्द छन् ।

विजयपुर १५-१०-२०१६ तिम्रो, गिरीश

भदौरे वा तीजे

श्री काजीमान कन्दङ्वा, तेह्र थुम -

भदौ महिनो साथ साथै तीज आउदछ । तीज चेलीहरू को निमित्त एउटा ठुलो र महत्वपूर्ण पर्व हो । तीजमा टाढा टाढा भएका आफ्ना आफ्ना माइत आउदछन, माइतीहरू ले निम्ताउँदछन् र यो निम्तो नपुगे चेलीहरू आफुलाई मरे तुल्य सम्झन्छन् । तर यति हुँदा हुँदै पनि कोही भने आफ्ना काम काजमा रत हुन पर्दा आफ्नो गौरव थलो माइतमा आउन पाउदैनन् । यी नै माइत आउन पाउने भाग्यशाली चेलीहरू र माइत आउन नपाउने भाग्यले ठगेका चेलीहरू का मिश्री मन का भावनाहरू यो भदौरे वा तीजे गीतहरू मा पाइन्छन् । अझ यसैले हो यी गीतहरूमा संयोग का रमाइ-लोग्दा वर्णन उत्साह, आनन्द, हाँस खेल हुन्छन् त वियोग का दर्दभरा आलाप पनि हुन्छन् ।

भदौरे वा तीजे गीत विशेषतया भदौ महिना को तेंज मा गाइन्छन् । जहिले तहिले यी गीतहरू गाइदैनन् । यसलै यो ऋतु कालीन जन कविता हो भन्न सकिन्छ । यसमा कुनै कर्म पनि नरहने हुनाले यसलाई अकर्मक ऋतु कालीन जन-कविता भन्न सकिन्छ । यो गीत एक्लै गाए पनि हुन्छ र समुदायमा गाए पनि हुन्छ । तर समुदायमा गाउन पाए र सके यसमा विलक्षणता बढ्दछ, स्फूर्ति आँउदछ र जीवन जोउदिन्छ ।

यस्तै भदौ को महिना मा तीज को पर्व आयो हो । माइत बाट आफ्ना चेली लिन लाई माइती-राजा आएका छन् । चेली लाई आतुरी लाग्दछ । ऊ आफ्ना पति देवका छेउ माइत जाने अनुमति लिन जान्छे । ऊ भन्छे—

'वर्ष दिनका तीजमा भैया लिन आएका
पठाउनोस न स्वामी राजै, माइत वरि लै"

वर्ष दिनमा एकै पल्ट मात्र तीज आँउछ, एकैपल्ट मात्र माइती लिन आँउछन् भन्ने कुरालाई स्पष्ट गर्दै, आफुलाई देउता सम्झने आफ्नी दुलही को यस्तो आग्रह सुन्दा उ त्यो आग्रह टार्न सक्तैन । तर बरो आफु भन्दा पाका घरमा हुँदै उसले कसरी "जाऊ" पनि भन्नु । यसैले आफ्ना बाबुका टाउकामा जम्मै कुरो सारिदिन्छ । ऊ भन्छ—

"त्यो कुराको हामीलाई मालुम छैन,
तिम्रो ससुरालाई विन्ति चढाउ बरि लै ।"

आफ्ना पति को यस्तो आज्ञा पाए पछि सायद उ आफ्ना ससुराका छेउ विन्ति चढाउनलाई आफ्ने केशराशि लाई मजेत्रो ले ढाकी विस्तार गइ होलिन्, बढो होस गर्दै । के भने कुन्नि ससुराले उनलाई जाने अनुमति दिएनन् क्यार । यसै गर्दा उनलाई न राम्रो लाग्यो क्यारे उनका मनका भावनाहरु भदौरे भेल जस्तो यसरी पोखिन्छन् । माइत को सम्झनामा ऊ विह्वल हुन्छे अनि आफ्ना बाबालाई, आमा लाई दाज्यू भाइलाई सम्झन्छे ।

"यति खेर, मेरा बाबै कपड़ा कोठो खोल्दा हुन्
कस्ति रै छु अभागिनी ! विचै मेरी नि वरि लै

आफ्नोवुहारी को यस्तो विलौना सुन्दा सासूलाई आफ्नै जवानी को उमंग, उल्लास, उत्साह र आकांक्षा को सम्झना भयो क्यार, अनि उनलाई पनि दिल भित्र कता कता कस्तो कस्तो लाग्यो हो ? किन भने उनी पनि चेलीनै तहुन् नि ! अनि ! न बोली, केही न भनी त्यसै चुपचाप बस्न सकिनन् होली । आफ्नी दुलही लाई सान्त्वना दिनलाई सासू यसो भन्छिन् ।

"लाउन दिने ससुरा खान दिने मै छू
नरोउ वहू ! माइत सम्झेर वरि लै,

यसरी आफ्नी सासुको सान्त्वना पाउंदा उ मन फोयेर भन्छे—

खटियामा सुतेको कोपरामा चुठेको,
कैले हुथ्यो मेरो वज्यै माइत-घर जस्तो वरी लै ।

यसो भनेर उस्ले आफ्नो सासु लाई माइत को महत्व सम्झाई दिन्छे । घरमा खाटै मा सुत्दैछु, कोपरा मै चुठ्दैछु, मलाई ससुराले लाउन दिएकै छन् सासुले खान दिएकै छन् । सबै रांम्रै छ तर पनि वजै ! माइत जस्तो कैले हुन्छ र भन्दै माइत को महत्व अघाडी राख्छे । नेपाली चेलो-हरूमा आफ्नो माइत-घर को बढो महत्व हुन्छ । माइतका

साना २ कुरा हरू पनि उनका निम्ति महत्व शाली हुन्छन्। माइती प्रति उनीहरू को श्रद्धा, भक्ति, स्नेह र अभिमान दरो र गहकिलो हुन्छ। याइतो को कुनै पनि कुराको बकवाद उनी हरूको निम्ति असहनीय हुन्छ, उनीहरूको नाकमा ठस्स धुरिई हाल्छ। यो हो उनीहरूमा माइतीहरू प्रति भएको श्रद्धा र स्नेह को पराकाष्ठा।

जे होस्, यस्पाला हाम्री बहू माइत-घर जान पाइन्। दिल मित्र उठेका अनेकौं भावना हरू घुट्को लाउदैं उनले घरमै वस्न परयो। तर, यसो भए पनि उनका मनमा आशा हराएको छैन। उनलाई आशा छ, फेरी भदौ आउनेछ। फेरी तीज आउनेछ-फेरी माइती राजा आउनेछन्। उस्तै रङ्गा चङ्गा; उस्तै ठाट वाट सित जसरी युग युग देखि भदौ लाग्दैछ, तीज आउँदैछ, र हाम्रा चेलीहरूपनि भदौरे वा तोजे गाउँदैछन्। यो भदौरे तोजले कतिलाई सुख, संयोग र आनन्द ल्याइदिन्छ र कतिलाई मने दुःख, वियोग, र यातना पनि ल्याइदिन्छ। तर जसो होस् यो भदौरे तोज घुम्दै फिर्दै आइ रहछ.....आइरहन्छ र यसै वेला भदौरे गाउने हाम्रा चेलीहरू पनि आफ्ना हृदय मित्र का भावना हरू भदौरे वा तोजे मै पोखी रहन्छन्...पोखी रहन्छन्,... कहिले नटुट्ने गरी—एउटै राग मा एउटै लय र एउटै भाका मा।

अप्रकाशित—"नेपाली जन साहित्य" वाट,

अस्पृश्यता किन ?

श्री पद्म शर्मा

पूर्व ३ नं० खार्पा

[अस्पृश्यता पुरानो गोरेटो हो। यस युगमा यसको औचित्य कति छ कुन्नि ? वहाँ को समानता वादी आदर्श प्रशंसनीय छ। हाल वहाँ प्रथमा का छात्र हुनु हुन्छ। सं०]

या बुद्ध हुन् या ईश हुन् र गाँधी हुन्
हिन्दु हुन् मुस्लिम हुन् बौद्धावलम्बी हुन
या राम कृष्ण का परम भक्त हुन्
क्षत्री हुन ब्राह्मणी हुन् पोडे चमार हुन्
कामी हुन् दर्जिहुन धर्ति मगरै हुन्
अब समाजमा अस्पृश्यता किन ?

× × ×

उही छ हाड, मासु, रक्त, मुख नै
उही छ मनुष्य देहका हात पाउनै
घुम्ने-फिर्ने वाटो एक पानो पँधेरो
वस्ने देश हाम्रो एक चलन अँधेरो
भाई-भाई हामी सब हक स्वतन्त्र यो
अब समाजमा अस्पृश्यता न ल्यौ।

× × +

धरती माता हाम्री एक, भाषा एक हो
देश राजा हाम्रा एक, भेष एक हो
नेपाल मा हामी वस्छौं, नाम एक हो
भाई-भाई हामी सब, हक स्वतन्त्र यो
अब समाजमा अस्पृश्यता न ल्यौं,

× × ×

समाज हाम्रो एक हामी एक हौं
निशान लक्ष्य हाम्रो एक हामी एक हौं
धर्ति का निमित्त देशमा हामी एक हौं
एक थालो मा छ खाना सानु ठूलो किन ?
भाई-भाई हामी सब अस्पृश्यता किन ?

——

परिवर्तन

नारायण बहादुर के० सी०

रमापति लाई आज सम्म कसैका छोका मा गएर दाढी फो बिस्कुन हाल्नु परेको थिएन । अनलाई एक मानो को पूरा बन्दोबस्त थियो । साच्चै नै उनका घरमा रमाले नै बास गरेकी थिइन् । उनका दुई छोरा र एक छोरी थिए । जेठो छोरो किशोर ले १६ पुगेर १७ मा पनि नया पाईलो हाली सकेको थियो । घर छेउ गाउँका केही ठीटा हरूको उल्याई मा लागेर बिदेशिएको थियो ।

सुख र दुःख क्रमशः आउने दौतिरी हुन् ता पनि तिनका निमित्त दुःख लाई सुख ले प्रायः जिती सकेको थियो । ती दुवै दम्पति ले दुःख कस्तो हुन्छ त्यसको भार प्रायः भूलि सकेका थिए । तर कसैको जिन्दगी सँधै ऐकनाश को रहँदैन, समय को खेल विचित्र छ । पति र छोरा छोरी लाई समेत काल ले रमा बाट भिन्न गरायो । बिचरी अभागिनी रमा लाई यो उपवन मरु तुल्य भयो ।

गाउँ छेउका ठूला तालुक दार जमिन्दार उनको भएको जेथा मा पनि शनि दृष्टि लगाउन थाले । न लगाउन् पनि किन ? कमलो राम्रो काठ लाई नै धमीराले खान थाल्छ । बिचरा एक असहाय अवला को के जोर चल्दथ्यो । उनका आमदनी का स्रोत दिनहुँ रसाउन को बदला सुक्न थाले ।

जुन मानिस लाई धनले त्याग्छ, आफ्ना स्वजन ले पनि त्यागी दिन्छन् । त्यसका लागि अपजस र घृणापूर्ण शब्द ने तिनी हरूका मुख्य उपनाम बन्दछन् ।

आज देखि उनका निमित्त सबैका घरका आँगन बन्द भये । गाउँ घरका सबै मानिस "उ बोक्सी राँडी ले आफ्ना घरका जहान लाई समेत देख्न सकिन, जम्मै लाई टोकेर सिध्याई" भन्दथे । उनैलाई आज भन्दा केही दिन अघि देवी को रुपमा संझन्थे, आज उनैलाई "बोक्सी" भन्न थाले । के समय को परिवर्तन विचित्र छैन ?

मानिस हरूको यस्तो मुढघोच्ने 'बोक्य ले ग्रसित भएर पेल्ने को सुख झेल्ने को यस्तो जीवन मा घटाऊथिन्, "संपत्ति मा सबैको हाइ हाइ विपत्तिमा कोइ छैन दाज्यू भाई" भन्दथिन् ।

एक दिन को कुरा हो ठाईंला मुखिया को छोरो सानु को भकुण्डो गुद्दै एकासी गएर व्यथापूर्ण रमा को काख मा पर्‌यो । सानु पनि भकुण्डा का खोजीमा आउँदै थियो । टाढा बाट आउदै गरेको सानु लाई देखेर साथै पैली उन्का छोरा को भकुण्डो संझेर साच्चै मेरो छोरो बिउतेर आएछ भनी चुम्बनार्थ १०।१२ कदम अगाडी मात्र बढेकी थिईन् सानुले रमालाई देखेर कहाल्लियो ? विरामी समेत भयो ।

आमा बाबु ले नानी यो त गुजी हो यस्ले त खान्छ भनेर कागद को मूर्ती नै बनाएर किन न देखाउन् ? परिणाम मा त्यो बालक को त्यही चीज मृत्यु को कारण पनि बन्न सक्तछ ।

रमा त्यस पछि कसरी घर फर्किन् त्यो पनि उनलाई मालुम भएन । निकै बेर मा चेतना आये पछि उनी केवल उन्को जिउ दुखे को मात्र अनुभव गर्दथिन् ।

"स्याल पनि कराउनु सिंगारी पनि हराउनु" भने झैं त्यस कारण ले गाउँ का मानिस को निकित्ता क्रोधाग्नि मा तेल को काम दियो । "के खोज्छस काना ? आँखो ? भन्ने उक्ति चरितार्थ भयो । उनी प्रति अन्ध विश्वास बढ्यो ।

अब उनका लागि संसार मा कुनै सुविधा को स्थान रहेन । आज भन्दा केही मैन्हा अघि पो धन थियो, स्वयं रमापति थिए । मानिस चारै तिर बाट सहानी गर्दथे तर आज दुर्भाग्य को कुरा हो । उनका पति को साथ खास रमाले पनि त्यागेकी थिइन् । स्वार्थ भन्ने शब्द कसैबाट छिप्न सकेन, प्यांख रुपी सहारा ले रहित भएर पनि पिंजरामा समेत पस्न पाइनन् ।

आकाश को निलो समुद्र मो, तारा गण पानी को फोका झैं एक एक गरेर लोप हुन्छन् तेस्तै तिनी पनि लोपै हुन चाहन्थिन् । तर आत्म हत्या गर्नु महापाप हो भन्ने संझन्थिन् । उनका निमित्त बनका जीव जन्तु वृक्ष-आदिले उनी प्रति व्यग्र दृष्टि फेर्न थाले । नदी ले पनि उनलाई देखेर क्रोध पूर्ण श्वास लिन्थ्यो । व्यथित हृदय ले जवाफ दिई सबैको

थियो ता पनि मनमा आशा ले अङ्कुर हालेको थियो । कारण आजै आई पुगेको छोरो किशोर को चिट्ठी जस्मा आजै आई पुग्ने लेखिएको थियो । चिट्ठी हेर्दथिन्, लज्जा, हर्ष, आशा, क्रोध, विस्मत क्रमशः आफुलाई भएको अनुभव गर्दथिन् । उनलाई दुनियाँ को अझै एक बार परीक्षा लिनु थियो ।

रमा त्यस अज्ञात ठाँउ बाट घर फर्किन् । घरमा पैल्हे को भन्दा चका चौंध, अतुल संपत्ति ले सजी सजाउ भएको त्यो घर लाई पाइन् । जुन घरमा केहि दिन अघि स्मशान को वास जस्तो देखिन्थ्यो । आज त्यही घरमा भीखमँगाहरूको भीड ले तील राख्ने ठाँउ सम्म पनि थिएन । फेरी त्यो मरु उपवन तुल्य भयो । जस्ता प्रकार ले फोहोर मैला साफ हुँदा चंकिलो देखिन्छ । तेस्तै प्रकार ले रमा को अनुहार मा एक झलक देखिन्थ्यो ।

८ वर्ष को विच पा आज आमा छोरा को भेट भयो । आज आमा को मन प्रफुल्लित थियो । अगस्त्य मुनि लाई पाएर विन्ध्य पर्वतले मुन्टो निहुराए झै तो सबैले मुन्टो निहुराउन परयो । धेरै दिन को विरहाग्नि ले पुरा जलाई सकेको हुनाले र आफ्नो अन्तिम परीक्षा को परिणाम निस्किसकेको ले आज त्यो गद्दोदार विछ्यौनामा सुतेको ती रमालाई निद्रा देवीले चाडै आफ्नो काख दिईन ।

विस्मत छ ! यो उन्को निदाई न व्यूझने थियो ?

मेरो लक्ष्य

श्री नगेन्द्र राज चापागाजी

पूर्व ४ नं० दिंगला

[चापागाजी ज्यूको 'लक्ष्य' सूर्य झै उज्ज्वल छ । वाला गुरुको पवित्र आदर्श कायम राखने वहाँको प्रयत्न वनोस् । वहाँ पूर्व मध्यमा (व्याकरण) दोश्रो वर्ष का छात्र हुनु हुन्छ । सं०]

कुमति कुनत फाली देश लाई सपार्छु,।
कमल-वन-समाज ज्योति-मान् झट्ट पार्छु ।
व्यसन जति विनाशी वीरता छाई दिन्छु ।
पुलकित मनले नै शोक सारा अफाल्छु ।।१।।

\+ + +

घुमि घुमी घर गाऊँ ज्ञानको दीप वाली,
गुण अवगुण सारा गर्छु खोंजी नियाली ।
प्रचलित जन-घाती वानी दिन्छु निकाली ।।
निज जन निज भाई पार्दछु श्रेष्ठ वाग्मी ।।२।।

\+ + +

नव-जल गुण सिच्दै देश पार्छु प्रदीप्त,-
अधिक धन सुशोभी विश्वमा सर्व श्रेष्ठ ।।
स्व-सबल रिपु लाई तीव्र शस्त्रास्त्र साथ,
त्वरित गति लिएरै फोरि दिन्छू म माथ ।।३।।

× + +

वर पर छरिएका दाजु भाई समेली,
विविध हित हुने उद्योग खोली भरेली ।
सवतिर झलमल्ल ज्योति नै ज्योति पार्दै,
प्रति जन पद देखी दीनता फ्याँकि दिन्छु ।४।।

\+ + +

जगत भरी सुनामी सोम सूर्यादिको झैं,
निज गुण निधि ले नै कीर्ति छर्दै सुधार्दै, ।
गति अति हलुको ली शौर्य सन्देश छर्छु,
दिदि वहिनी जगाई देशलाई सपार्छु ।।५।।

— ० —

इदानीन्तने गीर्वाणवाण्या आवश्यकता

जय नारायण शर्मा, चेङ्गमारी, भूटान

[शर्माजी प्रवासी नेपाली हुनुहुन्छ । श्री पि० सं० म० विद्यालयका प्रतिभाशाली छात्र, संस्कृत छात्र-संघ का अध्यक्ष, सं० मण्डल का सदस्य र सफल निवन्धकार मात्र होइन, कवि पनि हुनुहुन्छ । वहाँ को यो निवन्ध सामयिक र ऐतिहासिक खोज पूर्ण छ । हिन्दी र अंग्रेजी साहित्यको पनि गहीरो अध्ययन गर्नु भएको छ । सं०]

प्रकृतिः परिवर्तनशीला न सा नित्या । समये समये स्थलं जलायते जलंच स्थलायते । अनयैव गत्या नरा भाषाश्चाहरहः परिवर्तन्ते । पुरा कविकुलमणयो व्यासकालिदासादयः सम्बभूवुः । इदानीं तादृशाणां विद्यावारिधीनां नामापि न श्रूयते । पुरा काचनापरा राष्ट्रभाषाभवेत् । इदानी माङ्गलान्तरराष्ट्रिया ।

पुरा वैज्ञानिकैः कर्दमादिभिर्ब्रह्मपुत्रैरभूतपूर्वाणि विमानादिन्याविष्कृतानि, येषु समारुह्य जना यत्र जिगमिषन्ति तत्रैव तानि जग्मुः । आधुनिकैः सुप्रसिद्धै वैज्ञानिकैरपि नाद्यावधिः, तादृशानि बिमानानि आविष्कृतानि । विद्वद्वरेण्या वर्णयन्ति यत् सहस्र वर्षात्पूर्व संस्कृत-साहित्य-सुमनसां प्रचुर-प्रचारआसीत् । संस्कृत एव वैज्ञानिका भौगोलिकाश्च ग्रन्था आसन, संस्कृत एवानेकाः शब्दसमूहाः शब्दकोषादयश्चासन् । हन्त ! सा सुरभारती कालेन कबलीकृताऽधुना ।

अहोऽस्माकं दुर्भाग्यम् ! या भाषा समस्तभारतीयाऽऽर्य भारतीनां जननी, या गीर्वाणवाणी, अमर भाषेतिच भाषिता, या न केवलं भारतीयानो प्रत्युतः सर्वेषां सर्वप्रिया सञ्जाता । सैवाधुना "मृते"ति कथ्यते । अस्य कारणं, षोडश शताब्द्यां स्वार्थ चिन्ताकर्षित-हृदया दुर्हृदयाः सर्व संसारं विजित्य सर्वतः साम्राज्यं चिकीर्षवो म्लेच्छ-भाषा-भाषिण, आँगलो व्यापार-व्याजेन कलह कारकैर्यवनवराकैः सर्वतो विच्छिन्नं भा-रतं भारतं समाजग्मुः । ततस्तैर्महार्हरत्न-निचयां भारत भूमिमधिकृत्य स्वकीयाधिपत्यं संस्कृतिश्च स्थिरोकर्तुं स्वीयैव भाषा व्यवहृता । ततस्तस्यामेव भाषायामस्माकं धर्म ग्रन्था नीतिस्मृति-ग्रन्थास्चानूदिताः । तस्या एव प्रचुर-प्रचारेषाऽमरगिरा मृतेति संज्ञा लब्धा । अधुनाचिर-रात्राय परतन्त्र-पाशपाशितानां परतन्त्रपाशान्मातृभूमिं मुमुक्षूणा तत्र भवतां गान्धीमहोदयामन्येषाञ्च शुभकामनया पुनर्मोचिता भारतमाता। अतोऽधुना गोर्वाणगिरां सनुन्नतये सर्वैः सहृदयैः प्रयतनीयम् ।

इयमेव सर्वभाषा जननी, अस्यामेवास्माकं साहित्यं संस्कृति धर्मश्चास्ति । ईमामेवावलम्ब्य ज्ञानविज्ञानों दधिः पार्यते पण्डितैः । अस्यामेवाद्वितीयानि दर्शनशास्त्राणि यानि अन्यासु भाषासु न दृश्यते । अस्यामेव सर्वाणि नीतिस्मृति शास्त्राणि, अस्यामेव ग्रहणवेलां, ग्रहगतिंच ज्ञातुं शक्यानि ज्योतिषशास्त्राणि, अस्यामेवैहिकीं पारलौकिकींच स्थितिं प्रत्यव्यवहारं, मरणसमयं च निश्चेतुं शक्यानि फलित शास्त्राणि, अस्यामेवाकाले हतानामपि संजीवयितुं शक्यानामौषधीनां वर्णनभूता आयुर्वेदा दरीदृश्यन्ते । अस्याः कीदृशी आवश्यकता इति तु अस्माभिरेव ज्ञातुं शक्यते नापरैः । यदि संस्कृता भाषा विनष्टा भवेत् तर्हि सर्वाऽपि भारतीय भाषा भारतीयाश्च विनष्टा भविष्यन्तीति कथने नात्युक्तिः ।

अथास्योन्नति-साधनमपि सिंहावलोकनेनावलोकनीयम् । संसरणशोलेऽस्मिन्संसारे समये समये सर्वाणि वस्तूनि संस्कारमर्हन्ति । सस्कारं विना सर्वाण्युपकरणानि विकृति पथमनुसरन्ति । विकृत्यनर्हं सुवर्णमपि तप्ताङ्गारे तापयित्वा स्वच्छं तापनीयता नीयते । अन्यथा कालान्तरं तदपि मलीमसा मलिनतां नीयते । अद्वितीयं "ताज महलो"ऽपि काले काले संस्क्रियते । नान्यथा स इदानीमपि सुशोभितं स्थोयेत । अन्यासां भाषाणांतु समयोचितं 'परिवर्तनं परिवर्द्धनं

विद्यार्थी

मान वज्र वज्राचार्य,
वराह क्षेत्र ।

त्यो अज्ञान बगाउदैं सजग भै पुग्नूछ माथि अब ॥

नेपाली छवि कल्प वृक्ष फल औ सौन्दर्य नेपाल को ।
प्यारो प्राण समान छौ हृदय मा श्री पूर्ण
ज्योत्स्ना अहो ?

कालो बादल को झलक्क बिजुली रात्रो महा दीपक ।
नीलो त्यो ? जल मध्य पद्म शशि झैं, हावा
महाँ शीतल ॥

देशोत्थान गराउना कन सदा संलग्न छौ, व्यस्त छौ ।
हे ! नेपाल सुपुत्र ! वीर ! अबतो आखा उघारि लियौ ॥
कालो कल्मष विघ्न नष्ट गरलौ अज्ञान फालेर त्यो ।
आयौ मार्ग नयाँ प्रदर्शक बनी, बालेर बत्ती अहो ! ॥
खांपो मै निज देश उन्नत गरी, हे चम्कने चन्द्रमा ! ।
तारा झैं बनि चम्कने जगतमा फालेर अल्झि पना ॥
ढोका उन्नति को खुलाऊ प्रिय हे ! उद्योग फैलाउने ।
अर्का को उपकार गर्न अबतो आउ तिमी अग्रनै ॥
विद्याको गरी नित्य अध्ययन औ विज्ञान शिक्षा लिई ।
आँखा खोली खुलाई यौवन जरा सारा अवस्था दिई
विद्या-दीपक-ज्योति ले हृदयमा पारी उज्यालो सफा ।
भूमा कीर्ति किन्यो समाज छवि मै सेवा गरी देशमा
बढ़दै जाउ अघाडि लौ ! प्रगति को पैल्याई बाटो नव
निः स्वार्थी बनि, सत्य शान्ति पथको लेऊ बढी आश्रय
विद्यार्थी नव दीप उज्ज्वल शिखा हे ! नव्य सूर्योदय

———

च दृश्यते परन्तु संस्कृता भाषातु परिवर्तनमन्तरेणाऽसंस्कृता सञ्जाता । कमलकलिका इव कोमला बालकाः प्रथमत एवं पाणिनीय-व्याकरणं पाठयन्ते । पाणिनीयानि "टिड्ढाणये" त्यादि सूत्राणि भूयोभूयः, उद्घोषयन्तोऽपि न किमप्यवगच्छन्ति । अन्यभाषास्तु साहित्य मुखेन पाठ्यन्ते किंतु संस्कृतसाहित्यं व्याकरण मुखेन । अतः ईदृशी सरणिर्नानुसरणीयाऽस्माभिः ।

संस्कृता ध्ययना ध्यापन विधिरपि विचारणीया तावत् । विशालमपि संस्कृत साहित्य कुसुमं महर्षि पाणिनिनाऽलेष्वेव सूत्रेषु गुम्फितम् । सूत्राणि अष्टा ध्यायेषु विभक्तानि सन्ति । अष्टाध्यायिनं तन्मना भूत्वा पठ्यते यदि, एकेनैव वत्सरेण प्रशान्तो दधिरिव व्याकरणोदधिः सुकरं पार्यते किन्त्वधुना "द्वादशभिर्वर्षैः व्याकरणं श्रूयते" इतितु लोकोक्तिरिव सञ्जाता । सिद्धान्त कौमुदी-लघुसिद्धान्त-मध्यसिद्धान्ता श्चाष्टाध्यायिन शाखाः सम्भूताः । अन्येच छात्रप्रतिभा नष्टकरा निरर्थकाः प्रयोग सूच्यादयः शाखाः समुद्भवन् । अद्यत्याः पण्डितमन्याश्छात्रा व्याकरण ज्ञानस्य नैवाबश्यकतां मन्यन्ते । केवलं परीक्षोत्तीर्णतायै प्रयोग सूच्यादीन्

रटन्ति । अनेनैव हेतुना शिक्षका अपि व्याकरण शास्त्रे गम्भीर ज्ञानाभावात्छिष्येभ्य उचितं ज्ञानंदातुं नैव समर्था भवन्ति । एतादृशया पठन पाठन प्रणाल्या संस्कृतं समुन्नमयितुं विकीर्षवोजना उडुपेन सागरं तितीर्षव इव जायन्ते । अतो विचार्यते यत् संस्कृता ध्यापन प्रणाली आमूलं परिवर्तनीयेति ।

अल्प वयस्केभ्यश्छात्रेभ्यो निम्न कक्षातएव सरलसंस्कृत साहित्यमध्यापनीयम् । यस्मिन् कोमल मानसेभ्यो बालकेभ्यो रुचिकराणि चित्राणि, क्रीड़ावर्णनाधिकाः कथा, वीर वराणां चरित्राणि चाङ्कितानिस्युः । स्वर व्यञ्जनादि वर्णानां स्थान परिज्ञानमपि सरल संस्कृतेनैव भवितव्यम् । प्रमादि विभक्तीनां चिन्हं साधारणोऽर्थश्च ज्ञापनीयः । अपर भाषायाः संस्कृते संस्कृतस्यापर भाषायां सरलानुवादश्च शिक्षणीयः । परस्परं "कुत्रगच्छसि, किंखादसि" इत्यादिकं साधारण सम्भाषण मप्यभ्यसनीयम् । ततो वैयाकरणाग्रणीभिर्विद्वत्तल्लजैः पाठन प्रवीणैः शिक्षकैरष्टा ध्यायी पाठनीया । अधिकार सूत्रमनु-वृत्तिपदं, सूत्र व्याख्यां; सूत्राणामनेकान्युदाहरणानिच भूयो भूयः स्मारयन् पाठयेद्यदि एकेनैव वत्सरेण वैयाकरणः सञ्जायते छात्रः । इमां सरणिं नानुसरेद्यदि, अनन्तपारं व्याक-रणो दधि नैकोऽपि पारं गच्छेत् ।

अथ सुरगिरा समुन्नतये आधुनिकाना मितिहास-भूगोल-विज्ञानादीनां पुस्तकानां संस्कृतेऽनुवादस्यावश्यकता वर्तते । किञ्च संस्कृते संक्षिप्तेतिहास भूगोलयोरप्यावश्यकता वर्तते येन बालका स्वदेशं मातृभूमिंच परिचयेयुः मातृभूमिं प्रति प्रेम च समुत्पादयेयुः । तथाच प्राचीनानां यवनै रितस्ततोनी-तानां चूर्णीं कृतानां च साहित्य-विज्ञानकोषादीनां संग्रहस्या-वश्यकता वर्तते । एतदर्थं मस्माभि र्गीर्वाण वाणि प्रणय प्रवणानं पठन पाठन पाटवानां विद्वत्तल्लजानामेका परिष-त्सघटनीया । अपराच तत्वानुसन्धान पराणां पुराविदां संस्कृतोन्नतये दत्त चित्तानां पण्डिताग्रणीनां परिषत्संघटनीया । एकादेशं कालं परिस्थितिं चावगत्याऽऽपञ्चवर्षात् पञ्चाश द्वर्ष पर्यन्तानां नराणां नारीणां च कृते समुचितानि पाठ्य-पुस्तकानि निर्मिमेत् । अपराच लुप्तप्रायाणां साहित्य-विज्ञान कोषादीनां निर्माणमन्येषां चोपयोगीनां पुस्तकादी-नामनुवादञ्च करोतु । अथ यत्र कुत्राऽपि विद्यालये पञ्चम कक्षातो वैज्ञानिका भौगोलिका वैयाकरणाश्च सर्वेऽपि शिक्षकाः संस्कृतमाध्यमेनैव पाठयन्तु । प्रान्ते प्रान्ते देशे विदेशेच संस्कृत विश्व विद्यालयः स्थापनीयः । एवं संस्कृतं समुन्नयितुं नैव कश्चित् समयो व्यतिगच्छेत् । कांक्षेऽहं "सर-स्वती श्रुतिमहतीमहीयताम्" । इत्यलं पल्लवितेन ।

उत्यो को ?

पद्म प्रसाद पौडेल
चैनपुर बजार

[यहाँ निकै सिद्ध हस्त हुनुहुन्छ । यो गीत यहाँको अप्रकाशित संग्रह "साहित्यको झोला" बाट उद्धृत गरिएको हो । यहा लेयसै सालको एस० एल० सी० परीक्षा दिनु भएको छ सं०]

उ त्यो को हो, उ त्यो को हो, किसान किसान !
ए दाई किसान हँसिया निशान, हल गोरु साथैमा ।
के वस्छौ तिमी पछ्यौटे परी, हिमाल को काखैमा ॥
देशका तारा किसान प्यारा, न जाउ अन्यत्र ।
समाउ यन्त्र यो प्रजा तन्त्र, भजन स्वतन्त्र ॥
उ त्यो को हो उत्यो कोहो त्यो किसान निशान ?
खान्छौ के तिमी लाउँछौ के तिमी दश नङ्ग्रा खियाई
विश्व मा व्यापी त्यो तिम्रो शक्ति राखो यो जीयाई
के हेरी रहन्छौ के वसी रहन्छौ, अकमक्क परेर,
शोषण साङ्लो छिनाई हाल अघाडी सरेर ॥
उत्यो को हो उत्यो को हो त्यो किसान किसान !
दर्दम व्यर्थै जीवन तिम्रो, नवितोस् किसान ।
सबैको मन्त्र यो प्रज तन्त्र राखीयो निशान ॥
झल्काई देउ झल्का वीरता तिम्रो हे वीर किसान
हलो जुवा भाँति किसान साथी न फर्याँक निशान
उ त्यो को हो त्यो उत्यो को हो त्यो किसान किसान !

जीबन र अभाव

गोपाल राज खनाल, धरान

[खनाल ज्यु सफल कथाकार , धरान का ख्याति प्राप्त लेखक र उत्साही सामाजिक कार्यकर्ता हुनुहुन्छ । सं०]

अर्ध रात्रि' चारै तिर अन्धकार, घोर अन्धकार । खोला को तटमा केवल एउटा बिना काम्रो को चिता जलि रहेछ । आगा का झिल्का हरु छरिएर यता उता फैलि रहे का छन् । अलिक पर अन्धकार को बीच मानव मूर्ति समान भएर म खडा छु । मेरा शरीर का बाल हरू हावा सँग खेली रहेका छन् । म लेखक बन्ने कोशिश गर्थें, नेपाली साहित्य को प्रतिनिधि, कथाकार, उपन्यासकार । मेरा ओठ सँधै चियाका प्याला हरूसित खेल्थे र औंलामा सिगरेट । म नेपाली साहित्यलाई सैकड़ो कहानी र दर्जनौ उपन्यास दिने विचार गर्थें । म कहानी र उपन्यास लेख्थें । तर म आज स्वयं कहानी बनि सकेकोछु । बड़ो दर्दनाक र हृदय विदारक छ मेरो कहानी । म खोला को किनारमा बसेर आफ्नो इच्छा को चिता जले को हेरि रहेको छु । हेरी रहेको छु आफ्नो वैनी बोखा लाई । उनी जली रहेकी छन् । आजीवन उनलाई अभाव को चितामा जली रहनु परेको थियो । तर अन्त्यमा उनलाई अग्नि चिताले जलाउदैं छ । मेरो दृष्टि चिता को आगा का झिल्का हरूलाई हेरि रहेको छ, जो एक छिन को लागि चम्केर सदा को निम्ति शान्ति लेलान् ।

"वास्तविक ठोक छ ।"

मानव केवल एउटा झिल्को हो ।

वातावरण लाई आफ्नो प्रतिकूल तथा अनुकूल पाएर त्यो बलेर जान्छ अथवा शान्त भएर जान्छ सदाको लागि परिस्थितिलाई आफ्नो प्रतिकूल पाएर ।

× × ×

म जब २० वर्ष को थिएं । मेरा काँध मा बैनी बीणा को भार आयो । मुश्किल ले मैले मेट्रीक दिएं तर फेल । यसै बीच आमाले यस संसार बाट सदा को लागि आँखा चिम्लनु भयो । अब म एक्लो भएँ । बैनी बीणा मेरो लागि भारी बनि रहेकी थिइन् । जीवनको भाँचि सके को गाड़ी जसरो तसरी अगाड़ी जादे थियो । म घरमा बसी बसी कल्पना को डोराको सहारा ले साहित्यिक संसार को चक्कर काटिरहेको थिएं । घरमा भएको सम्पत्ति दिन प्रति दिन समाप्त हुंदै थियो । मेरा आँखा खुलेन्न । तर खुल्यो, अन्त्यमा जब बैनी बीणाले आएर भनिन् "दाज्यू हातमो हात राखेर कति दिन सम्म घरको खर्च चल्न सक्छ । तपाई लाई थाह छैन भएको सम्पत्ति सबै सकिदैं गइ सक्यो ।"

"त मैले के गर्नु ?" मैले अलिक कड़ा आवाजमा भने । "केही काम नगरी यस प्रकार ले कति दिन चल्न सक्छ ।"

"अं: अब बुझें । मैले बसेको तिमी हेर्न चाहन्नौ । अनायास नै झर्केर उठें । बैनी केही न बोली भित्र गईन् । मेरा आँखाका समक्ष अन्धकार छायो । शिरमा हात राखेर बसें । स्थिति को गंभीरता लाई ख्याल गर्दै उद्विग्न भएर आएँ ।

"जीविका"

जीविका नै यस्तो समस्या हो जस्लाई सुलझाउन अत्यावश्यक छ । जुन बिना मानिस को जीबन एक कदम अगाड़ी बढन सक्तैन । जीविका को समस्यानै मेरो सामुन्ने थियो । मेले नौकरी को लागि शहर को कुना कुना चहारें, तर पाईन । मैले सरकारी अफिस हरूका सीकी समेत खटखटाएँ तर उत्तरमा "नोभ्याकेन्सी" को साधारण उत्तर आयो । एकाएक मेरो हृदय को "लेखक" जागेर आयो मलाई याद आयो कि म लेखक हूँ । मेरो हातमा कलम छ । "लेखनी"

हो ! लेखनी जस्को आधार बाट मनुष्य दुनिया मा पैसा कमाउन इच्छा गर्छ, नाम कमाउन चाहन्छ । मेरो लेखनी कागत को सेती पन्नामा दौड़ी रहेको थियो । लेखनी को अविरल गति त्यस समय सम्म अगाडी बढदै गयो जब सम्म, "यो हो नेपाल को कहानीकार" को अन्त भएन ।

आठ दिन को अथक परिश्रम पश्चात् मैले "यो हो नेपाल को कहानोकार" नामक उपन्यास तयार गरें। मलाई आशा थियो यस उपन्यास को पारिश्रमिक पर्याप्त हुनेछ। प्रकाशन पश्चात् उपन्यास को काफी ख्याति हुनेछ।

हिंडें प्रकाशन को लागो प्रकाशक को दोकान तिर।

"नमस्ते ?" मेले भने।

"आउनु होस्! वस्नु होस्। ए रामे ? ई महाशयलाई कुर्सी ल्याएर दे।" एकै शास मा प्रकाशक ले बोल्ने कोशिश गरे। "भन्नु होस् कसरी आउनु भो ?"

"महाशय म तपाईं लाई एउटा उपन्यास वेच्न चाहन्छु। यदि आज्ञा भए देखाउँ।"

"ओ! त्यसो भए तपाईं लेखक हुनुहुन्छ।" प्रकाशक महोदय ले चेहरा लाई खुम्च्याउदै भने।

मैले उपन्यास को पांडुलिपि उनी तिर बढाई दिएँ।

"अहो। "यो हो नेपाल को कहानोकार" क्रान्तिकारो उपन्यास। अरे! महाशय कहीं दोकानका मोहर न लागोस् सरकार को !!।"

यति भनेर प्रकाशक ले पांडुलिपि पल्टाउन लागे! मेरा आँखा प्रकाशक को औंलालाई हेरि रहेका थिये। प्रकाशक महोदय त्यो उपन्यास का पृष्ठ संग निकै वेर सम घोरिदै रहे। अन्त्यमा उनको दृष्टि उठ्यो र मेरो अस्त व्यस्त स्थिति मा आएर अडियो। "तपाइ को 'योग्यता ?" प्रकाशक महोदय ले चस्मा सार्दै भने।" ज्यू·····तपाईं·····मेरो योग्यता सोह्रै हुनुहुन्छ। यही अन्डरमेट्रिक" "मैले अनकनाएर भनें।

"ओ! महाशय तपाईं को "उपन्यास' राम्रो त देखि दिन। तर यसलाई यहीं राख्न दिनु होस्। एक सप्ताह वाद यसको म तपाईं लाई जवाफ दिनेछु। उपन्यास राम्रो छैन।"

"कसरो ?"

"पढदा मजा आउदैन। आखिर मजा पनि कहाँ वाट आवस्। अन्डर मेट्रीक न हुनुहुन्छ। एक सप्ताह वाद तपाईं लाई मेरो निर्णय थाह हुनेछ।"

"कृपया चांडै वताई दिनु होला।" मैले प्रार्थना को स्वर मा भने।

चांडो के वताउँ ? जानु होस् ऐले। पछि सवै कुरा थाहा हुनेछ। एक त क्रान्तिकारो उपन्यास त्यसमा पनि····"

"अच्छा। नमस्ते।" मैले हिंड्दै भने।

× × ×

एक सप्ताह पश्चात् प्रकाशको दोकान तिर आएँ। मेरो चेहरामा उदासी छाई रहेको थियो। शिरका केश तेलको अभावले सुकी सकेका थिये। ओठ चाउरी परि सकेका थिये।

"नमस्ते····"मैले भने।

"नमस्ते·····भन्नुहोस कतावाट?" "ज्यू····"तपाईंले" ·····बोल्दा बोल्दै म अडिएं।

"ओ! संझिएं उपन्यासवारे आउनु भएको तपाई ?"

"हो महाशय, के निर्णय गर्नु भो ?" "उपन्यास ठीक छ। कहीं अन्तै छपाउने प्रवन्ध गर्नु होस्। यदि तपाईं संग वि० ए० सम्म को डिग्री भये किन्ने थिएं। विवश छु"। प्रकाशक ले उपन्यासको पाँडुलिपि मतिर बढ़ाए।

"तके तपाईं कहाँ लेखन कला हेरिदेन डिग्री लाई हेरिन्छ ?" मेरो हृदय हाहाकार भएर आयो।

"अच्छा, महाशय तपाईं संग कुरागर्ने समय छैन। जान सक्नु हुन्छ।" ममार्थि पहाड़ खस्यो। मैले उपन्यास तिर हेरें। त्यस लाई चुपचाप उठाएँ तल आएँ।

"पखंनु होश।" मैले हेरें। सेठजीले भने "तपाईं को उपन्यास म एक शर्त मा लिन्छु।"

"कुन शर्त मा ?" मेरो ओठ मा आशाको किरण झिल मिलाएर आयो। यस्को पारिश्रमक तपाईं लाई १०० रु० दिन्छु। यदि मञ्जु र छ भने दिनुहोस्।"

"अहो! मेरो तोन महीना को परिश्रम को मोल १००) रुपोया!" म करायें। मेरो मन भन्थ्यो उस्को घांटी निमोठी दे! तर, मानवताले त्यसो गर्न दिएन। विवश भएर शर्त-नामा तिर झुकें।

मेरो उपन्यास प्रकाशित भयो। त्यसका हजारौं प्रति एक महीनामा विको भए। उपन्यास को दोस्रो सँस्करण पनि प्रकाशित भयो। यसरी नै त्यसका सात सँस्करण प्रकाशित भए। यसै उपन्यासले मलाई नेपालो साहित्यमा महत्वपूर्ण स्थान दिलायो। अब मेरा रचनाहरु दनादन प्रकाशित हुन गर्न नेपालो का उच्च कोटी का पत्रिका वाट मेरो मांग हुन लाग्यो।

म अनवरत परिश्रमबाट नेपाली साहित्य को भण्डार भर्दै गएँ। मेरो लेखनी गर्मी को चर्कराउने कडा घाम, जाडो को मुटु छिज्राउने सिरेटो, वर्षा को अर्लिदो भेल बाट पनि रोकिएन। त्यसैको बल बाट प्रकाशकहरुको अगला अगला गगन चुम्बी महल खडा हुन लागे। ती महलहरुमा उठाउंदा उठाउंदा मेरो लेखनी थाक्यो। म भारी जवानीमा पनि बुढो देखिन लागें माला चाउरी पर्न लागे।

बैनी वीणाको हृदयमा हाहाकार मच्चिन लाग्यो। इच्छा भएर पनि उनी भलाई लेखनकलाको दराज बनाउन चाहन थिइन्। उनी देखन चाहन थिइन् मेरो ओठले प्यार गर्दै गरेको बियाको प्याला र औलामा सिगरेट। एकदिन बैनी खाटमा परिन्। उनलाई ज्वरो र खोकिले सताउन लाग्यो। म हडबडाएँ बैनी को स्थिति लाई देखेर। सदैव आफ्नो आँखा का समक्ष आफ्नी बैनी लाई देखन चाहन्थे। तर बैनी म बाट टाढा धेरै टाढा जाँदै छिन् भन्ने प्रतीत हुन्थ्यो। औषधि भयो। बैनी को बिमारी निको भएन। अन्तमा पैसा को अभावले बैनी को चिकित्सा बन्द भयो। मेरो अभाव को पूर्ति कतै बाट भएन। मैले बैनी को औषधिको लागि डाक्टर को घर घर चाहारें तर त्यहाँ पनि पैसा को प्रश्न मुख बाएर खडा थियो। चारै तिर पैसा·····पैसा।

दीपावली·····चारै तिर दीयाको चहल पहल। महल देखि लिएर झोपड़ी सम्म दीयाको ज्योति। तर, मेरो घरमा माटाको एउटा दीयो हावा को बीच बलि रहेको थियो। बैनी खाटमा बसेर जीवन को अन्तिम घड़ी गनी रहेकी थिइन् र थियो मेरो लेखनी अविरल गतिले कागज का पन्नाहरु मा दौडी रहेको। तत्क्षण नै अन्धकारमा टिमटिमायेको त्यो दीयो एक पल्ट झिलिक्क भयो र सदाको लागि निभ्यो। वीणाको शिर खाट बाट लम्रियो।

मेरो आँखा बाट आँसूका धारा खसे।

× × ×

म खोला को किनारमा खडा छु। एक पल्ट मेरो मानस पटलमा जीवन का घटनाहरु अंकित भएर आये। म हडबडाएँ आफ्नो जीवन का घटनाहरु सांझेर। कति अभागी रहेछु जस्को बैनी को लास बिना काम्रो जलि रहे छ। यो स्थिति हो एक नेपाली प्रतिनिधि साहित्यकार को। एकाएक मेरो ध्यान टुट्यो। वीणाको चिता जलेर खरानी भइ सकेको रहे छ। आगा का राता राता कोइला कहिले

(बाकी ४१ पेजमा)

नेपाली ?

गोविन्द प्रसाद दुंगाना

अथर, छुमलिङ्, धनकुटा

[पुरानो ज्यू सिकाङ कवि हुनुहुन्छ। यहाँको प्रयास प्रशंसनीय छ। यहाँ "प्रथम" को छात्र हुनु हुन्छ। सं०]

संसार भरी का फूल हरू को
माझमा बस्ने पराग जस्तो,
थिइस् पैले भूमण्डल ले
वीर औ बहादुर भनिएको ॥

शोकले दुःखी किन छस् ऐले,
पूर्व-आख्यान विर्सिस् तैंले,
खानी ले पूर्ण छ देश तेरो
तैपनि मुख मलीनै तेरो ॥

सन्सार सारो गर्थ्यो गुण गान
नेपाली के हुन्थ्यो सम्मान्
ऐले किन एस्तो जर्जर ?
किन सारे खिन्न भएको ?

हिमालय ले पठ्ठा हम्की
तेरो दिल शीतल पार्छ
चंचल नदीका निर्मल जलले
सदा सर्वदा सेचन गर्छ ॥

खोलो सधैं कलकल गर्दै
तेरै आत्म-कहानी भन्छ।
मेघ पनि नित्य मुखमा हेर्दै
जागरण-गीत सुनाउदोछ ॥

—:•:—

आँधी

श्री नारायण प्रसाद भट्टराई,
छथर अखौंले, धनुटा

[छात्र-वाणी, डडेलो आदिमा वहाँ का रचना देखापरेका थिये । निकै दिन पछि वहाँ देखिनु भयो । आफ्नो इलाका का ख्याति प्राप्त सामाजिक कार्यकर्ता हुनु हुन्छ सं०]

आयो भव मा आँधी
जीर्ण तरू हरू मासन हो कि ?
उच्च हवेली नाशन हो कि ?
अङ्कुर पिपिरा जगाउन हो कि ?
दुःख दर्द हरू उडाउन हो कि ?

आयो भवमा आँधी
दुखी हरू को आर्त नाद ले
पग्लीकन मन उग्र शोकले
चिर निद्रित मानव व्यूझाउन
शिक्षित, संस्कृत पाउन हो कि ?

आयो भवमा आँधी
शोषक हरू को नग्न नृत्य यो
दुःखी हरू को आर्त नाद यो
दम्भी हरू को आडम्बर यो
शासक को जाली पना त्यो
देखि कन सब सुधारन हो कि ?

आयो भवमा आँधी
मानव मानव को यो भेद
कहीं सुख वैभव, कहीं दुख खेद
शासक शासित, शोषक शोषित,
धनी-ऋणि भन्ने नाता देखि
मानव लाई छुटाउन हो कि ?

आयो भवमा आँधी
मूल्य विनाको पशिना विक्री
जिउमा 'चरना', सुनको सिक्री
पैदल खाली, मोटर गाडी
खाँडी छिट कहीं, जार्जेट साडी
यस्तो भेद हटाउन हो कि, ?

आयो भवमा आँधी
विजयी यौटा मानें अर्कै
जोत्यो हली ले धनो भो अर्कै
पेट छ भोको लेखनी बेच्यो,
नोकरी नमिले जन हित सोच्यो,
मन्त्री बनियो भूलीगो साथी
'फूश्रे' भन्दछ जान्छु माथि
विथिति जगको मिटाउन हो कि ?

आयो भवमा आँधी
हाईड्रोजन बम, एटम बम को
कहीं को भोको कहीं को पोको
क्रान्ति, शान्ति, शान्ति, क्रान्ति
छ्याङ्ग छ सामु तर जन भ्रान्तो
रातो सेतो, कालो झण्डा
भित्र छ ज्वाला भिल्दछ डण्डा,
विषमता यो हटाउन हो कि, ?

आयो भवमा आँधी
पौष छ महीना हिउँको माथि
पशीना धनीको जीउमा राती
नाङ्गो भोको भरिया साथी
सुत्दछ खाली भूई माथि
कहाँ छ कपडा किन भो जाडो ?
किन यो भारी लानु टाढो ?
थप्दै जाडो अझ किन हाई !
शुरु शुरु काम्ने भरिया लाई
यस्तो किन भो जनाउन हो कि ?

आयो भवमा आँधी

शिक्षा को महत्व र भविष्य

लेखनाथ शर्मा

[भट्टराईज्यू को लेख सामयिक छ । वहाँ त्रिपुरेश्वर संस्कृत महा विद्यालय का पु० म० द्वितीय वर्ष का छात्र र प्राथमिक शिक्षण प्राप्त शिक्षक हुनुहुन्छ । सं]

प्रजातंत्र हुनु भन्दा पैले देशमा एउटा अटिल सवाल थियो त्यो हो शिक्षा । अब हाम्रो मुलुक प्रजातंत्र भयो । यस्मा सर्व प्रथम शिक्षा मा जोड दिनु पर्छ भन्ने कुरा सर्व विदितै छ ।

शिक्षा भन्ने चिज विशाल छ । शिक्षा को परिभाषा दिनु सरल छैन । शिक्षा भन्नाले केवल पढ्नु र लेख्नु मात्र नभएर, यसको अन्यत्र पनि तात्पर्य हुन्छ भन्ने कुरा प्रधान मंत्री जङ्गबहादुर, बादशाह अकबर, कबीर, तुकाराम, आदिले साबित गरीसकेकाछन् । हाम्रो प्राचीन कालमा पढनु लेख्नु भन्दा सुन्नुमानै प्रधानता थियो र वेदको नाम श्रुति रहेको हो । शिक्षालाई कसैले जीवन दर्शन भनेका छन् चाहे त्यो जसरी भए पनि ग्रहण गरियोस् । हर्बर्ट पेन्सर–ले मनुष्यको आन्तरिक तथा बाह्य स्थितिमा सामञ्जस्य ल्याउनु लाई शिक्षा भनेका छन् । यस्तै हुने हो भने शिक्षा सामन्त हरुको दाईजो हुनेछ । गांधीजीले शिक्षा को उद्देश्य चरित्र गठन हो भनेर निर्दोष परिभाषा दिनु भएको छ । परन्तु गांधी जो कै जीवनीले रदयानन्द, मीरा, टाढा के जाउँ, 'पिंजरा को सुगाले ज्यादै चरित्रवान् हुनु आपत्तिवाट खाली छैन भनेकाछन् । अतः आफ्नो आफ्नो विचार अनुसार सबैका परिभाषा मा केही न केहा दोष देखिन्छ ।

हाम्रो प्राचीन भाषाको अनुकरण गरेमा उपरोक्त परिभाषा लाई खण्डन गर्न सजिलो हुनेछ ।

भनेको छकि:—

"साविद्या या विमुक्तये" । "नहि ज्ञानेन सदृशं पवित्रमिहविद्यते" । विद्या 'विद्ज्ञाने' धातुवाट बन्दछ जस्को अर्थ हुन्छ "जान्नु ।"

प्राचीन कालमा आधुनिक ढङ्गवाट शिक्षा दिईन्थ्यो । गुरु कुलमा "वसुधैव कुटुम्बकम्" भन्ने भावनाले "अर्थोपार्जन को आशय न ली, दिइन्थ्यो ।

आज कल को शिक्षामा धेरै प्रणाली छन्छन् । जस्तै, मण्डेश्वरीप्रणाली प्रोजेक्ट मेथड आदि । चारै आश्रममा "वसुधैव कुटुम्बकम्" भन्ने उक्ति भित्र राष्ट्रियता को मथमा अन्तर राष्ट्रिय विचार र व्यक्तिवाद को मथमा ब्रह्मवाद अथवा भूवाद को शिक्षा दिई मस्तिष्क र हृदय को समन्वय गर्दै अभ्युदय र निः श्रेयस् हुने सिकाउनुपर्छ । यसद्वारा धर्म, अर्थ, काम, मोक्षलाई चार पुरुषार्थ मन्नु पर्छ ।

गुरुको र शिष्य को लक्षण बताएका छन् ।

गुरुः गुरवः सन्ति बहवः शिष्यवित्तापहारकः ।
सगुरु र्दुर्लभोलोके शिष्य सन्ताप हारकः ॥

पिताः— माता शत्रु पिता बैरी येन बालो न पाठितः ।
नशोभते सभामध्ये हंसमध्ये बको यथा ॥

शिष्यः— गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः ।

गुरुरेकं परब्रह्मतस्मै श्री गुरवेनमः ॥ भन्दैमे कारण ईश्वर र आत्म कृपा भन्दा गुरु कृपा ठूलो छ । पहिले गुरु केही न लिने शिष्य सर्वस्व दिने हुन्थे । शिवाजी, रामदास र एकलव्य झैं । आजकल गुरु सर्वस्व लिने शिष्यले केही नदिने अवस्था छ र धार्मिक जगतमा पनि यस रोगले सताएको छ र हामी हरुले शिक्षा क्रय-विक्रय को रूपमा र बाजार को भाठमा पाएका छौं । केरी विद्याको मोल ज्यादै हलुका भएर आएको छ । यस मौकामा सरकार ले डिग्री को हार लगाई दिएको ले सरकारी नोकरी हरुका निति डिग्रीको अनिवार्य आवश्यकता छ । आज हाम्रो देश को सरकारी नोकरी का निति डिग्री एउटा प्रवेश पत्र मात्र बनेको छ ।

अधिकांश छात्र-छात्रा हरु प्रमाण पत्र पाउन लाई नै महाविद्यालय, कालेज आदिको शिक्षा लिन्छन्, ज्ञान उपार्जन को लागि होइन । यसको नतिजा यै हुंदैछ शिक्षा को स्तर दिन प्रति दिन झर्दैछ । मानिस हरुचै विश्व विद्यालय हरु का उच्च शिक्षा पट्टि लंकन सकेसम्म छाड्दैनन् । मनाई को तात्पर्य यही हो कि शिक्षित धेरै छन् । परन्तु काम गर्ने

असमर्थ छन् । कारण कोही हजारौ रुपियाँ खर्च गरी उच्च शिक्षा हाशिल गर्छन् । सरकार ले सबैको कदर गर्न सक्तैन । जनताले निजहरु को खोराक पुऱ्याउन सक्तैन । फेरी उनी हरु अल्प वेतनमा काम गर्न पनि डिग्री को मेहनति सम्झिन्छन् । अर्को तिर एम० ए०, वि० ए० आचार्यआदि पढेका आफ्नो घरायसी कामबाट हात धिकी सकेका हुन्छन् । यसकारण शिक्षित व्यक्ति को जीवन खतरा मा छ ।

हामीले हाम्रो प्राचीन शिक्षा प्रणाली लाई पुनः संगठित गराउनु पर्छ । केही विद्या हाशिल गरी सकेका हरुले विभिन्न कर्यधन्धा हरु जान सक्नुपर्छ ।

हामीले बुनियादीशिक्षा को आधार लाई स्वीकार गर्नु पर्छ । जस्को मुख्य उद्देश्य यो हो कि शिक्षा खाली किताब हरु का माध्यमले नभयेर कुनै प्रकार को शारीरिक श्रमको माध्यम बाट पनि दिइनु पर्छ अनि वास्तव मा हाम्रो राष्ट्रिय शिक्षाको मुल भूत सिद्धान्त हुनु पर्छ । हामीलाई यसमा पनि सुधार ल्याउन अनिवार्य छ कि सरकारी काम कालागि डिग्री माथि जसरी जोड दिईन्छ त्यसको पनि सुधार गर्नु पर्छ । विदेशमा डिग्री को स्थिति मूल्य हुंदैन ।

उदाहरण स्वरूप, इञ्जिनियरिङमा डाक्टर, इञ्जिनियर र प्रोफेसर आदि कालागि मात्र डिग्री हेरिन्छ । सर्व साधारण कार्यको लागि डिग्री हेर्ने नगरेर कला, कार्य, योग्यता र उमेर मा ध्यान दिनु पर्छ ।

अर्को कुरा एक विषय को लाई अर्थोपार्जन को डोरी न लाई उही विषय दिलाउनु पर्छ । जस्तैः-डाक्टर लाई सर्वे गराउनु नभएर विभागीय कामपट्टी ध्यान दिनु पर्छ ।

अब उच्च शिक्षा र माध्यमिक शिक्षाको निति यस किसिमले शिक्षा दिए शिक्षा को फेद सम्म्छ होला ? नागरिक शास्त्र, राजनैतिक शास्त्र, इतिहास, भूगोल, गणित, वाणिज्य शास्त्र, भौतिक विज्ञान, कृषि शास्त्र, संगीत, विज्ञान, वैद्यशास्त्र, धर्मशास्त्र प्राचीन भाषा, अन्तर राष्ट्रिय भाषा को ज्ञान, भए हामो सभ्यता एवं संस्कृति मेटिने संभावना रहने थिएन र शिक्षा को अर्थ सार्थक रहने थियो ।

मेरो छायाँ

कृष्ण प्रसाद अधिकारी

इनर्वा, (मोरङ्ग)

[अधिकारी ज्यू लाई 'बालकवि' भन्न सकिन्छ । वहाँ को प्रयत्न सरानीय छ । श्री पि० सं० वि० मा 'प्रथमा' का छात्र हुनुहुन्छ । सं०]

परिवर्तन को यो नव स्फुलिङ्ग
सृष्टि को हो यो नव गाथः
नित्य नूतनता सिर्जकको कथा
ज्वाला मुखीको हो उद्दण्ड व्यथा ।

अगणित युग आफ्ना पाइला मेटदै
संत्रस्त भई धरती मुनि थिचिए
सम्म उचालिए, पहरो भत्के
शक्ति प्रदर्शक दरवार लड़े ।
हुरीको तुजुक चिसियो
जलधि छाती छुल्लित भै छरियो
'राम राज्य' कति माटाले खायो
'महा भारत' कतिको उपहास वन्यो
अब संस्कृत, शिक्षित राँको मेरो
सूर्य तेजपनि मासी आयो
यसको सीमा, परिधि यस्को
नव जोवन को नव सिर्जन हो ।

पेज. ४० को बांकी

कहिले चमक चंकेर फेरी शान्त हुन्छन् मानों हाँसो उडाई रहेका हुन् । त्यस अन्धकार पूर्ण श्मशानमा म कराएं "वैनी ? दुनियाँले तिमीलाई मवाट खोस्यो । तिमो खाटमा जिन्दगी को अन्तिम घडी गनी रहेकी थियौ एकातिर, र दोस्रो तिर मेरो कलम सेतो कागजमा अविरल गतिले चल्दै थियो । किन ? यस्मा मेरो केही कसुर छैन वैनी ।" अगाडी बढन लागें । मेरो औलाँमा सिग्रेट खेलो रहेको छ । म अविरल गतिले अगाडी वढि रहेको छु । पथ अनजान छ । कुन दिशा तिर मेरा पाउ जाने हुन् । थाह छैन ।

चाँदी को टुक्रा

ले०—विराट् घराना

[विराट् को कथामा वर्तमान अस्थिरता प्रति व्यङ्ग्य छ । यहा पू० म० द्वितीय वर्ष का छात्र हुन्छन् । सं०]

अन्धकार...अन्धकार...घोर अन्धकार...! अहा...हा...हो त्यो हुँडुँ का कालो डरलाग्दो साप बुढेको पियो ? त्यो साँझ बाट को पर्खिने अनुमान गर्न पर्किन्छ कि उसलाई कसैले किसान चोट पर्ने गरी मोरेको थियो अथवा उसको कुनै हक्क कसैले दाबीगरेको थियो ।

ठ आम्बार योही कुरा बडबडाई रहेथ्यो "आज प्रजातन्त्रको दुश्मन चोटा अहङ्कार दीमलाथि मैलेहेको अन्याय, शोषण का ठ मारे रहेथ्यो अ...न्या...य ! जानी जानी वो सबैले वो हिंसो गर्न लगाई, हाम्रो पार्टी लाई वोट देउ भनेर आई रहेथ्यो, तीन घण्टा आज हाम्रो, हामीले दिएको, मत, हाम्रो बलले हाम्रो पसिना को रोटी खाएर हुँकेको, त्यो आज आफ्नो कुनै निश्चित अवस्था को ठेगान छैन, त्यो पदमा तल्लो तहो बसाइ, उसलाई यहा हुनुमैं बस्ने उसलाई यति दुःखाइको छ, उस बखान पनि सक्ने छ !.....

त्यो मच्छ हर प्रजातन्त्रको लागि हजारौंमा प्राण गाँसी अघि बढी रहे थे । विहानी पख त्यो चोक्टो आँखामा हिमालको ठाडो हवा आफ्नो साम्राज्य फैलाएर अघि बढी रहेथ्यो, बढी रहेथ्यो.....!

साँझ, बाटुलो हुन मात्र बाँकी, त्यो पवित्र माटोमा त्यो चौडो, निधो हवामा त्यो अधिकार, जिउको परिस्थिति देखी गई को हिमालको कोखमा, हिंडाइर नेपालको कोखमा हुर्किएको थियो । आज ४७ वर्षको अमेरिका उसलाई सारा बाटोको काम सम्हालनु पर्दछ छ । उसको बाटुलो देहानमा पाकेको थियो आज उसकी आमाले उसलाई यस अनित्य संसार मा छोडेर गइन । यस अवस्था मा उसलाई कति दुःख भयो होला ?

ठ आफ्नो त्यो चाखो मुहारीलाई अधिचित लाटा मुखो गरीब जनतालाई हेरेर, अँधेरको चुनवाट टोपकारी गरेको बस्यो मन्दा, विगत थ्यो । उसको स्याको कुत-सारी हाडको नन्दन मन्दा कुदा थ्यो । उसले मेहनत ले कमाएको २ पैसा, गरीब को गाँउ खोसेर सिंगारेको इँटा मन्दा बढ्ता ठान्थ्यो । दासत्व बाट मुक्त भयेर सुख, समृद्धि-शाली अमेरिका मन्दा विदेशी दमण्ड लाई तोडेर नाक ठाडो पारेको पवित्र नेपाल भूमि मा ठ आफ्नो आनन्दित जीवन बिताई रहेथ्यो ।

समय परिवर्तनशील छ । परिवर्तनशील संसार मा परमेश्वरको लीला अपरम्पार छ । उस्ले खटाएको अधि-कारी बाट आफ्नो कालोमुख बाएर बिना पक्षपात मालिकको सोझो मरेर कामगरी रहन्छ । धनी, गरीब, राजा, रङ्क, ठूलो, सानो, अल्पो, होचो, शहर, जंगल, गाँऊ, बजार, शान्त, अशान्त यवै माथि-आफ्नो अधिकारको बराबर प्रयोग गर्नु नै त्यो आफ्नो श्रेय संझिन्छ । त्यस्को त्यो डर लाग्दो ओठार जस्तो आंखाले शक्ति को सुख र समृद्धि लाई देखि रहेन ।

शक्ति को आज त्यो अवस्था छैन, उस्को हंसिलो मुखमा निन्याउरोपनाले राज गरेको छ । यति बेला नेपाल को कुना कुनामा पनि १०४ वर्षको हुकुमी शासन अन्त भएर प्रजातन्त्रले आफ्नो साम्राज्य फैलाइ सकेको पनि धेरै वर्ष भै सकेको थियो । दुनियाँ आनन्दित थिए । त्यस आनन्दित दुनियाँमा पनि 'शक्ति' लाई पापी पेटले गर्दा एउटा कुनामा आनन्दित भएर बसि रहन दिएन । उ नून लिन घरान फर्‍यो. नून को भारो कस्यो र नून त्यहीं छोडेर काखा लिन अगाडी दोकानमा गयो । माउ न मिल्दा साँझको बोहोनी बिग्रियो भनी साहुले गालो गर्न लाग्यो "मनै छैन, चोर जस्तो राति आउनु नि ।" फाँचर र खोर्सानी खानको दुःखले घर छोडेर विदेशियेका, ती महाजन मनाउंदा साहुहरुले, गरीब लाटा सुधा पहाड वासी नेपाली-हरुले पसीना चुहायेर कमाएको संपत्ति चुसेर २—४ वटा दुध जस्ता बेला चाँदीका टुका फेला पार्‍यो मन्दैमा यसरी मन परि गालो गर्ने, धन्य रहिछस नगद, आज तैंले गर्दा

'शक्ति' लाई तेरो अभावमा को अवस्था गराइस । चुपचाप आएर वनियाँ को 'पालो' मा सुत्यो र स्वप्नमा उ विहार गर्न लाग्यो । विहार को खडेरीले ग्रास गरिएका विहारी झैं स्वप्न विहारमा पनि उ विरही झैं थियो । विहान उठेर घर तिर हिंड्यो ।

सिनेमा को चकचकीले गर्दा धरानमा चोरी वढी रहेथ्यो । साहुको घरमा चोरी भयो ।

'शक्ति' साहुको वचन संझेर लडखडाएर अघि वढो रहेथ्यो । अचानक····· । उस्को हातमा हतकडी थियो, र उ एउटा कैदी झैं जेल खानामा थियो । उस्को वयान लिइयो उस्लाइ धेरै पिटे पनि, उस्को डाकर तलास गरियो धुलो मिसिएको पियोर (चोखे) नून देखि अरु केही भेट्टाउन सकेनन् । चाँदी को जुताले उस्लाई १ वर्ष सम्म कैदी हुने आज्ञा दियो ।

उ स्वतंत्र थियो, उसले इतिहासको पन्ना पल्टायो, गुज्रो रहेको देश को परिस्थितिलाई अध्ययन गऱ्यो । उस्ले आफ्नो कलंकी चोर को प्रमाण माग्यो । फेरी पनि उ सर्कार को कारेवाई को विरुद्ध वोलेको हुँदा ३ वर्ष को लागि कैदी हुनु पऱ्यो ।

दुईपल्ट जेल जांदा उस्को मुटु वलियो भै सकेको थियो । आत्मा मा विश्वास थियो, संज्ञा शक्ति मा शक्ति आई सकेको थियो । शक्ति ले आफ्नो शक्ति को परिचय दे भनेर अन्तर हृदयवाट शक्तिलाई कसैले प्रेरणा दिई रहेको थियो । उस्ले दृढ कदम अघि बढायो । उ भन्थ्यो त्यसवेला हामीले हतकेलामा प्राण राखेर हुकुमी शासन को विरुद्ध कदम न उठाएको भए आज देश प्रजातन्त्र हुने थिएन ।

शक्ति को आवाज वन्द गर्ने कसैको हिम्मत थियेन । गरीव निमुखा हरुको गाँस-वास, पसिना को हकको लागि उठाएको कदम अगाडी वढि रहेको थियो । उस्को आवाज लाई, उस्को कदमलाइ रोक्न कसैमा शक्ति थिएन ।

उ भन्थ्यो उ कराउंथ्यो·····अन्धकार·····

···अन्धकार·····घोर अन्धकार ।

टूटेको खेलौना

दुर्गा प्रसाद श्रेष्ठ 'उपेन्द्र', वाराणसी

मेरो मन रुँदै छ;
स्यानो, अवोध वालख झैं—
जसको भनाई पूर्ण गरिएन,
जसको इच्छा पूर्ण भएन !
मेरो जीवनको साध
मेरो आशाको घर
पूरा हुन जाँदै थियो···
एक्कासी आकाशमा कालो वादल लागेर आयो
मेरो मुटु आशंकित भो
भविष्यमा आउने विपत्तिको भयले !
मैले वचाउन खोजें
आफ्नो घर लाई विग्रनवाट ।
हुरी आयो
पानी पऱ्यो
मेरो घर विग्रियो,
भताभुङ्ग भो
म निरुपाय हेर्दै रहें
पत्थर झैं वेवस भई ।

फेरि त्यस दुःखले रुन थालें ।
कसैले सान्त्वना दियो—
अर्को पाई हाल्छौ भनेर ।
तर, के म फेरि हाँस्न सकूंला ?

के मेरो भताभुङ्ग भएको सपना र खुशीको महल
फेरि वन्ने छ ?
के टूटेको खेलौना फेरि वन्न सक्ला ?
जोड्न सकिएला ?
के वितेका दिन फेरि फर्केलान् ?

आशा को लहरो

श्री काशीनाथ पोख्रेल

धन्कुटा-आत्मारा

[पोखेल जी सं० छा० संघ, धरान का का० का० सदस्य हुनुहुन्छ । जजमानी वृत्ति माथि यो झटारो हो ! आश मुखी भै निष्क्रिय रहनु हाम्रो निमित्त अभिशाप हो । वहाँ को कथा रोचक छ । सं०]

पं० पुर्ण प्रसादजी को जीविकाको मुख्य आधार जजमानी नै थियो । त्यस्वाट नै उनको गुजारो चलेको थियो । त्यसो हुंदा उनको रासो वासो पनि डिट्ठा साहेव इन्दु प्रसादजी का घरमा नै थियो । पं० जी को काम पनि पुराण, होम, श्राद्ध देखि लिएर मिलमा गई धान कुटाउने- तेल पेलाएर ल्याउने, भैंसी दुहेर गोवर सोहरी दूध तताई घांस काटने सम्मको थियो । डि० साहेब मधेस खेतीमा जादा वेडिङ्ग वोकी साथै गएर वहाँ लाई स्नान गर्न का लागि तातो पानी र धोती रुमाल तयार साथै भान्सा भएपछि घाममा वालिष्ट राखी तमाखु भर्ने काममा पनि पं० जी चुक्नु हुन्नथ्यो । पं० जीका सद् व्यवहार देखि डि० साहेब पनि प्रसन्न थिये ।

एक दिन पं० जी ले तमाखु टकयाये पछि, नौ हातको नली, मुखमा लगाई सहर्ष "पं० जी ! तपाजो देखि म सारै खुसी छु । तपाजोको जीविका चलाई दिने भारा मैले लिएँ । म ता तेस्तो उस्तो मानिस हुइन । एकतो तपाजो वाहुन तेस्मा पनि गुरु पण्डित तपाजी को पसीना खायें भने तेस वरमस्व ले मेरा एक्काइस कुल पितृ नरक मा झार्नु छ र ! मेरा पुर्खा सारै धर्मात्मा थिये । उस्ताको सन्तान म । उहिले नै मेरा भिजु रमा नाथ ले पनि राजा लाई खुसी गराई अदालतको मुखिया पाएछन् ।"

"हो ! हजुर भलाई जम्मै थाह छ । वहाँ विछट्टै वाठो होईवक्सन्थ्यो ।" पण्डितजीले हात जोडदै भने । 'मेरा पिता पूर्खा देखि हजुरहरुको आश्रयमा वस्न पाएका छौं ।"

"अँ.....अँ.....पण्डितजी उहांले त दुई वर्ष भित्रैमा तिन लाखको जेथो जोड्येथे अरे । त्यसैले गर्दा ता हाम्रो पनि यतिको थेग्रो छ । मैले पनि जागीर छोड्देको ७।८ वर्ष भइ सक्यो । अभै पनि मेरा घरमा घिउ कुराउनी कति आउंछन्, बोल्ने वितिकै घरमा चिज विजको थुप्रो लाग्नु यो पनि ता पितृको धर्म न हो । खोई हुने भये सवैका घरमा आज किन छैन ? अरूका जजमान ले कति भर थेग गर्दछन् । खोई मेरा ता जजमानले भन्ने नसम्झनु होला, मैले यही आउंदो कार्तिक शुक्ल द्वादशीका दिन वृषोत्सर्ग र तुलादान गर्ने निश्चय गरी सकेको छु । त्यसैवेला काम पुऱ्याएर छाडुंला । सुनारे को सय चोट र लोहारे को एकै चोट भन्ने उक्ति लाई सत्य गराई देखाई दिन्छु । अव मैले बोलें बोलें ।"

"तपाजी केवल मैले भनेको मात्र मान्नुहोस् न गर्नता मैले जानेकै छ नि" डि० साहेव को आफ्ना उपर करुणा देखि उनको हर्षको सीमा नै रहेन । "मेरा पूर्व जन्म का पिता यिनै रहेछन्" भन्ने सम्झी कार्तिक शुक्ल द्वादशी को दिन गन्दै हातका औंला भाच्न थालें । अझै बढ़ता खुसी गराउन सके अरु पनि पाइयेला कि भन्ने आशाले पं० जी का मनमा अड्डा जमायो । कहिले उनी अनेक तर्क वितर्क गर्दै आशाका भुमरीमा चुर्लुप्प डुबेर मनका लड्डू घिउ सित खान्थे । उनी लाई दिन गाल्न गाह्रो भयो । नहोस् पनि किन ?

"खेती बाट हरूवा रामपुरे थारू घिच्न सम्म घिचेर तिर्नु पर्छ भनेर कुलेलम ठोकेछ, तपाई आज नै गई हाल्नु होस् । त्यस्ले खाएको असुल उपर गरी त्यस्लाई समेत पक्री ल्याउन सक्नु भएछ भने वेली मौजा को पटुवारी पारि दिने छु र तपाजो का छोरा छोरी को पनि विहे वटुलो गर्दा हेंर विचार गरुलानि" । डिट्ठासाहबले भने ।

थर् थर् काम्दै पण्डित जी ले हात जोरेर भने "हवस् हजुर ! हजुर जस्ता मालिकको नगरे कस्को गरुंला ! हजुर हरूले गर्न सम्म गरेको छ ।"

"जोड वान्नु पनि कम्तिकुरा कहाँ हो र, कठिनै पो पर्छत । अहिलेका लागि चाहिंदो खर्च २।४ रु० र दुइ माना चिउरा पं० जी लाई चाडै दिई हाल" पत्नो तिर फर्कदै डिट्ठा साहेव कराए । पतिको आज्ञा पाउना साथ उनले

"स्थतिकाम पुरा गरेर आउँछ होला, भनेकोतो खाँजाहा भएर गो बसेको छ अरे। को सक्छ स्यस्लाई बोकाएर ल्याउनु। मरे मरोस्। काम भने एक कौडी गर्दैन ? लेला नि अब तुलादान र वृषोत्सर्ग ?" तमासु गर्दे डिट्ठा साहेब कढ्के।

पण्डित जी गरीब परिवार का थिए। दुई दिन उ घरमा नहुंदा पत्नी पुत्रको मुख हात जोड्ने बाटो हुदैन थियो। धेरै दिन सम्म पतिको अनुपस्थितिमा दुःखी भएकी उनकी धर्म पत्नी डिट्ठा साहेब संग घरको अवस्था निवेदन गरी एक दुई छाक टार्ने पाइएला कि भनि आएको थिइन्। पतिको त्यस्तो अवस्था र डिट्ठा साहब आगो भएको देख्दा उनि बेहोस भइन्। आखिर मा कुर्दै घर फर्किन्।

"अब के गर्नु त नि। त्यो मोरार्ले सासै पो लियो कि ? बोकाएर ल्याउने खर्च पनि छैन। मलाई केको भुक्तमान यस्तो। नाकको बुलाकी बेचेर भए पनि लिन जाने पर्‍यो। हल न चल हुनु भएको होला। त्यो आले मगर घर छ कि छैन।" भन्दै पं० जी की धर्मपत्नी जाने तर खर गर्न लागिन्।

आले मगर लाई लिएर आफ्नु १० वर्ष को छोरो अगाडी लाएर उनी मधेस पुगिन्। पण्डितजी चटपटाउन नसक्ने भएका रहेछन्। मगर लें डोका मा बोकेर उनलाई घर पुर्‍याई दियो। उनको अलेली भएको जेथा औषधि गर्दै समाप्त भयो। डिट्ठा साहब उनका निमित्त अजिगर समान बने। तुलादान र वृषोत्सर्ग को भावी आशा माटामा मिल्यो।

सबै कुरा ठीक गरी पं० जी लाई पुजाका चौकी मेर बोलाई जस्तै भएपनि आज औंसिको दिन आफ्ना गुरु पुरोहित आत्मा पनि पं० जी लाई भात नखुवाई कसरी बिदा गर्छौं" भन्दै टीका लगाई दुई आना पैसा हातमा राख्दै बिदा गरिन्। पं० जी पनि मालिक रिझाउन अक्षत पाएँ भन्दै हिंडे। धोती ले पसीना पुछ्दै खेतीमा पुगेर खोज खबर गरि दुइ दिन भित्रै पत्तो पनि लगाई हाले। दोश्रो खर्च दिने मालिक को हलो जोतेर बसेको रहेछ।

"हेर्लास् फटाहा ! त्यत्रो सं माथो गुन गरेको त..... कुकुर लाई घिउ न पचेको छैन। के के ता गर्छु ? भुत्रे तेरो त्रो आँट.....पण्डित जी भए भर को बलले कुर्ले।

अब कहाँ बाच्लास् भन्दै पक्रन पुगि हाल्ले। थारु थर् र् काम्दै गोरु उभ्याई आलीमा लौरो गाड़ेर "मालिक खान पाएर पो हिड़े नत्र कहाँ छोड्दथें। मेरो कोही पनि छैन। ाएको पनि छैन।" उ रून लागो। त्यो आफुपनि लगौटी का रमा थियो। बाल बच्चाको अवस्था पनि उस्तै थियो। स्को एक फुटेको कन्ती र एक लोहोटा सिवाय केही एन।

"त्यस्ता धर्मात्मा बलि बैसदेव नगरी न खाने का मुखबाट सत्य कुरा निस्कन सक्छ ? फटाहा।" यम राज का दूत स्तो भयङ्कर भएर टुपीमा समाई लछार्न थाले।

एक छिन ता त्यो बिचरा पं० जी संग लड् भिड् गर्न प संझी चुपचाप लाग्यो, तर, बाजेको एकहोरो झोंकले रूप लियो। उस्ले पनि लाचारी का साथ अर्जुन ले गुरु, ण, उपर शस्त्र उठाये झैं न गरी धर पाएन।

एक छिन पछि पण्डितजी लाई एक दुई चिर्पट चखाई मले दुर्योधन लाई झैं गरी रामपुरे ले बाटो तताये। ण्डितजी मूर्च्छित भये।

छोटो कुरो

श्री दुर्गा प्रसाद पोख्रेल, विजयपुर

[पोखेल ज्यू उत्साही युवक हुनुहुन्छ । वहाँ को यो खोज तथ्य पूर्ण छ । यसको प्रेरणाले अन्य लुकेका रत्न खोजि नेपाल को इतिहास पूर्ण हुन सक्ने छ । वहाँ को यो प्रथम प्रकाशित कृति हो । सं०]

पिण्डेश्वर नेपाल को ऐतिहासिक तीर्थस्थान हो । यहाँ न केवल यताहुंदी का जनता अपितु टाढा का धर्म प्राण यात्री हरू आइपुग्छन्, दर्शन गर्न, पुण्य कमाउन । प्रतिवर्ष कार्तिक पुर्णिमा मा वराह क्षेत्र मा मेला लाग्छ । त्यहाँ आउने जात्रु हरू ले धार्मिक विश्वास विधान अनुसार कोशी स्नान वा वराह क्षेत्रको दर्शन पूजा पछि पिण्डेश्वर महादेव को

दर्शन गर्नैं पर्छ, अन्यथा त्यो निष्फल हुन्छ भन्छन् । त्यस वेला ३ । ४ दिन सम्म वाटो पाईनसक्नु धुंइचो हुन्छ । त्यस बाहेक चतुर्मास भरि प्रत्येक एकादशी आदि धार्मिक पर्व, हाम्राराष्ट्रिय चाड दशैं तिहार आदिमा स्थानीय नर नारी सबै को नै यहाँ जमघट हुन्छ ।

धरान बजार देखि पूर्व पट्टी उचाई मास्थित यस मन्दिर को श्री सांचिकै अतुलनीय छ । मन्दिरदेखि उत्तर तर्फ विजयपुर, पूर्वमा सेउती खोलो, दक्षिण दिशा मा बाजा गरा का मिलेका खेतका गरा सबैं मिलाएर पिण्डेश्व स्वर्गीय ठाउँ हो ।

यसको निर्माण काल सम्बन्धमा कुने तथ्यपूर्ण प्रमा पाउन सकिएन । यौटा अस्पष्ट शिलालेख पाइको छ । जस राजेन्द्र विक्रम शाहले जोर्णोद्धार गरेको कुरा केही था पाइएको छ । यस शिलालेख को नकल योगी नरहरिनाथ ज सँगपनि छ । यस बाहेक चलेका किंवदन्ती मात्र पाइन्छन

सत्य युगमा समुद्र मन्थन गरी निस्के को अमृत पा गरि सके पछि बाँकी अंश यहाँ राखेको हो र केही समय त्यही पिण्ड पिण्डेश्वर को नाउँले पूजित भयो ।

द्वापर युगमा पाण्डव हरू ले गुप्तवास वस्ता इष्ट देव को स्थापना गरी पूजा गरे का हुन् भन्ने पनि छ ।*

अर्वा चोन युगमा हाम्रा नेपाली राजाहरूले पनि मा आएको कुरा घेरै तिर पाइएको छ । पूर्व विजय गर्न आ रामकृष्ण कुवर राणा ले पनि आफ्नो इष्ट साधना गरेको कु पनि पाइएको छ । विजय पुरका सेन राजा को पनि प्रश भक्ति थियो । यस संबन्ध मा केवल यो तीन कुरा पाइका छन् पिण्डेश्वर मा स्थित गणेश जी को मन्दिर को गजूर लेखिए को यस प्रकार छः—

॥६॥ १ स्वस्ति श्री शाके १७०७ भाद्र शुदी ४ रो ४ नक्षत्रे चित्रा योग्ये ब्रह्मात दिने श्री गणेश का मन्दि माहा गजुर श्री ५ रणबहादुर शाहय श्रीमहन्थ तेतार शैव कृति गरी श्री सुवा धन्सि षड्का श्री सुवा रामकृष्ण कवर पाला महा चहायाको हो शुभम् श्री संवत् १८४२ साल शु मस्तु कल्याण मस्तु शुभं भूयात् ॥ १ ॥

---

*पाण्डव हरू को गुप्त वास यस फेटमा भयेको होइन भ कुरा महानन्द ज्यूको लेख मा पाइन्छ । सं०

यस अनुसार श्री रण बहादुर शाहको पालामा पनि यही व्यवस्था रहेछ। यसमा उल्लिखित रामकृष्ण कुंवर कोई अर्के हुनु पर्दछ, नेपाल बिजय का सेना-पति होइन।

अर्को मन्दिर अष्टभुजा देवीको गजूरमा पनि श्री ३ रण बहादुर शाह को नाम पाइन्छ।

स्वति श्री साके १७१४ सम्वत् १८४६ साल माघ सुदि १५ श्रो ५ पिण्डेस्वर अस्ठान्य॥ तिथि नछेत्र तिष्य जोग आयुस्मान आदिते वार श्री श्री श्री श्री श्री गुनु कार्तिक कुमान स्वामि पृति सोवर्ण गजुर समर्पयामिः॥ श्री ३ महाराजे रणवहादुर साहदेव सुभमूः १

यस अनुसार ७ वर्ष पछिनै लगत्तै यो गजुर को स्थापना भएको थाह पाइन्छ। अष्ट भुजाको यस गजुर अनुसार स्वयं रणवहादुर शाहले यहाँ आएको हुनु पर्छ। यो भन्दा धेरै पछि श्री ५ राजेन्द्र विक्रम शाह को पालामा श्री पिण्डेश्वर महादेवको मन्दिर को गजुर मा यस्तो लेखिएको छः—

स्वस्ति श्री साके १७४४ श्री सम्वत् १८७६ साल फाल्गुन मासे दिन गता २७ गते शनिवासरे नक्षेत्रे उत्तरा, योगे वरयान गजुर ॐ श्री पिण्डेश्वर जी प्रिति शुभम् लोभानि पापांनि नगर्नु।

जे होस् यस मन्दिर को ऐतिहासिक महत्व छ। धर्मप्राण नेपाली वा हिन्दूस्तानी जनता को लागि मुक्ति पाउने हेतुमा मात्र होइन, ऐतिहासिक खोज र इतिहास को पुष्टिको निमित्त पनि।

नजिकै पोखरी—विशाल र विस्तृत, गहिरो डनार यति अग्लो ठाउमा पनि, चारै तिर जङ्गल, वर्घैंचा, दोहोरो पक्का परखाल, ढूल ठूला घर, मन्दिर, पहेंला गजूर विस्तृत मैदान सबै मिलाएर कुनै पनि व्यक्तिका निम्ति विशेष प्रिय लाग्ने ठाउँहो।

५सको सञ्चालनार्थ निर्धारित गुठीवाट ४८ हजार को उठती थियो रे। तर अहिले मो. वि. मालको जिम्मा छ। विशेष विवरण को लागि संवन्धित र आवश्यक कागज पत्र वा प्रमाण नपाइएको ले लेख्न सकिएन।

अहिले यसै मठमा पिण्डेश्वर संस्कृत महाविद्यालय चल्दैछ। यस्को स्थापना स्वर्गीय श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव बाट भई वर्तमान श्री ५ को बाहुलो बाट यस विद्यालय-भवन को शिलान्यास पनि भएको छ। गत २००८ साल देखि यो विद्यालय चलि आएकै छ।

१ गजुर मा श्री ३ लेखिएको भएता पनि समय र शासन अनुसार श्री ५ हुनु पर्ने हो। श्री ५ रणवहादुर शाह बाहेक श्री ३ भयेका रणवहादुर शाह इतिहासमा पाइए का छैनन्। तेस्कारण यो श्री ५ हुनु पर्छ। स

:०:—

दुई टुक्का कविता

कृष्ण प्रसाद श्रेष्ठ

म प्यार गर्दछु यस दुनियांलाई।...
दुनियाका यो हरिया पात र लहलहाउँद खेत,
यो एक मुठी माटो अनि यस निम्ति लडने वीर,
शान्ति मूर्ति यो बालक, अनि
उन्मादित यो नवजोवन लाई
म प्यार गर्दछु।.....
किनकि युद्धको आँधी आयो भने
यी शान्ति मूर्ति, प्रगति मूर्ति
सोत्राम्म हुनेछन्, सुक्नेछन् अनि मर्नेछन्
मानवता को चिन्ह रहन्न।...अनि ?...
यो पृथ्वी सुनसान हुनेछ मसान हुनेछ

म प्यार गर्दछु यस मालालाई।
यो माला—
जुई, हसिना, गुलाब र चमेली को होईन,
नारी हृदय मुखरित यो दृगको मोती-हार होईन ?
देब्रे हातले—
मैलो मजेत्राको सप्कोले आँशु पुछ्दो—
संगीन एक हातमा लिई उभी रहेका खसमलाई
दुनाको सगुन लगाई, म्वाई खाई
सात सालको रणमा जान—
हो, यो माला लगाइ दिए को। धरान
७-६-५२

ए ! सन्देश वाहक

गोपाल प्रसाद खनाल बी० एस्सी०

विजय पुर, धरान

[खनाल जो ज्यादै प्रतिभावान् हुनुहुन्छ । बी० एस्सी० उत्तीर्ण गरी अहिले पब्लिक हाई स्कूल र त्रिभुवन विद्यापीठ का अध्यापक हुनुहुन्छ । सं०]

ए ! नील अम्बर वासी
च्यातिएका लुगा भैं तिम्रो अवस्था,
तैपनि तिमी रहन्छौ हाँसी
के भेदहो यस्को बुझ्न सक्तिन ।
पृथ्वी तलमा रगड़ा झगड़ा
आपसी मत भेदको
उपहास गरेको त छैन ।
तिमी भन्दा धनी देखिने
खान लाउन टम्म पुग्नेको
जुघाई को रमिता हेरे को ?
हैन भने किन तिमी
खित्का छोड़ेको
आकृति मैं
यता उता छरिई हिंडेको
भनन भन ए ! कहिले काहींकी
पृथ्वी की चंदुवा
के साँच्चै हामी अबुझ देखि
रिसानी हुनगो
या क्यै यस्तो कार्य भो
जस्ले तिमी हांस्नुपऱ्यो ।
ए ! वल्ल पो सम्झें
च्यातिएको चिथ्रा जस्तै
उपहास को रूप लिई
देश विदेशमा जान खोजेको
संघालिदो अवस्था मेट्न
भाई भाई फुटन नदिन
सन्देश लिई हिंडेको
आपसमा मिलाप गराउन
युद्धको कालो पर्दा च्यान
छरिईदै, हुनिदै सन्देश वाहक भै हिंडेको ?

—:०:—

एक झलक

चन्द्र मणि न्यौपा
पूर्व ६ नं० चैन

[न्यौपाने ज्यू प्राकृतिक स्थलमा नै हुर्कनु भ कोले वहाँको झलक ले वहाँके अनुभव दर्शाउ वहाँ 'प्रथमा' का छात्र हुनुहुन्छ । सं०]

हेर्छु प्राकृतिक दृश्य सारा देखदछु निर्मल
डाड़ा काँढ़ा र नदी नाला मलाई लाग्छ उज्ज्वल
कहीं समतल कहीं उच्च पर्वत देखदछु टलटल
थलै थल-जलै जल मनोहर सस्य श्यामल

(१)

कतै घना कानन, व्याप्त व्याघ्रादि हरिण
पक्षी गणको चिरिविरि ध्वनि कस्तो मनमोहन
सिंह शिशुका क्रीड़ादिले सुशोभित कन्दरा
प्रकृतिको अन्तर मा अरु पनि छन् कैयौं कुरा

(२)

पहाड़ को छरर झरना मधेशको वाजी नाना
प्रकृति को दृश्यमा हेर कति मिल्दो बाना
अखिल वस्तुको जीवन छ यिनकै काखमा
अपूर्व प्राकृतिक दृश्य प्रेम छ सबका हृदयमा

—:०:—

"सृष्टि-तत्व"

श्री राम प्रसाद खनाल, विजयपुर

[खनाल जी दर्शन का मनोयोगी अध्येता हुनुहुन्छ । पूर्व र पश्चिम का दर्शनको वहाँ ले विधिवत् अध्ययन गर्नु भए को छ । खहरे' मा वहाँ की रचना देखिएको थियो, त्यस पछिको शायद यहीहो । वहाँ त्रिभुवन विद्यापीठ का तेस्रो वर्ष का विद्यार्थी हुनुहुन्छ । सं०]

यो अन्धकार होइन अज्ञानता हो । संसार असत्य हो इन सत्य हो । आखिरी विजय असत्य को होइन, सत्यको हो । अभिप्राय यो हो कि प्रकृति नै सत्य स्वरुप हो, अतः त्यस तत्व को ज्ञान नै मनुष्य जीवन को पूर्णता हो । कति पय मानिस हरु झूटो भाषण र आकाशीय कल्पना मा विश्वास राख्तछन् तर तिनो हरु नराम्रो संग निराश हुन्छन् । यो वस्तुतः सत्य हो ।

यो अखिल विश्व ब्रह्माण्ड कसरी सृष्टि भयो ? अकस्मात् तर प्रकृतिको द्वन्दात्मक नियम वाट । अब यसमा प्रश्न आउंछ प्रकृति के हो ? त्यस्को स्वरूप कस्तो छ ? प्रकृति समय को माध्यम हुने यसले गणित सँग सम्बन्ध राख्त छ । जसरी ४+५ जोडदा नौ हुन्छ, त्यसै गरी वस्तु र समय को संयोग नै प्रकृति हो, यसैको परिणाम विश्व हो यही नै यसको स्वरुप हो ।

यो जड चेतनात्मक जगत सर्व साधारण को दृष्टि मा आउंछ । यसको अनुभव पनि गरिरहेका छन्, जस्को विचित्र रचना एक सूक्ष्म अंशमा पनि विचार गर्दा ठूला ठूला महात्मा, वैज्ञानिक हरुले पनि आश्चर्य चकित हुनुपर्दछ । यस बिचित्र स्वरुप विश्व को जन्म अनादि काल देखि, त्यसै प्रकृति को माध्यम मा भयो यही नै यस्को द्वन्दात्मक नियम हो । त्यो नियम नै प्रकृति हो । जस्को परिणाम आजको विश्व छ । वास्तविकता यो हो कि यो मनुष्य, दानव, पशु पक्षी आदि अनेक जीवले परिपूर्ण सूर्य, चन्द्र, तारालै सम्पन्न यो अनन्त ब्रह्माण्ड को कारण कोही अवश्य हुनुपर्दछ भन्ने सवाल हर एक मनुष्य मा स्वभावतः आउंछ, त्यही नै विषय समय को माध्यम प्रकृति हो । यसैलाई कोई भौतिक वादी दृष्टिकोणले हेर्द छन् कोई आध्यात्म वादी दृष्टिकोणले । वास्तविक सर्व स्वरुप यही हो । यो दृश्यवान जगत उसैको अपार नियम को दिग्दर्शन हो ।

हुनत उपनिषद् अनुसार पर ब्रह्म द्वारा निर्मित अखिल विश्व ब्रह्माण्ड को रुप मानिन्छ । तर वास्तव मा उसैको तर्क द्वारा नै निराधार छ । उपनिषद् मा भनिएको छ "-अकर्ता, अभोक्ता, असङ्ग, अव्यक्त, अगोचर, अचिन्त्य, निर्गुण र निर्विशेष" यही नै ब्रह्म को स्वरुप हो । अब यस तर्क वाट त यो अनावश्यक कल्पना बुझिन्छ । किन भने अकर्ता, अभोक्ता असङ्ग, अव्यक्त, अगोचर, अचिन्त्य, निर्गुण र निर्विशेष भए कसरी जगत को उत्पत्ति, स्थिति र प्रलय कर्ता मान्न सकिन्छ ?

फेरि यसलाई साबित गर्न कुनै तर्क संगत कल्पना होइन । कम से कम पनि वस्तु स्थिति को नियम को बनावट वाट तर्क-संगत हुनु पर्दछ ।

संसार को एक सामयिक नियम र वस्तु उत्पन्न को कारण को संयोग गराउने प्रकृति नै युक्ति संगत छ । तर यस्को उत्पादन कसरी मान्न सकिन्छ ? जसरी द्वन्दात्मक भौतिक वादी दर्शन को आधार मा तर्क र अनुमान को ठोस रास्ता लिईन्छ त्यसै द्वारा जगत को गुरु मूल भूत वस्तु प्रत्यक्षता सिद्ध हुन्छ । जसरी टाढा पहाड को टाकुरा मा धुँवा को मुस्लो देखे पछि, अनुमान ले आगो हुनु को कारण धुँवा छ भन्न सकिन्छ र तर्क द्वारा आगो त्यस पहाड मा कसरी भयो भन्दा द्वन्दात्मक प्रणाली द्वारा भन्न सकिन्छ ।

"असमानता"

मेघराज आचार्य

'अथर, डुम्लिङ (धनकुटा)

[आचार्य ज्यू त्यस फेठ का नामी सामाजिक कार्यकर्ता र गोर्खाली बन्धु हरूका प्रिय पात्र हुनुहुन्छ । जिल्ला भरी रहेका विभिन्न विकास र सुधारमा यहाँ को ठरोलो हातछ । यस कविता ले यहाँ को आफ्नो अनुभव दर्शाछ । सं०

रुन्छ नेपालो तृण-झुप्रो मा मनको भाव पोखी ।
आफ्नो लक्ष्य खोजी रहेछ प्रगति पथ को बाटो लो ।
युग युग देखि बढी आएको दुःख सामना गर्न ।
अघि सरेका छन् जहाँ वीर, जवान थी मर्द ।



दैनिक जीवन कसरी वित्ने शून्यछ खाने साधन ।
अनि शिशिर को ठण्ठो, छैन आफ्नो गुप्तांग ढाक्ने बल ।
यता अधिकांश को दैनिक जीवन को हालत यस्तो छ ।
ठता अविरल गति ले चल्ने प्रकृतिमानित प्रतिद्वन्द ।
अनि अल्प वर्ग को चहल-पहल, हेर महल कस्तो छन् ।
दीन, दुःखी को पसीना हो त्यो उच्च महल को रङ्गो-चङ्गो ।
ए देश का शीपक हो ! छैन दीन को दिन अब ढाका ।
कस्तो थ्यो भौं भौं' कस्तो यो मो लाठ घर पर आंखा ।
ब्युझें अब विश्व भरीका दीन दुःखी, पकड़े एकता-पथ ।
एकता को यस सूत्र देखि आखिर होडला तिमी अलग ।
भाई का थमले उज्यालियेका आंखाखोल, नयन बीचको को
जीर्ण भएका तिम्रा नयले खोई कमोरी भर देला ?
जगको हेर चहल-पहल विज्ञान ले उपग्रह खोज्यो ।
के थेग्ला ? अब आखिर तिम्रो क्षणिक महल को हांगो
विश्व शांति को व्यापक स्वर ले आकाश गुञ्जायमान
हेर तिम्रा मादक नेत्रले अब के के हुन जांदो छ ?
पछि प्रायश्चित चाहेमा पनि पाउने छैनी तिमीले माफी
अहिले हेर गृद्ध-दृष्टि ले प्रकृति सबैको साजा हो ।
उही मानिस हो महल, कार नभ मो सयल गरेको ।
उही मान्छे एक पैसा को आर्तनाद ली तिमी संग भीख मांगे
कहीं न पाई काम अनि पेट ले चोरी गर्न लगाउंछ
अनि गरीब निर्विवेकी कानुन ले पर्दछ नीरस जेल ।

वास्तव मा यही नै तर्क संगत र यसै मानैं सत्यता छ । यो विचित्र संसार समय को नियम वाट प्रकृति द्वारा आकस्मिकता वाट तैयार भयो, यस वाट यो सिद्ध हुन्छ कि यसको उपादान कारण पनि यहीनै हो । किन कि विश्व को वस्तुनै प्रकृति हो र प्रकृति नै विश्व को वस्तु अनि माध्यम हो । यस विश्व को अणु सम्म पनि प्रकृति वाट भिन्न रहन सक्तैन । सांख्य मत अनुसार पनि त्रिगुणात्मक प्रकृति नै संसार को मूल कारण हो ।

(६००–४०० ई० पू) का युनिक दार्शनिक हरू मूल तत्व को सम्बन्ध मा भनाई छ, जस वाट विश्व सारा वस्तु देखि लिएर चेतन सम्म वन्यो, त्यहीनै वास्तवि मूल तत्व हो जो प्रकृति हो । उनी आफ्नो दार्शनिक अ सन्धान लाई वैज्ञानिक प्रयोगशाला मा न उतारी अन्धका मा मात्र चांहदैनथे ।

युनिक दर्शनिक थेल लगभग (६२४-५३४ ई० पू को पनि भनाई थियो, पानी नै प्रथम मूल तत्व हो—यस

कारण हावा, माटो, यो संसार तयार छ। यसको मुख्य तात्पर्य यही ने हो—मूल माध्यम प्रकृति हो।

पुराना—पुराना युनिक दार्शनिक हरुको ऐक महत्व पूर्ण कुरो यो देखिन्छ कि उनीहरुमा, यस प्रकार को प्रश्न कैले पनि उठेन, कि तत्वहरु कसले बनायो ? उनी हरूको यो प्रश्न थियोयो तत्व कसरी बने ?

नेपाल मा अनि भारत मा यिनै दार्शनिकका समकालीन चार्वाक र बुद्धभए उनी हरुले पनि यो बनाउने विधाता लाई खोज्न छाडेनन्। वास्तवमा यो सर्व साधारणको दृष्टि मा पनि जीव, महाभूत देखि अलग वस्तु हो इन, जस्लाई चलाउन एउटा अर्कै सञ्चालकको जरुरत परोस। गर्जदो बादल, बग्दो नदी लहराउदो समुद्र, हल्लिदो रुख, काँप दी पृथ्वी यो यिनी हरुको निर्जीवता होइन, सजीवताको प्रमाण हो।

हुनत अध्यात्मवादी दार्शनिकको भनाई अनुसार जगत को मूल कारण ब्रह्म बताईएको छतर ऐतरेयको श्रुति अनुसार—"गौण श्चेन्नात्मशब्दात्।"यस श्रुति मा ईक्षणको प्रयोग प्रकृतिलाई गरिएको छ अतः गौण कृति ले पनि यसको सम्बन्ध आत्मासंग हुदैन। यस कारण आत्मा या ब्रह्मलाई जगत्को कारण मान्नु द्वन्दात्मक भौतिकवादी प्रणालीको अनुकूल हुदैन। "तन्निष्ठस्य मोक्षोपदेशात्।" त्यसजगत कारण (प्रकृति) मा स्थित हुने, सर्वत्र मुक्ति मानिएको छ। (यस कारण यहा प्रकृति लाई जगत्को कारण नमानेर परमात्मालाई मान्न सकिदैन। हुनत तैतिरीयोपनिषद्का टीकाकार ले ईश्वरीय प्रेरणाले मनुं कि केले मनुं प्रकृतिको ठाउमा ब्रह्म शब्दको प्रवेश गराउनु भएको बुझिन्छ। यहाँ स्पष्ट भनिएको छ कि 'तदात्मानं स्वयंम कुरुत'—त्यस प्रकृति ले स्वयम्नै आफुलाई यो जड़ चेतनात्मक जगत मा प्रकट गरेको छ। त्यसकारण यहाँ ब्रह्म सम्बन्धि विवेचना को आवश्यकता छैन,

छान्दोग्योपनिषद् (६।८।१) मा पनि भनेको छ। "यत्रैतत् पुरुषः स्वपिति नाम सता सोम्य तदा सम्पन्नो भवति तस्मा. देन स्वपितीत्याचक्षते" अर्थात हे सोम्य। जुन अवस्थामा पृथ्वीका जीवहरु सुस्त छन, त्यसबेला त्यो सत् आफै सबैमा रहन्छ आफैमा विलीन हुन्छ सदा जागा रहन्छ। त्यो वस्तु को द्वन्दात्मक प्रणालीबाट उत्पन्न समय हो-त्यो फहिले पनि स्थिर रहदैन र सबै जड़ चेतनात्मक वस्तु सम्मिलित रहन्छन्। किन भने 'स्व' शब्द जीवात्मा वाचक हो, यसै प्रमाण बाट प्रकृति नै जगतको कारण हो।

यसै प्रसङ्ग मा जुन सत् लाई समस्त जगतको कारण भनिएको छ। त्यसैमा जीवात्मा सम्मिलित छन्, अनि त्यसै सत् लाई प्रकृतिको स्वरूप बताईको हो। अतः यहा 'सत्' नाम ले भनिएको जगतको कारण जडत्वनै हुन सक्त छ। यसैलाई सिद्ध गर्नका निमित्त यो श्लोक छ। 'गतिसामान्यत्' सबै उपनिषदका वाक्य समान रुपले चेतन लाई नै जगतको कारण मान्दछन्, यसै कारण जड़ चेतनात्मक (प्रकृति) नै जगतको मूल कारण हो किन कि संसारका हर जड ले आफ्नो चेतनता को साबिति दिएको छ। यस विषयमा अगाडी पनि भनेको हुँ।

'तस्माद् वो एतस्मादात्मन आकाश सम्भूतः (तै० उ० २। १) निश्चय नै सर्व प्रसिद्ध प्रकृति वायु आकाश उत्पन्न भयो।

यसै विषय माथि युनिक दार्शनिक एपिकुरीय को भनाई थियो, यो विश्व असंख्य परमाणुको पारस्परिक क्रियाप्रति क्रियाको परिणाम हो। यसको पछाडि कुनै संचालकको प्रयोजन अथवा ज्ञान शक्ति ले काम गर्दैन—हर क्षण चल्दै रहन्छ, एक अर्को संग मिल्दै अलग हुंदै, परमाणुको मिश्रण बाट पृथ्वीका जीव तैयार भए। यो संसार परिवर्तन शील छ—आजको विश्व, जीव, करोडौ वर्षका परिणाम हो।

नोट—लेखले यहां आत्माको अर्थ 'प्रकृति' लगाउनु भएको छ तर भाष्यग्रन्थ 'ब्रह्मयोग्र भन्ने गरिएको छ। सं०]

———

"तिम्रो कविता"

श्री इन्द्र बहादूर थापा

मुगा (धनकुटा)

वि० ए० मा पढ्दै मुगा ग्राम विकास संघको मन्त्री । फुटकर कविता प्रकाशित ।

थापाजी समाजको प्रत्येक दोषलाई चाल्दै बिसाएर माथि उठ्न बाटामा हुन्छन् । उहाँ समाजको अन्ध विश्वास कुरीतिको पर्दा च्यात्दै नयाँ बाटाको खोजी गर्ने पक्षको हुनु हुन्छ । कवितामा उहाँको हार्दिक मूल फुट्दछ र अन्त गीत नाच्दमा पनि रूचि राख्नु हुन्छ । यस कवितामा साँच्चै नै संतो सरिता नैबहाउनु भएको छ ।

\+ + + + + +

व्यक्ति को हो सोचेर
उसको अधिकार तोकेर
तुलोमा समाज जोखेर
नीति को पानी पोखेर

वग्ला तिम्रो कविता
जस्तो सुन्दर सरिता

भूत वर्तमान पढेर
विज्ञानमा अघि बढेर
सत्यमा सधैं डटेर
शान्ति को ज्योति छरेर

वग्ला तिम्रो कविता
जस्तो सुन्दर सरिता

मीत को हित सोचेर
प्रीति को बाटो खोपेर
स्वार्थ को गोला तोडेर
पर को चीज जोडेर

वग्ला तिम्रो कविता
जस्तो सुन्दर सरिता

"वेद" को तत्त्व लिएर
"गीता" को रस पिएर
"बुद्ध" को उपदेश दिएर
"गाधी" को सन्देश लिएर

वग्ला तिम्रो कविता
जस्तो सुन्दर सरिता

नदी र जंगल हेरेर
कोइली को गीत सुनेर
चन्द्र को ज्योत्स्ना छरेर
जाडो र गर्मी छलेर

वग्ला तिम्रो कविता
जस्तो सुन्दर सरिता

पञ्चशील मानेर
पञ्च तत्त्व जानेर
आत्मा एकै ठानेर
विश्व - घर मानेर

वग्ला तिम्रो कविता
जस्तो सुन्दर सरिता

———

आधुनिक शिक्षा प्रणाली

गोपाल प्रसाद श्रेष्ठ

धरान नव्वा वजार

[श्रेष्ठज्यू धरान का ख्याति प्राप्त समाज सेवी र सफल अध्यापक हुनुहुन्छ । नाटक, एकांकी र निवन्ध मा वहाँ को हात चल्द छ । महेन्द्र कालेज, धरान का चतुर्थ वर्ष का विद्यार्थी हुनुहुन्छ । सं०]

सर्व प्रथम शिक्षा विषय संग ने परिचित हुनु आवश्यक हुन्छ । शिक्षा भने को के हो, यसको के काम छ र यसको उद्देश्य के छ भन्ने कुरो न बुझे संम शिक्षा को महत्व मात्र होइन, शिक्षा भन्ने कुन चरोको नाम हो" थाहा हुन सक्दैन । त्यसकारण यसको सही परिभाषा जान्न पनि आवश्यक पन्यो । विभिन्न मानिस हरूले विभिन्न तरिकाले यसको परि-

भाषा दिएका छन् तापनि वास्तविक तथ्य करीव-करीब मिलेकै छ । कसैको मत अनुसार "कुनै कुरा को ज्ञान नै शिक्षा हो ।" यत्ति मात्र भन्नाले परिभाषा ले पूर्णता ग्रहण गर्दैन । त्यसकारण यसको हरेक प्रकारको ज्ञान र विषय संग सम्बन्ध भएको ले सबै किसिम संग संबन्धित परिभाषा हुन अत्यावश्यक छ । जस्तै :—उन्नति को साधन, उद्देश्य लाई पूर्ति गर्ने, अन्धालाई बाटो देखाउने, कर्तव्यलाई चिनाउने र मनुष्य ले आफुलाई चिनाउने लाईशिक्षा भन्दछन् । संक्षेपमा भनौं भने मानव सभ्यता विकास गराउने हरेक पहलु लाई शिक्षा भन्दछन् । शिक्षा र सभ्यता को विकास संग घनिष्ट संबन्ध छ । प्रसिद्ध दार्शनिक रूसोको भनाई अनुसार "शिक्षा जीवन हो र जीवन शिक्षा हो । शिक्षा त्यै हो जस्ले जिन्दगी ल्याउँछ । जस्ले जिन्दगी फीका पार्छ, नष्ट गर्छ र बेकार बनाउँछ त्यो शिक्षा होइन ।

कुनै एक समयमा जस्तो शिक्षा थियो त्यो संधै एक नास रहंदैन । जसरी युग वदलिन्छ, इतिहास वदलिन्छ, भौगोलिक परिवर्तन हुन्छ, समय वदलिन्छ, नयाँ कुरा ले पुरानो ठाउँ ओगट छ, नयाँ वातावरणमा त्यसेलाइ सुहाउँदो शिक्षामा पनि परिवर्तन ले काम गर्छ । यदि परिवर्तन को क्रम न चल्दो होता विकाशको क्रम पनि चल्ने थिएन । त्यसै कारण ले के दार्शनिक, के वैज्ञानिक सबैले परिवर्तनशीलतालाई मानेका छन् । यसो हुनाले एक जमानामा जुन कुरा ठीक थीयो त्यो सधै नै ठीकछ र ठीक रहन्छ भन्न वे ठीक हो । अहिले उचित मानिएको कुरो पछि अनुचित हुन सक्छ । यो विकाश क्रमको नियम हो । .गल्ती गरेर नै सपार्नै मनुष्य को स्वभाव हो, मनुष्यत्व हो । गल्ती न गर्नेले सपार्न पनि जान्दैन र सपार्न न जान्नेले गल्ती नै गरेको हुँदैन । जसरी न दगुनै लडदैन, न लडने दगुरे को हुदैन ।

त्यसै कारण शिक्षाले पनि आफ्नो उद्देश्य र प्रणाली हरूका साथमा कैयौं कोल्टे फेरिसके को छ । मनुष्यले आफ्नो समाजको आवश्यकता र वातावरण अनुसार शिक्षालाई पनि मिल्ने किसिमको वनाउँछ । प्राचीन कालमा शिक्षाको स्तर त्यतिकै मात्रामा थियो जुन मात्रामा सभ्यताको विकास थियो । सभ्यता र शिक्षा मा अत्यन्तै घनिष्टता देखिन्छ । सभ्यतानुसार शिक्षा र शिक्षानुसार सभ्यता हुन्छ । सभ्यता को चित्रण शिक्षामा र शिक्षा को गोरेटोमा सभ्यता पाइन्छ । त्यस कारण कुन कालमा कस्तो शिक्षा थियो भन्दा त्यस कालको सभ्यतालाई हेरी त्यस को छाप हेरे स्पष्ट हुन्छ । मानव समाजले आफ्नो प्रत्येक युगको गर्भमा नयाँ युग ल्याउन को साथै त्यस युगको सभ्यता र प्रणाली को बीज लिएर आएको हुन्छ । यो प्राकृतिक कुरा हो । साथै पुरानो सभ्यताले नयाँलाई आफ्नो देन स्वरूप कैयौं चिन्हहरू छोडेर जान्छ । यो नियम इतिहास सिद्ध छ ।

त्यस कारण प्राचीन शिक्षा प्रणाली र आधुनिक शिक्षा प्रणाली को वारेमा विचार गर्दा त्यस त्यसकाल को सभ्यताको

भावना

श्री क्षेमानन्द गुरागाजी

[गुरागाजी ज्यू संस्कृत ज्ञान संघ, धरान का प्रधान मन्त्री, उत्साही कार्यकर्ता र पूर्व मध्यमा (व्याकरण) द्वितीय वर्ष का छात्र हुनुहुन्छ । सं॰]

जन जागृति को दीप जलाउँदै
स्वावलम्बी अब बन सिकौं
मातृ भूमि को सेवक बन्ने
गरौं भावना सब जनमा,
दानवता को नाश गराई
मानवता को पाठ पढौं
गाऊँ गाऊँ मा ज्ञान प्रचारी
मातृ बोली को कुसुम फुलाऊँ
परोपकार को मन्त्र जपी
देश वासी को दुःख हटाऊँ
अस्त्र बनाऊँ, शस्त्र बनाऊँ
खोलौं यन्त्रालय, अनि खोलौं–
विद्यालय, ती मन्दिर सम्झौं,
राज महल भौं रम्य बनाऊ

आलस लाई दूर हटाई
उद्योगी मा व्यस्त रहौं
पूर्वजहरू को गौरव राखदै
राष्ट्रियता को भाव भरौं
थल चर, वाहन, नभ चर, विमान
जल यान र कृषि-यन्त्र बनाऊँ
सौर मण्डल॰ को प्रकृति जान्ने
विस्मयकारी यन्त्र रचौं,
आदर्श पूर्ण अब काव्य रची,
शील्प कलाले देश सिगारौं
श्रम महिमा गाउँदै हामी,
स्वाव लम्बी अब बन सिकौं,
सभा उत्तर, धुपू, चैनपुर।

——

विद्यालयलाई दृष्टि मा राखेकोर लिन र गरेको अवस्थामा, आवश्यकता भन्दा बेशी मात्रामा आँकेर अन्धाधुन्द तरिकाले हेर्नेर अन्धा भक्त हुने कुरा उठदैन था कम आँक्ने कुरा पनि उठदैन, गुन विषयमा धेरै पण्डित र शिक्षित, हठ, आवश्यक ठीप लिएर बाद विवादमा उत्रन्छन्। पौराणिक प्रणाली को र आधुनिक प्रणालीको विभिन्नता थाह पाउनलाई हामी निम्नप्रकारले हेर्न सक्छौं।

१—प्राचीन प्रणालीमा शिक्षकले आफ्नो काम सिक्ने सिकाउने मात्रको। आफुले जानेको जाति विषय मात्र सिकाउने काम हुन्थो। अो विद्यार्थीको काम गुरु वचनलाई ब्रह्मवाक्य प्रमाणम् भने जस्तरी शिरोधार्य गर्नु अथवा मान्नु मात्र थियो। यसमा यो प्रश्न उठन सक्छ कि के त्यसकालमा गुरु-शिष्य-सम्बन्ध, हुन्दैन थियो, के विद्यार्थीहरु आफ्ना विषयमा धुरन्धर ज्ञाता भएर निक्लदैन थे। यसमा विचार गर्दा हामी ले साधारण रूपमा अपनाउने सिद्धान्त ला हेर्‍यौं भने माथिका प्रश्नहरू एक दुई अपवाद स्वरूप देखि मेलुन् सिद्धान्ततः माथी के कुरा ठीक झल्कने छ।

तर आधुनिक प्रणालीमा शिक्षकले विद्यार्थी को रुचि अध्ययन गरीकन व्यक्तिगत विभिन्नतालाई मान्दै रुचि अनुस सिकाउने र विद्यार्थी ले पनि आफ्नो रूचि अनुसार सिक्ने छ आज काल जस्तो विद्यार्थीको मनोवैज्ञानिक अध्ययन गर उस वेला हुदैन थियो।

२—उसवेला शिक्षकलाई जुन विषय पढ़ाउन रुचि हुन्थो वा जान्दथ्यो त्यही विषय छात्रले पढ़न कर लाग्दथ्यो। मपढ़ेमा जन्मदै मूर्ख जन्मेकोर खोटो भाग्य भएको मानिन्थ्यो। छात्रले आफ्नो रूचि अनुसार को विषयमा अध्ययन गर्न क्षेत्र, मौका र सुविधा पाउदैन थिये।

तर आज-कल शिक्षा को क्षेत्र व्यापक भएका ले

विभिन्न विषयमा आफ्नो रुचि अनुसारको विषयमा अध्ययन गर्ने मौका र सुविधा पाउनुपर्छ ।

३—उस वेला समाजको अवस्थामा आधारित शिक्षा पनि भएर समाजको उच्च समाज बाँच्ने अधिकार र धर्म मानिन्थ्यो ।

तर आजकल त्यस जमाना को आवश्यकता भन्दा समाजले सबै वर्गका हरेक बच्चाले शिक्षा पाउने अधिकार र सहुलियत पनि दिएकोछ ।

४—त्यस कालमा आध्यात्मिक ज्ञानको प्रधान्य भएको शिक्षाको मूल रूपमनि थियो आधारित थियो ।

तर आजकल भौतिक वादको पनि विकास भएकोले आवश्यक मात्रामा मात्र आध्यात्मिक ज्ञान को साथै व्यावहारिक जीवनमा सफल बनाउने उद्देश्यले भौतिक तत्वमा आधारित वैज्ञानिक ढाचाले शिक्षा दिइन्छ ।

५—त्यस वेला भविष्य जीवनलाई मात्र लक्ष्य बनाई परलोक जीवन सुधार्ने शिक्षाको आधार थियो । तर, आजकल आफ्नो रुचि अनुसार अवस्थानुसार प्रयोगात्मक ढाँचा मा शिक्षा दिइन्छ ।

६—उस वेला शिक्षा प्रति शिक्षकको प्रभुत्व मानिन्थ्यो शिक्षकले वाहेक अरु छात्र अथवा अभिभावकले शिक्षाको रुपमा हात हाल्ने अधिकार थिएन ।

तर, आजकल शिक्षक, छात्र, र अभिभावक को सामूहिक विचार अनुसार शिक्षाप्रणाली बनाइन्छ ।

७—उस वेला शिक्षा सम्बन्धी हरेक विषयमा पारस्परिक सम्बन्ध छ भन्ने मानिएको थिएन । एउटाले अर्को विषयमा के प्रभाव पार्दछ के सम्बन्ध छ त्यो मानिदैथ्यो ।

तर, आजकल शिक्षा रुपी शरीरको हरेक अवयवको सम्बन्ध जस्ते हरेक विषयको पारस्परिक सम्बन्ध मानिन्छ ।

८—त्यस वेला शिक्षकले विद्यार्थीलाई ज्ञान दिनु मात्र हो मानिन्थ्यो ।

तर आजकल विद्यार्थीलाई नयाँ कुराको खोजी गर्न सिकाउने,मानिन्छ ।

९—विद्यार्थी हरुलाई अवस्था न हेरी सबै भन्दा ज्यादा काम दिइन्थ्यो ।

तर, आजकल, शिक्षाको क्षेत्र, र अभिभावक को सामूहिक विचार अनुसार शिक्षाप्रणाली बनाइन्छ ।

१०—उस वेला शिक्षा साथै शारीरिक शिक्षालाई पनि प्रधान्य दिइन्थ्यो । शिक्षा विषयमा खासै शिक्षा दिने को साथ थिएन ।

तर आज कल शिक्षालाई सबै भन्दा ठूलो शिक्षा मनोरम। बनाइ राखिएको छ ।

११—उस वेला शिक्षक र शिष्य को सम्बन्ध पिता पुत्र को जस्तो थियो ।

तर आजकल शिक्षक साथै साहुजी अर्थात् शिक्षण को बदलामा शुल्क पाउने पेशा पनि थियो ।

१२—उस वेला शिक्षा साथै नियम थियो ।

तर, आज कल शिक्षा पनि परिवर्तन शील छ भन्ने कुरा थियो ।

उपरोक्त तरिका बाट हेर्दा हामी यही निष्कर्षमा पुग्छौं कि प्राचीन कालको शिक्षा भन्दा आधुनिक कालको शिक्षा को ढाँचा बिल्कुल आएको छ । मनुष्यको सभ्यता को विकासको साथै अनेक पहलुमा विभिन्न प्रकार को आवश्यकता अनेकौं हामा देखा पर्न आएको छ । त्यस अनुसार यसको उद्देश्य को घेरै विषयमा सम्बन्ध राखेर सफल बनाउने साधन को रुपमा आएको छ । यसकारण अब हामी यसको उद्देश्यलाई हेरौं । यसको उद्देश्य निम्न प्रकार को मानिएको छ । :—

१—बालक को विकास गर्न, जीवन सुधार्न सुख मय जीवन बिताउन सक्ने बनाउन, अन्धकार हटाउन आत्म निर्भर बनाउन र गुण अवगुण को पहिचान गर्न र सभ्य मानिस वा नागरिक बन्न ।

२—मानिसको आपुसमाई भिन्न, कर्तव्य र अधिकार को बीच गराउन, । व्यक्ति को विकास गर्न, परस्परमा मनो मालिन्य हटाएर प्रेम गर्न, र सभ्यता को विकास गर्न ।

३—मनको भावलाई प्रकाश रूपमा त्याई कार्य रूप दिन, प्राकृतिक अनुसन्धान गर्न, प्राकृतिक वस्तु हरुलाई नियन्त्रणमा राखी आफ्नो सुविधा अनुसार उपयोग गर्न, विश्वको राम्रो ज्ञान र आर्थिक अवस्था सुधार्न ।

उपरोक्त उद्देश्यहरू पूर्ति गर्न आजकल सबैभन्दा ठूलो ध्यान बालक हरूप्रति नै दिने प्रथा छ किन भने आज का बालक नै भोली का देश निर्माता हुने छन् । त्यसकारण यथा-शक्य सरल तरिकाले मनोवैज्ञानिक ढांचाले शिक्षा दिने प्रथा चलेको छ ।

मनो वैज्ञानिक हरूको मत अनुसार बालक हरूको मस्तिष्कमा २ प्रकार को प्रभाव पाइन्छ । प्रथमतः माता पिता को अनुसार नै वा उनीहरूको बुद्धिको लक्षण केही मात्रामा बालक हरूमा रहन्छ । एक थरी यसै लाइनै जोर दिन्छन् । अर्को थरीको मत अनुसार बालक वातावरण अनुसार का बन्दछन् भन्नेमा मात्र जोड् दिन्छन् । दुवैका कुरालाइनै ठीक भन्न सकिन्छ किन भने बालक हरूमा आमा बाबुको ज्ञान को पनि प्रभाव पर्छ साथै उस्ले राम्रो र खराब जस्तो वातावरण पायो उस्तै पनि बन्दछ । अशिक्षित आमा बाबुले पनि राम्रो वातावरणमा राखेमा बालक शिक्षित हुन सक्छ । त्यो वातावरण राम्रो नपाएमा असभ्य आमा बाबुका सन्तान आमा बाबुझैं असभ्य हुन्छन् ।

बच्चाहरू लाई शिक्षा दिंदा उपदेश दिएर मात्र हुदैन । बचपनमा उपदेशको कुनै महत्व हुदैन । उनीहरू जे देख्छन्, त्याही नकल गर्छन् । यो प्रमुख स्वभाव हुन्छ । चेतना शक्ति को विकाश नभएको ले गहिरो कुरा सम्झन सक्दैनन् तर, उनलले गरेको बोलेको कुरालाई सजिलै संग नकल गरि बोल्ने र गर्ने गर्दछन् । त्यसकारण उनी हरूलाई खेल को रुपमा शिक्षा दिने व्यवस्था नै उपयुक्त हुन्छ । विस्तार विस्तार परिचित वस्तुवाट अपरिचित वस्तु तिर, ठोस पदार्थ वाट भावात्मकता तिर, साधारण वाट गाह्रो तिर शिक्षा दिंदै विकास गराउनु उत्तमहो । पहिलेनै गाह्रो विषयमा शिक्षा दिंदा उनीहरू ग्रहण गर्न सक्दैनन् अनि शिक्षा वाट नै उनीहरू धपाउन मानसिक सुर निम्छन् । त्यसकारण पुरानो प्रथालाई उल्टा आजकल पहिले कुनै विषय को संक्षेप वा साधारण ज्ञान गराई पछि बढ्दो बढ्दो गरेर शिक्षा दिने चलन आएको छ । यसैकारण आमा बाबु को चरित्र को आधारमा बालक को चरित्र भर पर्दछ । किन भने बच्चे देखिने आमा बाबु को चरित्र व्यवहार ज्ञान को छाप केटा केटी को हृदयको गहिरिएर पर्दछ ।

यसैमा जड़ प्रधान वा चेतन प्रधान भन्ने विषय आउन सक्दछ । चेतन प्रधान भन्नेले यहाँ आएर पछाडि खानु पर्छ । जड़ र चेतन कि घनिष्ठ सम्बन्ध भएको देखिन्छ । किन जड़ चेतन को अस्तित्वनै देखिदैन सायद सबैको आधार यही शिक्षामा पनि सुधार भएको आएको पर्छ गहिरिएर पर्दछ ।

यसको उदाहरण को लागी ठूलाठूला महा पुरुषहरूको चरित्रवाट हामी सिक्न सक्छौं । गांधी र शिवाजी को कथा हामीले पढेकाछौं । अमेरिकान भूतपूर्व राष्ट्रपति इब्राहिम लिंकन ले पनि भनेकाछन् ।

"Whatever I am and what eneess will be, I owe to my mother"—अर्थात् जे हुं जे हुनेछु यस्को लागी म मेरी आमाको नै ऋणी छु

आधुनिक शिक्षा प्रणाली औद्योगिक प्रधान देशहरूमा साधारण प्रचलन भएता पनि नेपाली शिक्षा जगतमा यसको पदार्पण देखिदैन ।

———

नेपाल प्रति

शिव भट्टराई, विजयपुर

[भट्टराई ज्यू मनन शील अध्येता र विचारक हुनु हुन्छ । वहाँ का कविता राष्ट्रियता पूर्ण हुन्छन् । वहाँ को "विहान भो" कविता जन प्रिय छ । वहाँ त्रिभुवन विद्यापीठ को तेश्रो वर्ष का विद्यार्थी हुनुहुन्छ । सं०]

हिम-आलय को ताज प्रभात-छवि ले सजे
सुवर्ण रङ्ग भर्दो छ नेपाल जन्म भूमि को
पहाड़का चू चुरा ले हृष्ट-पुष्ट शरीरमा
उडी, बादल, ढाके को नव यौवन देशको
पवित्र नदी-नाला ले गाई राष्ट्रिय गायन ।
चञ्चला युवती ले झैं हाँसे को जन्म भूमि यी ।

वनमा मृगका बच्चा, डालोमा कु···कुहू···कुहू···
मयूर को कलापूर्ण नृत्य हाम्रो स्वदेश को ।
प्रकृतिको पनि जन्म यही नेपाल देशमा
भएको हो कि, वा हाम्रो स्वदेश हो कि क्या स्वयम् !
दोश्रो स्वर्ग कहाँ होला काख छाडी स्वदेश को ।
मरौं, फेरि यही काख पाऊँ नेपाल भूमि को ।

अलंकार र भट्टजी को काव्य-साधना

प्रो० टीका प्रसाद शर्मा, साहित्याचार्य, काव्यतीर्थ

[शास्त्री ज्यू धरान का जन-प्रिय विद्वान् हुनुहुन्छ । हिन्दी, नेपाली र संस्कृत साहित्य का यहाँ विद्वान् हुनुहुन्छ । निबन्ध, कविता, आलोचना मा यहाँ सिद्धहस्त हुनुहुन्छ । भट्ट जी सम्बन्धमा लेखिएका विभिन्न आलोचना मन्दा यस्मा नयाँ वस्तु को परिचय पाइन्छ । यहाँ श्री पिण्डेश्वर संस्कृत महा विद्यालय, धरान का उप-प्रधानाचार्य र महेन्द्र कालेज (धरान) का नेपाली का प्रोफेसर एवं यस पत्रिका का प्र० सम्पादक हुनुहुन्छ । सं.]

कविवर मोती राम भट्ट ले युग्रो-तात्कालिक हाम्रो साहित्यिक अवस्था लाई हेर्दा र कविको जीवन-कालको छोटो अवधिलाई समेत अघि राख्दा—साँच्चै नै युग्रो-जम्मा १२ वटा पुस्तक को रचना गरेका छन् । यो पनि प्रकाश मा आएका को संख्या हो । बहुभाषा विशारद् को 'खिताब' यहाँ मा व्यर्थ जांदैन । संस्कृत, उर्दू, फारसी, बंगाली र अंग्रेजी भाषा का ज्ञाता, नेपाली भाषा त मातृ भाषा नै भै हाल्यो । यहाँ को विचार चतुरङ्गगामी थियो । उदार मनोवृत्तिका भै कन पनि यहाँ ले साहित्य संग स्वच्छता, स्पष्टता को संबंध राख्नु भएको छ । यहाँ का काव्यमा संस्कृत का कवि पण्डितराज जगन्नाथ को जस्तो सरसता पाइन्छ, कविवर अमरूक को जस्तो एक एक श्लोक मा प्रबन्ध काव्य को रसास्वाद पाइन्छ ।

संस्कृत मा रस-सम्प्रदाय भन्दा पैली अलंकार सम्प्रदाय को ठूलो बोलबाला देखिन्छ । त्यसमा पनि शब्दगत चमत्कार र अर्थगत चमत्कार को ता कुरा परै राखौं । शब्दगत (चित्र) काव्यको यति प्रचुरता छ,कतै त त्यस विषय मा प्रकरण का प्रकरण खपेका छन् । गो मूत्रिका बन्ध, पद्मबन्ध,मुरज-बन्ध, खड्ग-बन्ध आदि को त केही गिन्ती नै छैन । शब्द-शास्त्रका कुशल पारखी कलाकारहरूले शत धेनु, सहस्र धेनु, लक्ष धेनु, कोटि धेनु वा अयुत धेनु आदि बन्ध को समेत प्रस्तार एउटै काव्य (श्लोक वा कविता) मा भेट्ने प्रयत्न गरेका छन् । हुन पनि त्यो युग शब्दालंकार को बड़ो प्रभाव शाली युग रहेछ । यसमा पछिका रस-सम्प्रदाय का आचार्यहरूले समेत "प्रायेण यमके चित्रे रस वृद्धि र्न मृग्यते" भन्दै यमकादि अलंकार को अस्तित्व लाई स्वीकार गरेका छन् ।

काव्य को सौन्दर्य-सन्निवेश मा शब्दगत र अर्थ गत दुवै किसिम का अलंकार हरूको ठूलो महत्व छ, जस्तो लोकमा शरीर सौन्दर्य को द्योतक आभूषण को अनुभूत छ । जयदेव को मतमा-"हारादिवदलंकार सन्निवेश मनोहरः ।" यी भन्दा पछिका रस सम्प्रदाय का आचार्यहरूले पनि अलंकार को अस्तित्वलाई आवश्यक ठहराए । उनी-हरूले शब्दालंकार र अर्थालंकार दुवै को कदर रस (काव्यात्मा) को उपकारकत्वमा अङ्गी-कार गरे ।

"उपकुर्वन्ति तं सन्तं अङ्गद्वारेण जातु चित् ।
हारादिव दलंकारास्तेऽनुप्रासो पमादयः ॥" काव्य प्रकाश, ८।८८ सू०

यति मात्र होइन कविवर राज शेखरले अलंकार शास्त्र लाई उपकारक भएको ले वेदका अरु ६ अंग देखि अतिरिक्त सातौं अंग हो भनेका छन्-"उपकारकत्वा त्सप्तममङ्गमिति यायावरीयः" (काव्यमीमांसा दोस्रो अध्याय) अनि कसैले अलंकार विनाका शब्द र अर्थ लाई 'काव्य' भन्नु आगो लाई चीसो भन्नु जस्तै ठाने:—

अङ्गीकरोति यः काव्यं शब्दार्थौ वनलंकृती ।
असौ न मन्यते कस्मादनुष्णं मनलंकृती । जयदेव

यस प्रकार साहित्य (काव्य) जगत्मा अलंकार को कति महत्ता रहेछ स्पष्ट हुन्छ । यसै उस्ले ठूल्ठूला कवि हरूले आफ्नो काव्यमा रसवाद को मुख्यता अंगीकार गरे पनि अलंकार राख्न छोडेनन् । या भनौं ठूला ठूला कविका

कृतिमा काव्यात्मा (रस) को सौन्दर्य-बोध गर्ने अलंकार हरूको 'अपृथग्यत्न निर्वर्त्यता' पाइ'दैछ । यसबाट आर्य भाषा परिवार का सबै सन्तान दर-सन्तान भाषा हरू पृथक रहन सकेनन् । सबैको साहित्यिक सिर्जनाले अलंकृत शैली बाट शोभा पायो ।

नेपाली साहित्यमा आदि कवि भानुभक्त आचार्य ले आफ्नो रामायण को रचनामाभक्तिको प्राधान्य का साथे त्यस काव्य को सौन्दर्यद्योतक अलंकार हरूको 'अपृथग्यत्न निर्वत्य' रूपमा सन्निवेश गरेका छन् । अन्यत्र पनि 'कान्तिपुर' वर्णनमा 'अनुप्रास' र 'उपमा' अलंकारको सफल प्रयोग पाइन्छ ।

तर, जस्तो कि संस्कृत काव्य, महाकाव्य हरूमा प्रशस्त रूपमा अलंकार को स्थिति देखिन्छ, त्यस किसिम को सफल प्रयोग हामी आशु-कवि मोतीराम भट्टमा पाउँछौं । उनका श्लोक हरू प्रायः कुनै न कुनै अलंकार ले अलंकृत भएका देखिन्छन् । मलाई लाग्छ यता आफ्नो साहित्यमा अलंकारको अविरलता लाई देखी उता संस्कृतका भारवि, माघ, श्रीहर्ष, पण्डितराज जगन्नाथ आदि जस्ता धुरन्धर कविहरूका कवितामा अलंकार-बहुलता को अनुभव, प्रत्यक्ष द्रष्टा, साहित्य मर्मज्ञ मोतीराम भट्ट स्वसाहित्योन्नति का विषय बाट विमुख रहन सकेनन् । यो कुरो हो पनि त्यस्तै, नेपाली साहित्यका आदि स्रष्टा भानुभक्त लाई प्रकाश मा ल्याउने उनी लाई हामी सूर्योदय को आशा दिलाउने उषाकाल संझन सक्छौं । शिक्षा को माध्यम बाट साधारण जन-जीवन को स्तर उन्नत बनाउने उनको प्रयत्न सर्वथा प्रशंसनीय छ । उनको 'नवनवोन्मेषशालिनी' प्रतिभा कतैपनि पछि पर्दैन । उन ले फारसी का गजल पनि हाम्रो साहित्य मा ल्याएका थिये ।

अलंकार को इतिहास हेर्दा हामी अग्नि पुराणमा त्यसको अस्तित्व पाउँछौं । आचार्य भरतमुनिको नाट्य शास्त्र, साहित्य शास्त्रको प्रमुख ग्रन्थ हो । त्यसमा यमक, उपमा, रूपक र दीपक अलंकार को उल्लेख गरिएको छ । विकास हुँदै गयो ऊहापोह पनि बढ्यो । अहिले हामी प्रायः १३०।३५ अलंकार भेटछौं । कसैले मालोपमा, रसनोपमा, संसृष्टि र संकर आदि छुट्टै माने, कसैले पहिले नै सिद्ध भै सकेका अलंकारको मेलन-तारम्यवश बनेका हुनाले इन लाई छुट्याउन रुचाएनन् । अर्थालंकार प्रकरणमा पनि सूक्ष्म विवेचन हुन लाग्यो । रूपक को ८, उपमा का २७, व्यतिरेक का ४८, उत्प्रेक्षाका १७६ भेद विश्वनाथ ले साहित्य-दर्पण मा देखाएका छन । अर्को मतमा उपमा को राज्य अनुसन्धान भै सबैअलंकारमा उपमा नै बीच रूपमा रहेर ठहर लाग्यो, जस्का चमत्कार ले हामी अरु विविध अलंकार लाई मान्दछौं । जस्तो-नाटक मा एउटै नट कहिले गायक र कहिले नर्तक को पाठ खेली दर्शक को मनोरंजन गर्छ, तर वास्तव मा उ आफू एउटै छ । त्यस्तै उपमा शैलूषिका (नटी) झैं भई सबै अलंकार मा आफ्नो स्थिर बाट स्पन्दन (जीवन) भरी दिन्छ ।

युग-निमन्त्रण

श्री जगन्नाथ उदास,

[उदास ज्यू धरानका लब्धप्रतिष्ठ गायक, चित्रकार सफल खेलाड़ी र अभिनेता हुनुहुन्छ । ने० रा० वि० फे० का का० का० सदस्य र कालेज यूनियन धरान को वहाँ क्रीड़ा मन्त्री हुनु हुन्छ । हाल महेन्द्र कालेज धरान का तृतीय वर्ष वाणिज्य का विद्यार्थी हुनु हुन्छ । सं०]

गर्दछ जस्ले दिन भर काम छैन उसैको घरमा दाना जस्ले आज महल बनायो, हेर उसैको चुहुने छाना चार जनाको एक जहानमा पाकेको छ कनिका माना, त्यही पनि त सँधै नपाई कहिले भागमा मुठी एक चाना उनै दीनका भाग्य चमाई सुन्दछस् नाना गाना बजाना नपुगो भाइको रक्त चुसेर हुकुम गर्दछस् 'ब्राण्डी लाना तर न भूल ए ! अल्सी धनी हो उस्मा पनि छ सुख चाहन सन्तोष को एक मुट्ठो खाई दिन्छ तिमीलाई सुखको मान त्यस्मै छ त्यो परम सुखी चाहन्न उ भोग विलास नाना मेहनत को आधो रोटी खान्छ गर्दैन उ अनेक बहाना उनै श्रमको बूँद बूँद ले भरिएको छ तेरो खजाना अन्यथा सोध आत्मा लाई पल्टा आफ्नो आत्म पाना क्षणिक जीवनको अन्ध मोहमा आंखा छेंदै किन बन्छस् काना जन्म पछि मृत्यु सम्मै कस्ले पायो सुख ठिकाना आज व्यक्ति गत प्रश्न होइन, हो अब फेर्नु प्राचीन जमाना नवजात पिढ़ी लाई गनि छ देखाउनु सुकर्म को निशाना कायरता नै जीवित मृत्यु हो बाधा को मिली गरौं सामना निर्भय बन्दै भेद भावको जड़ उखेल्ने गरौं कामना

चल्नालेन, धरान !

"अथमा शैलूषी संधाना चित्र भूमिका भेदात्,
अवति काव्य रत्नं सुरक्षन्ती तद्विदां चेतः ।
चित्र मीमांसा, अप्पय दीक्षित ।

यहाँ यस श्लोक मा हामा कवि मोतीराम भट्ट का केवल दुइटा शब्दालंकार को चर्चा गर्नु । शब्दालंकार मा प्रथम अनुप्रास—जसको लक्षण "वर्णसाम्य-मनुप्रासः" (वाग्वैदग्धावतार का मम्मट) औ "अनुप्रासः शब्द साम्यं वैषम्येऽपि स्वरस्य यत् ।" (साहित्य दर्पण मा विश्वनाथ) बताउंछन् । यस अलंकार का छेक, वृत्ति, श्रुति, लाट आदि अनेक भेद छन् । यस अलंकार अनुसार भट्टजी को श्लोकछः—

"कता छ सब अंगमा, सुन प्रिये ! बढ़ा रंगमा,
सबो सिपर सेप मा, जब तिमी दिंज्यौ जङ्गमा ,
कुरूप बयना भनी अरज गर्छु यै ढङ्गमा
सुनोकम तरङ्गमा झलक देउ नौरङ्गमा !"

यस कविता (काव्य) मा जम्मा आठ ठांउ "ङ्ग" को अनुप्रास परेकोछ, जो श्रुति मधुर छ, वर्गान्त्य 'ङ' ले युक्त वर्णको 'ग' भएको हुनाले रचना मधुरावृत्तियुक्त छ र अल्प समास पनि भएको छ, जो यस प्रकार को शृंगार रसको काव्यका निमित्त अनुकूल वा उपयुक्त ठहर्दछ । यहाँ कवी कुरा यो पनि विचार गर्नु छ कि यसरी अनुप्रास मिलाउँदै जांदा पहिले त सब मित्र अनुकूल शब्द मिल्दै गए, तर पछि मिल्न सकेनन् र जसै तसै कविले श्लोक को अर्थ सम्म पुऱ्याम मा राखी श्लोक पूर्ण गरी दिये भने यहाँ अनुप्रास पूर्ण गर्न न सकेको मा कविको 'अशक्ति कृत दोष' देखिन्छ । यस्तो दोष लाई विद्वान् हरूले 'पतत्प्रकर्ष' दोष भन्दछन् । तर, माथिको श्लोक मा यस किसिम को दोष देखिदैन । पैल्हो चरण मा जुन प्रवाह मा अनुप्रास बगेको छ, चौथो चरण सम्म पनि यहो प्रवाहमा गएको छ । यसरी कविको काव्य नैपुण्य का साथै उनको लाक्षणिक ग्रन्थको गहकिलो अध्ययन समेत हामी अवगतगर्दछौं ।

दोस्रो हो यमक अलंकार । यसको शब्द चयन यति श्रुतिसुखद र रोचो हुन्छ कि मर्मज्ञ विद्वानहरु काव्य उठाउने वित्तिकै यमक काव्य (श्लोक) को तलाशीमा पक्का पल्टाउन थाल्छन् । यसको लक्षण यस्तो छः—

"सत्यर्थे पृथगर्थायाः स्वर व्यंजन संहतेः
क्रमेण तेनैवा वृत्ति र्यमकं विनिगद्यते । "साहित्य दर्पण ।

यो भन्दा पूर्व सातौं शताब्दीमा आचार्य दण्डीले—अव्यपेत व्यपेतात्मा या वृत्तिर्वर्ण संहतेः यमकं तत्' भनेका छन् । यस लक्षण संग दांज्दै भट्टज्यू को यस श्लोक लाई पल्टाऊं:—

अतृप्त कामना

देवी प्रसाद भण्डारी

[भण्डारीज्यू प्रवासी नेपाली हुनुहुन्छ । वहाँ हँसिला, मिलनसार छात्र र श्री पिण्डेश्वर सं० महा विद्यालय मा चतुर्थ कक्षा का विद्यार्थी हुनुहुन्छ । सं०]

पंकज एक फूली रहेको
नीलो सरमा झुली रहेको,
लाली चढेर मस्त भई,
रूपडाल ले परिपूर्ण भएको,
थियो पराग रसले टम्म
हाँस्ने खेल्ने क्षणिक सुख सम्झने,
भ्रमरो आयो टाढा बाट
इशारा मा नाच्दै मस्त भएर,
कमल चाहन्थ्यो भ्रमरा लाई
अलिले देख्यो सरसिज लाई,
भई रोमाञ्चित दुवै हाँसे
आफ्नो प्रफुल्लित इशारा मा
भ्रमरो बस्यो कमल माथि
रस चुस्ने आफ्नो स्वार्थ,
सम्झन्थ्यो कमल हाम्रो यो मिलन
रहने छ सँधै चिरस्थायी,
तर निठुरो गो उस्को रस ली
कमल रह्यो विदुग्ध भई

तोरावारी वस्ति [भूटान]

—*—

"ह्या देखि केही पर जा र ताहाँ
भेटलिस् तं यौटा पर जार ताहाँ ।
खल्वल् कउन् हो घर आज नानी !
आज् ता न विर्सी घर आ जनानी ! ।"

यस श्लोक मा 'पर जा र ताहाँ, पर-जार (परपुरुष) ताहाँ; घर आज नानी, घर आ जनानी !' मा यमक अलंकार सफल भएको छ र यसमा पनि माथि जस्तै अल्प-समास, वर्ण-माधुर्य र श्रुति सुखदत्व छ जस्वाट श्लोक को काव्यत्व व्यक्त हुन्छ ।

एउटा प्रासंगिक कुरो-साहित्य समाज को ऐना हो भन्दछन् । यसको मर्म बुझ्नु, ज्ञान गर्नु, पढनु लाई हामी व्यावहारिक जीवनको कलावाजीमा पोख्त हुनुमात्र संझदैनौं । साहित्य किंवा काव्यको ध्येय छः—'चतुर्वर्ग फल प्राप्तिः सुखादल्प धियामपि ।" तर साहित्य-शास्त्रमा यसको लागि 'कान्ता सम्मित' वाणी को नै प्रचुर प्रयोग पाइन्छ । योकुरा एक प्रकारले उपयुक्त पनि हो । ऐहलौकिक र पारलौकिक ज्ञातव्य कुराको जहाँ अरु शास्त्र बाट ज्ञान गर्न असजिलो हुन्छ त्यहाँ दूरदर्शी, मर्मज्ञ काव्य कर्ताले कान्ता सम्मित वाक्चातुरीले घेरै जसो लौकिक व्यवहार मानै घटाएर स्वकर्तव्यको निर्देशन दुनियाँलाई सजिलै सित दिएका छन् र त्यही परिपाटीमा हाम्रा कविवर मोतीराम भट्टले पनि यो अलंकार सामग्री प्रायशः शृङ्गार रसका कवितामा देखाउने प्रयास गरेका छन् । इनै अलंकार दार्शनिक सूत्र हरुमा घटाएर देखाएका भए के यत्तिकै सुगमता सित बुझिने थिए ?

अस्तु म यो माथिको भट्टजी को श्लोक (आलंकारिक दृष्टिले) संस्कृत का महाकवि माघ को

छायां निजस्त्री चटुलालसानाम्
मदेन किञ्चिच्चटुलालसानाम्—
कुर्वाण मुत्पिञ्जल जात पत्रै—
र्विहंग मानां जलजात पत्रैः । माघ ४।६

संग हेर्दै यस प्रसङ्ग लाई टुङ्गयाउंछु ।

धरान
१।११।२०१६

प्रेरणा

कु० विमला खनाल, विजयपुर

[कुमारी ज्यू शारदा बालिका विद्यालयकी उज्ज्वल छ हुनुहुन्छ । वहाँ को एउटा कविता यसै साल भएको सा त्यिक गोष्ठी मा प्रथम भएको थियो । वहाँ प्रयत्नशील हुन्छ र यसै साल एस० एल० सी० को परीक्षा भएको छ । सं०]

एक अर्काको, प्रेरणा बनोस् कार्य क्षेत्र मा,
अर्का ले तेस्त्रो को,
एवं रीतिले प्रेरणा र प्रेम को लहरो
लम्बिदै, झांगिदै जाओस् ।
तब, यो विश्वमा शान्तिको आह्वान
ठाँस रुपले बढदै जाला,
मानवता को इतिहास बन्ला उज्ज्वल
निष्कलंक यसको प्रारंभ होला
अनि पछि आउने मानवीय इतिहास को
सिर्जना वेग्लै होला ।
व्यक्ति ले आफ्नो व्यक्तित्व उमार्ला
आफ्नो अधिकार र कर्तव्यमा उसलाई
छेका न होला ?
अनि बाह्याडम्बर ले शान्ति कामना गर्ने
अन्तर मा मुठ्ठ कतर्ने क्रूरता लिने,
शान्तिकामी को शान्ति ले यस संसारमा
अडउन न पाउला ?
शुद्ध, संस्कृत, अन्तरंग बन्धुत्व र शान्ति
यहाँ मुस्काउला ?

संस्कृत छात्र संघ, धरान को सहयोग गर्नुहुं आफ्नो संस्कृति जोगाउन ।

नेपाल को कुटीर उद्योग

श्री० रघुनाथ प्रसाद वर्मा एम० ए०

[वर्मा ज्यू को लेखले वर्तमान आवश्यकता लाई निर्देश गर्दछ । यहाँ श्री पशुपतेश्वर संस्कृत महा विद्यालय, वाराणसी का प्राध्यापक र ज्यादै मिलनसार व्यक्ति हुनुहुन्छ । सं०]

एशिया महादेश को दक्षिण पट्टि चीन र भारत जस्ता विशाल देश को मध्यमा, हिमालय पर्वत को काखमा बसेको नेपाल एक स्वतन्त्र देश हो । यो देश २६° १०' देखि ३०° १०, उत्तरी अक्षांश र ८०° १५ । पू० देखि ८८° १०, पूर्व देशान्तर को बीचमा स्थित छ । प्रकृति र स्वास्थ्य को दृष्टिकोण बाट यो देश महत्त्व पूर्ण छ । तर औद्योगिक दृष्टिले हेर्दा सन्सार का अरु देश भन्दा पछाडिएको छ । हाले यो देश मा प्रजातान्त्रिक सरकार को गठन भएको छ र यसले आफ्नो प्रथम "पञ्च वर्षीय योजना" आरम्भ गरेको छ । यो देश पनि इंगल्याण्ड र जापान को बराबरी गर्न सक्छ । किन भने हामी जापान लाई एशिया को इंगल्याण्ड भन्दछौं , र जापान को स्थिति एवं उसको भौगोलिक परिस्थिति माथि ध्यान दिए पछि यो ज्ञात हुन्छ कि जापान र नेपालमा धेरै कम अन्तर छ । जापान को वरिपरि समुद्र छ र नेपालको वरि परि स्थल भाग छ । तब जापान र नेपाल को प्राकृतिक स्थिति तुल्य छ । आज औद्योगिक दृष्टिले सन्सार का प्रमुख राष्ट्र हरूमा जापान को गणना भये को छ । प्रधानतः आज को सन्सार प्रत्येक राष्ट्रको औद्योगिक कारण लाई हेरेरनै तेस राष्ट्रको महानता को मूल्याकन गर्दछ ।

उद्योग दुई प्रकार ले आरम्भ हुन्छ ।

१—कुटीर उद्योग (Cattage industries)
२—बृहत्तर उद्योग (Large Scale Industries),

दुवै प्रकार को उद्योग मध्ये कुटीर उद्योग को विशेष कदर हुनु पर्छ । किन भने जापान ले पनि मिजी शासन काल देखि आफ्नो लघु उद्योग कोई बृहत्तर उद्योग संग सस्ती सम्बन्ध स्थापित गरेको थियो जो सन्सार मा उदाहरणीय छ । प्रसिद्ध राजनैतिक एवं अर्थ शास्त्र का मर्मज्ञ गांधीजी ले पनि बृहत्तर उद्योग लाई भन्दा लघु उद्योगलाई विशेष ध्यान दिनु भएको छ । यहाँ को भनाई छ कि ठूलो उद्योग ले गर्दा, बेकारी, आत्म निर्भरता को अभाव, प्राकृतिक सौन्दर्य को विनाश र आलस्य आदिको जन्म हुन्छ । यसै उसले यहाँ चरखा कातने, गुन्द्री बुन्ने, बाना ओजार र खेलौना हरू बनाउने काम मा प्रोत्साहन दिनु हुन्थ्यो । यो कुरा को अर्थ यो होइन कि यहाँ ठूलो उद्योग को विरोध गर्नु हुन्थ्यो बल्कि सीमित मात्रा मा प्रचार गर्ने इच्छा थियो । प्रधानतः यहाँ को विचार धारा भारतीय दृष्टिकोण द्वारा राम्रो थियो किन भने भारत वर्ष कृषि प्रधान देश हो । प्रायः कृषि प्रधान देशका मनुष्य वर्षको केही समय बेकार बसेरै बिताउंछन् । त्यो बेकार समयमा घरेलु उद्योग धेरै महत्व राख्छ, आर्थिक परिस्थिति लाई केही अंशमा सुलझाउने व्यवस्था गर्छ । साथै गरीब जनता को जीवन स्तर माथि उठाउने राम्रो महत गर्दछ । यस बाहेक यो उद्योग प्राचीन काल देखि चलि आएको कला कौशल लाई जीवित राख्न का लागि एक मात्र साधन हो, साथै यस बाट पूर्ण हुन आएका पारिवारिक निपुणता ले गर्दा यो उद्योग राम्रो किसिम ले चल्छ । त्यसमा कहिले कहीं सरकारी सहायता को जरूरत पर्छ । यदि बिजुली को उत्पादन पनि भएको ठाउं छ भने झन राम्रो हुन्छ ।

अघोल्ला विचार मा ध्यान राखी हामी हरूले नेपाल को आर्थिक स्थिति तिर ध्यान दियौं भने हामी लाई पनि यो, अनुभव हुन्छ कि नेपाल पनि एउटा कृषि प्रधान पहाडी प्रदेश हो जहां ठूलो उद्योग को प्रचार गर्न सारै मुश्किल छ । यसका साथ-साथ अहिले सम्म नेपाल का गाउँ र शहर हरू मा पनि बिजुली को उत्पादन मा विशेष ध्यान दिनु पर्छ । देश पहाडी भएको ले र यातायात को विशेष असुविधा ले गर्दा एक ठाउं मा उत्पादन भएको माल अर्को ठाउंमा प्रचार गर्न सारै मुश्किल पर्छ । यस कारण नेपालमा कुटीर उद्योग को आवश्यकता देखिन्छ । यसलाई बढाउने र जनत पार्ने उत्तरदायित्व हाम्रो सरकार माथि छ । नेपाल को जनता प्रायः

"मन तिमीमा रमायो"

काली प्रसाद शर्मा, वाराणसी

परिभ्रान्त थकित निराश हृदय मा,
तिम्रो झलिको छ प्रि
दीप शिखा बाल्यो, प्रिय आशको लहर अनेक उठा
जीवनको यस मरुभूमिमा,
डुलि रहेको थकित मा
स्नेह प्यास ले व्याकुल उरमा
अश्रुत वर्षण पान्यो, प्रिय जीवन इच्छा जगा
आश निराश को चक्रव्यूह मा,
फँसी रहे को व्याकुल मन मा,
विरह वेदना को मधुरिम,
सूक्ष्म अनुभूति सजायो, प्रिय आश मिलन को ला
भग्न हृदय को अन्तस्तलमा,
वेदना व्यथित यस मानस पट मा
भाव तूलिका ले प्रिय तिम्रो,
अनुपम छवि बनायो, प्रिय मनमा एक चाह जगा
निराश मन को यस चाह मा,
व्यथित हृदय को यस आह मा,
भाव सृजित यस मन मन्दिर मा,
गर्छु तिम्रो नित्य अर्चना,
निशि दिन को यस अर्चना ले प्रिय, मन तिमी मा रम

अशिक्षित र गरीब छ । अशिक्षा ले गर्दा धेरै राम्रो प्रकार ले बमाउने ज्ञान हुनमा हुँदैन । यस कारण ठाउँ-ठाउँ मा धरेलु उद्योग का लागि, प्रारम्भिक र माध्यमिक विद्यालय हुनमा यसको प्रचार गरे रामो हुन्छ । पछि यहाँ का छात्र-छात्रा विद्या को साथ कला का पनि ज्ञाता हुन्छन् र आफ्नो जीविका उपार्जन के बाटो आफैं तयार गर्दछन् । नेपाल प्राचीन काल देखिनै आफ्नो राडी पाखी को लागि संसार प्रसिद्ध छ । यसको बयन चिनी यात्रीहरू र चाणक्य समेत ले गरेका छन् । नेपाल को घिउ, कस्तूरी, शिलाजीत, मह, खुकुरी, काठ को भाँडो, गलैंचा आदि आज पनि विदेशमा पठाइन्छन्, यस बाहेक अरू धेरै महत्व पूर्ण वस्तु हरू छन्, जस्को बिदेश मा पनि रामो प्रचार र कदर छ । आज हामीलाई विदेशी माल को खाँचो पनि कम छैन । उदाहरण को लागि लुगा, । लुगा विदेश बाट धेरै मात्रामा मगाउनु पर्छ जसले गर्दा देशको धेरै धन विदेश जान्छ । जो देश को लागि हानिकारक हो । देश लाई उद्योग को तरफ बढ़ाउन का लागि विदेशी माल को मांग कम गर्नु पर्छ त्यो त्यतिखेर सम्भव हुन्छ, जब आफ्नो देशमा त्यस्को उत्पादन कार्य सुरू गरिन्छ । देशको जीवन स्तर हलगर्न बेकारी समस्या सुल्झाउन र देशलाई उद्योग तर्फ बढ़ाउन का लागि नेपाल मा कुटीर उद्योग लाई बढ़ाउनु आवश्यक छ । आज सबैं साधारण दैनिक आवश्यकीय माल कागज को नेपाल मा कती खपत छ । जो विदेश बाट पूरा भई रहेको छ । यो काम हाम्रो यहाँ राम्रो तरीका ले हुन सक्तछ । सरकार ले आफ्नो योजना मा धरेलू उद्योग को लागि धन को व्यवस्था गरेको छ, तर त्यो देशको स्थिति र परिस्थिति को अनुसार थोरै छ । आज नेपाल लाई सानो सियो देखि साइकल सम्म विदेश माथि निर्भर रहनु परेको छ । जो एउटा विकसित देश का लागि शोभा दिने कुरो होइन ।

अतः नेपाल संसार को अरू राष्ट्रहरू को दाजो मा न पुगोस् तै पनि आफ्नो देश लाई आत्म निर्भर बनाउनै पर्छ । त्यो कार्य हाम्रो वर्तमान सरकार को हो । यदि देशका धनी मानी व्यक्ति ले यो कार्य मा ध्यान दिए भने यो कार्य पुरा गर्न झन सजिलो हुने थियो । एउटा प्रश्न उठछ कि कुन उद्योग मा र कुन ठाउंमा सहायता गर्नु पर्ने हो ?

यसको लागि कमिशन गठन गरिकन सम्पूर्ण देशमा चलि रहेको कुटीर उद्योग को परिस्थिति र ठांउको जाँच गरिकन सरकार को समक्ष आफ्नो रिपोर्ट पेश गर्नु त्यस पछि त्यो उद्योग को प्रोत्साहनार्थ सरकारी र व्यक्ति सहायता को व्यवस्था गर्नु पर्छ । आज को युग प्रजातन्त्र युग हो सरकार पनि प्रजा कै हो । यस कारण जन सरकार को औद्योगित नीतिमा एक मत हुनु आवश्यक होइन बल्कि अनिवार्य पनि छ । आज देशमा विक उन्नति का लागि नारा लगाउने युग आए को छ । आज युग मौखिक आधार मा न चली प्रमाणिक आधार मा हो । अन्तमा यो आशा र विश्वास छ कि देश को औद्यो विकास मा कुटीर उद्योग ले एक ठूलो मदद गर्ने छ । कार्य सरकार र जनता को सहयोग ले आफ आफ्नो र मांग लाई पूरा गर्ने छ ।

———

शिक्षा र व्यवस्था

ले० श्री उद्धव प्रसाद काफ्ले

पूर्व ४ नं० साङ पाङ

[काफ्ले ज्यू सं० छा. सं. धरानका अर्थ मंत्री हुनु हुन्छ । यो निबन्ध मा नेपाल मा शिक्षा को अवस्था संबन्धी श्न लाई लिनुभएको छ । वहाँ पि. सं. म. वि. धरान का उ० म (व्याकरण) प्र० वर्ष का छात्र हुनु हुन्छ । सं० ।

खोला ले दिशा फेरि रहे झैं शिक्षा पनि समयानुसार युग अनुसार) वदलिइ रहन्छ । आदि कालमा मानिस सभ्य थिए । शिकार खेलेर, वनका फलफूल खोजेर खान्थे र क्रमशः आवश्यकतानुसार उनी हरूमा केही ज्ञान पैदा दै आयो र वैदिक काल संममो धेरै ने शिक्षित र सभ्य भै के का थिए । त्यस वेला विज्ञान र शिक्षाको पनि प्रशस्त कास भै सके को थियो । त्यस पछि तक्षशिला, नालन्दा ादि गुरु-कुल (विश्व विद्यालय) खुले । त्यसै किसिम ले न प्रति दिन शिक्षाको विकाश हुँदै आएको देखिन्छ । स्तो हाम्रो जाँच्राले नयाँ नयाँ मोठा मीठा चीजको खोजो र्दछ, त्यस्तै मानिस जति जति सभ्य हुँदै गए उति २ मस्ति-ले नयाँ नयाँ चीज को आवश्यकता अनुभव गर्दछ । त्यसै को तिफल आज विज्ञान को यत्रो उन्नति भैरहेछ ।

शिक्षाको परिभाषा विद्वानहरू ले विभिन्न किसिमले रेकांछन् । महात्मा गाँधी ले-"चरित्र गठननै शिक्षा हो" नेका छन् ता पनि यसको व्यापकता र विशालता लाई देखेर नेपमा प्रत्यक्षरूपले होस् या अप्रत्यक्षरूपले जुन कुराले हाम्रो ानसिक, शरीरिक, 'वौद्धिक आर्थिक विकास गर्न सकिन्छ र सद्वारा समाज, देशमा भएको न च हिंदो विवाद, सघर्ष र गड़ा लाई हटाएर समाज राष्ट्र र विश्वको उन्नतिगर्ने ायदा सिकिन्छ त्यसैलाई शिक्षा भन्न सकिन्छ । आज शिक्षा क व्यक्ति, एक समाज, एक राष्ट्रको मात्र नभएर विश्व ापी भैरहेछ । शिक्षाको क्षेत्र विशाल छ, उद्देश्य महान् र वित्र छ । शिक्षाले नै मानिस लाई एक आर्काको सहायता र्ने, परस्परमा मिल जुल गरेर वस्ने र ठूलो सानु, धनी रीब भन्ने कुभावना लाई हटाएर सवैमा समानता को भाव याउने ज्ञान दिलाउँछ । शिक्षा ले नै मानिसलाई असा-ाजिक दुर्व्यसनादि बाट हटाएर समयोपयोगी वनाउँछ ।

आजको वढ्दो वैज्ञानिक युगको शिक्षाले कल्पना संग पनि गर्न नसकेका कुरा हरू हाम्रै अगाडि प्रत्यक्ष गराई राखे को छ । संसारमा विभिन्न प्रकारका वैज्ञानिक हरू निस्किए । अनेक किसिम का वैज्ञानिक साधनद्वारा टेलिभिजन, वेतार का तार, रेडियो जस्ता चिज हरूको आविष्कार भयो । केही वर्ष पैलो जुन कुरा लाई हामी ईश्वर को रूपमा पूजा गर्दथ्यौं त्यहीं (चन्द्रलोकमा) आज विभिन्न प्रकारका वैज्ञानिक साधन

द्वारा मानिस पुग्ने भै सके । रेल, मोटर, हवाइ-ज्हाज, जहाज आदि यातायात को सुविधाले गर्दा, अमेरिका, रूस, चीन र इङ्गल्याड जान पानी खाने पर्दैरो जस्तो भई रहेछ । आज अमेरिका र रूसको विज्ञान मा होड़ वढी रहेछ । तर साहै दुःखको कुरा हो कि यस्तो वढदो वैज्ञानिक युगमा पनि हाम्रो देशमा प्रजातन्त्रको मूल-आधार भूत शिक्षा को कुनै सुव्यवस्था छैन । शिक्षा विरोधी-राणा हरूको एक तन्त्रीय क्रूर शासन को पञ्जामा परेको नेपाल मा कुनै किसिमको शिक्षा दिइंदैन थियो देशमा स्कूल कलेज खोल्नु विष को प्याला पिउनु जत्ति कै थियो । किन भने जनता शिक्षित भए भने आफ्नु अधि-कार र कर्तव्य बुझ्दछन् र हाम्रो स्वार्थमा धक्का पर्न जानेछ भन्ने उनीहरुलाई विश्वास थियो । धेरै पछि दरबार हाईस्कूल, त्रिचन्द्र कलेज र संस्कृत महा विद्यालय (पुतली सडक) खुले तथा ठाँउ ठाँउमा एक दुई वटा संस्कृत पाठशाला, भाषा

पाठशाला खुले । शिक्षा को केही प्रचार शुरु भयो ।

जल्लवल्ल राणा शासनबाट मुक्त भयौं । देशमा प्रजातन्त्र आएको पनि ८।९ वर्ष हुनलाग्यो । ८।९ वर्ष को बिचमा ठाँउ ठाँउमा प्राईमरी स्कूल, मिडिल स्कूल, हाई स्कूल, संस्कृत कालेज र अंग्रेजी कालेज हरू खुले । शिक्षा मा केही प्रगति आयो तो पनि वर्तमान चलिरहेको पाठ्य पुस्तक हरूमा नेपालको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, आर्थिक विषय हरू न दर्शाएको हुँदा हाम्रा भाई बैनी हरूमा राष्ट्रीय भावना को विकाश हुन सकेको छैन । पुनः देशमा एउटा सम्म पनि विश्व विद्यालय न भए को हुँदा उच्च शिक्षा प्राप्त गर्न विदेशिनु परेका ले र आर्थिक कठिनाई ले गर्दा कतिपय गरीब छात्र ले उच्च शिक्षा बाट बञ्चित रहनु परेको छ । जो शिक्षित व्यक्ति छन् उनीहरूको पनि योग्यता को कदर न भएको हुँदा र शिक्षक वृत्ति पनि निम्न मानिएको ले गर्दा शिक्षा विकाशमा शिथिलता आई रहेको छ । अर्का पट्टी वर्तमान चलि रहेको उच्च शिक्षा पनि वि० ए०, एम० ए० शास्त्री र आचार्य परीक्षा पास गरी नोकरी प्राप्त गर्नु मा नै सीमित भै रहेछ । यस किसिम को डिग्रीधारी परीक्षा ले गर्दा शिक्षा को उद्देश्य ज्ञानोपार्जनको बदला परीक्षा समय मा चीट्, नोट्स, र 'की' रटेर डिग्री प्राप्त गरी नोकरी को उपासक बन्नु मात्र भै रहेछ ।

भारत मा मुगल साम्राज्य पछि अंग्रेजी शिक्षाको प्राधान्यता रह्यो । यसको पनि उद्देश्य अंग्रेजी पढ़ने विद्यार्थी अंग्रेजी साम्राज्यलाई चलाउने कारिन्दाको कोम दिन्छ, उनी हरूका अनन्य भक्त बनून् भन्ने थियो । भारत स्वतन्त्र भयो तो पनि शिक्षा प्रणाली प्रायशः उस्तै छ यो सम्पूर्ण दोष शिक्षाको होइन, बल्कि वर्तमान शिक्षा प्रणाली का हुन् ।

यसै सिलसिलामा यसै पवित्र भूमि को प्राचीन शिक्षा पद्धी हेर्यौं भने वैदिक काल देखिने विज्ञान र शिक्षाको प्रशस्त विकाश हुँदै आएको थियो भन्ने कुरा त्यस वेलाको सामाजिक स्थिति, इतिहास, पुराण, वेद, द्वारा हामी थाहा पाउँदछौं । "ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत" (ब्रह्मचर्य र तपोबल द्वारा देवताहरू मृत्युलाई पनि जितन सक्तछन्) भन्ने शिक्षा वेदमा पाइन्छ । यस्तो शिक्षा को महान् उद्देश्य अन्य शिक्षामा शायदै पाइएला । त्यस पछि का बड़े बड़े गुरुकुल, तक्षशिला, नालन्दा आदि विश्व विद्यालय को पनि

मार्मिक दृश्य

श्री 'दक्षराज', छथर खाप्राङ्को

तेल्लुक् 'धनकुटा'

१–सूर्य-किरण ले बालू तातो पथिक हरूको हर्ने सातो
बगर बिचको सोते बाटो अलिपर हेर्दा पैहे माथो

२–कुज्रा हरूको पसल छ थुप्रो नीरस तरुको काय छ ढुप्रो
सुदूर पूर्वको बेंशी खेतमा दृष्टि गोचर योटा भुप्रो

३–नाग बेले रूप लिएर खुलुलुलु बग्ने खोलो नील
पारी पट्टी मुडिन गएको नाङ्गो योटा खयर छ गाछ

४–शब्द कतै तिर केही छैन सन्नाटा को राज तमाम
गुँड बिच शिशुको रक्षा खातिर बसीरहेको मौन बि

५–अहँहँ···गर्ने मृदुल स्वरले कर्ण-विवरमा टक्कर ला
शीतल छाँया बाट उडेर रूख मुनि हेर्‍यें, पानी माग्दा

६–लेटिरहेको मानव पिण्ड फैलाएका कर युगल
बैलाएका पाउ पद्म आतप ज्यादै तप्त भएर

७–नाङ्गो तरुनै सौम्य-सदन हो, धरती नै हो कोमल उस
वरि परि सुखा पात छ साज चिल्लो राम्रो तकिया

८–तैपनि थोत्रे पाखी भित्र वदन लुकेको क्या छ विनि
कोमल प्रकृति आश्रयीभूत भन्नु कसोरी गुन तव मि

९–मानवता को पिंजरा भित्र चाह नगरी कन अवरुद्ध
जस्तो देख्छु जीवन उस्को अहँहँहँ गर्दै पानो माग्छ

१०–रुग्ण हुनाले हिड्न नसक्दा छोड़ी हिंडेका साथि स
घर्घर स्वरमा दिन भो तीन भन्दछ, देख्दा दृश्य, हृ

११-मानव हुँन कि ? पशु हो त्यो वा किन निर्जन मा त्यह
पूजन सामग्री के ? त्यस्का देव-क्षुधा को, छैन कि

१२–मानिस ले नै मानिस लाई चिन्न न सक्नु कस्तो
दयनीय दशा जब भो चट्टै चुचिने कस्तो निठुरी

१३–अहिले त्यस्को यस्तो हाल भन् कस्तो हो उत्तरका
सरस हृदयीहरू हो, हुँन ? करुणा रस कण चुहुने

१४–क्षण पछि हुरी को झोंका आई बादल लाग्यो उम्म
त्यस्पछि के भो मानव चित्रो, मार्मिक दृश्य छ ज्यादै

———

शिक्षा प्रणाली थियो । विभिन्न विषय को पढाई हुन्थ्यो । जस्तो (१) मनुष्य शास्त्रम् (Anthropology) (२) कृषि विद्याम् (Agriculture) (३) दर्शिम् गणित, स्थान (Physical geography भूकम्प, वायु-प्रकोप) (४) निधिम् (Mincralogy खानी सम्बन्धी) (५) तर्कशास्त्रम् (Logic तर्क शास्त्र) (६) एकायनम् (Ethics नीति सदाचार शास्त्रम्) (७) भूत विद्या (Zoology-anolomy) (८) नक्षत्र विद्या (Astrology, astronomy ज्योतिष) (९) क्षत्र विद्या धनुर्विद्या (१०) सर्पदेवजन विद्याम् (सर्पको विष झार्ने) आदि आदि विषयहरु । विद्यार्थीहरु को रुचि अनुसार को विषय ने रोजेर पढाईन्थ्यो प्रतिकूल विषय उनी हरुमा जबर्जस्ती लादिदैन थियो । विशेष गरेर राजपुत्रलाई युद्धनीति, राज-नीति आदि तथा वैश्यपुत्रलाई वाणिज्य, व्यापार आदि को र क्षत्र पुत्रलाई कृषि-सम्बन्धी शिक्षा दिइन्थ्यो । गुरुकुल को सदाचार, नियमबद्धता र २५ वर्ष सम्मको ब्रह्मचर्यले गर्दा विद्यार्थीहरु हृष्ट-पुष्ट रहन्थे । भिक्षा मागेर ल्याउनु, स्वयं दाउरा बोक्नु, र गाइ चराउनाको मतलब थियो नम्र विनयशील एवं स्वावलम्बी बन्नु न कि आजकल को जस्तो भिक्षा मागेर जीवन निर्वाह चलाउनु । बड़ा बड़ा महाराजाधिराजका छोरा र एक गरीब किसान का छोरा मा नै गरीब मन्ने भेद भाव राखिदैन थियो ।

शिक्षक वर्ग पनि सदाचारी त्यागी, परोपकारी हुन्थे र पवित्र-आत्मा, निर्मल चरित्रवान् गुरुका आचरणबाट कोमल हृदय भएका छात्र को अन्तस्करणमा समाज सेवा र परोपकारी भावना को छाप पर्दथ्यो । "सह नाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै तेजस्विना वधीतमस्तु मा विद्विषावहै" जस्ता मन्त्र को पाठ पढाईन्थ्यो। जब स्नातकहरु अध्ययन समाप्त गरी गुरुकुलबाट अवकाश लिन्थे, त्यस समयमा शिक्षा दिइन्थ्यो—Couquer anger by pordon, conquer a bad man by good deeds, conquer a miser by giving more them, Couquer a liar by truth. यी किसिमको शिक्षा र गुरुकुलको सदाचार, नियमबद्धता ले गर्दा ऋषिमुनिहरुमा "पश्येमः शरदः शतं, जीवेमः शरदः शतं, शृणुयामः शरदः शतम्" भन्ने शक्ति थियो । यस समयमा विदेशीहरु पनि प्रशस्त आएर अध्ययन गरेर जान्थे । चिनिया यात्री ह्वेन साङ्ग आएर १२ । १५ वर्ष सम्म अध्ययन गरी विभिन्न भाषाका प्रसिद्ध ग्रन्थहरु लेखेर चीनमा गएर बौद्धधर्म को प्रचार गरे भन्ने कुरा इतिहासविज्ञ छौ ।

तर "यी वायुले थिइ खाएका दिए, यति हेर्दा हाम्रा मुख-मुख" भनेर पश्चिमी विद्वान् आज केही छैन ।

नेपालमा आजै किन यसो भएको भन्ने कुरा आजको वर्तमान शिक्षा अध्ययनबाट नै हो । अतः वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्न आवश्यक छ । साथ साथै यी कुराहरु हुन आवश्यक छ । हाम्रो पाठ्य-प्रणाली अझै धेरै विशाल र विस्तृत हुन पर्दछ । जस्तो—भूगोल-इतिहास, गणित, नागरिक-शास्त्र, अर्थशास्त्र, विज्ञान, इञ्जिनियरिङ्ग, चिकित्सा, डक्टरी, कृषिविज्ञान, पशु-पालन, इन्जिनियरी, मिलिटरी, कताई-बुनाई आदि । बालक-बालिका हरुको प्रतिकूल विषय, जबर्जस्ती लादेका खराबमा उत्साह-पूर्वक पढ्नाको बदला जीवन नै बर्बाद हुन जाने हुन्छ । अतः उनीहरुका रुचि-अनुसारको विषय छुनेर पढ्नु पर्दछ । कुनै पनि देशका बालक-बालिकालाई शिक्षित र देशभक्त बनाउँको लागि त्यस देशको साहित्य-संस्कृति र राष्ट्रभाषाको समुचित ज्ञान दिलाउन आवश्यक हुन्छ । हाम्रो राष्ट्रभाषा नेपाली भएको हुँदा त्यसको विकासका लागि संस्कृत भाषाको सर्वप्रथम अभ्युत्थान आवश्यक हुन्छ । किन भने साहित्य शास्त्रका रस, अलंकार, ध्वनि, छन्द र हाम्रो साहित्य-संस्कृति पनि संस्कृत भाषामा नै लेखिएको छ । नेपाली भाषाको अहिले सम्म अलग्गै अर्को छन्द शास्त्र, अलंकार शास्त्र बनेको छैन । फेरि संस्कृत साहित्यमा शब्दको अनिकाल छैन । एकै अर्थ बुझाउने हजारौं शब्द पाइन्छन् । सांच्चै भनौं भने संस्कृतलाई "शब्द भण्डार" भने अत्युक्ति न होला । के त्यसो भए संस्कृत का सबै शब्द नेपालीमा ल्याएर थुपार्नु त ? होइन नेपाली भाषामा प्रायशः शब्द संस्कृत बाट नै आएका छन्, तो शब्द कतिपय यस्ता पनि छन् संस्कृत को ज्ञान बिना शब्दार्थ नै लाग्दैन ।

पुनः प्राथमिक स्कूलका लागि ट्रेनिङ्ग पाएको अनुभवी र शुद्ध आचरण भएको शिक्षक हुनु पर्दछ । यस दिशा पट्टी वर्तमान चलि रहेको "शिक्षक तालिमी केन्द्र" ले केही आवश्यकताको पूर्ति गर्दैछ । शिक्षकको चरित्रमा बालक-बालिकाको भविष्य निर्माण हुन्छ, किन भने उनीहरूको

पाक-विज्ञान, शिशु-पालन आदि तालिम दिनु पर्दछ । निम्नवर्गका मानिस कामी, दमाई, भाङ आदि लाई शिक्षामा प्रोत्साहन दिने र । देखि कम उमेर भएका बालक-बालिका लाई निःशुल्क दिने प्रबन्ध सरकारका तर्फ-बाट हुनु पर्दछ । गाउँ जिल्ला जिल्लामा प्रौढ पाठशाला, रात्रो पाठ पुस्तकालय वाचनालय, प्रयोगशाला, अनुसंधानालय स्थापना सरकारका तर्फ बाट हुनु पर्दछ । यो कृषि देश भएको हुँदा वैज्ञानिक ढङ्गले खेती गर्न, साग पत बिरुवा लगाउने आदि कृषि शिक्षा दिनु पर्दछ । यस मले तले देखि व्यवहारिक शिक्षा भएको खण्डमा हाल खुल्न लागेरहेको त्रिभुवन विश्वविद्यालयको पनि सफल हुन सक्ने छ ।

शिक्षाको अभावले हुन्छ, जस्ता लगायो अनै खाले । यस शिक्षको चरित्र र आकार हुन हुनु पर्दछ । शिक्षको तर्फ बढी भएकोले जीवन निर्वाह का लागि अरु काम गर्नु पर्दैन हुँदा पढाइमा रुचि सारो ध्यान दिन सक्दैन । यस कोम्पानीको कदर गरी उचित वेतन दिनु पर्यो, जस बाट शिक्षकहरु दुखुसमा न डुबुन् । स्त्री-शिक्षा पनि सम्भिनुपर्ने हुन्छ हुनु पर्दछ । जब सभ्य स्त्री-शिक्षिता हुनेछन्, तब सभ्य छोरा पनि देशले प्रगति गर्न सक्छन । शिक्षित भएका खण्डमा एक पुरुषका परिश्रमले पालेको बराबर स्त्री-पुरुष दुबैले परिश्रम गरेमा पारिवारिक जीवन धेरै सुखी हुने छ र देशको उन्नतिको निम्ति पनि सहायक हुनेछ ।

तर सो हुनका लागि अलग्गै स्कूल, कालेज, अलग्गै तालिम, अलग्गै बोर्ड हुनु पर्दछ । कताई, बुनाई, सिलाई,

आशा

श्री खोम प्रसाद शर्मा, अधिकारी

ह्यर छुमलिङ् भन्कुटा,

एक अमेठो फाडमा
दिन्छ बल्को भक्का हातले

उभारें निस्कें म त्यसबाट
अनि बडाएँ पाइ क्यै मैले,

आँसोले भुत्ला भुत्ला
खोकी सकेको सारा देह,
सासुको वेग थाम्न न सक्दा
काँपी रहेको मेरो काया,
माग्यो रहेछु पेट पूजा को,
सामग्री क्यै आहार
तर को हेर्छ अनि को दिन्छ
सबै मस्त ली आफ्नो राग,
तै पनि म बढ्दै नै छु,
माग्दै खाँदै मुंडा टेक्दै
यो विश्वको त्यो उच्चशैलमा,
पुग्ने यै छ मेरो आशा

——

नारी को अस्तित्व

कु० अञ्जु श्रेष्ठ
गोविन्द कुटी, धरान

[कुमारी कञ्जु प्रतिभाशाली, हँस मुख मिलनसार र सत्यवादिनी छात्रा हुनुहुन्छ । यस कथामा यहाँ ले नारीत्व को पृष्ठभूमि को आज लाई स्वतन्त्र शैली मा व्यक्त नै भएको छ । हाल यहाँ काशी हिन्दू विश्वविद्यालय मा तृतीय वर्ष विज्ञान की छात्रा हुनुहुन्छ । शायद यो यहाँ को प्रथम प्रकाशित कृति हो । सं०]

"रेखा देवी प्रथम ।"

ताली को गड्गडाहट ले हल थर्कियो । उनी अधि पुरस्कार लिएर आइन् । साथीहरूले बधाई दिने मौका दिनन् । कथा प्रतियोगिता थियो । रेखा ले कथा लेखेकी थिइन् । वास्तव मा उनी उच्च आदर्श की थिइन् । प्रथम आय दोखो हुन उनी कहिल्यै जान्दिनथिन् । उन को साहित्य ले गजब को हुन्थ्यो । गहिरो भाव, सामाजिक रूप र मधुर शब्द को समावेश ले उनको साहित्य देखि न न हुने को होला ? रेखा को उज्ज्वल भविष्य को कपना गरी उनलाई प्रोत्साहन दिने शुभ चिन्तकहरूको मे कमी थिएन । झर झिमेक का सारा बालक-बालिका पनि समयमै रेखा संग भयाम्मिन आइपुग्दथे । तिनै बोध भोला-भाला मूर्तिहरू मा रेखा भविष्य को सुनौला रेखा को चित्रण गर्दथिन् । तिनीहरूको शारीरिक, मान- क विकास गर्न लीन रहंदा रेखा स्वर्गीय आनन्द को नुभव गर्दथिन् । समयमै विद्यालयमा उपस्थित भै अध्ययन थिन् रेखा । शिक्षक शिक्षिकाहरू यस्ती होनहार छात्रा एको मा आफ्नो प्रतिभा फैलाउन जीउ ज्यान ले कोशिश । सबै लाई विश्वास थियो रेखा अवश्य फलीभूत गर्ने न् उनीहरू को प्रयास लाई ।

पुरस्कार लिइ रेखा घर तर्फ लागिन् । मुमा बुबाले खुशी पूर्वक उनको हात बाट पुरस्कार खोसेर प्यारले छोरी पीठ थप्थप्याए । कोठा मा गएर बत्ती बालिन् । धकारमा एकले भविष्य को कल्पना बर्न लागिन् । प्रवे- शिका गरे पछि यौटा संघ खोली नारीत्वको विकास गर्ने प्रबल कामना छ रेखाको । धरान मा अहिले सरस्वती नारी शिक्षा को प्रस्फुटन भै रहेछ । तैं पनि कैयौं को धारणा छ छोरी लाई पढाई के गर्ने ? रेखा ले देखाउनु छ समाज लाई छोरी- लाई पढाउंदा पनि लाभ सिवाय हानी हुने छैन । गहन विचार मा तल्लीन रेखा झस्किइन् जब आमा को मृदु आवाज सुनिन्—

"अध्यारो मा किन रेखा ?"

"निदाएं छ आमा म ता ।" रेखा उठिन् ।

परीक्षा-फल निस्क्यो । उनी प्रथम श्रेणीमा उत्रिइन् । हर्षको पारावार रहेन । उनले न मान्दा मान्दै पार्टी को आयोजना भयो । सबै जना विदा भै सके पछि केवल रेखा का साथी रहे । उनीहरूले यौटा मासिक पत्रिका निकाल्ने निश्चय गर्नु के थियो कार्य रूपमा पनि परिणत भयो । धरान जनताले पत्रिका को सराहना गरे । द्विगुणा उत्साह ली उनीहरू कार्य- कमलाई सफल बनाउंदै गये । रेखा सबैको प्रिय पात्र बनिन् । उनको प्रतिभाले प्रभावित भएर अरु अभिभावक पनि कन्यालाई शिक्षित तुल्याउन पटि लागे । समय समय मा विचार-विमर्श गरि रहन्थिन् रेखा । बालिका विद्यालयमा उनको नियुक्ति भयो । छात्राहरू उनबाट शिक्षा पाउंदा अहोभाग्य संझन्थे । विद्यालयले काया फेर्‍यो । होनहार छात्राहरू आफ्नो प्रतिभा ली अघि बढदै थिए ।

शैशव को मधुर स्मृति लाई पन्साउंदै जीवन को दोस्रो खटकिलोमा रेखाले पाइलो सार्न लागिन् । उनको अनुपम रूपराशिमा अद्वितीय गुनले सूनमा सुगन्ध झैं भयो । बहु मुखी प्रतिभा ली बढेकी रेखा पूर्ण चन्द्र झैं प्रदीप्त थिइन् । भावावेशमा उनी जुरुक्क उठिन् ओछ्यान बाट । बाहिर चाँदनी शुभ्र छटामा बेहिएको थिइन् । सडक सूनसान थियो । स्वच्छ नील गगनमा तारोहरू टिमटिमाई रहेका···उनी पनि प्रसन्न थिइन्, आफ्नो सफलतामा । "धरान लाई प्रगति

को लक्ष शिखरमा पुऱ्याउने थियो ।" उनको आँखा साम्ने विकराल हेमाचलको थियो । प्राकृतिक देख्न धेरै पनि । यसपछि हिमाल देख्न धेरै पुगिन । तिनी भन्थे म कि कस्तो ? यहाँ के आकर्षण छ ? यहाँ के पाइन्छ ? यहाँ आएपछि तिमीलाई सिकाउने छु । मेरो प्यारी धरान । जन्म भर तिम्रै काखमा खेल्न पाउँ । तिम्रै शीतलता को स्पर्श गर्न म नित्य । तिम्रै सेवामा मेरो जीवन बितोस् । यही मेरो कामना छ । आशा...विश्वास...कल्पै छिनाएका मेरो धरान बाट । सिर्फ संगीनी रहने छ यहाँको स्मृति । हेरत । मुस्कुराथी तिमी...। थोपे उज्यालो देखन पाउँ तिम्रो मुहार । वेदना को पातलो रेखा पनि म देख्न चाहिन ।

"माला । के कुरा गर्न लाग्यौ तिमीहरू ? किन मलाई न मनेको ?"

"होइन रेखा, केही होइन । तिमी पनि आयौ कुरा सिदियो ।"

"मलाई त यौका लाग्छ ।"

"मनि देऊन त माला । उनलाई पनि त थाह होला ? अं रेखा पार्टी कहिले दिने ।"

"पार्टी ? के को ?"

"ओह । कति योगी ? केही थाह छैन हगि ?" यो गोरो मुहार दोधला ले अब त छोप्ने भयो । सीउँदो मा सिन्दूर चम्कने..." अनि तम्की मुख मुनिदिन् रेखाले । कपोलमा लाली दौड्यो आँखा मा हल्का तरंग र अधर मा कम्प । उनलाई पनि थाह थियो आउँदो महीना जीवन संग बिहे हुने कुरो ।

आगोलाई को सेलाउन पार आएपछि दै रेखा फर्किन । हर्षले रोमाञ्चित थिइन । मालासित अन्तरङ्ग फर्किन । माला अत्यन्तनै खिइन । मलीन मुख देखि रेखा छट्पटाई । माला आँसु आवरुद्ध थालिन् चुपचाप ।

"आखिर जाने भयौ हगि ?" रेखा विस्मित थिइन् ।

"सिरानलाई...मा...मलीन बैन...।" अवरुद्ध भै माला ।

रेखा छट्पटाई । सिरानेमा मुख लुकाइन् ।

"के भयो मलाई ?"

"जाऊ, खाम खुला खोई !"

"के गर्छौ र बाबू अब ? बचन दी थ्यौ । धनी, राम्रो, खाइलाग्दो छ ।" माला संकोचन गर्दै ।

स्वतन्त्र चरी मुनको पिंजडामा जकडिन् माथ रेखा आज उनलाई रहेन । "कुलीन सुहारी ले संसार काँटेर जानु हुन्न ।" यसले गर्दा रेखामा विलीन भए, उनको कामना । उनले आफैं लाई सिर्फिन् ।

हर पूर्णिमा को दिन आकाश तिर हेरी रहने छिन् । कहाँ गए ती आशा दर्शन ? आह मर्छिन् । गुरु प्रदीप लाई हेर्छिन्, जो बेखबर छ, जसलाई रेखाको को ख्याल छैन । उनको आतुरता को तह प्रदीपमा सामर्थ्य कहाँ ? जीवन ! रेखा एक्लिन्छिन् छ वर्ष बिवाह भएको भए.....।

"रेखा... ... नारी... ... अबला"

हो, तिनी नारी थिइन् । यसैले उनी झिक्छिन् धरान पुग । चन्द्रमा तिम्रै जीत भयो । आखिर म नै हुँ । नारीको अस्तित्वको कदर खोई र ?

क्षीण काया मा रेखाको अतीत चमिलिंदै छ । ती थरी दिनको उनलाई प्रतीक्षा छ जब उनको प्रति अस्तित्व बौद्धिकता र दक्षता को पराकाष्ठा आगो स्वतन्त्र भै गएर मिल्ने छ, नील गगनको शुष्क वक्ष अनि उनको आँसु वर्षने छ धरती हाहाकार गर्ने छ, बिजुली चट्किनेछ उनको मुस्केरा ले, अनि यस चिरयात्रामे छ तिनको मुद्ध जस्लाई नारीको अस्तित्व थाहर छैन ।

श्री पन्तकाली अध्ययन मण्डल (पुस्तकालय) बहु- प्रशंसित पुस्तकालय हो । यसको जीवन जोगाउन विशेषगुहोस् ।

'संस्कृत शिक्षा बारे मानो विचार'

ले०—आत्मा शर्मा चापागाईं

पू० नं० ४ दिङ्ला

[आत्मा जी शास्त्री प्रथम वर्ष का छात्र हुनुहुन्छ । यहाँ को हात कविताभा मात्र हैन निबन्ध र कहानीमा पनि प्रशस्त चलेको छ । यहाँ का अप्रकाशित कृति हरू पनि धेरै छन् । सं०]

मानव जीवनमा २ वाद को समन्वय पाइन्छ, अध्यात्म र भौतिक वाद । यसमा देश काल परिस्थिति र संसर्गले प्रायः मानव एक पटि मात्र ढलिक्यो भने पनि जीवन सन्तुलित रहन असाध्य पर्दछ ।

समय परिवर्तन शील छ । यस्तो पनि समय थियो जब अध्यात्म शक्ति को प्राचुर्य थियो, अहिले मानव जाति भौतिक वाद को चकाचौंधमा रंगिएको छ ।

यी २ तत्व संसार का सार हुन्, अध्यात्म को मूल स्रोत संस्कृत साहित्य हो, भौतिक को अर्वाचीन शिक्षा ।

संसारी प्राणीमा मानव अरु प्राणी भन्दा पृथक् छ । ज्ञयना साक्षात्कार गर्न सक्छ, बोल्न सक्छ, लेख्न सक्छ, यसैले अरु प्राणी भन्दा मानव शक्ति शाली छ ।

आदिम युग देखि मानवले विभिन्न तत्व को अन्वेषण गर्न शुरु गरेको हो तर हाम्रा पूर्वज मध्ये धेरै ले आध्यात्मिकता को सहारा ले प्रायः लिए । उनीहरु को विचारमा "भौतिक तत्व" केवल मात्र थियो । यसैले प्रायः भौतिक विचार हरु परिष्कृत भएर मौलाउन पाएनन् ।

संस्कृत शिक्षा को महत्वमा अध्यात्मवाद ले अवलम्ब छ । अध्यात्मको महत्व बुझ्ने ले संस्कृत को मर्म जान सक्छ, किन कि संस्कृत शिक्षामा ले अध्यात्म विवेचन छ । यहाँ अध्यात्म वाद र भौतिक वाद को विवेचना होइन, मानव र संस्कृत भाषा को विवेचना प्रस्तुत गर्ने चेष्टा गरिएको छ तर मूल कारण संस्कृत को महत्व अध्यात्म ज्ञान ले हुने हुंदा यस देखि पृथक् विवेचन रहन मुस्किल छ ।

मोटा मोटी रुपमा आध्यात्मिकता को सहारा, सन्तोष, कर्तव्य र विश्वास हो । भौतिकता को सहारा हो असन्तोष, कर्तव्य र प्रत्यक्षमा विश्वास ।

यी दुइ वाद को ज्ञान शिक्षा का दुइ प्रवाहमा निर्हित छन, प्राचीन शिक्षा संस्कृत साहित्य, र अर्वाचीन शिक्षा । मानव जीवनमा मन (इच्छा) को ठुलो विजय छ । मानसिक चित्तवृत्ति ले जीवन को प्रवाह लाई चल राख्छ ।

असन्तोष, कर्तव्य र दृष्ट वस्तुमा विश्वास (भौतिक) मा मानव जीवन को परिधि निश्चित रहदैन । यो विचार प्रधान हुंदा ले प्राचीन अध्यात्मवादी हरु ले अध्यात्म वाद को सहारा लिए ।

प्रकृति को कणमा मानव पाखिएको छ, मानवले मानव लाई जान्यो भने मानवता पूर्ण रहन्छ, अभाव कुनै रहदैन ।

सन्तोष कर्तव्य र विश्वास (अध्यात्म) को सामञ्जस्य शान्तिमा फल्दछ ।

भौतिकताको प्राचुर्य उपलब्धमा पढिन्छ । साहित्य समाज को दर्पण हो, साहित्य मा समाजको प्रतिविम्ब रहनु को साथै त्यस्ता समाजको निचोड तत्व पनि छिपेको रहन्छ । मानव आत्माले जस्तो साहित्यको सेवन गर्दछ उस्तै भावना मा परिष्कृत हुन्छ ।

आदिम युग देखि आज सम्म को प्रतिविम्ब संस्कृतमा विम्बित छ । संस्कृत साहित्य न त कर्म काण्ड प्रधान छ, न त यसले मानसिक प्रवृत्ति ले हटाई दिन्छ । यसै साहित्यमा पोखिएका कालिदासले मानव लाई "प्रचीन न राम्रो छाडेर नवीन राम्रो लेउ" भन्ने सन्देश दिएका छन् ।

आजकल कैयौं दम्पति "तलाक" "कोर्ट म्यारिज" को आश्रय मा छन् तर कालिदास को मेघदूत मा यक्ष को सन्देश यक्षिणी प्रति जस्तो छ त्यस साहित्य ले द्रवीभूत भए को मानिस ले कहिल्यै "तलाक" को अवलम्बन गर्ला ?

म अन
भदैं गएँ ।
जाडो को मु
पनि रोकिएन
अग्ला गगन
उठाउंदा उ
पनि बुढो दे
बैनो वी
इच्छा भएर
चाहन्न थिइन्
गरेको चिया
खाटमा परिन्
म हडवडाएँ
आँखा का सम
वैनी म बाट
औषधि भयो ।
पैसा को अभाव
को पूर्ति कतै ब
डाक्टर को घर
मुख वाएर खडा

दीपावली

महल देखि
तर, मेरो घरम
हेको थियो ।
नी रहेकी थि
कागज का पन्न
टिमटिमायेको त्य
लागि निम्यो ।
मेरो आँखा

×

म खोला कं
मानस पटलमा
म हडवडाएँ
अभागी रहेछु
रहे छ । यो स्थि
को । एकाएक मेर
भइ सकेको रहे

अथवा:—

वाले ! नाथ ! विमुञ्च मानिनि रूपं रोषान् मया किं कृतम्, खेदोस्मासु न मे ऽपराध्यति भवान् सर्वे ऽपराधा मयि। तत्किं रोदिषि गच्छदेव वचसा वस्थाग्रतो रथते । यो साहित्य को भाव र मर्म बुझ्ने दम्पति तलाक मन पराउलान् ?

इन्दुमती को वियोग मा विचलित भएका अज लाई वशिष्ठ को सन्देश ले दिल सन्तोष भएको व्यक्ति विरह मा आत्म हत्या गर्न तम्सिएला ?

जुन हृदय मा प्राचीन कवि को जन्म भूमि वर्णन र प्रकृति वर्णन को अमिट छाप छ त्यो हृदय देश द्रोही होला ?

अब यो त निश्चय नै भयो कि संस्कृत साहित्य मा समाज को प्रतिबिम्ब साथै भावना को निचोड छ ।

विज्ञान का चमत्कार वारे पनि यो पछि छैन ।

राजा रामचन्द्र को पुष्पक विमान को रहस्य पुराना मिल्किएका संस्कृत का पुस्तक हरू मा अन्वेषक को प्रतीक्षा गरी गुम्सि रहेका छ ।

औशनस सूत्र, वात्स्यायन सूत्र, स्मृति ग्रन्थ हरू मर्मज्ञ को अभाव मा थन्किएका छन् ।

योग र समाधि को विवेचन मा कैयौं प्राचीन आचार्य का शरीर र मस्तिष्क का नसा नसा समेत वर्णन भएका ग्रन्थ धूलि धूसरित भएर लुप्त प्रायः हुन आंटे ।

तर पनि कैयौं शिक्षित भन्ने का विचार मा संस्कृत मा आधुनिक जीवन संग को संसर्ग छैन भन्ने विचार पत्थर भए को पाइन्छ । यो त संस्कृत को तत्व न जान्ने ले "अंगूर खट्टा छै" भन्ने स्याल को जस्तो सन्तोष लिए को हो ।

संस्कृत इह लौकिक र पार लौकिक माङ्गल्य को मात्र साधन हो भन्ने र कर्म काण्ड को मतलब मात्र दर्शाउने संस्कृत प्रेमी नै कर्मकाण्डी विद्या मात्र विद्या हो भन्ने दुवै नै संस्कृत ज्ञान भण्डार का मूसा, छुचुन्द्रा हुन् । दुवै थरी संस्कृत का निमित्त अभिशाप हुन ।

परिस्थिति ले दर्शाई सकेको छ, संहार को भौतिक उन्नति उन्नति होइन, अविश्वास ले चैन पाइदैन भन्ने । नत्र जुन रूस, अमेरिका ले पल पल मा संसार थर्काउने हतियार उत्पत्ति गरे आज उनै अस्त्र समुद्रमा डुवाउने विषय मा रडाको मचाउनु किन पर्दथ्यो ? मानव चित्त र भीषण चीत्कार चाहंदैन तर उसको दिल मा रहे अभिलषित वस्तु हो शान्ति । जुन साहित्य को मूल शान्ति हो त्यस साहित्य प्रति घृणा दर्शाउनु उचित छैन ।

संस्कृत भाषा प्रति मनुष्य चिरऋणी छ । सृष्टिको प्र प्रहर मा जब कि मानिस भाषाको अभाव मा इशारा भरमा निर्वाह गर्द थिये होला त्यस समय मानिस को मि फटकारने प्रथम साधना संस्कृत भाषा का शब्द हुन ।

यस विषय मा पूर्वी र पश्चिमी धेरै मतान्तर भएता धेरै विवादको पर्यालोचन भन्दा यो लेख को निमित्त "देववाणी" हो र संसारमा सब भन्दा प्राचीन "ऋग्वेद" संस्कृत भाषा मा छ भन्नुनै प्रर्याप्त प्रमाण छ ।

जुन भाषा ले आफ्ना पूर्वज देखि आसर दिंदै आए छ, आज त्यसलाई तुच्छ भन्नु कृतघ्नता न भए कृतघ्न कुनै साकार चरो हो र ?

अंग्रेजो साहित्य मा "शेक्सपियर" का साहित्य भूत कथा भए भनेर आज कुनै अंग्रेज ले आफ्नो महत्ता प्रद गर्दछन् ?

साहित्य ले पात्र को मूर्ति होइन तर "हृदय संवे भावना" दिन्छ ।

नेपालमा सर्व प्रथम स्थापना भएको शिक्षालय संस्कृ पाठशाला हो ! प्राइम मिनिष्टर रणोद्दीप सिंह ले १, जना पंडित द्वारा १०।१२ जना छात्र पढाउने व्यवस्था गरी स भन्दा पहिलो शिक्षालय राजधानी मा स्थापित गरेका हुन् अव्यवस्थित रुपबाट चल्दै वीर शंसेर ज० ब० रा० पाला मा सोही सानो संस्कृत पाठशाला ले रानो पोख किनारमा "दर्बार हाई स्कूल रानो पोखरी काठमान्डू" भै सानो संस्कृत पाठशाला नै नेपाल मा शिक्षा को जग को हो । समय अनुसार पाईला सार्नु पर्दछ । चारै तिर दुष्मन ले देश को सार्वभौमिकता मा पेच कसदै आए बेलामा हाम्रा वीर पूर्वजहरूले जन्म भूमिको मौलिक जोगाउनु कर्तव्य देखे र थियो पनि । जस्को फलस्वरुप आ हामी स्वतन्त्रता प्राप्त को उद्यान मा छौ, उस्ता वीर पुरु ले जोगाएर हामी लाई सुम्पिएको स्वतन्त्र देशलाई हामी समयानुकूल उज्वल पार्नु छ ।

मानवता अथवा धर्म

छविलाल पोख्रेल, व्याकरणाचार्य

[प्रसिद्ध विद्वान् पोख्रेल ज्यू को परिचय, धरान, धन्कुट्टा का शिक्षण संस्थाले दिएकै छन्। वहाँ जन-प्रिय समाज सेवी र सफल व्याख्याता एवं शिक्षक हुनु हुन्छ। हाम्रो प्राचीन विचार लाई घरै पटक वहाँ ले समाज-अगाडी ल्याइ परिचित गराउनु भएको छ। हाल श्री पिण्डेश्वर संस्कृत महा विद्यालय, धरान का प्रधानाचार्य हुन हुन्छ। सं॰]

संस्कृत भाषा को यो मानव शब्द नेपाली र हिन्दी भाषामा समेत जस्ता को तस्तो लेखिएको छ। संस्कृत भाषा का शब्द प्रायः सबै नै गम्भीर अर्थ भएका छन्। तिनमा पनि यस मानव शब्द को अर्थ सारै नै महत्व पूर्ण छ।

हाम्रो आर्यभाषाहरू को मांऽर सबै भाषा भन्दा परिष्कृत संस्कृत भाषा काल क्रमले त्यसै रूपमा क्रियापद सहित जनताले बोल्न छोड़ेको छ ता पनि संस्कृत भाषा का शब्द बाट नै नेपाली भाषा र भारतीयहरू पनि संमृद्धिशाली छन् र अब पनि संस्कृत बाट नै ई भाषाहरू अझ संमृद्धिशाली बन्लान् भन्ने आशा छ। संस्कृत का शब्द ई भाषाहरूमा जस्ताको तस्तो र केही बदलिएर पनि आएका छन्।

मानव शब्द को अर्थः—ब्रह्माका छोरा मनु हुन्। उ पृथ्वीमा सर्व प्रथम राजा थिए। उनका सन्तानबाट पृथ्वी भर मा मनुष्यहरू बढेका हुन्। यो कथा पुराण, काव्यहरू मा छ। मनुस्मृति अ० १ श्लोक ३३ मा "प्रजापति ब्रह्मा-बाट मनु उत्पन्न हुनु भयो, वहाँ बाट नै सम्पूर्ण प्रजा को सृष्टि हुन गयो" भन्ने छ। सबै मनुष्यलाई कहने एकै अर्थ भएका प्रचलित शब्द मानव[1], मनुष्य, मनुज[2] मानुष इनै ४ हुन्।

मनु शब्द बाट अपत्य अर्थमा प्रत्यय भएर बनेका मानव, मनुष्य, मानुष २ र मनु पूर्वक जन धातु बाट बनेको मनुज १ समेत ४ हुन्, ई सबैको अर्थ मनु-सन्तान हो। त्यसो हुँदा पृथिवी भरका मान्छे, जहाँ बसेका, जस्ता आचार विचार का, जुन जात का भए पनि मनु-सन्तान हुन्। त्यसो हुनाले पृथिवी भरका मानिसका साथ भ्रातृ भाव ल्याउन प्रयास गरेको स्पष्ट सिद्ध हुन्छ। मानव हरूमा भ्रातृ भाव आवश्यक छ। भ्रातृ भाव किन सब का साथ मा चाहिन्छ

भने कैयौं कुरा यस्ता छन् जो पृथ्वी भरका मानिसले मंजूर गरी कार्य रूपमा परिणत गरे भने मात्र मनुष्य समाज लाई फाइदा छ। एउटा दुइटा राज्य ले मात्र लागु गरेर फाइदा हुन सक्दैन।

उ बेलामा अचेल जस्तो यातायात को साधन न हुँदा पनि आर्यहरूले पृथ्वी भरका मानिसहरू संग भ्रातृ भाव राखी

(पृष्ठ ७० को शेष)

देश को मौलिकता को सुरक्षा गर्न र देश, समाज लाई प्रगति पथमा डोऱ्याउन का निमित्त केवल नयाँ नेपाल को नारा र स्वप्न ले हुंदैन। दिव्य चक्षु शिक्षा नै हो। आफ्नो मौलिक संस्कृति, शिक्षा प्रणाली, इतिहास आदि नै मौलिकता को आधार हो।

अतः संस्कृत मा नयाँ प्रणाली को समावेश गरी नरिबल का जटा भित्र रहे को फल लिए जस्तो गरी संस्कृत को अन्त गूढ़ ज्ञान नेपाल लाई दिन सक्नु पर्दछ। संस्कृत शिक्षाको महत्व विचार न गरी अंग्रेज ले गरेको ऋग्वेद को अनुवाद मा नाक अल्गाई आफ्नो देश को मूल ग्रन्थ लाई घृणा गर्नु अज्ञानता हो।

अफ्नो देशमा भएको एक मात्र 'विश्व विद्यालय' ले संस्कृत को भार न संभालेको मा सबै शिक्षा प्रेमीको दिलमा खट्का पर्नु स्वाभाविक छ।

---

१ मनोरपत्यं पुमान् मानव मानुष, मनुष्य। २ मनोर्जातः मनुजः। स्त्री चेत् मानवी, मानुषी, मनुजा।

संगठन गर्न आवश्यक संझो त्यसका लागि जग बसाले। झन अचेलता मुख्य मुख्य राज्यमो। उत्रिदै, घुम्दा दश, एघार दिनमा पृथ्वो घुमिसकिन्छ। पृथिवी को कुनै राज्यमा नयां किसिम को सुख दुःख वा कुनै आविष्कार भएमा त्यस्को प्रभाव पृथ्वी भरको सबै राज्यमा पर्छ। यौटा कुनामा युद्ध भयो भने पृथ्वी भरमा महँगी वढ़छ। त्यसो हुँदा र अरु अनेक कारण वाट पनि अबता अणुवम, क्षेप्यास्त्र आदि वाट सबै जीव खतम हुन संभव छ। पृथिवी भरका मनुष्य-हरू को भ्रातृ भाव का साथ एक संघटन हुनु पर्ने अवस्था आएकोले हाम्रा पुर्खा आर्यहरूले उठाएको कामलाई कार्य-रूपमा ल्याउन हामीहरूले अग्रसर हुनु आवश्यक छ।

उस वेलामा सबैतिर लागु गर्नु पर्ने कैयौं कुरा थिए हे'लान्। अचेल निरस्त्रीकरण (अहिंसा) र सन्तति निरोध आदि अनेक विषय छन्। त्यस्ता असंख्य विषय पछि पनि आइपर्नेछन्, जो पृथ्वी भरका मानिसमा लागु न गरी एक राज्यले मात्रा लागु गरेर फायदा हुन सक्ने छैन।

निरस्त्रीकरण:—यस वारेमा कृष्णजीले महाभारत उद्योग पर्वमा भनु भएको छकि—"पैले हतियार को आवश्यकता न हुंदा वनाएकै थिएनन्, पछि दस्युहरूले दुःख दिन लागेकोले हतियार वनाई लिन लागेको हो। वास्तवमा युद्ध अत्यन्त खराव कुरा हो।" इत्यादि। कुनै यौटा दुइटा राज्यले निरस्त्रीकरण आफ्ना राज्यमा लागु गरेछ भनेता सैद्धान्तिक दृष्टिले त्यो अति उत्तम ठहरे पनि व्यावहारिक दृष्टिले हेर्दा हानिकारक ठहरिन्छ।

सन्तति निरोध:—यो पनि पृथ्वी भरमा लागू गरेमात्र राम्रो लाभ दिन सक्छ। यस्को आवश्यकता अचेल किन संझेकाछन्? उसवेला धेरै सन्तान को किन इच्छागर्थे भने उसवेला जंगल धेरै थियो। अशोक महाराज को राज्य २२ सहे वर्ष अघिको हो। वहां को शिलालेख वाट जहां-तहां ठूला-ठूला जंगल भएको कुरा थाहा पाइन्छ, जस्मा वस्ने जंगली जाति संग वेला-वेलामा संघर्ष हुन्थ्यो। मनुष्य संख्या कमथियो। युद्ध हुंदै रहँदा मान्छे धेरै नष्ट हुँदै रहन्थे। त्यसो हुँदा सन्तान वृद्धिको महात्म्य थियो। ऐले जंगल सारै कम छ, मनुष्य संख्या २ अरब २० करोड भन्दा वेसि छ। यसै पृथ्वीको खाद्य पदार्थ वाट ई मनुष्यहरू को जीविका हुन्छ। वैज्ञानिक तरीका वाट खेति गर्दा यो भन्दा दोवर चौवर होला। तर अपरिमित वृद्धि हुन सक्तैन होला। मनुष्य संख्यामो यो भन्दा ६ गुणालाई पुग्ला, १२ गुणा मनुष्य बढ़ेमा पुग्ने छैन। चन्द्रलोक, मङ्गललोक आदि मा यहाँ को मान्छेलाई सार्ने प्रबन्ध होला भने कुरा पनि चाँडै कार्य रूपमा आउने होइन। भारत का एक करोड मानिसलाई अमेरिका लानु पर्यो भने कति रेल, जहाज विमानले कुन समयमा लगी सक्ला? ऐले सम्मको उन्नतिले पनि पृथ्वी जनसंख्या पृथ्वी को कुनै कुना मा सार्न ठुलो समस्या पर्छ यो पृथ्वी बाहिर भरखर उपग्रह छोडेर अध्ययन हुनलागेको छ; त्यहां को यातायात साधन कैले ठुलो जन संख्या सार्न सक्ला? त्यस्को भरोसा गरेर ऐलेको आपत्ति हटाउने उपायमा न लाग्नु अनुचित हो।

युद्धवाट जनसंख्या घट्नु पनि अत्यन्त अनुचित देखिन्छ। किनकि लडाईमा जवान काम गर्न सक्ने मानिस मर्दा वांचेका मानिसको अत्यन्त दुर्दशा हुन्छ। मर्नेका वच्चा ठुलो दुर्दशा भोगी वाँचेकाले सारै कमजोर र देशको भार स्वरूप मात्र वन्न संभव छ। परमाणु वम को प्रयोग नगरी पनि तीन करोड जन संख्या भएको कोरियामा "एक करोड सकिए वांकिमा पनि ७० प्रतिशत वम, गोला घर भत्किई घर न भएका र घरका साथ अरु सामान पनि नभएका हुंदो अत्यन्त दरिद्र भएका छन्, जाडो कहा छ।" भन्ने खबर २००८ श्रावणमा आएको थियो। त्यसरि जन-संख्या घटनु उचित होला? झन् परमाणु वम, हाइड्रोजन, उदजन वम छोड्दा कस्तो हालत हुन्थ्यो होला? त्यस किसिम जन संख्या घट्ने घटाउने कुरा मनमा पनि आउन दिनु हुँदैन। यस्तो सारै दुर्दशाका साथ मनुष्य जातै मास्ने युद्धलाई जसरि भए पनि रोक्ने तर्फ मनुष्य मात्रले लाग्नु पर्छ। असल कार्य का निम्ति कुनै व्यक्ति वा देशको वलिदान गर्न आवश्यक छ भनेता अगि सर्नै पर्ने हो। तर आफ्नु पुरा गर्ने उद्देश्यले मनुष्य संहार गर्न अत्यन्त खराव हो। माल्थस पन्थीको भनाइ अनुसार रोग, महामारी वा मनुष्य संख्या घट्नु पनि वेठिक हो। जन्मेका मानिस पुरा आयु सम्म वांचुन्, नीरोग हुन्। यही भावना वेदले मनुष्य समाजमा प्रकट गरेको छ। यही उद्देश्य प्रत्येक मनुष्य लिनु पर्छ। पृथिवी को वढ़्ने उम्मेद छैन। मनुष्य संख्या वढ़दे जानेहो भने कुनै दिन खाद्य समस्याले अति भयं

१ मा पाध्यायुषः। शतञ्जीवेम शरदः। मानो मध्या रिषतायुर्गन्तोः। शुक्ल यजुर्वेद।

रूप लिन सक्ला । त्यो आपत्ति आउनु भन्दा अघि नै जन संख्या को अति वृद्धि न होस् यस तर्फ ध्यान दिंदा सन्तति निरोध नै हुनु वेस देखिन्छ ।

यसमा प्राचीन व्यवहार:— कुनै समयमा विचारकहरूले २५ वर्षको उमेर मा निहे गर्ने, ५० वर्षको उमेर देखि स्त्री देखि अलग रहने, स्त्री, विधवा भएपछि जनम भर त्यसै रहने पुरुषहरू पनि जनम भर ब्रह्मचारी वा सन्यासी धेरै संख्यामा हुंदै रहने ४ सन्तान[1] भए पछि ब्रह्मचारी भै रहने इत्यादि व्यवस्था बताएको देखिन्छ । इ कुरा कति सम्म लागु गरिए यो इतिहास को विषय हो ब्रह्मचारी, संन्यासी, विधवा बहु-संख्यामा रहेको इतिहास सिद्ध छ । आफ्ना खुशीले लोक कल्याण का निम्ति त्यसरि रहनु उचितै छ अर्काका करले होइन ।

महात्मा गांधीको मत इन्द्रिय निग्रह द्वारा सन्तति निरोध गर्नु हो । लागु गर्न सके यही उपाय सर्वोत्तम हो । तर हाल वहां को सिद्धांत लागु हुने छांट देखिदैंन । वहा ले ता० ४ सन्तान भएपछि ३७ वर्षको उमेर देखि स्त्री छंदैपनि ब्रह्मचर्य व्रत को पालन गर्नु भएथ्यो । त्यसो हुँदा स्वास्थ्यमा हानि नहुने गरी सन्तति निरोध का अरुनै उपाय तर्फ लाग्नु नै वेस देखिन्छ । जनसंख्या रोक्न एक दुई देशले सन्तति निरोध लागु गर्दा पनि विशेष फल हुँदैन । अरु देशहरूले सन्तानको अतिवृद्धि गरिदिए र ती बढेका मानिस आइ वस्न खोजे भने युद्धले रोक्ने वेला हुन्छ न रोकेमा "जति पुग्छ उति जमीन बांडो लिन्छौं" भन्न आइपुग्छन् । पृथ्वी भरको मानिस मा यस्ता कुरा लागु गर्न र अरु उन्नति हुने काम गर्न समेत पृथ्वी भरको एक राज्य बनाउने चेष्टा गर्दा युद्ध पर्न संभव छ । झन् अनर्थ भयो । युद्ध गरेर पनि कार्य सिद्धि भएता हुन्थ्यो, तर झन् नयाँ समस्या खड़ा हुन सम्भव छ । त्यसो हुनाले आफु निरस्त्र दुर्बल भएर होइन आफु सबल भएर सचाई का साथ पृथ्वीभर भ्रातृभाव फैलाई संघटन गर्ने र आवश्यक कुरा सर्वत्र लागु गर्न चेष्टा गर्ने काम प्राचीन आर्य हरुले गर्न थाल्को बुझिन्छ । यो काम उत्तम हो । यसै कामको जग बसाल्ने मानव वा मनुष्य शब्द हुन् । यस बारे "अयं निजः परोवेति गणना लघु चेतसाम् । उदारचरितानान्तु वसुधैव कुटम्बकम् ।" भनिएको छ ।

१ चतुर्थे ब्रह्मचारी स्यात् । विष्णुस्मृति अ. १ श्लोक २६ ।

भ्रातृ भाव फैलाउनु धर्म पनि हो—भ्रातृ भाव फैलाउन धार्मिक ग्रन्थहरूले ज्यादा सहायता दिएको छ । "ईशा-वास्यमिदं सर्वं यत् किंचित् जगत्यां जगत् ।" शु० य० अ० ४ मं० १

"पुरुष एवेदं सर्वम्" य० अ १३—२। यो भूत, भविष्यत, वर्तमान जगत् पुरुष, (ईश्वर) नै हो ।" ममैवांशो जीव लोके जीवभूतः सनातनः ।"

जीवमा भ्रातृ भाव आवश्यकै भयो । "धारणाद्धर्म मित्याहु म० भा० शा० कर्ण पर्व ।" धर्म शब्द धृधातु बाट बनेको हो । त्यसको अर्थ धारण गर्नु हो । प्राणीहरू लाई योग्य पदार्थ द्वारा धारण गर्ने हुनाले धर्म भनेको हो । जस्तो मानव, मनुष्य शब्द भ्रातृ भाव पैदा गर्ने जग हो त्यस्तै धर्म शब्द पनि गम्भीर अर्थ भएको भ्रातृ भाव फैलाउने अर्को जगहो । जुन व्यवस्था बाट प्राणीहरू लाई फायदा हुन्छ त्यो धर्म हो महाभारतमा तीन श्लोकले धर्म[1] शब्द को अर्थ गरेको छ । पैलो श्लोक माथि बताइयो । मानव शब्द द्वारा मनुष्य मात्र को भ्रातृ भाव फैलाइ उन्नति चिताएको बुझिन्छ त धर्म द्वारा प्राणी मात्र को उन्नति चिताए को स्पष्ट हुन्छ ।

ईश्वर को भजन गर्नु पनि धर्म को आवश्यक अंग हो, यो कुरा हाम्रा सबै धार्मिक ग्रन्थहरूमा बताएको छ । (म० भा० अनु० प०) सबै भन्दा ठूलो धर्म स्तुति द्वारा भगवान् को भजन गर्नु हो ।"

ईश्वर भजन र जनहित :—ईश्वर भजन का बारेमा अनेक विधि विधान बताएको छ तापनि जनहित त्यागेर गरेको ईश्वर भजन लाई निन्दा गरेको छ, अझ जनहित नै ईश्वर भजन हो भन्ने पनि बताएको छ । वास्तवमा सच्चा ईश्वर को भक्त स्वार्थी न हुंदा जनहितमा बाधा पर्ने कसरि ? "प्राणीहरू का साथ खराब व्यवहार गर्ने मानिसले अनेक तरहका द्रव्यले पूजागरे पनि म खुशी हुन्न ।" भा० स्कन्ध ३ अ० २६ :—अर्थः २—सम्पूर्ण प्राणी हरू मा भूतात्मा रूपले बसेको छु । मलाई केही चीज दिने, सन्मान गर्ने,

१ धारणाद्धर्ममित्याहु । प्रभवार्थायभूतानाम् । अहिंसा-र्थाय भूतानाम् ।

२ एषमे सर्वधर्माणां धर्मोऽधिक तमोमतः । यद्भक्त्या पुण्डरीकांक्ष स्तवै रर्चेन्नरः सदा । २ गीता अन्छ श्लोक १२।

मित्रता को व्यवहार गर्ने, अभेद दृष्टि राख्ने ई ४ प्रकारले पूजा गर्नु ।" "सबै प्राणीलाई अभय प्रदान गर्नु, सबै लाई अनुग्रह गर्नु, सबैको उपकार गर्नु, शिवको भजन हो ।" (शिव पुराण) यस्तै योग वाशिष्ट र देवी भागवत पनि भनाएको छ । गीतामा जहां तहां "सर्व भूते हिते रताः" इत्यादि विशेषण भक्तहरूलाई दिएको छ । नित्य गरिने धार्मिक कर्म तर्पण र वैश्व देवमा समेत संसार भरका दृश्य र अदृश्य जीवहरुको समेत तृप्ति को उद्देश्य लिने र केहि पर. सार्ने गरेको छ । यो सबैमा सद्भावना गरैको हो ।

वेदमा र मनुस्मृति महाभारत हरू मा पाइने हुँदा यो मत पुरानो हो । कार्य रूप मा ल्याउने चेष्टा गरेको पुराण महाभारतहरू बाट बुझिन्छ । उस वेलाका समस्या-हरूमा मुख्य समस्या राक्षसहरू संग को युद्ध थियो । राक्षस हरू मनुष्य नै थिये । तिनीहरूले मनुष्य को मांसु खाएको कुरा जहाँ-तहाँ लेखेको छ । विराध राक्षसले रामचन्द्रलाई खान खोजेको, ऋषिहरूले रामचन्द्रलाई दण्डकारण्यमा मान्छे खाएको कुरा सुनाएको, रावणले सीतालाई हकाउँदा "तर्कारी भुटुवा बनाउनु असल मीठा मसाला धरी" भनेको, हिडम्बले भीमसेन हरूलाई खान खोजेको, शूर्पणखा ले खोजेको समेत ले र कालापानी द्वीप का निवासी र अफ्रिका का ठूला जङ्गलमा बस्ने मानिस हरु पनि हानें मानिस हरूको मासु अचेल पनि खादै रहेको. आदि बाट समेत उस वेला पनि मनुष्यको मासु खाने मनुष्य जात रहेछन् । जस लाई राक्षस भन्दथे । यस बारेमा यशपाल जी को लेख पनि पेश गरिन्छ "काला पानी द्वीप के निवासी या अफ्रीका के घने जङ्गलों में रहने वाले लोग आज भी अपने शत्रु को युद्ध में हराने पर उसे मार खा जाना ईश्वर का दिया अधिकार समझते हैं। (सन् १९५१ मा प्रकाशित राम राज्य की कथा प्र. ३) यद्यपि अमरकोषमा देवयोनि जात को गन्ती गर्दा राक्षस शब्द पनि गनिएकोले र दैत्य, दानव, असुर, राक्षस आदिको कहीं नाम निसान हुँदा श्राद्ध पद्धतिमा जहाँ-तहाँ तो राक्षस हरुलाई हटाउने मन्त्र द्वारा तिल छर्ने विधि बताएको ले समेत ती राक्षस हरु पिचाश, भूत जस्तै अदृश्य मानि-एका रहेछन् भन्ने बुझिन्छ ता पनि भीमसेनले राक्षस्नी विवाह गरेको रावणादि को आमा कैकसी लाई विश्रवा ऋषिले पत्नी बनाएको, प्रल्हाद आदि दैत्य बालक लाई ब्राह्मणहरुले पढाएको आदि बाट र बाण हतियार द्वारा राजाहरु का साथ राक्षस हरुको युद्ध वाट पनि ती राक्षस हरु मनुष्य थिये । अमर मा र श्राद्ध पद्धति आदिमा पिचाश भूत आदिका दैत्य राक्षस आदि जो लेखिएका छन् ती अरु ने देश विशेष का राक्षस जात मानिएका हुन सक्छन्, जो साधारण दृष्टिवाट देखिदैनन् ।

ती राक्षस जात का मनुष्य हरूमा समेत आफ्नो फैलाई सभ्यता सिकाउने उद्देश्यले अगस्त ऋषिहरु पैले देखि नै जानु भएको थियो, पछि रा जानुभयो र निषाद राज गुह संग र सुग्रीव आदि जात संग पनि मित्रता गर्नु भयो ।

सीताजी लाई हरें पछि पनि "फिर्ता गर र व्यवहार छोड" भन्ने समाचार पठाउँदा पनि रा मानेनन् । रामचन्द्र का अनेक गुण बाट रावण का विभीषण आकृष्ट भयेर भेट गरी भक्त बने । आ अरू मनुष्यहरु लाई भ्रातृभाव फैलाई उचित मार्गमा "तपाईहरु का र हाम्रा पुरखा एकै हुन् तपाईहरु आर्य हुनु हुन्छ" भन्दै पुरुष्यौलो बताई दिन्थे । राम पछि रावणलाई दूत द्वारा समाचार पठाउनु भ "ब्राह्मण् तँ होस् ऋषि पुलस्त्य जि को तँनाती, कसो गरि भईस् बुझिले न भाँति" यस बाट पनि वि आएको ले र दक्षिण पट्टिका ऋषिहरुलाई दुःख दि समेत निज लाई मारी विभीषण लाई राज्य दिनु भयो

त्यो देखा-वटि भ्रातृभाव बुझिदैन किन कि राम का साथ विभीषण; सुग्रीव आदि धेरै ने अयोध्या गएका ि तो बेलुवैको भरत का साथ चिनारी गराउँदै रा भन्नु भयो कि दुःख परेका वखतमा सहायता गर्ने मित्र र वानरका मालिक यहाँ र यहाँ चाहिं पुलस्त्यका नाती अघिवंढी लडने हुनु हुन्छ" (रघुवं० सर्ग १३ श्लोक र भरत जं ले वहाँ हरू दुई जना लाई नमस्कार गर्नु र लक्ष्मण जी संग पछि बाट भेट गर्नु भयो । रा जी को राज्याभिषेक का निम्ति तीर्थ हरुको चोखो पनि राक्षस वानर हरु गै समुद्र, नदी, तलाउ आदि ल्यायेर अभिषेक गरियो । (रघुवंश १४।८)

त्यस वेला दोश्रो विचारधारा वढेको भये चोखो पानी वाहिने ठांउमा राक्षस जातले छोयेको पानी राज्याभिषेक ा चलाउनै न हुने । कुल जात न सोधी तिनीहरुलाई मस्कार गर्न पनि न हुने थियो किन कि त्यस पछि को व्यवस्थामा "गाईं को मासु खाने मानिस का साथ न ोल्नु वोलेमा स्नान गरी शुद्ध हुन्छ देखेमा सूर्य हेरी शुद्ध न्छ" (व्यासस्मृति १।१२) भनिएको छ ।

यी राक्षस हरुता मान्छे को समेन मासु खाने जात हुंदा पवूत जात भन्दा सानु ठहरिनु पर्ने हो । तर तेस वेला ाचरण खराव हुने लाईं त्यागी नै दिने या असल ठहराई स्ता को तस्तो लिने पनि होइन, मित्रता पूर्वक ाचरण सुधार्दै अपनाउने व्यवस्था मानिएको त्यसो भयेको हो । हामी हरुले पनि त्यो कुरा मान्दै ाज तक उनी हरुलाईं अष्ट चिरञ्जीवी मानी पूजा गर्दै छौं ।

असुर मा गनिएका भये पनि वलि, बाणासुर आदि यौं राजा हरूको मनुष्यको मासु खाने आदि अनाचार खिदैंन । तिनी हरूमा आर्य सभ्यताको छाप वसिसके को यो अथवा काल क्रमले आफैं सभ्यथिये ।

महां भारत शान्ति पर्व मा ब्रह्मा वाट उत्पन्न भनिएका नाले सवै मनुष्य पहिले ब्राह्मणै थिये, गुण कर्म ले पछि नेक वर्ण भये । मनुस्मृति मा ब्रह्मावाट मनु भये मनु वाट म्पूर्ण मानव भारत मा उत्पन्न भएर फैलिये । यो कुरा ातृभाव पैदा गर्दै राम्रो भावना पैदा गर्ने हो । वास्तव मा खुट्टे आदि कैयौं जीव धेरै जसो ठाउँमा पाइन्छन्, ा कहांथिये ? कहां वाट आये ? भन्नुपर्दैन । उपयुक्त वापानी पायेपछि जहाँ पनि पैदा भएका छन्, त्यस्तै नुष्य हरू पनि जतो ततै उपयुक्त हावा पानी पाएर पैदा संभव छ । जस्तै ती जीव हरू अनेक थारीका जहां ा पैदा भयेका देखिन्छन् त्यस्तै मनुष्य जातपनि जहाँ तहाँ अनेक जातका पैदा हुन संभवै छ र नेपाल मा पनि ब्राह्मण आदि र राई लिम्बु आदि पनि, उत्पन्न भयेका हुनी सक्छन् ।

यस वाट यो संभनु हुंदैन कि अरु ठांउ वाट आएकै होइ-नन् । कुनै कुनै आयेकै पनि होलान् तर विना प्रमाण खाली अनुहार हेरेर यो मंगोलीया वाट आयेको हो, यो काबुल वाट भन्नु ठीक छैन ।

जहाँ वाट आयेका भये पनि हामी नेपालका वहुसंख्यक मनुष्य नेपाली हिन्दू हौं । यहां वौद्धमार्गी हरू पनि हिन्दूमा गनिन्छन् । हामी हरू ले मिलेर उन्नतिको मार्ग मा अग्रसर हुनु पर्छ ।

यो सवै कुरा को निष्कर्ष यो आउंछ कि गम्भीर अर्थ भयेको मानव शब्द वाट र तदनुकूल व्यवस्था वाट समेत प्रेरणा पाई आर्य हरू ले भ्रातृभाव फैलाईं पृथिवी भरका मनुष्य हरूको संघटन गर्ने चेष्टा गरे । कैयौं अंशमा सफल पनि भये । पृथिवी भरका मानव हरूमा भ्रातृभाव जगाईं पृथिवी भरको संघटन गरी सवैको हित उन्नति हुने व्यवस्था मिलाउनु, त्यसमा सहयोग गर्नु मानवता हो ।

अचेल मानवका साथ भ्रातृभाव राख्ने अरु जंतु हरूको आफ्ना खुसीले मासु खाने जो कि अचेलको प्रवृत्ति छ यसैलाई मानवता भन्दछन् यो कुरा गलत हो । जुन मानव धर्मको विकाशको कुरा पुराना ऋषि मुनिहरूको र वुद्ध, अशोक, शङ्कराचार्य आदि अनेक महापुरुष हरूको उपदेश र आचरण वाट स्पष्ट हुन्छ, जसवाट संपूर्ण प्राणीमात्र मा दया राख्नू, मनुष्यकै जस्तो सुख दुःख देख्नू आदि उपदेश मिल्यो यही मानवता हो, मानव धर्म पनि यही हो । मनुष्य हरुका साथमा मात्र होइन, वृक्ष पशु पक्षी आदि जीव र कुनै अदृश्य शक्ति छन् भने तिनका साथ पनि मनै देखि को पवित्रता पूर्ण सद्व्यवहार गर्नु मानव धर्म हो ।

यसको लक्ष्य थोरैको हित उन्नति हुनु मात्र होइन त्योता भये कै छ । सवै को हित उन्नति हुनुपर्छ धेरै मनुष्य को हित उन्नति मा वाधा पार्ने चोर, डाका, ठग हरू लाई सजाय गर्नु पनि वहुसंख्यक जनताको हित को उद्देश्यले गरियेको ले मानवता नै हो ।

---

१ न विशेषोऽस्ति वर्णानां कर्म मिर्वर्णतां गतम् ।
तपस्तप्त्वाऽसृज तु स स्वयं पुरुषो विराट् ।

अत्याचार !!!

श्री उपेन्द्र कुमार बस्नेत

पुर्व ३ ओखल ढुंगा (रावा भोल्र्येनी)

[बस्नेत ज्यू "प्रथमा" का विद्यार्थी र सफल चित्रकार, गीतकार, उत्साही कार्य कर्ता हुनु हुन्छ । यानै नै वहाँ को विलक्षणता देखिएको छ । सं०]

प्रभात, आमा बेमारी भएको हुँदा डंफलुवा गाउँ तिर गई रहेको थियो । सुनसान जंगल को वाटो हुनाले आफ्नो कल्पना संग अनेक तरह का वात मार्दै आफ्नो वाटो छोट्याँ-उथ्यो ! जंगल छिचोल्न केही फासला मात्र वाँको थियो ।

एक्कासी जगल वाट "वन्दूक को ढ्वाङ्ग आवाज, "गर्दन मैं लागेको छ, खेद ! खेद !! उत्ता पटि वाट छेक ।" कोला काला झोसीको पर्वाह नगरी कुदेको इत्यादि खुशी का शब्द हरू उसको कानमा परे ।

प्रभात चाँही आफ्नो लक्ष्य तिर नै बढी रहेको थियो । एक्कासी एउटा मृग को पाठो उसको सामु पर्च्छारियो । त्यसमा झट्ट उसको दृष्टि पर्‍यो ।

आज भर्न्दा केही मैना अघि प्रभात पनि त्यस्तै शिकारीको ढ्वल बनाएर हिंडंदथ्यो, तर ऐले केले उस्को दिल विपरीत गरायो । हुन सक्छ आफु समान प्राण भएको जीवले पानी मागेर मुख वाएको देखेर र एक अकिंचन बालक मृग लाई खेदेको देखेर होला ।

ल पानी तिर दौड्यो, खोंची माल्याएर पानी ख्वायो जिउमा गोली लागी रगत वगी रहेको, कुदेको वेगले पसीना फुटी रहेको, त्यस पाठोले घरि घरि मुख वाएर हप्याक २ गरेको देखेर उसको मनमा तर्कका छाल उर्लन लागे । उसले विचार गर्‍यो-कुनै दिन मैले पनि मर्नु पर्ने पटक उस्ले पुकार्‍यो "ईश्वर !" एक क्षण अभिएर हे

केही वेर पछि मृगको घाउ धोएर त्यहींको कु पात निचोरेर ख्वायो, घाउमा पनि लगाई दियो र शिकारी का गोलीले मूर्छित पाठाले आफ्ना आँखा उघार्‍यो साथै आफ्नो काम सफल भएके प्रभातको खुसीको सीमा रहेन । उ पाठा लाई लिए पुग्यो ।

× × ×

आमाको ज्वरोले पाँच डिग्री नाघी सक्केको आफुले भ्यांउदो जानेको उपचार गर्‍यो तर केही लागेकोले प्रभात मध्येसा तिर डाक्टर लिन जान उस्ले कुन आशाले हो कोनि मुखियाको घर जान वाटो लंग्यायो ।

केही वेर पछि मुखियाको घरमा पुग्यो । मुखिया गर्दै थिए । उनका नोकर, हरूवा हरू वसि रहेका थि

प्रभात गएर मुखियालाई नमस्ते गर्‍यो । फिराई "वस है काजी" भन्दै मुखिया फेरि हिसाव गर्द १२५ रुपजा, सर्न्याई सरदार १२० भन्दै थिए ।

प्रभातले कुरा छेड्दै "आमा विरामी हुनु भ डाक्टर लिन हिंड्देको ।"

मुखिया वाजे फुर्सत न भए पनि' ए । तिम्रो साहै छन् भन्ने सुनेको थिएँ । तर फुर्सत न भएकोले जान पनि पाईएको छैन । यो हरूवाहरूको काम बनाई दिन लागेको···, ए, ढोलो नगर ! चाँडै लिएर मेरो केटो पनि साहै विमारी छ ।

प्रभात ले अन्कनाए झैं भन्यो—"हैन मुखिया वा

को घोडा खालो छैन.....।" यसि लामो वाटो डाक्टर पैदल आउलान् के ?

"आः पर्दैन । जाउ न मैले भनेको भन्नु ।" उनी आफ्नो काम मा लागे ।

प्रभात मुखिया को वानी बाट पैले देखिनै परिचित थियो । यसैले यो भन्दा अरू शब्द उच्चारण गर्न नसकी आफ्नो वाटो लाग्यो । दिन को १ बजे को टण्टलापुर घामले प्रभात को मनका भावना लाई उमाल्दथ्यो । कैले त पोखिन्थ्यो पनि । यता तमसुक लेख्दै मुखिया वाजे हरूवाहरू संग कुरा गर्न लागे—"एक पैसा को ल्याङ छैन चार पैसा को । स्वांङ यो: चौधरी काजी के तो सोमतो नहीं छे । वोको महतारी विमार भेले तो हमरा घोडा घादेवे, है । कोरे चौधरी ?" विचरा । गरीवहरू "ठिक्यै छे मालिक" भन्दै चुप लागे ।

सायद त्यहाँ मुखिया वाजे असत्यका पोका फुकाए र गरीवी खून र पसीनाले सञ्चित भएको धन वढाई रहेका थिए । विपरीत बोल्दात १ पेटखान पाइ राखेको पनि छुटने हो कि भन्ने डरले होला शायद तिनी हरू जे कुरो पनि सहीनै थाप्थे ।

"यो: चौधेरी हमरा घोडा के दवाई करा दियन हो । वहुत पत्ला भ्याखेल्छे ।"

"अच्छा हे ते मालिक हमु करा देवे एक पावा दारू पिया देवे तो सव ठीक हे ते मालिक ।" भन्दै चौधरी साहव आफ्नो फेटा समातेर "अच्छा मालिक हमरा के विदा दिय" भन्दै हिंडे ।

प्रभात डाक्टर कहाँ पुग्यो र नमस्ते गर्दै—"डाक्टर साहव आमा साहै विरामी हुनु हुन्छ र लिन आएको ।" भन्यो ।

डाक्टर—कहाँ संम जानु पर्ने ।

प्रभात—"डंफलुवा संम जानु पर्छ । डाक्टर वावू !" भन्दै त्यही नजीक को मूढा मा वसे ।

"अरे भाई साहव ! आज मैले "छिल्ला" गरेको छु । यसमा घरवाट वाहिर निस्कन, खान, क्यैगर्न हुँदैन । यो मुसलमानको व्रत हो । यस कोरण दवाई लिएर जाऊ । मेरो ज्यान भन्दा ठूलो पैसा पनि त होईन नो ! यति गएँ भने यो घाममा मर्न संभव छ ।"

"होईन, डाक्टर वावू साढे पाँच डिग्री ज्वरो छ । तपाको विना हामी वाट हुने सक्तैन । कस्तो जरो, के को जरो, जाउँन डाक्टर वावू ।"

"अरे भाई ! कति भनूँ आफ्नो छिल्ला तोडेर हिडूँ त यो घाम मा ? ।"

"होईन डाक्टर वावू समाज सेवा लाई पो आजकल ठूलो धर्म मान्छन् ।"

"अच्छा लौ जाऊँ त ।"

डाक्टर ले आफ्नो हथियार वोके ।

"लौ जाऊँ, ख्वै डाक्टर वावू त्यो मलाई दिनोस्, म वोक्छु ।" "भै गो नि ?"

प्रभात ले "होइन होइन डाक्टर वावू मैं वोकि हाल्छु नि" भन्दै पोको समातेर वोक्यो ।

डाक्टर को साथ लागेर प्रभात ५ बजे वेलुका घर आई पुग्यो ।

डाक्टर ले नाडी हेर्‍यो अनि ३ सुई दिएर त्यस्को साथै ८ गोली दवाई पनि दियो र भन्यो—जल्दी गर्नुस् पैसा, लेट हुन लाग्यो ।

प्रभात ले सोध्यो "कति दिनु पर्ने हो डाक्टर वावू !

डाक्टर ले भने—सुइ और दवाइ को मिलाएर ३० रूपजा, फीस १० रूपजा ।

विचरो प्रभात त्यत्रो रूपजा कहाँ वाट ल्याउँस् । डाक्टर संग रात्रो चिना पर्चि पनि थिएन । के गर्नेत डाक्टर वावू २-३ दिन पर्खि दिनु पर्‍यो भन्दै थियो । यत्तिकैमा मुखियाका जेठा छोरा डाक्टर लिन आई पुगे र भने—"डाक्टर वावू मेरो भाई साहै लठ भई रहेछ जल्दी जांउँन ।" डाक्टर ले ठूले लाई सम्वोधन गर्दै भने—"हेर्नोस् ! ठूले वावू आज मेरो छिल्ला तोडेर, भोक भोकै कति दुःख गरेर आएँ तर यहाँ त्यति दवाई को पैसा दिन पनि छैन रे ? मैले पनि के गर्नेर, यही दवाइ वेचेर ५-७ जना को जहान लाई पाल्नु छ ।" विचरा प्रभात संग सम्पत्ति को नाऊँमा त्यत्ति पैसा थिएन । पैसा कमाउने मान्छे कहिले कसैको हुदैन । गहिराई देखि उ एकदम टाढा रहन्छ त्यस्कारण प्रभातको दुःख सङ्ग डाक्टर को केही मतलव थिएन । उस्लाई पैसा सङ्ग मतलव थियो ।

प्रभातले एउटा औंठी ल्याएर त्यही दिनका लागि आग्रह गर्‍यो । डाक्टर ले धेरै आनेकाने गरे तर आखीर

त्यहाँ भन्दा बढता न झनैं विचार गरी ७० रुपञा तोला को भाउले औठी २४।। रूपञा को पुग्छ र अरू वांकी पैसा को डेढाब्याज लगाइ तमसुक लेख्ने प्रस्ताव पास गरे। लेखन लाई के थियो र? ठूले बाबू रकमी मान्छे का छोरा छँदै थिए।

ठूले बाबू—"ल' डाक्टर बाबू जल्दी जाऊँः।

"अच्छा चलिए" भन्दै डाक्टर र ठूले बाबू प्रभात को विषयमा कुरा गर्दै गए।

× + ×

सूर्य भगवान् अस्ताचल पर्वत तर्फ पाहुनो वन्न गई रहेका थिए। सायद यो दुनियाँ को उपकार गरेर थाकेका होलान्?

एक शिकारी को झुण्ड काजी कै घरमा "ल्याउनु होस् है काजी पानी खाउँ" भन्दै आई लाग्यो।

"कस्तो न राम्रो साईतमा हिंडिएछ। हात परेको शिकार पनि उम्क्यो" एउटाले भन्यो।

उनीहरू परस्पर मा कुरा गर्न लागे—"यो त्यै मृग को पाठो त होइन?" भनेर हेरे। "यो पाठो त हामी ले हिर्काएको पो रहेछ" सबै झुण्ड—"हो पक्का हो" "लग्नु पर्छ" भन्न लागे। एक जनाले—"काजी यो पाठो कहाँ बाट ल्यायौ" सोझा काजी ले शुद्ध—हृदय गरेर "भेटेर" भने।

"उ क्यात! होत रहेछ? कहाँ भेट्टायौ हँ?"

काजी ले भने—"खाडी नेर"

"त्यसो भए हामी ले हिर्काएको पाठो लग्यौं है, भेट्टाएको भाग लिन आउनु।"

प्रभात आमा को सेवामा तल्लीन थियो। भित्रै बाट "तपाञो हरू गोली हान्ने म रत्तो गर्ने, तपाञी हरूको के अधिकार? जानोस् पाठो चाहीं पाउनु हुन्न, जेगर्नु पर्छ गर्नोस" भनिदियो।

त्यै झूण्ड को एक जना बुढाले भन्यो—"भै गयो ठीक छ जाऊँ।" तर मुखिया का माहिला छोराले भन्यो—"अँ हामी गोली हानेर घायल पार्ने घरमा ल्याएर बाँध्दैमा उस्को अधिकार, लानु पर्छ।"

प्रभात ले भन्यो—"के जवरजस्तीले हुन्छ साहेब हो!"

झूण्ड—"आफूले हाने को शिकार लग्छौं।"

मुखिया का माहिला छोरा—"अरे हिडन लिएर काग कराउँदै गर्छ पोना सुक्दै जान्छ। जवर जस्ती भने त्यै

विचरा प्रभात त्यहाँ गएरके झगडा गरोस्? त्यहाँ झगडा गर्नु आफ्नो जिन्दगी गुमाउनु थियो। तर संम भने—"याद गर्नोस् दुनियामा यस्तै जवर जस्ती जीत हुँदो रहेछ भने गर्नोस्, तर यो समय त्यो समय गयो।"

× × ×

प्रभात ले गएर मुखिया कहाँ कुरा खुलाएर दिंयो। यो कुरा भोलीपल्ट बेहान को थियो। पञ्चायत थियो। मुख्य मान्छे मुखिया नै थिए। त्यहाँको न्याय उनले प्रभात कै गल्ती ठहराई दिए।

अरू चौधरीहरू—"प्रभात को गल्ती छैन भनेर बोल्न आँटेका थिए, मुखिया ले भने "यो मामुली नै छ चौधरी साहब हो। इनी हरुले न हिर्काएको भए, प्र ले कहाँवाट पाउँथेर?" अरू चौधरीहरू चुपै थिए।

प्रभात ले भन्यो—"मार्ने र रक्षा गर्ने कस्को वेसी अधिकार? फेरि मेरा घरमा बांधिएको वस्तु जवर जस्ती ल्याएर किन मारियो?"

केही खास खुस कुरा चल्दै थियो एउटा स्कूले उठेर भन्यो—"यदि न्यायले हो भने, मार्ने भन्दा गर्ने को अधिकार वेसी छ। फेरि अर्काका घरमा बां वस्तु जवरजस्ती ल्याएर मारेको मा इनी हरुले पूरा अ चार गरेको छ। फेरि प्रभात कै हार? यो के को न्या हो। म भन्द छु, प्रभातको हार कदापि हुन सक्दैन। त्यस प्रभातलाई दण्ड? यो अत्याचार हो! अत्याचार!"

पञ्च को झुण्ड मा फेरी खास खुस चल्दै थियो। मुखि ले भने—"चुप! पाजी!! तँलाई कस्ले बोल्न लायो? ठूला मान्छे बसेका ठाउँमा, राम्ररी दूध छाड्नको छैन, पुछ्ने ढंग छैन, न्याय र अन्याय जान्ने पाजी! बस्! गरेको काम झूठो हुन्छ? अन्याय गर्छ? कहींका पाजी।"

पञ्चायत उठ्यो। प्रभात ठमिएर के के विचार रहेको थियो। निधारमा चट्चटी पसीना आई रहेको थियो

केटो ल-भन्यो "प्रभात दाई! उनीहरूले त्य अत्याचार गर्ने, उल्टै तपाञी को निम्ति त्यति कुरा मा वापत मलाई समेत दस रूपञा दण्ड? प्रभात दाई! यो अत्याचार हो।

पेटको बेरामी

भेषजराज शर्मा, प० ४ नं० गह्रौंकोट

डाक्टर !
डाक्टर !!
डाक्टर !!!
त्यो बेरामी छ ।
हप्तादिन भो
खाएको छैन !
सातदिन भो
सुतेको छैन !!
खोलाको तीरमा
दुङ्गामाथि
लडेको लडयै छ
डाक्टर !!!
... ...
के भन्यौ ?
... ...
अजीर्ण भयछ ! ?
... ...
× × ×
वैद्य जी !
ए वैद्य जी !!
कविराज जी !!!
त्यो बेरामी छ ।
रोग छैन
कर्कराउँछ,
बेहोश छैन
बर्बराउँछ,
दुनियाँ भन्छन्–
त्यो हरामी छ !

म भन्छु–
त्यो बेरामी छ !
... ...
के भन्यौ ?
... ...
कुपथ परेछ ! ?
... ...

केले ?
घामले,
पानीले
कि हावाले ?
... ...
× × ×

ज्योतिषी जी !
ए ज्योतिषी जी !!
जैसी बाजे !!!
त्यो बेरामी छ ।
जिउँदै छ
आँखा चल्दैन,
मदँैछ
सास जाँदैन,
(आश जाँदैन),
दुनियाँ भन्छन्—
दिमागमा लिदी छ !
म भन्छु—
पेटमा टी० बी० छ !
... ...
के भन्यौ ?
... ...
'साढ़े सात' रहेछ ! ?
... ...
× × ×
ए धामी !
धामी !!
ए लामा दाइ !!!
त्यो बेरामो छ ।
सातदिन देखि
त्यो
मसान-घाटमा
बाटो-भुल्यो
कि
अरुले छल्यो !
एक्लै पडिरहेछ !!
दुनियाँ भन्छन्—
गिद्धलो खाँदैछ !
म भन्छु—
गिद्ध धपाउँदैछ !
... ...
के भन्यौ ?
... ...
भूत लागेछ ! ?
... ...
पश्चिम पट्टिको ! ?
... ...
ओहो !...
भू...त !!
लौ न !
लौ न !!
लौ न !!!
ए डाक्टर साहेब !
कविराज जी !!
भू...त !
भू...त !!
भू...त !!!
लौ न नि !...
ए जैसी बाजे !
धामी दाई !!
... ...
हैन,
कहाँ गए थी ?
...ओहो !...
थी त भूत पो रहेछन् !...
पक्कै भूत हुन्,
पश्चिम पट्टिका !

तृष्णा

ले० विष्णु बहादुर श्रेष्ठ

१३ थुं बजार ।

(श्रेष्ठ ज्यू महेन्द्र कालेज धरान का द्वितीय वर्ष कलाका विद्यार्थी हुनुहुन्छ । बहाँका निकै कथाहरु देखिएका छन् । अरुपनि यस्ता कथा पाउने आशा गर्दछौं । सं०]

त्यत्रो ठूलठूला महलको बिचमा एउटा झुप्रो खडा छ । जुन झुप्राको अन्तरवाट धुरो तिर चियाउंदा तारामण्डल देखिन्छ, मानो बाहिर चउरमा उभिएर आकाश तिर आँखा लगाए को होकि ?

त्यस घरमा खालि दुई जनाको जहान छ । आमो र छोरो 'ओले' । आमा को उमेर ४६ वर्षको छ र छोरा को २२ वर्षको । आलेले १५ वर्ष देखि विवाह गर्न बेटी खोजेको तर अफशोस बिचरा लाई कस्ले दियोस् । जस्को घरमा संपत्ति को नाममा एउटा चुहुने भाँड़ो र एउटा दाउरा-काट्ने वञ्चरो सिवाय केही छैन ।

उ विहानै उठेर दाउरा काट्न जान्थ्यो र एक भारी दाउरा पसिना ले निथ्रुक्कै भिज्दै दिन भरिमा ल्याइपुऱ्याउंथ्यो । १०।१२ आनामा बेचेर त्यसैले विहान बेलुका आमा-छोराले छाक टार्दथे ।

एक दिन को कुरा हो विहान ओछ्यानमा नै आमा ऐया ऐया भनेर कराउंदै थिइन् । आले हत्तापत्त उठेर आमा लाई सोध्नलाग्यो के भयो—आमा ?' आमा—"बाबु ज्वरो आयो । अवके गर्नु तँ दउरा काटन जाँदा म भातपकाउथें । अव त थाकेर आउँदा वस्ते खानदिन्छ ? बुहारी ल्याएर आनन्द सित वसुँला भन्ने इच्छा थियें । तर बाबु ! जस्लाई भगवान् ले ठगेको छ, समय, परिस्थिति र मानवले पनि ठग्दा रहेछन् ।"

छोरा:—"आमा नकराउनु होस् । अव म दाउरा बेचेको पैसाले औषधि किनेर ल्याउंछु । निको भएपछि मलाई भात पकाउनु होला ।'

आमा—'अहिले अलि कति पानी तताई जा बाबु ? ।

छोरा: —'हवस् आमा ।'

आलेले दाउरा पानी ठिक गरी हातमा वञ्चरो लिएर दाउरा काटन जङ्गलको वाटो तताियो । दिउँसो एक वजे तिर भोक र तृष्णाले व्याकुल हुंदै, पसिना चुहाउंदै घर आई पुग्यो ।

अ ले--आमा ! आमा ।

आमा—किन ? बाबु । दाउरा ल्याई पुग्याइस् ।

आले—ल्यायें ! आमा ।

आमा--भोक लाग्यो होला ! अव के खान्छस् ?

आले--आमा ! आज एक दिन भोकै वसेरा भए पनि यो वाह आना पैसा को औषधि किनेर ल्याउंछु ।

आले वाहिर बजारमा औषधि किन निस्कियो । पहिले अस्पताल तिर दगुऱ्यो । डाक्टरले ढोकामा त्यस्तो देख्दै घिनलाग्दो, जर्जर परेको, नाङ्गै अङ्ग पिठ्यूं देखिने लुगा लगाएको मानिसलाई देखेर भन्यो—किन आउंछस् ? जा वाहिर । केही वेर पछि पनि आले वाहिर नगएको देखेर डाक्टरले आलेलाई घँचेटी दियो । विचरा भोकले लखतरान परेको र त्यस्मा पनि डाक्टरको जोडको घचेटाइले गर्दा सिढीमा धेचारिन पुग्यो । सिंढिमा पछारिंदा दाहिने खुट्टा मर्किएको । खोच्याउंदै डाक्टरलाई विन्ति गर्न पुग्यो-हजुर मेरी आमा विमारी हुनु हुन्छ । ज्वरो आएको छ । औषधि दिनुहोस्न ।

डाक्टर—जा, जा बाहिर । अहिले औषधि छैन । भोलि पर्सि आइज ।

अब बिचरा आले के गरोस् । गोठ गोठै बाट आना पैसा लाउँदै औषधिको लागि दोकान दिर दौडन लाग्यो । बल्ल बल्ल एउटा औषधि दोकानदार लाई भन लाग्यो—हजुर, मेरी आमा बिमारी हुनु हुन्छ । उहाँ आएको छ । मलाई बाह्र आना को औषधि दिनु होस्न ।

दोकानदार:—'बाह्र आना होइन अब दुई आना थप । अनि मात्र औषधि आउँछ । बाह्र आने छैन ।

आले—'हजुर अहिले बाह्र आना मात्र छ । दुई आना भोलि दिने छू । अहिले औषधि दिनुहोस्न । मेरी आमा मर्न लाग्नु भएको छ ।

दोकानदार—धत् यो ता ठग्न पो आएको रहेछ । जा । तँ जस्तालाइ वाँकी कस्ले दिन्छ । छैन जा ।

बिचरा आले १ आनाको नपुगले औषधि नपाई निराश घर फर्कियो ।

आले—आमा औषधि किन्न दुइ आना पैसा पुगेन भोलि दाउरा बेची पूरा पैसा लिएर औषधि किन जानेछू ।

आले खोच्याउदै आफ्नी आमाको छेउमा गएर बस्यो ।

आमा—बाबु के भयो ? किन खुट्टा खोच्याउँछस् ?

आले—आमा ! अस्पतालमा औषधि लिन गएको थिएँ डाक्टरले घचेटी दियो र सिढ़ीमा पछारिएँ अनि खुट्टा मर्कियो ।

आमा—हे भगवान् ? गरीवले औषधि लिन जान पनि नपाउने । हे दया निधान तिमी हाम्रो लागि किन यस्तो निष्ठुर बन्यौ ? बिचरी आँसु खसालेर रुन लागिन् । 'बाबु अब तँ कसरी दाउरा काटन जान्छस नी ?'

आले:—'आमा । न रुनु होस् । मेरो यो पोलेको हृदयमा आगो झन न थपि दिनुहोस् । मजान्छु आमा जान्छु । जसरी भए पनि औषधि किन्ने पैसा नपुऱ्याई···

आले ले पानी ततायो र आमा लाई दियो । केही वेर पछि साँझ पऱ्यो आले, आमा को टाउको मिचि दिँदै, भोको पेटलाई सान्त्वना दिदै जर्जरिएको ओछ्यानमा पर्लक्क पल्टियो । बिचरा आले दिन भरीको थकाई र डाक्टरको थेचाराईले गर्दा भुसुक्कै निदायो । भोलि पल्ट बिहानै उठेर निदाएकी आमालाई थाहानै न दी पानी ताताई छेवैमा राखेर खोच्याउँदै- दाउरा काट्न जङ्गल तिर गयो ।

दाउरा काटि सकेर बजारमा बेच्न जानेछु । यसै दाउरा बेची सोहोरान पैसा लिएर औषधि फर्किन्छु । यसै बाह्र आनाको दाउरा काटि ल्याउँदा आज छ आना को भारी दाउरा भयो । एक सा चौडे गाएर आमालाई औषधि किनेर हतारिदै घरि आइ दाउरा लिएर घर फर्कियो । घर पुगेर आमालाई औषधि खुवाउन थाले तर आमाले एक शब्द पनि बोलिनन् । बिचरी बेलामा आफ्नो एक मात्र छोरा लाई देख्न पाउँदु चारैतिर हेरिन् तर खालि थोत्रो भित्ता र फुटेको हाँडी देख्न सकिन् । आखिरमा आफ्नो मुखले 'आले खवाउने तृष्णा मेटन पाइनस् बाबु' भनेर उच्चारण सदाको लागि यस संसार लाई त्यागेर सुरपुर लिए आलेले उसकी आमालाई घच्घच्याथो, पल्टायो । तर मुर्दा भैसकेकी थिइन् । बिचरा ले जब आमालाई भेट्टायो आमा को छातिमा छाति मिलाउँदै कराउन लाग्यो । तर एक गरीब को करुण पुकार कस दियोस् । आले फेरि पनि करायो, रोयो, चिच्यायो, पछारियो— "आमा ! आमा ! गयौ भलाई एक्लै यो दुःख लाई त्यागेर । आमा ! आमा ! आमा ! कहिले तिमीलाई भेट्न सक्छु ? भगवान् !"

बिचरी आलेकी आमाले औषधिको तृष्णा पाईकन नै यस संसार लाई त्यागिन् । बिचरी साथै बोकेर अझै पनि औषधिको खोज गर्दिहुन् ।

तृष्णा ! तृष्णा ! तृष्णा !

[२०१५ सालको ने० रा० वि० फे०, बरा आयोजित विद्यार्थी सप्ताह समारोह अन्तर्गत भएको गोष्ठीमा प्रथम पुरष्कृत । सं०]

अर्को विहान

धेचरनाथ खनाल, प. व. मं. गोर्खा

[खनाल जयू को कथा शैचिक र समस्यामूलक छ । यहाँ धेरै पछि आइ कथा हुकको आशा गरिन्छ । यहाँ उत्तर मध्यमा (व्याकरण) मथम वर्ष का छात्र हुनुहुन्छ । सं०]

पाँच वर्ष अगाडी एक रात [१२ बजी सक्यो होरी कोठामा निद्रादेवीले प्रवेश गरिसक्यो । कहिले दायाँ कहिले बायाँ हुन्छु । साथद, देखछु भनेर न आएकी हो तिम् भनेर आँखा चिम्म गर्छु । तैपनि उनको आगमन भएन । केही किताब हेर्दछु, कहिले भयालमा गएर बस्तछु । यस्तै बेचैन मा परेर आफ्नो भविष्य को कल्पना मा आफ्नो ओरी साहेर पिङ् खेली रहें । जताततै काली मसी पोखेको देखछु । आकाश मण्डलमा तेल सकिएको बत्ति जस्तो पिलिपिले ताराहरु मै पट्टी चियाई रहेका छन् । भयाल बाट हेर्दछु कतै केही छैन, सुनसान छ । डरले निद्राको संझना गर्दा कहिले बोलि होला भन्ने विचार तिर जान लाग्यो । अकस्मात् ढोका ढकढकाएको आवाज आयो । मन् ठूलो भय प्रवेश गर्‍यो । खोलुं केही ? केही ? न खोलु' मानिसकी जस्तो आवाज छ । जे होस् आखिर मगा पुरुषत्व छ भनी डरले कामेको पिङ्'ला लाई बत्तियो पारेर गएर खोलें । खोल्नै बित्तिकै "किन डराएको ?" भन्ने आवाज आयो र अलिक होशमा आएँ । हेरें । चोर सपना बाट मिठँभोको जस्तो भएँ । उनै मेरी छिमेकी विमला रहिछन् ।

आफ्नो कोठामा अपरझट आएकी अतिथि लाई स्वागत गर्न बेढी कुरा नगरी बस्नै सकिन । "श्याम जी ! आज तपाजी यत्तिबेर संम किन सुत्नु भएको छैन ! बत्ति पनि न बाली अँध्यारैमा बस्नुभएको छ ।" भैले भन्दा पहिले उनैले भनिन् । "कुनै कुराको विचारमा निदाइ भएको जस्तो चेहराछ । यति राति संम बस्दा बिमारी परिन्छ ।"

"भर्खर बत्ति मारेर सुत्न लागेको थिएँ ।" भैले पनि उत्तर दिनै पर्‍यो । "यो मध्यरातमा एक्ली किन आयौ विमला ? तिमी यसरी आएको कसैले थाहा पाए भनें के भन्लान् ? त्यस्मा पनि तिमी दुनियाँ को आँखाको तारो भई सकेकी छौ । तिम्रो परपुरुष संग बोल्ने, परघर जाने, धुप कार्यमा देखा पर्ने अधिकार समेत खोसिएको छ । तिमी ले काली डीको को र तेरो बाली को रक्षा गर्नु पर्दछ''''''।"

"श्याम जी ! हो साच्चै ने म दुनियाँ को आँखा को तारो भएकी छु । मेरो केही कुराको अधिकार छैन तर यो मनुष्य चोला तिएर आफ्नो शरीर को अधिकार हुनुपर्ने रहो पनि छैन । जताततै काँडे काँडा बिछ्याइएको छ । मेरो लागि ठूला ठूला डोका बन्दछन् । मनले चाहे को खाजा खान, चाहेको भोजन, चाहेको काम गर्न यो दुनियाँले धाँची मारेको छ । म यो रात को बेलामा तिम्रो कोठामा तिमी संग आफ्नो मनको पीर खोलूँ भनी आएकी हुँ ।" भन्दै पृथ्वीमाता को वक्षस्थलमा रहो सुन्दर शिर राखेर रुन लागिन् । मेरो मन कता हो कता ठूलो अग्लो पाहाड को कन्दरा तिर लम्कन लाग्यो । तिनको चैत को पाउला जस्तो रूप आँसुले भिजेको पुरानो भएपनि भर्खर धोएको सेतो साडी ले मुख छोपा बढाएको छ । उनको आँसुले कोठा को भुई भिजाएकोले मेरो मन पनि नरोई सकेन । मेरो आँसु पनि उनको आँसुमा मिसिएर बग्न थाल्यो । बोलूं भन्दा गला देखि बाहिर शब्द निस्केन । उनको र मेरो आँखाले एकै ठाउंमा हेर्न थाले ।

"विमला ! तिमी किन सेति सारै रोएकी ? आफ्नो मनमा भएका कुरा सब मेरो कोठामा मनाही छैन । भन । म देखि डराउनु पर्दैन ।" यति भन्दा भन्दै विरही हृदयको मनमा तीखो गरि धोचने कुल्हुराले कु...खु... री...फाँ...गर्‍यो । विमला आफ्नो रोएको मुख छिपेर मेरो हातमा सेतो कागज दिएर निस्किन् ।

सम्पूर्ण ठोलमा हल्ला हुन थाल्यो । पृथ्वीबाट सारा अन्धकार भाग्यो । सूर्यको त्यो स्वच्छ किरणले अमीर गरीब दुवै थरीका महल र झुप्रोमा प्रवेश गरिसकेको छ । तर मेरो

हृदय हातमा परेको त्यो कागजले आमावाबाको दासत्वका अन्धकार र जञ्जाल पारेको छ ।

सस्ती नव यौवना की ले मेरो अगाडि परेका दुःख सबै का कुराले मेरो छातिमा तुवारीले बज्र बजाए झैं गरी जता जता हिंकाइन थाल्यो । रातभरि जागा भएका आँखा मिचेर विमला ले दिएको कागज हेर्न थालें ।

"श्यामजी । तपाईसँग भेट भएर यो पत्र दिन विचार गरेकी आज धेरै दिन भयो बल्ल मौका पाएँ । सानिसलाई सुख संग आफ्नो जीवन व्यतीत गर्न साथीको आवश्यक पर्दो रहेछ । सानिसका अनेक काला कटु तले भाङ्दा विमला को लहरो भएकी छु । यो सेतो लहरो हो० ढुलो हरियो आँखामा लहराएर फलफूल लागी रातो भएर बल्ने विचार गरेकी छु ।" यस्तो पत्र देख्दा सपना जस्तो लाग्यो । धेरैक तर्क गर्न थालें । हो सानिसलाई धेरैक कुराले सताएको हुन्छ ।

सामाजिक बन्धन ले बाँधिएकी, चन्द्र बदना युवती विमला को मधुर बोली, सुन्दर शरीर र चञ्चले आँखाले मलाई नतानि छोडेन । आखिर म चुम्बक ले तानिको फलामे झैं तानिएँ । मेरो दैनिक कठिन मा आकी एकदा समय बसियो, उनीसंग भेट गर्ने ।

आज विमला सँग एकान्त मिलन गर्ने आँखामा भात खाई हतार हतार , बगैंचाको बाटो लिएं । बाटो अँध्यारो थियो । ईश्वरले यो अन्धकार को सृष्टि नगरेको भए विरहीले विरह पोख्ने समय पाउँने थिएनन् होला । खुट्टाको छमाईको भरले तकीनाको साङ्गारी बाटुदै जाँदै थिएँ । बगैंचाको फाटक मा हातको ठोकिएर ढुङ्गलको उठ्यो । मीठो स्वादिलो आशाले ढुङ्गलकाको बादै भएन । आफ्नो भविष्यको उज्ज्वल आशामा हिंडदा जस्तै टुलो दुःख भएपनि दुःख को याद आउँदैन ।

बगैंचा मा गएर बसें, कहिले यता कहिले उता आँखा लगाउँछु, कहिले घोसे मुण्टो लगाउँछु । यस्तो अवस्थामा अचानक मेरो दुवै आँखा छुनेमानिसको हातले छोप्यो । चिनीहाल्ने । विमला रहिछन् । मेरो मनिषमा आएर बसिन् ।

त्यो सुन्दर बगैंचा मन्द मन्द हावा चलेको । आँखा मार्थिको चन्द्रमा ले हासी हुनेको सुख मिलन लाई चमाई रहेको छन् । संसार मा मानिस मानिसको भेलचाड हुनु नकि

र मानिसको भेटाना जस्तो हो । यस सहरमाना को को भाषा हुनेछ, यस साम्राज्य भित्री कुन कुन जातिको बास छ, यसको शिक्षित समाजको यसी अवस्था । यस्तो अवस्थामाई मेरो जीवन यौवन यौवनको अवस्थामा यस्तो आनन्द । "विमला कित सुख पाएकी, यस्तो भाग्य । यस्तो दिनमा र मेरो भेटना मेरो मनना के के कुरा खुलासा गरेको छ । भोला पार्टी दिन । सुनदिन दिनी । कोठामा पसेकी दिनी, यो दिन दिनीमि दिएको कागज पढ्दि मेरो मन कहिले हर्षित्छ, कहिले आँखामा पानी आई केही देखिंदैन । अहाज बसन्छु, दिनी इनीकार गरेर अन्तिक दिन मैले यो कागजी दिन्छु समाज भंग हालना सक्तिनी लागी दिन्छु समाज ले आखिर यस धर्मको आज दिएर विमलाको शरीर र जवानी को हत्या गरेको छ ।"

"छि···छि···तपाईं किन यस्तरी अहाउनु पर्ने पीडाको जड़ा आफैंको ले आउनुछ । आराम को स्वास्थ्य ले आउनुछ । विमलाको दुःख विमला ले नै आउनुछ, यस ले आउँदैन । तपाईं जस्तो मानिसको आँचो छायाँ दिनु लाई पर्दछ । हुनी विमला यस्तो मा आई आउनुपर्ने हुनेको कर्तव्य हो ।" हासी हुने आफ्नो अनिका को यस्तो पीडा हरा गर्नो पर्नेका थिए ।

बगैंचा भरि मिसनमासको बास गरेको थियो पक्षीहरू आफ्नो आफ्नो गोड मिलेर सुँतमा भएर निद्रामा परेका थिए । आफ्नो बुद्धले भी हाम्रा विश्वासको थियो । मिरजी को चिना तुलसी बनाउने चन्द्रमाको बाहक बाट चियाई रहे थियो । मैले बाबुको एकमात्र छोरी हुँ भनी थिएँ । विमला ले म बाबुको एकही छोरी हुँ भनेर मिसिन् । आज मा मानाए को जवानी को डीको, सेती चाला, काली भागी मिसिन् ।

मैले अब विमला लाई आफ्नो बारमा बताउने निर्णय गरें ।

गाऊँ भरी बल्ला मैलिंगी "कृष्ण प्रसाद को मिश्र छोरी विमलालाई श्री प्रसाद का छोराले लिएर भागेछन् कस्तो कलियुग, घोर कलियुग आयो । गाऊँ मा विमला को नाम रहने भएन । त्यो···त्यो···त्यो मिश्र

कला साकार छ

पीताम्बर लंसाल, दिल्ला

[लेखक ज्यू उत्तर मध्यमा (व्याकरण) द्वितीय वर्ष- का छात्र हुनुहुन्छ । यहाँले हरेक सामाजिक क्रियाकलाप मा अग्रणी भूमिका खेल्नु भएको छ । यहाँ का लेख गम्भीर र शब्दालङ्कार ले पूर्ण पाइन्छन् । प्रस्तुत लेखबाट यहाँले कलाको विशाल परिभाषा दिई सारा सृष्टिनै कलामय छ भन्ने दर्शाउनु भएको छ सं०]

हृदयको भावना मस्तिष्क र इन्द्रिय द्वारा साकार रूप लिने क्रममा हरेक परिभाषामा कलाकारको स्थान पाउन सकदछन् । यद्यपि समाजको दृष्टिमा जातिहीन, कुलहीन, वर्णहीन, पेशाकै हुन् तर कुनै पनि साकार रूप प्रस्तुत गर्न सक्ने, कुल, गोत्र, वर्णले महान् हुन् ता पनि नदी प्रवाहमा बग्ने पत्रको ढेर, चिता माथि देखिने खरानीको थुप्रो जस्तै नदमत्त, बेहोस, नशामा लठ्ठ अथवा अस्थि-पुञ्जका हुन् हुन्, चाहे आफ्नो राजनैतिक, आर्थिक सामाजिक कुनै पनि नशा चढ़ाएर सर्वस्व नै किन नहुन् ।

प्रकृतिमा खिलेको फूल कपडाको रुमालमा औजार द्वारा हुबहु रूपमा उतारी हातमा राखेर देखाई दिनुको नाम साकार कलाहो । उड्दा चिडिया को उड़ाई बिभिन्न भावना सहित दौड़ाउदै शताब्दी पछि ल्याएर न्याकेट, जहाजको रूपमा प्रस्तुत गर्न सक्ने सफल कलाकार हुन् । मात्र भावना ले देशलें तबसम्म समृद्धि पाउँदैन जब सम्म कि भावना स्वयं कलामा आएर मूर्तिमान् बन्दैन । यसबाट यो साबित हुन आउँदछ कि बिना कलाको भावना मात्रले देश नशामा मस्त हुन्छ !

देश निर्माण मा कलाकार को ठूलो हात छ । अतः देशमा आज त्यस्ता कलाकारहरूको नितान्त आवश्यकता छ जो कि दिमाग का नाड्ला डाला का चित्र बाँसका चोयामा उतारेर प्रस्तुत गर्न सकून् । शारीरिक बलजाई नदीको प्रवाह का छाल हुलहुल्छ । यहाँले हरेक सामाजिक क्रियाकलाप मा अग्रणी भूमिका खेल्नु भएको छ । यहाँ का लेख गम्भीर र शब्दालङ्कार ले पूर्ण पाइन्छन् । प्रस्तुत लेखबाट यहाँले कलाको विशाल परिभाषा दिई सारा सृष्टिनै कलामय छ भन्ने दर्शाउनु भएको छ सं०]

हृदय-भावना मस्तिष्क र इन्द्रिय द्वारा साकार रूप लिने क्रममा हरेक परिभाषामा कलाकारको स्थान पाउन सकदछन् । यद्यपि समाजको दृष्टिमा जातिहीन, कुलहीन, वर्णहीन, पेशाकै हुन् तर कुनै पनि साकार रूप प्रस्तुत गर्न सक्ने, कुल, गोत्र, वर्णले महान् हुन् ता पनि नदी प्रवाहमा बग्ने पत्रको ढेर, चिता माथि देखिने खरानीको थुप्रो जस्तै नदमत्त, बेहोस, नशामा लठ्ठ अथवा अस्थि-पुञ्जका हुन् हुन्, चाहे आफ्नो राजनैतिक, आर्थिक सामाजिक कुनै पनि नशा चढ़ाएर सर्वस्व नै किन नहुन् ।

प्रकृतिमा खिलेको फूल कपडाको रुमालमा औजार द्वारा हुबहु रूपमा उतारी हातमा राखेर देखाई दिनुको नाम साकार कलाहो । उड्दा चिडिया को उड़ाई बिभिन्न भावना सहित दौड़ाउदै शताब्दी पछि ल्याएर न्याकेट, जहाजको रूपमा प्रस्तुत गर्न सक्ने सफल कलाकार हुन् । मात्र भावना ले देशलें तबसम्म समृद्धि पाउँदैन जब सम्म कि भावना स्वयं कलामा आएर मूर्तिमान् बन्दैन । यसबाट यो साबित हुन आउँदछ कि बिना कलाको भावना मात्रले देश नशामा मस्त हुन्छ !

देश निर्माण मा कलाकार को ठूलो हात छ । अतः देशमा आज त्यस्ता कलाकारहरूको नितान्त आवश्यकता छ जो कि दिमाग का नाड्ला डाला का चित्र बाँसका चोयामा उतारेर प्रस्तुत गर्न सकून् । शारीरिक बलजाई नदीको प्रवाह संग टक्कर लिन सक्ने माँसपेशी को रूपमा खेल्न गर्न सकून् । हृदय-भावना मस्तिष्क को रूपमा यहाँ'दै आफ्ना शुभ कामना हरू मरुभूमि मा खिलेका फूल माला बनिई हृदयाभिज्ञान ले कसैको हृत्पट खोली आफ्नो परिचय दिउन् । बुद्धिका सूक्ष्म र दृश्य प्रकृति का नाना रूपमा देखिदिउन् । विमानको चातुर्य रेल, मोटर आदि धनमा देश साकार होस् ।

आजको नवयुवक सित देशले ठूलो आशा गरेको छ, अनन्त आत्मा को आर्तनाद छ, उत्कट इच्छा छ, अदम्य उत्साह छ, फल्ने फुल्ने प्रयास छ र शुभ कामना छ । नेपाल जननी को हृदय सितार मा सफल कलाकार देख्ने आशा झङ्कार छ । सागर सम्म लैजाने नदी प्रवाहमा आनन्द र उत्साहको उत्ताल तरङ्ग छ ।

सच्चा धार्मिक त्यही हो जो आफ्नु भावना हृदयाकाशमा साकार गरोस् या आफुलाई उस्मा एकाकार भएको पाओस् । धार्मिक र कलाकार मा त्यतिनै अन्तर छ जति हाड र मासुमा अन्तर छ । अथवा दुवै एक हुन् । यसैले यो परिपुष्ट हुन्छ कि सफल कला धार्मिक हुन्छ र सफल धर्म कलात्मक हुन्छ ।

आज यो संसारमा इन्द्रियले जेजति ग्रहण गर्दछ, त्यो सबै युगानुयुग देखि चलिआएको साकार स्वरूप हो । यी समस्त उपकरणहरू जो देख्न, सुन्न, व्यवहार गर्न पाइन्छन्, ती एक दिन कसैका हृदय भित्रका कलामा मात्र थिए । आज कलाकार का हातमा परेर साकार हुन सके । जस्लाई कि आज संसार सभ्यता, धर्म, संस्कृति, साधन नाना संज्ञाले व्यवहार गर्दछ । आज जुन जुन देशहरूको संसारमा धूम छ, तिनीहरू पनि क्रमशः युग युग देखि

---

१ लेखक को निबन्ध हतारमा लेखेको जस्तो छ र अक्षर अत्यन्त अस्पष्ट भएको ले लेख शुद्ध हुन सकेको छैन । सं०

यै कलाको सिढ़ीबाट माथि पुगेका हुन्, आफ्नो प्रयासको सफलता पाएका छन्, आफ्नो प्यास बुझ्'एका छन्। न जाने यो कति प्रयास-परम्परा, धैर्य परम्परा र भावना-परम्पराको श्रृङ्गार हो।

प्रकृति रहस्यमय छ। उ सँग अनन्त कला छन्। जो परिवर्तनशील संसारमा झल्कन्छन् र अथाह समय सागरमा विलुप्त हुन्छन्। मानव मस्तिष्क त्यो दर्पण हो जस्मा प्रकृति का रहस्यमय भावना प्रतिविम्बित हुन्छन्। जो उपाधि-भेदले विभिन्न रुपमा देखिन्छन् र नै अस्थि कङ्काल देखेर कहीं मानव हृदय तर्सन्छ, त कहीं जीवन निर्माणको रहस्य-मय ढोका खोल्दछ र मानव चित्त फूलमा पतन देखेर विभोर हुन्छ त कहीं जडमा फूल खिलेको देखेर लास्यले मुस्कुरा-उंदछ। किन्तु प्रकृतिको यो रहस्यमय घटना कला नभएको भावुक हृदयमा मीठाईको स्वाद वर्णन गर्न न सक्ने मनमनै अनुभव गर्ने मूकमा झैं स्तम्भित हुन्छ, तर कलात्मक हृदयमा तलाउमा चन्द्रमाको बिम्वझैं प्रतिविम्वित हुन्छ।

कलालाई देख्ने दृष्टि चाहिन्छ। कलाको स्वरूप द्रौपदी को चीर होइन, कृष्णको आकार हो, ताजमहल होइन शाहजहाँका हृदयको मधुरालाप हो, मत्स्य-वेधने अर्जुनको बाण होइन, प्रेमको पुकार हो। अग्नि प्रवेश गर्ने नारी होइनन्, सतीत्वको साकार हो। वीणाको झङ्कार होइन मीराको हृदयाकार हो। विश्वमा छरिएका यी अथाह किताव होइनन्, जीवनका अनुभव हुन्, यी अनुभव पढेर भावुक बनेर होइन, जीवनमा उतारे पछि मनुष्यमा कला पूर्णाकार हुन्छ। पाठक वृन्दका हृदयको अमर तस्वीर शकुन्तलाको होइन, कालिदासको द्रवीभूत साकार हृदय हो।

आः! बादलका रुन्चे सुखमा वर्षाका आँशू, सरिताका छातिमा तरङ्गको झटपट, वृक्षको अनन्त संग मूक भाषामा मौनालाप, पक्षीहरुको कलरव मा वेदनाको चीत्कारले के सामाजिक चक्कीमा उसरी पिसिए? जसरी पिसिएकी 'उफ्' पनि गर्न पाइन भनेकी होइनौ। सो तिम्रो युग वाणी मैले सुनी सकें। श्रमकणमा रोपेका धानका बालामा महलको अट्टहास देखेर आज मेरा हृदयमा परिवर्तन कोरी क्रान्ति आइ सकेको छ। हवाको वेगमा सागरका तरङ्ग होइनन् मेरा रक्तकणहरु सन्सनाइ रहेकाछन्। परिवर्तनले आज तिम्रो प्रहरी भावनाको पङ्खमा उडी स्वर्ग जान छोडेर यहीं अमरावती बनाउने प्रयासमा छ। यही माटो कलात्मक-साँचोमा ढालेर रेशमी चुनरी बनाउने धूनमा छ। पत्थरलाई सुवर्ण, चट्टानलाई महल र काँढालाई फूलमा बदल्ने संकल्प गरेको छ। अब तो दिन दूर छैनन्, जब स्वयं वासुदेव आंगो फुक्ने, झाडू लगाउने कामले तिम्रो स्वागत गर्लान्, किरणहरु वीणाका तारमा बज्लान्। क्षितिजमा छरिएका तिम्रा आशाहरु कलात्मक रुपमा बदलिंदै तिम्रा लयका शुभ्र मुस्कानमा आमा। मन्ने संलापमा मुग्ध भएर अनन्त तिर ध्यान दिएको विपिनस्थलीको आकार प्रमा लिङ्गित लतिकाको इशारामे खुशीमा नाचेका मयूर का सङ्केत के अझ पनि बुझे नौ? बुझेनौ भने हृदय खोल, सुनेनौ भने कान थाप, देखेनौ भने आँखा पसारेर हेर।

जिब्राको विलोडनले शब्द कुँदने कला नपाएर पशुको पशुत्ववाट मुक्ति भएन। यो एउटा कला नहुनुको दुर्दशा हो भने कला नभए कति अन्धकार मै रहने रहेछ र एउटा मात्रै कलाको कति प्रकाश रहेछ, यो बुझ्न सके कलाको महत्व स्पष्ट बुझिन्छ। अनन्त कलाको वर्ण स्वरूप त प्रकृतिको एक कलावाट संपूर्णतः कसरी दर्शन हुन सक्छ? यो त एउटा इशारा मात्र हो। जता ततै कला छ; हास्य-कला, नृत्यकला, वाद्यकला, गेयकला, शिल्पकला, नाट्यकला, द्रव्यकला, गुणकला, कर्मकला, सकलकलामयी छ विपुला। कलाको कलाले नै के चित्र खिच्ने? यसैले यो पूर्ण छ, स्व-भाषित छ। तर स्वतन्त्र कलाको सत्ता छैन। पृथ्वीको आकर्षणकला, भावको उत्कर्षणकला, तरङ्गको विद्युत्कलाको तव सम्म काम थिएन जव सम्म जीवनकलामा उत्रेन। यस वाट यो प्रमाणित हुन्छ कि स्वतन्त्रकलाको सत्ता छैन। कला कलाको लागि होइन, जीवनको लागि हो। किसलय पल्लवमा लुकेर मृग-शावकसंग खेल्दै गरेका किरणहरु, नीड भित्र पसेर बच्चाहरुलाई सुम्सुम्याउँदै गरेको मलय पवन, सुमनको मुस्कानमा हाँसेको प्रकृति, अतीतको इतिहास मूक-भाषामा बोल्ने खंडहर झरनाको सितारमा आफ्नो राग अलाप्ने सागर, हिमालयका हावामा नाच्ने विपिनका पत्ता पत्तामा हेरे कलाको आकार छ। कलामा हेरे जीवनको आकार छ। जीवनमा हेर्दा कला साकार छ।

—:०:—

ने० रा० वि० फे०, धरान द्वारा संचालित विद्यार्थी पाठ्य-पुस्तकालय को सहयोग ली ज्ञानार्जन गरौं।

एक पल्ट हांस्नुहोस् त ?

सङ्कलक—जयनारायण शर्मा

१—मालिक—बाजे ? तिमी भान्से वस्न सक्छौ ? घुच्चर सफा हुनु पर्छ । लुगा ७।७ दिनमा धुनु पर्छ । फेरि जस्तो सुकै बनायौ भने खान्न । मीठो मसिनु मात्र खान्छु ।

बाजे:—मालिक ! अरु थोक जे भन्नु हुन्छ त्यै पकाउंछु । तर मसिनु पकाउन ता सक्तिन । औंधिनै घीन लाग्छ ।

× × ×

२—जजमान—पुरेत बाजे ? अबता सराद्द सकियो पिण्ड सेलाउने वेला भएन ?

पुरेत—बीतो छ भने सेलाउ ।

× × ×

३—छोरो—(आमालाई) आमा ! आमा !! आज भैंसी लाई घास काटन गएको थिएँ के भो के भो । मुंडि दुखेर मर्न आटें ।

आमा—सिकारी लागो होला । उल्टा काटनु पर्छ अनि निको हुन्छ ।

छोरो—आमा ! के भनेको तिमीले ! हंसिया को उल्टा काटनु ?

× × × ×

४—मालिक—गोरे ! आज तैंले जोत्नु पर्दैन । भरे वेलुका सम्मका यौटा हलो काटेर ल्याउनु बुझिस् ? ।

गोरे—(कपाल कन्याउंदै) हजूर ! यौटै हलो छ त्यैपनि काटेर ल्याउनु मर्जि हुन्छ । भोली देखि केले जोत्नु हजुर ?

× × ×

५—ए । पण्डित जी पनि आई पुग्नु भएछ । काँक्रो मरमर खाई सकियो । गिद्रा-सिद्रा त बाँकी-होला, खानु हुन्छ कि ?

पण्डित:—सिद्रा पनि ? राम ! राम !! राम !!!

× × ×

६—गुरु—(छात्र हरू लाई) केटाहो ! तिमी हरूले कुनै पनि लेख लेख्दा कालको ख्याल राख्नु पर्छ बुझ्यौ ? काल न जाने सम्म लेख हुन सक्दैन ?

चेला—म त्योता सप्पै जान्दछु । अस्तिनै ज्योतिषी बाजे ले भनेर जानेको ।

गुरु:—के जानेउ भन ।

चेलो—१८ सालमा सबैको काल आउंछ अरे । अनि सप्पै मान्छे मर्छन् अरे ।

× × × ×

७—शिक्षक—केटाहो ! ट्रान्सलेशन गर्न आउंछ ? "मेरा शिर चक्कर खा रहा है" यस्को अंग्रेजी बनाउ त ।

सुरेश—सर ! मलाई आउंछ ।

शिक्षक—लौ भनत ।

सुरेश—माई हेड इज इटिङ्ग सर्कल ।

× × ×

८—दाजु (सानो भाई सित) तँ अझै यत्रो भएर पनि बोल्न जान्दैनस् । सोधेको कुरालाई चट्-चटी काटेर उत्तर दिनु र पो हुन्छ ।

भाई—लाग्ने खुकुरी किनिदिनु होस्न त ।

× × ×

९—आमा (छोरालाई) नानी ? तं पांच वर्ष को भै सकिस् अझै तेरो बोली फुटेको छैन । तैले पछि के गर्न सक्लास् र ?

छोरो—आमा ? मेलो बोली लोहोलाले फुटाई देउनत ।

——

आज पनि संस्कृत शिक्षाको आवश्यकता

विष्णुप्रसाद शर्मा पोख्रेल

आधुनिक युग वैज्ञानिक युग हो भन्ने विषयमा ता दुई कुरा भएको देखिदैन । विज्ञान को लागि ऐतिहासिक भौगोलिक र सामाजिक चीजहरू को ज्ञान हुनु आवश्यक हुन्छ । हामी आर्य हौं र आर्य संस्कृति जान्नु हाम्रो कर्तव्य रहन्छ । हामी आफुलाई आर्यको उपाधि दिन चाहन्छौ भने आर्य भाषा को ज्ञान हुनु पनि अत्यन्तै आवश्यक छ । निहालेर आर्य भाषालाई खोज्यौं भने संस्कृतलाई नै पाउँछौं । किनकि हाम्रा पूर्वज हरु प्रायः जसो संस्कृत भाषा मानै बोल चाल गर्दथें । उनीहरुले हाम्रा निमित्त कुनै यश छाडन सकेका छन् भने संस्कृत भाषा मानै देखिन्छ ।

आधुनिक युवकहरुमा केही भ्रम फैलिएको देखिन्छ । किन कि संस्कृत भाषालाई 'मृत भाषा' हो भन्ने उनीहरु मा धेरै जसो को भनाई छ । तर दुनियाँ का धेरै विद्वान् हरु ले ता संस्कृत भाषा लाई नै सबै भाषा को मूल मानेका छन् जस्तो मलाई लागेको छ । साच्चै भनौं भने भारतीय भाषा भाषीहरू, विना संस्कृतको सहायता आफ्नो भाषा सफल गराउन सक्लान् भन्न असंभव छ । शक र हूण जस्ता शक्तिशाली विदेशी जाति पनि आर्य सँस्कृति मा आयेर दूध मा पानी झैं एकनास भएर मिले । यो सब उदार आर्य धर्म र संस्कृति को वैशिष्ट्य हो । जैले देखि हामीले आफ्नो-सर्व-भाषा-जननी सँस्कृत लाई 'मृत भाषा' भनेर अनादर गर्न थाल्यौं, तैले देखि हाम्रो अधःपतन पनि शुरु भयो । केही शताब्दी देखि व्यापार को निउँले भारत को केवल धनमात्र होइन अपितु हाम्रा पूर्वज हरुले करोड़ौं वर्ष देखि आर्जेको ज्ञान राशि समेत विदेशी हरुले ओसारे । तर भाषा को ज्ञान न भै सँस्कृति को सेवा गर्ने मौका न मिलेको ले केही जर्मन र अंग्रेज हरुले पनि सँस्कृत अध्ययन गर्न आरम्भ गरे । जस्मा जर्मन महाकवि गेटे, मैक्समूलर, विलियम जोन्स आदि कैयौं विद्वान् हरु सफल पनि भए ।

हाम्रा महाकवि कालिदास ले लेखेको शाकुन्तल काव्य-मा मुग्ध भै जर्मन कवि गेटे ले भनेका पनि छन् । "हे सखे ? यदि उभय लोक को एकीभूत ऐश्वर्य एकै चोटी भोग गर्न चाहन्छो भने शकुन्तला को सेवा गर, पढ़ ।" यस्तै कैयौं महत्वपूर्ण ग्रन्थहरु छन् । सँस्कृत यति सरल र सुललित भाषा छ, जस्को बराबरी गर्न सक्ने भाषा विश्वमा विरलै होलान् । आज हाम्रा प्रत्येक स्कूल कालेजमा सँस्कृत को प्रचुर मात्रा-मा अध्ययन अध्यापन हुंदैछ । यस्लाई केवल हामी ले मात्र स्थान नदिएर रुस, जापान आदि अरु देशका शिक्षा सँस्था हरुल समेत स्थान दिसकेको बुझिएको छ । मानिस लाई ज्ञान को उत्तरोत्तर वृद्धि गर्न उत्कट इच्छा हुनु स्वा-भाविकै हो । यदि कुनै व्यक्ति सँस्कृत भाषा प्रति ध्यान दिंदैन भने उच्च कोटिको शिक्षा प्राप्त गर्नमा पूर्ण सफल होला भन्न मुश्किलै देखिन्छ । जब व्यक्ति प्राचीन एवं अर्वाचीन ज्ञानको वृद्धिको कामना गर्छ तब सँस्कृत जान्नु पनि परम-आवश्यक छ । किन कि प्राचीन युगको साहित्यक, सामा-

[पेज ८४ को शेष]

ले बाबु को नाममा कलंक लगाई । मरेका लोग्ने लाई सोझै नरकमा हाली । यस्ता मोरा मोरी को मुख हेर्दा पनि नरक मा परिन्छ । यस्तो पापी गाऊँमा कसरि बस्ने ?" यस्तै अनेक कुराहरू गाऊँ का बुढाहरू एक ठाऊँ बसेर गर्थे ।

मैले ढीलो गर्नु कल्याण छैन भनी अन्धो समाज को वास्ता नगरी उनी लाई भिऱ्याएँ ।

उनले वरमाला पहिराईन् । मैले रातो चुरा ले उनको पुष्ट नारी रंगाएँ ।

५ वर्ष पछि, समाजले उठाउने औंला, जोरी पारि का छक्के नेत्र लोकको शासन-स्तम्भ, पुनः नयाँ घटना का खोजमा लागेका छन् । हामी अरू सरहनै सामाजिक भएकाछौं । आफ्नो घर छ । उही समाज छ । विमला अरू गृहिणी सरह चतुर गृह स्वामिनी भएकी छन् । सबै सन्तुष्ट छन् । गाऊँ घरका भन्दछन् "कति मिल्दो जोडी ।" छिद्रान्वेषी भन्छन्—"कति छिहिल्लेका, नियम, व्यवस्था-र कानून विरोधी ।" यस्तै चले-कैछ । तर हामी सुखी छौं ।

———

म के गरौं ?

अग्नि प्रसाद वराल, कुरुले, धन्कुटा ।

[वरालजीको रचनामा अहिलेको साम्प्रदायिकता प्रति व्यङ्ग्य छ । यहाको शैली टाठिलो छ । यहां उ० भ० (व्याकरण) प्रथम वर्ष का तेजिला छात्र हुनुहुन्छ । सं०]

म कस्तो भने आफ्नो काम गरेर खाने, वेदमा विश्वास राख्ने, ब्राह्मणको पूजा गर्ने, बेहान बेलुकै सन्ध्या गर्ने, चन्दन लगाउने, मासु न खाने, भगवान को चिन्तना गर्ने, सुकिला भएर ढड्याञ्जि नपार्ने, आफ्ना गुरुले मर्न जा भने पनि जान तयार हुने. मलाई गोठाली, रुंढी, वादी, लुच्चो, ठग, ढोंगी, गन्दे फोहोरी, असभ्य आदि आरोप लगाउंथे । भरि शक्य आफ्ना नजिक मा मलाई पुग्नै दिदैन थे । क्यैगरी पुगि गये भने पनि मुन्टो वटारेर हिडदथे । मेरो अपमान, तिरस्कार गर्दथे । मसँग अनेक प्रकारले निहूँ खोज्दथे । यो देख्दा मलाई असह्य हुन्थ्यो तर गर्नु के र ? मैले कुरा गर्न लाग्दा एक कुरो नगरी उनी हरु ५ कुरा वेशी गर्थे । फेरि मानिस ले पनि उनी हरुलाई नै पत्याउंथे । मलाई गुरुले सहिष्णु भएर कुरा गर्ने शिक्षा दिएको थियो तर उनी हरु त्यो उपदेश सुन्न चाहदैन थे । कुनै कुरो गरे किन गर्नु पर्छ ? भन्ने तर्क झिकिहाल्थे । शायद उनी हरुलाई उपदेश दिने गुरु थिएनन् क्यार ? अभाग्य वश मलाई "किन ?" को रहस्य गुरुले भन्नु भएको थिएन । हुनता कति पल्ट मैले सोधीसकेको थिए तर त्यो गहीरो छ भन्दै वहाँ मलाई टार्नु हुन्थ्यो । शायद वहाँका गुरुले पनि बहाँलाई त्यसै भनेको थिए होला । उनीहरुको प्रश्नमा म केही उत्तर दिन सक्तैन थे अनि आफै रिसले मुरमुरिन्थे । मेरो वलले पुग्ने भए उनी हरुलाई रिसको झोंकमा पिठो पिंधे झै पिच्नें थिए तर उनी हरुका साथमा केही जोड चल्दैनथ्यो र केहि चलेन पनि, पहिलेको अवस्थामा अलिकति परिवर्तन न ल्याई मैले त्यो समाज मां घुस्नै पाईन । केही परिवर्तन पछि अवता म निन्दितभइ न भन्ने मलाई लागेको मात्र थियो फेरि के के पो सुन्नु पर्‍यो पाखण्डी, गुण्डो, नास्तिक, वेद निन्दक इत्यादि। अब म के गरु ? वेद पाठ गरौं त ढोंगी नगरौं त पाखण्डी, मैला लुगा लगाउत गन्दे, सुकिला लगाउत गुण्डो, चन्दन लगाए चन्दने, न लगाए नास्तिक । ए बाबा मैले कसैलाई कुटेको छैन, गालो गरेको छैन तै पनि मेरो निन्दा हुन्छ भने म के गरौं ? यो समाज मलाई गाली किन गर्दछ ? त्यो भद्र पुरुष ईश्वरले मलाई जन्म नै किनदियो ? अथवा जन्मक । साथै कर्तव्यको लिस्ट किन पठाएन ? कोही शङ्कराचार्य कोही रामानुजाचार्य, कोही रामानन्दाचार्य, कोही बल्लभाचार्य, कोही बौद्ध, जैन, कोही चार्वाक आदि संप्रदायका छन् । कसैको वेद, कसैको कुरान, कसैको धर्मशास्त्र, कसैको तर्क, कसैको वाइविल आदि प्रमाण छन् । एउटाको मर्यादा राखे, अर्काको निन्दा हुने, एउटा लाई माने, अर्को नमानिने छन् । आफ्नो संप्रदाय देखि वाहेक एक दोस्राको निन्दक छ । कोही नाङ्गै छन् त कोही सुट, बूट लगाउने, कोही "अहिंसा परमो धर्मः" भन्छन्ता, कोही पशु बलि द्वारा यज्ञगर्नु पर्छ भन्दछन् । कोही अर्का जन्मका लागि धर्म गर्नु पर्छ भन्छन् ता, कसैको "यावज्जीवेत्

सुखं जीवेत्, भन्ने सिद्धान्त छ। कोही यस संसार देखि नाहेक केही छैन भन्छन् ता, कोही सात तला सभौं सात तला खाली गन्छन्। कुन धर्म मा जानु कुन मा नजानु मेरा लागि सबै उस्तिकै ? कसको पक्ष पकडूँ, कसको न पकडूँ ?

खाएर मोज गर्नु कि तपस्या गरेर भोकै मर्नु ? जब कुनै बाटाको कुनै लछ निस्कन सकेको छैन तब एउटा ले अर्काको निन्दा किन गर्नु ? कुनै ईश्वर मान्ने छन् त कुनै न मान्ने। फेरि ईश्वर मान्ने मान्ने मा ता साम्य होस् नि, सबै आफ्नो आफ्नो पेवा ईश्वर मान्छन्। कुनै धर्मशास्त्र पुराण आदिलाई कवि कल्पना मान्दछन् ता, कुनै साच्चै भगवान् ले भनेको भन्दछन्। इनै धार्मिकहरु ईश्वरलाई समदर्शी भन्दछन्, फेरि इनै आफ्ना ईश्वरका प्यारा भएर अर्काको निन्दा गर्दछन् हरे कठै ! म के गरु ? मलाई यी अनेक मत हरुले भीर बाट लडेर अधबिचो भएको गाई लाई गिद्ध ले लुछे झैं लुछन लागे। 'हे ईश्वर ! तैले मलाई धर्मान्धहरुको झगडा शान्त भए पछि जन्म दिंदो होस नि ? के तँलाई एउटा ले अर्का-लाई गाली गरेको मन पर्छ ? के यी तेरा सन्तान हरुले एक धर्ममा रहन हुंदैन ? के तँ अर्काको निन्दा बाट प्रसन्न हुन्छस् ? अब म कसका पछि पछि लागौं, यदि कुनै मा निश्चय गरेर हिडुँ; अर्को विपक्षी आएर त्यसलाई अनिश्चित बनाई दिन्छ। म अन्धकार मा परे। मेरो कुनै बाटो छैन। धर्मान्ध हरुका गाली सुन्दा सुन्दा मेरा कान थोत्रा भैसके, न जाने यो संघर्ष कैले सम्म चलने हो। मलाई स्वर्ग जाने पनि इच्छा छ, रास्रो लगाउने पनि, अर्का द्वारा गाली नपाउने पनि। तर मलाई ती सबै कुरा किन मिल्दैनन् ? आफ्नो आफ्नो सम्प्रदाय सबैलाई रास्रो लाग्छ। मलाई वैष्णव हुन मन लाग्यो त शैव लाई के को रिस ? फेरि कुनै धर्म, जाति विशेष का छन्। हामी सबै ईश्वर का सन्तान हौं भने ईश्वर ले हामी माथि किन पक्षपात गर्नु। कुनै धार्मिक भएर स्वर्ग को टिकट बेच्दै हिड्दछन् त कसैले त्यो टिकट किन्न पनि न पाउनु ? यो कुन न्याय हो। यस्ते धार्मिक हुंकको माफ मा म अकमक्क परेको छु। म यहि बिचार गर्छु। अब म के गरौं ?

—:—

(पेज ८८ को शेष)

जिक आर्थिक, राज नैतिक एवं वैज्ञानिक ज्ञान सामग्री सँस्कृत-भाषा-भण्डारमा जति मात्रा मा सुरक्षित रहेको छ त्यति अरु भाषामा रहेको देखिदैंन। आजको वैज्ञानिक युगले हरेक चीज को खोज गर्नु र त्यसबाट लाभ उठाउनु नै मुख्य उद्देश्य लिएको छ। जब हामी आफ्नो धार्मिक र ऐतिहासिक चीज हरुको खोज गर्न लाग्दछौं त्यति बेला हामीलाई सँस्कृत ग्रन्थ पल्टाउने आवश्यकता पर्छ। त्सकारण वैज्ञानिक युगले पनि सँस्कृत भाषाको आवश्यकताको अनुभव गरेकै बुझिन्छ।

आज कालको शिक्षा पद्धतिको आलोचना गर्दै एक हास्य रसका कवि ले लेख्नु हुन्छ "अंग्रेजानान्तु को राजा कति वारं ब्यमुत्रयत्। इति सर्वं विजानाति न जानाति स्वकं गृहम्।" ठीक त्यस्तै कुरा आज हाम्रा देशका स्नातक हरुमा देखिदैंछ। नेपालीले विदेशमा गएर असीम वीरता र ख्याति प्राप्त गरेका छन्। त्यस्ता बहादुर भएर पनि अर्काका अगाडी झुक्नु परेको किन ? केवल परम्परागत स्वसंस्कृति संरक्षक संस्कृत शिक्षा को अवहेलना ले हैन ?

आज हाम्रो देशका इतिहास भुगोल हाम्रो देशमा पढाई नभएर हामीले विदेशी शिक्षा लिन बाध्य हुनु पर्छ। विदेशी शिक्षा लिनु अनावश्यक भन्ने विचार होइन। तर पहिले आफ्नो देशको परिस्थिति जान्नु आवश्यक रहन्छ अनि विदेश को। अचेल यस्ता पनि व्यक्ति पाईन्छन् जो, आफ्ना देशको सौन्दर्य देखि बिलकुल अपरिचित छन्। यस्ता व्यक्ति हरुलाई देश सेवा गर्ने सौभाग्य प्राप्त भए पनि कसरी सफल हुने ?

कुनै व्यक्तिलाई आफ्ना देशको जातीय आचरण द्वारा देश समुज्वल पारी सगौरव आफ्नो आर्यत्व को पालन गर्दै सर्वतोमुखी विकाश मा अग्रसर हुनुछ भने संस्कृत भाषा जान्नु परमावश्यक छ।

— · —

प्रेतात्मा

यज्ञ प्रसाद आचार्य
एम० ए०, एल० एल० बी० (अन्तिम) धरान

माता पिता छोरी कुलघरानमा परी भनी असाध्य हर्षित भए। गाउँघर सबैले राधा को भाग्यको प्रशंसा गरे। उनका साथी संगिनीहरू "राधा अब हामीलाइ के सम्झ्लिन्..." भन्दै इर्ष्या व्यक्त गर्दथे। सुबोध राधा भने यसलाई आशिर्वाद भन्ठान्दथिन्।

उच्च कुलमा जन्म पाएकी राधाले आधुनिक शिक्षा प्राप्त गर्न सक्केकी थिइनन्। भित्री पहाड़मा आधुनिक शिक्षा र नवीन सभ्यता त आजकल पनि नेपाल मा दुर्लभ प्राय नै छ। प्राचीन संस्कार मा परिष्कृत माता-पिताले संस्कृत र नेपाली को केही ज्ञान भने उनलाई गराएका थिए। तर राधा गृह-धन्धामा निपुण थिईन्। उनको पारखतालाई देखेर उनका पिता "हाम्री राधाको विवाह गर्न पाए सुखले प्राण जाने थियो।" भन्दै हाँस्तथे। यसै अन्तःकरणको सुप्तप्रेरणाले गर्दा राधाको बाल्यकाल मै राजेन्द्र संग विवाह भयो। विवाह का दिन देखि राधाले राजेन्द्रलाई मन-मन्दिरको एक मात्र देव मानिन्। पतिलाई खुसी गराउनु र सेवा गर्नु उनले नारी धर्म संझिन्। हुन पनि पति प्रतिको अगाध प्रेम र असीम श्रद्धा देख्दा गाँऊ घरका नव-विवाहिता वर-वधू विलखमन्द हुन्थे र राधा त उनीहरूको साधारण चर्चाकी पात्रा थिइन्। पति सेवामा संलग्न राधालाई भविष्यमा आइपर्ने अशुभ संकेत तिर ध्यान दिने फुर्सद नै थिएन। यसैमा उनी आफ्नो सुख सम्झन्थिन्। नेपाली नारी को लागि यो भन्दा ठूलो धर्म अरू के नै हुनसक्तथ्यो।

कलकलाउँदो उमेरका राजेन्द्रमा अंग्रेजी विद्याको स्पष्ट प्रभाव पर्‍यो। यूरोपियन उपन्यासमा दत्तचित्त राजेन्द्र मा नेपालमा नवीन सभ्यताको प्रसारको आवश्यकता अनिवार्य भएको छ भन्ने अकाट्य धारणा बनी सकेको थियो। यसरी त नेपाललाई सभ्य राष्ट्रको दाजोमा पुग्न पचासौं वर्ष लाग्ने छ.....मानव जातिको प्रबल अंग नारी जाति का निम्ति नवीन शिक्षाको व्यवस्था हुनु पर्दछ र समाजा-धिकारको आधारमा स्वतन्त्र समाजको व्यवस्था हुनु नितान्त अनिवार्य छ''' भन्ने उच्च आदर्शको आधारमा राजेन्द्र राधालाई तौलने प्रयास गर्दथे। अनि राजेन्द्रको अदम्य उमंग कुण्ठित हुन्थ्यो। निराशाले उनलाई लज्जित गराउँदथ्यो। लज्जित राजेन्द्र अनेक विचार गर्दथे। विचार तन्द्रामा विमग्न राजेन्द्रका सामने अतीतका चित्रपट विगत र तिक्तता लिएर नाच्दथे। उनका सारा भावना र अभिलाषा हावामा विलीन हुन्थे। वेदना र मनोमालिन्यले उनलाई निकै मर्म पुऱ्याउँदथ्यो। अनि त उच्च आदर्श प्रतिपादित गर्ने राजेन्द्रमा निराशा का भावनाले स्थान पाउँदथ्यो। अतः आफ्नी धर्मपत्नी प्रतिको निष्ठा र विश्वास क्षीण हुन्थ्यो। आमोद-प्रमोदमा व्यस्त राजेन्द्रलाई त आधुनिक सभ्यता अनुरूप अर्द्धांगिनीको सहवासले जीवन भविष्यमा हर्षित र समृद्धिशाली भएको हेर्ने चिर आकांक्षाले तीव्र रूपमा उत्पीडित गऱ्यो।

उनलाई भलिभाँती ज्ञान थियो-अशिक्षित राधा उनको नवीन सभ्यताले सुशोभित जीवनमा मात्र हुन सक्छिन्। यसकारण बेला बेलामा उनले दोश्रो विवाह गर्ने बारे चर्चा घरमा न उठाएका पनि होइनन्। माता पिताको कचू-कचूले नै राजेन्द्र का हात खुट्टा बाँधेको थियो। राधाले न थाहा पाएको होइन। अतः कहिले काहीं कुरै कुरामा घरको नोकर्नी संग बेदना पोख्तथिन् "यो जीवन भन्दा श्रेयस्कर त मृत्यु नै हुन्थ्यो.....माता पिताले बक्स निर्धन घरमा दिएका भए पनि आनन्दले.....।" चिन्तामा कुरा काटेर "भागी, दुःख नमाऊनु, भाग्य आफ्नो खानु छ...." नोकर्नी सम्झाउँथिन्। वेदना-ग्रस्त हृदय अब भाग्य सराप्नु बाहेक अरू केही गर्न पनि त सक्तैनथ्यो।

राजेन्द्रले नव ज्योत्स्ना पूर्ण जीवनको कल्पनाले गर्दा नगन्त विघ्न बाधाहरू पन्छाएर दोश्रो विवाह गरेरै छाड्ने थिए। यस पटकको विवाह गरेरै छाड्ने थिए। यस पटकको विवाह गरेरै छाड्नेको

भन्दा एकदम बेग्लै थियो । यस्का पात्र अर्द्धो उमेरका राजेन्द्र अनि किशोरावस्था नाघी सकेकी शिक्षिता नारी अनुरूपा थिए । मण्डपको साजश्रृङ्गारले भने युगल प्राणीको उज्वल र प्रफुल्लित भविष्य तिर संकेत गरि-रहेको थियो । पहिलेको विवाह को अव्यवस्थित जीवन पछि फेरि विवाहोत्सव मनाउँन पाउँदा राजेन्द्रलाई अगाध आनन्द अनुभव भएको उनको भाव-भङ्गिमाबाट छर्लङ्ग हुन्थ्यो । हुन पनि अबोध उमेरमा माता पिताले स्वेच्छामा गरिदिएको विवाहको हर्षको उनलाई के थाहा ? भन्ने हो भने हात मिलाई सांझमा सडक किनारामा घुमिरहेका नव शिक्षिता वर-वधूलाई हेर्दा त राजेन्द्रले विस्मत वाहेक अरु के अनुभव प्राप्त गर्न सक्थे र ! गाऊँमा जन्मे हुर्केकी घरको अनुशासन र मर्य्यादा भित्र पालिए-पोसिएकी राधाबाट राजेन्द्रको इच्छा पूर्ण हुन नं सक्नु अस्वाभाविक होइन ।

अंग्रेजीको उच्च शिक्षा प्राप्त अनुरूपामा नवीन सभ्यताका प्रसस्त संकेत देखिन्थे । बाइस वर्षको उमेरमा भरखर पदार्पण गरेकी अनुरूपामा अभिलाषा र आकांक्षा अतृप्त भएको उनको आतुर भाववेष बाट प्रकट हुन्थे । पट्ट फुटला भने जस्तो विशाल वक्षस्थलमा यौवन क्रीडारत चखेवाको लुका-चोरीले चंचलतामा कामुकताको समावेश गराएको थियो । भरमाउँदो रातोपिरो गोल् गोल अनुहार परेकी अनुरूपामा ठुलठूला बाङ्गुला आँखाले अत्यन्तै शोभा पाएका थिए । श्यामवर्णको मुखमा सेता सेता दाँत स्फटिक जस्तो चम्कन्थे र त्यस माथि पातला र हल्का सुस्त ओठले भने सौन्दर्यराशि को अभिवृद्धि भैरहेको थियो । तर उनको मलीन र चंचल स्वभावले जीवनमा के के को कमी भएको कुराको आभास दिइ रहेको थियो । हुन पनि एम्. ए. सम्म अंग्रेजी शिक्षा प्राप्त नारीमा जीवनका निम्ति मिल्दो पतिको चाहना दिन्हौं बढदै गयो । माता-पिताले छोरीको निम्ति सुन्दर, सुशील र शिक्षित वरको खोज न गरेका होइनन्, तर अभाग्य भन्न त सकिन्न, भए पनि, अनुरूपाले जीवनमा एकाकी दिन भने व्यतीत गर्नु परेको थियो ।

संयोगवश काशीमा अध्ययन गर्न आएका हाम्रा भावुक राजेन्द्र र स्नेही अनुरूपाको चिना जानी हुन धेरै समय लागेन । एउटै घरमा डेरा भएकोले त झन् परिचयले आत्मीयताको रूपमा परिवर्तित हुनु मात्र होइन, बरु बढदै बढदै प्रेमको रुप लियो । दिनका गतिका साथ साथ प्रेमको डोरी झन् झन् कसिन लाग्यो । अनि आतुर दुवै हृदय एकअर्काको बाहुपाशमा बांधिन औंताए । स्थिति र अवकाशको ज्ञान हरायो । राजेन्द्रले घरमा भएको धर्मपत्नी-लाई दिन्हौ बिर्सन लागे र अनुरूपा पनि पवित्र नारी हृदयको ममता, दया र विवेकबाट बिचलित भइन् । विवेक र निस्वार्थताले सुईकुचा ठोके । बिवेकहीन हृदयले चेतना लुप्त गरायो, अनि स्वार्थ र अन्धताले नारी हृदयमा विजय पायो । अनुरुपाले राजेन्द्रको घरमा भएको अबला स्त्रीलाई सहजै बिर्सिइन् ? आफ्नो सौरम्यपूर्ण रमूरमी जगतको सृजना गर्ने अभिलाषाले हृदयमा बारम्बार स्पन्दन मचाउँन लाग्यो । बिचरी अनुरुपालाई भविष्यको के ज्ञान ? उनलाई के बोध कि यस स्पन्दनले बिच समुद्रमा भुवँरी भित्र रुमलिएको जहाज जस्तो आफ्नो दाम्पत्य जीवनलाई कहिले हल्लाउँने र कहिले पछार्ने गर्छ ! विगत समयमा राजेन्द्रको अन्य निर्दोष बालाहरु सँग असंगति पूर्ण सम्बन्ध भएको कुराको पनि त अनुरुपालाई ज्ञानथिएन । अनुरूपाले समाज संगन्याय को भिक्षा मागेको लेखकलाई आज जस्तो लाग्दछ, तर यस निर्मम तथ्यको रहस्यमय इतिहास भने अनुरुपालाई पत्तो हुन सकेको थिएन । हुन पनि सीमित ज्ञान भित्र रुमलिएको अपरिपक्व अनुरूपालाई जीवन संकटपूर्ण हुन सक्ला भन्ने एक मनमा पनि थिएन । अतः उनले आफ्नो जीवन-धागो राजेन्द्रको लटाईमा बेंदै लैजान स्वीकार गरिन् । स्वार्थ वशीभूत राजेन्द्रले आफ्नो इच्छानुसार अनुरूपालाई कल्पनाकाशमा अकाश्याउने सुअवसर प्राप्त गरे । अनि त के थियो दुवै प्रेमात्मा एउटै जीवन-शिकामा सदैवको निम्ति आबद्ध भए ।

दिन सधै एकनास भै रहेनन् । विवाहको खबर राधाले पाईन् । अबला नारीको हृदय उकुस मुकुस भै छट्पटायो । कोमल वक्षस्थलले बज्राघात सहन सकेन र फुटला जस्तो गरी निस्सासिंदै फुल्यो । आत्म ज्वालाले उनको हृदय खरानज पार्‍यो । कोमलाङ्गिनी नारीलाई पतिको तिरष्कार भयंकर तीव्र बिषाद एवम् अभिशाप थियो । बर्षौं देखि रुढीवादी समाजसंग संघर्ष गर्दै आइ रहेको आत्मा यस पटक भने निरुत्साह र असहाय भो अनि उनलाई यस अगम्य संसार

बाट संधै को निम्ति विदा लिने प्रेरणाले भने उत्पीडित गऱ्यो । नानीसंग लेपासिन् । पति संग मधुर मिलनको चिर आकांक्षाले बाटो हेरि रहने राधाका आँखा छचलिकये अनि उनका अतृप्त आँखाबाट बलिन्द्र आँसु टल्पल टल्पल खसे । तात् तातो आँसुले नानीलाई भस्म गराउला भन्ने भयले नानीको सुक्सुकाउँदो अनुहारमा आँसु नखसून् भनी उनले आफ्नो हात थापिन् । हातमा जम्मा आँसुले भने अब उनी हृदयको अन्तष्करण पखाल्न सक्ने थिइन्, तर उनले "यस पवित्र पानीले भविष्यमा पतिको जीवन हर्षित र समृद्धिशाली होस्" भन्ने सच्चिदछाले नानीको जीऊमा, पतिको मुस्कुराई रहेको फोटो माथि, आफ्नो शरीर माथि छर्किन् अनि सारा कोठा भित्र । नानी आनन्दले सुती रहेकै थियो । राधाका हृदयमा तीव्र वेगले धक्का हान्नलागे । सहन न सकिलन् जस्तो भो । सारा शरीर त्रास र भयले थर्थरायो । कम्पित हातले नानीलाई एक पटक फेरि सुम्सुम्याइन् अनि बिचार गर्दा गर्दै मुसुक्कहांसिन् । कोठा बाहिर निस्तब्ध अन्धकार विराजमान थियो । पूर्ण चन्द्रको दिन भये पनि बादलले भने चन्द्रमालाई ढक्क छोप्यो । चियाई चियाई पृथ्वीको विभूति हेर्न चाहने चन्द्रलाई क्रूर बादलले मौका दिदैनथ्यो । राधाको कोमल हृदयमा त यँस अन्धकारले साहस र आशा उत्पन्न गरायो । त्रस्त नारी कठोर शिला बनिन् । मूर्तिवत् राधाले विचार गरिन् । पाषण भै सकेको हृदयमा सरसता पलायेन । अर्द्धमृत प्रायः नारीमा चंचलता र मधुरता रायो । उकुस मुकुस हृदय निस्सासियो अनि उनको पवित्र आत्मा छट्पटायो । चित्त थाम्ने अनेक व्यर्थ प्रयत्न उनमा खिये, तर पराजित हृदयमा निरूत्साहले नै अन्तिम विजय ायो । अनि त भयातुर मुखाकृतिमा नजानिंदो मलीनता ौडियो । तैपनि मोहमायाले ग्रस्त राधा भावावेशमा आइन् । ानीको म्वाई खाई पतिको फोटोलाई साष्टाङ्ग दण्डवत गरिन् ानि कोठा बाहिर निस्किन् र अन्धकारलाई चिर्दै हिंडिन् । न्धकारमय जगतमा निशाचर बाहेक अन्य प्राणीले उन- ाई देखेनन् । अन्धकारले भने उनलाई पछ्याई रहयो ।

पतिको कस्सिएको अंगालोमा लेपासिई अनुपम आनन्द ा ओत प्रोत अनुरूपा एक्कासी तर्सिन् । पतिको तातो स्पर्श ा रोमांचित उनको शरीर सर्वाङ्ग चिसो भयो र हर लाग्दो उनको शरीर थर्थराउँन लाग्यो । पत्नी संगको ार्गिक आनन्दमा लिप्त राजेन्द्रलाई यस अप्रत्यासित घटना को बोध हुन सकेन । तर शोताग्न भैरहेको पत्नीको विशाल शरीर भने उनलाई पहाड़ जस्तो भारी अनुभव हुनलाग्यो । आश्चर्यचकित राजेन्द्र किंकर्तव्य विमूढ़ भए । त्रस्त पत्नीको छ्याप्-छ्याप्ती भिजेको अनुहार र भयभीत नेत्र ले उनलाई चंचल गरायो अनि पत्नीको कांधमा दुबै हात राखी बारम्बार म्वाई खाँदै बोले "अनु, यो के भो····?" यस पटक उनको तात्तातो ओठको स्पर्शले अनुरुपामा स्फूर्ति ल्याउन सकेन । हतप्रभ अनुरूपाका चंचल आँखा चारै तिर घुमे र बाहिरबाट "बो, बा····" भन्दै उफ्रंदै नाच्दै आइरहेको सानो बालक शशी माथि एकटक एकोहोरिए । राजेन्द्रलाई त यो एकदम प्रहेलिका जस्तो भान भो । उनले कति विचार गरे, तर सारा व्यर्थ । निधारमा सर्सर्ती निस्किरहेका पसिनालाई हातले पुछ्दै अनुरुपाका पातला र हल्का ओठलाई बारम्बार दुई औंलाले सुम्सुमाउँदै बोले "बोलन के भो ?" अवाक् अनुरुपा आंखाको इशारा वाहेक अरु केही गर्न र भन्न सक्किनथिन् । बाउँदा बाउँदैको मुंख थर्थराउँदै बन्द हुन्थ्यो र केले केले निसास्सिने गरी ख्याक पारेर घाँटी समातेको जस्तो उनको विचित्र अवस्थाबाट ज्ञात भो । हैरान राजेन्द्र लाई तारतम्यको महात्म्य बुझ्न भने निकै गाह्रारो पऱ्यो ।

बेदनाग्रस्त अनुरुपा पति संग यस रहस्यको उद्घोषण गर्न सक्किनथिन् । हुनपनि कसरी सकून् । उनी स्वयम् निष्प्राण जस्तो अथाह सांसारिक समुद्रको भूवँरी मा रेलिन लागेकी थिइन् । हृदयको संताप पति संग पोखेर उनी आत्मा हलुको गर्न नचांहादि हुन् भन्ने कुरा पनि होइन, तर सक्तैनथिन् । किनभने पतिले संभवतः यसलाई पश्चात्ताप न संझून् । अतः उनको मनोभावना त्यसै भित्रभित्रै रुमलिइरहन्थ्यो । कहिले काहीं अम्बिका संग "अम्बु, नोरी परतन्त्रता नै हाम्रो सामाजिक अवनतिको मूल कारण हो···नेपालमा सभ्य समाजको रचनाका निम्ति बहु-विवाह प्रथा एकदम बन्द गर्नु पर्दछ । यो खाली सरकारी कानून र नियम ले मात्र हुने होइन हृदय परिवर्तनको आवश्यकता छ···आज हरेक नेपाली नारी ले एकमत भै प्रतिज्ञा गरे बहु-विवाह को अन्त्य सजिलै संभव हुनसक्तछ···यसका निम्ति तिमी हामी जस्ता शिक्षित नारीले समाजको पथ प्रदर्शनको अभिभारा आफु माथि लिनु पर्दछ ।" व्यक्त उद्गारले उनलाइ सारै लाछित गर्दथ्यो । अनि विचार गर्थिन् "अम्बुले के भन्ठान्लिन्···नेपाली नारी समाज ले छिछि र दुर्दुर गर्ला···।"

निद्रामा निश्चल राजेन्द्र अनुरुपा संगका प्रीति र मोह को मधुर स्वप्न देखिरहेका हुन्थे । यसको प्रतिबिम्ब त उनको अनुहारमा नाचिरहेको मन्द मन्द मुस्कानले स्पष्ट रुपमा झल्काउँदथ्यो । अनुरूपा भने यस प्रतिबिम्बमा पनि भय र त्रास को आभास पाउँदथिन् ।

निद्रामा विभग्न अनुरुपा स्वप्नमा अनेकानेक रुप देखदथिन् "कहिले पतिले अकंमाल गरी बारम्बार म्याँई खाइरहेको, कहिले सानो नानी काखमा लिइ पतिलिर तीक्ष्ण नेत्रले हेर्दै मुस्कुराइ रहेको, त कहिले आफ्नो यौवनावस्थाकी संगिनी अम्बिका संग हातमा हात मिलाई घुमिरहेको···।" यसरी नै स्वप्न तरङ्ग तरंगित हुंदै जान्थे र भावनाको अतिवृद्धि बढ़दै जान्थ्यो । अतृप्त आत्मा एक संसार देखि अर्को संसार को परिक्रमण गर्दै आफ्नो सानो घर संसार भित्र आइ पुग्दथ्यो र हर्षोल्लासले उत्तेजित अनुरूपा पतिसंगको भोगविलास मा लिप्त हुन अघि बढ़दाबढ़दै "यो मेरो नासो आज देखि तिम्रो हातमा, पाले पुण्य मारे पाप···" भन्दे राधाले शशीलाई उनको हातमा सुम्पिइन् । अनुरुपाको मुटुको व्यथा अति तीव्र गतिले बढ़यो । उनका सम्पूर्ण मधुर स्वप्न छियाछिया भए । भय र त्रासले सर्वाङ्ग काम्यो र सुती रहेका पतिलाई एकाशी जोरले अगाल्दै "प्राण बचाउनोस्" भनी दोषी आत्मा रोयो । विकराल चित्कारले भोग-विलासमा लिप्त राजेन्द्रको हृदय उतर्सियो ।

तर राजेन्द्रका विवशता भने दिन्हौं बढ़दै गैरहेका थिए । डाक्टर बैद्य, झांकी र गुमाजुको त लेखा जोखा नै भएन । आज यस मन्दिरमा त भोलि उस मन्दिरमा । दिन्हौं कार्यक्रम क्रमागत बढ़न लागे । कार्यरत राजेन्द्रलाई समुचित उपचार को अत्तो-पत्तो हुन सकेन । सशंकित हृदयले कुनै पनि देव देवीलाई राम्रो रुपले भ्याउन सकेन, बरु संकटा देवीको स्वरुप लाई देख्ने विर्त्तिके क्लान्त अनुरुपा भने लखतरान परिन् । उनको यस विचित्र अवस्थाले राजेन्द्र को छट्पटी बढ़ाउँदै लग्यो । ठूलठूला मनोविज्ञान वेत्ताहरुको परामार्शानुसार अनुरुपाको आत्मशान्तिका निम्ति पहाडको बसोबासोको पनि प्रबन्ध भो । सल्लेरी बनको शीतल समीरले आत्म ज्वालाले भष्मीभूत हृदयलाइ आनन्द र शान्ति भने प्राप्त हुन सकेन । आशा-भिन्न राजेन्द्रले हार मानि र पराजित राजेन्द्रको मनोमालिन्यले आत्म-सात्को रुप लियो ।

विवाहका दुइ मधुमासले उनीहरुको जीवनमा नव ज्योत्स्ना र मादकताको सृजना गर्न सकेन । अनेकानेक मनोकामनाले स्वर्गको कल्पना गर्ने राजेन्द्रले सदैव विस्मत मै दिन व्यतीत गर्नु पऱ्यो । पत्नी को असाध्य रोग निराकरण गर्ने व्यर्थ प्रयासमा उनले स्वर्णमय जीवन का कतिपय दिन नष्ट गरे र पनि सान्त्वना र आशा भने मृग-मरिचिका नै रह्यो । व्यथित हृदयका व्यग्रता बढ़दै गए । पत्नीको यस विचित्र अवस्थाले उनको मनोवेदना उद्वेलित भो । खाँदा, बस्दा, सुत्दा, उठ्दा सारा दिन रात उनी विचार विमग्न हुन लागे । विचारलिप्त राजेन्द्रका अनुराग स्वप्नमा परिवर्तित भए । अस्तव्यस्त राजेन्द्रको विचलित हृदय भावान्वित हुन्थ्यो । यस को प्रतिबिम्ब स्वरूप निद्रा स्वप्नमा परिवर्तित हुन्थ्यो । तन्द्रा अवस्था का राजेन्द्रका कानमा "नाथ, यो मेरो नासो तपाई र यस बहिनीका काख पोल्टामा···" भन्दै अस्पष्ट शब्दहरू गुनगुनाउँदथे । झझल्कोले निद्रित तन्द्रा क्षीण हुन्थ्यो । संझदा संझदै एकाएक राधाको हंसिलो अनुहार अन्यमनस्क राजेन्द्रका समक्ष उपस्थित भए जस्तो लाग्थ्यो । राजेन्द्र विस्मित हुन्थे । उनलाई विश्वास हुनथ्यो । तर बिच बिचमा भने प्रतिध्वनित शब्द कहीं कहीं गुनगुनाइ रहे जस्तो उनलाई लाग्न लाग्यो । अनि त अनुरूपामा उनले राधा नै छर्लङ्ग देखे । अनुरूपा हाँस्ता, राधा हास्न लागिन् र अनुरुपा राजेन्द्र संग लेपासिंदा त उनलाई राधा लेपासिंदे जस्तो लाग्न लाग्यो ।

यसरी नै विस्मयका घेरै दिन बिते । दैवले यी दुवै युगल प्राणी को मनोरथलाई सन्तुष्ट गराउन सकेनन् । तरपर गालँघर, नाता गोता संतप्त हृदयको व्यथा बाडन चाहेर पनि बाडन सक्तैन थे । अम्बिकालाई अनुरूपा र राजेन्द्रको विवाहको सन्देशले भने प्रफुल्लित पारेन, बरु अचम्भित नै पाऱ्यो । आफ्नी सहचरीको यस्तो अधोगतिले उनलाई अगाध चोट पुऱ्यायो । कालेजमा एक साथ अध्ययन गर्दा "अम्बु, नारी परतन्त्रता नै हाम्रो सामाजिक अवनतिको मूल कारण हो···नेपालमा सभ्य समाजको रचनाका निम्ति बहु-विवाह प्रथा एकदम बन्द गर्नु पर्दछ···यो खाली सरकारी कानून र नियमले मात्र हुने होइन, हृदय परिवर्तनको आवश्यकता छ···आज हरेक नेपाली नारीले एकमत भै प्रतिज्ञा गरे बहु-विवाहको अन्त्य सजिलै संभव हुन सक्छ···यसका निम्ति तिमी हामी जस्ता शिक्षित नारीले समाज

प्रधान मन्त्रीको रिपोर्ट

देशोन्नति को मुख्य बाटो शिक्षा नै हो, भन्ने कुरामा, स्वर्गीय श्री ५ का बाहुली बाट पिण्डेश्वर संस्कृत महाविद्यालय को जन्म २००८ साल मार्च २७ गते मा भएको हो। यस विद्यालय मा नेपाल पूर्व पश्चिम प्रायः सबै जिल्ला का र प्रवास का विद्यार्थी हरु अध्ययन गर्छन्।

यस विद्यालय मा समय र युग अनुसार संस्कृत का साथै अंग्रेजी, हिन्दी, इतिहास, भूगोल, सामाजिक शास्त्र तथा व्यावहारिक ज्ञान समेत अध्ययन गर्न गराइने हुँदा, यहाँ बाट गएका विद्यार्थी ले देशका कुना, काप्चामा निरक्षरता हटाइ देशोन्नति मा सहायक भएकाले मौसुफ प्रति अनन्त ऋणी छौं।

[क्षेमानन्द गुरागाञी]

विभिन्न जिल्ला बाट आएका छात्र हरुलाई एक सूत्र मा गाँस्न आवश्यक देखेर यो संस्कृत छात्र संघ, २००८ साल माघ १२ गते गठित भएको हो। यस संघका सर्व प्रथम अध्यक्ष हुनुहुन्थ्यो श्री दुर्गाप्रसाद पोखेल र मन्त्री क्षेमचन्द्र दुंगेल।

देश भरका छात्र-संगठन संग मैत्रीपूर्ण सम्बन्ध राख्दै छात्र एकता सुदृढ बनाउनु, विद्यार्थी वर्ग को जीवन-स्तर उंमो उठाउनु तथा उनीहरुको सांस्कृतिक, बौद्धिक, मानसिक उन्नति को लागि रचनात्मक कामहरु गर्नु र जसरी हुन्छ संस्कृत शिक्षा प्रणाली लाई सुधार गर्दै अरु शिक्षाको समकक्ष पुऱ्याउनु र संस्कृत को प्राधान्य साथै सर्वाङ्गीणतया समयोपयोगी शिक्षा प्रचार गर्दै, पहाड, तराईका अशिक्षित बन्धु हरुलाई शिक्षित, देश-भक्त, समाज-भक्त, संस्कृत र संस्कृतिको महत्व जान्ने, सच्चरित्र आदर्शवान्, बनाउनु नै यस संघको मुख्य उद्देश्य हो।

तत्कालीन समय मानै यस संघ ले "संस्कृत छात्र संघ, नेपाल" संग सम्पर्क राखी आफुलाई त्यस्को मुख्य शाखा बनायो। त्यस्पछि नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन संग पनि सम्बन्ध राख्यो।

प्रेतात्मा को वाको

मा पथ-प्रदर्शनको अभिभारा आफु माथि लिनु पर्दछ···" भन्दै हांसेको संझनाले उनको मुटुमा भक्कानो परेर आउँदथ्यो। आश्चर्यका सीमाले पराकाष्ठा नाघ्दथे अनि अदृश्य चेतनाले अनुरूपाको मुख हेर्ने उत्कण्ठ प्रेरणाले उनलाई घच्घचयायो। अतः अम्बिकाले विना पूर्व सूचना आज एकासी अनुरूपाको नौलो घरमा पदार्पण गरिन्। अम्बिकाको आगमनको सर्व प्रथम स्वागत भने दुहुरो शशीले गर्ने अवसर प्राप्त गऱ्यो, अनि त्यस पछि हाम्रो नव-वधू अनुरूपाले। गंभीर अम्बिकालाई देख्ने बित्तिकै आँखा भरी आँसु पारी अनुरूपाले अम्बिकाका पाउमा परी बर्बराउन लागिन् "अम्बु, क्षमा याचना गर्दछु···नारी समाजमा अर्को एउटा कलंकको टीको यो पापी हातले थपे···।" बोल्दा बोल्दैकी अनुरूपाको गला हिक्क हिक्क गरी निस्सासियो। उनी बोल्न सकिनन्। अवाक् अनुरूपाका आँखाबाट भने वस्तिन्द्र आँसु खसी नै रहे। निस्तब्ध अम्बिकाको मुखबाट बोली फुटो "एउटी नारीले अर्की अबला नारीको आत्मघात गर्नु अक्षम्य महापाप हो अनु···यस पापको प्रायश्चित्त तिम्रा यी आँसुका थोपाले अवश्य पनि गर्न सक्नैनन्···।" नारी हृदयको अन्तष्करण तीव्र वेगले आन्दोलित भो। अम्बिकाका पाउ समाती रोइरहेकी अनुरूपा उठिन् र अम्बिकाका दुबै हात समाती "नेपाली स्त्री जातिले यी दिन अवश्य पनि देख्नु नपरोस्···अम्बु, मलाई क्षमा गर···" भनी रोइरहिन्। विक्षुब्ध अम्बिकाको बोली फुटेन। गहभरी अश्रुपूर्ण अम्बिका एकोहोरो अनुरूपा माथि ढोलाइ रहिन्। पराजिता अनुरूपाको लाज ग्रस्त लत्रिएको टाउको निहुरिने रह्यो। अनि त शशी मुसुक्क मुस्कुराउँदै राजेन्द्र तिर घुम्यो।

बसन्तपंचमी २०१६

२०१० सालमा यस संघले "संस्कृत छात्र संघ नेपाल" का अष्टसूत्रीय मांग र अरु आफ्ना स्थानीय मांग हरु जो यस प्रकार थिए :—

(१) सस्कृत छात्र संघ, काठमाण्डुका अष्टसूत्रीय मांग पुरा हुन्। (२) यो पिण्डेश्वर विद्यालय लाई कालेजको मान्यता दिइयोस्। (३) विद्यालय र छात्रावास भवनको चांडै निर्माण होस् ।



(४) शिक्षक हरुको रिक्त स्थान तुरुन्त पूर्ति होस्। पुरा गराउन २०१० साल चैत्र १८ गते देखि भएको नेपाल व्यापी संघर्ष मा भाग लियो। संस्कृतका तमाम छात्र हरूको यो संघर्ष नेपालको ऐतिहासिक संघर्ष भएको छ।

[संस्कृत छात्र संघ, धरानका पुराना क्रान्तिकारी सदस्य र "उनैलाई" का कवि दण्डपाणि नेपाल।]

संघर्ष जारी रोख्दै विद्यालय हड्ताल गरेको २५ सौं दिन (वैशाष ११ गते २०११) मा मसाल जुलुस प्रदर्शन गऱ्यो। शायद यो नेपालको दोस्रो मसाल जुलुस हो।

कैयौं कार्यकर्ताहरुले विद्यालयबाट निष्काशन र जेलको यातना सहनु पऱ्यो। निष्काशित साथीहरु हुन हुन्थ्यो-आत्मा शर्मा चापागाञी, दण्ड पाणि नेपाल, राधा कृष्ण वराल, पीताम्बर लंसाल, गुरुप्रसाद गडतौला, लक्ष्मी नेपाल, गोविंद पोखेल र टीका प्रसाद सुवेदी। वहाँ हरू मध्ये दण्ड पाणि र राधा कृष्ण जी जेल मा पर्नु भएन। यी साथी हरूका साथै काठमाण्डु संस्कृत छात्र संघका प्रतिनिधि श्रीगणेश प्रसाद भण्डारीजीले पनि जेलको यातना सहनु पऱ्यो।

मुख्य कार्यकर्ता हरूलाई सरकार ले यसरी जेल दिए पछि पनि पहिले को कार्य सञ्चालन बाट शिक्षा लिदै छात्र एकता लाई दृढ बनाउन र आफ्नो उद्देश्य पुरा गर्न यस संघले सक्दो प्रयत्न गरी नै रह्यो।

२०१२ सालै बैशाखमा "संस्कृत छात्र संघ-नेपाल" को काठमाण्डुमा भएको प्रथम महाधिवेशनमा भागलिन प्रतिनिधि पठायो। जुन अधिवेशन नेपालका तमाम विद्यार्थी हरू का लागि महत्व पूर्ण थियो। प्रतिनिधि भवानी भण्डारी, भक्तिराम ज्ञवाली र गणेश पौडेल हुनु हुन्थ्यो।

२०१३ साल बैशाखमा काठमाण्डुमा नेपाल राष्ट्रीय विद्यार्थी फेडरेशन द्वारा आयोजित विद्यार्थी एकता संमेलनमा पनि भाग लिन चुकेन। जुन संमेलनमा नेपाल का विभिन्न छात्र संगठन संमिलित्त थिये। यसमा चुनिनु भएका प्रतिनिधि जीत बहादुर थुलुङ्ग र,पीताम्बर लंसाल हुनु हुन्थ्यो।

२०१४ सालमा पश्चिम दाङ्गमा भएको संस्कृत छात्र संघको संसद अधिवेशनमा पनि यस संघले भाग लियो। प्रतिनिधि हुनु हुन्थ्यो, आत्मा शर्मा चापागाञी र जीत बहादुर थुलुङ्ग।

२०१५ साल कार्तिक १७ गते देखि काठमाण्डुमा भएको संस्कृत छात्र संघको द्वितीय महा अधि वेशनमा पनि भाग लियो। प्रतिनिधि हुनु हुन्थ्यो, आत्मा शर्मा चापागाञी, पीताम्बर लंसाल र उद्धव प्रसाद काफ्ले।

यहाँ बाहिर बाट आएका विद्यार्थी वर्गको आर्थिक स्थिति अध्ययन गर्दै, त्यसको समाधान गर्न तथा यहाँ का स्थानीय पुस्तकालयहरुको वाञ्छित अपेक्षाको अभावले २०१५ साल मा संस्कृत छात्र पुस्तकालय" को स्थापना गऱ्यो।

सज्जन महानुभावहरुको दया, उदारता र छात्रहरुको परिश्रम पाइ यस पुस्तकालयले एक वर्ष भित्र निकै प्रगति गरेकोले आशा छ यस्तै ने भैरह्यो भने भविष्यमा स्थानीय जनता र विद्यार्थी वर्गको सांस्कृतिक स्तर उंभो उठाउन र देशोन्नति का लागि पूर्ण सहयोग गर्ने छ।

[यस वर्षको 'चेम्पियन शीप' प्राप्त गरी रेकार्ड राख्ने खेलाडी, 'भाग्य ?' का कवि र संघका प्राण लक्ष्मी नेपाल।]

आज यसको आठौं वर्ष चलेछ । यस वर्षको कार्य-कालमापनि बहुमुखी उन्नतिलाई संधुल राखेर नै विद्यार्थी एकतालाई दरो बनाउन, विद्यार्थीका अधिकारको रक्षा गर्न र उसी हकलाई कर्तव्य पथमा लगा न तथा आफ्नो उद्देश्य पुरा गर्न पछि परेको छैन । आफ्नो शक्ति लगाएर काम गर्ने, यस संघको कार्य संचालनमा र उद्देश्य पूर्ति गर्नका लागि कुनै पनि क्षेत्रमा पछि परेका छैनन् । आफ्नो तन-मन-धन ले छात्र एकता दृढ पार्ने र जन सेवा गर्ने सबदो प्रयत्न भएको छ ।

यस वर्षको कार्यकाल मा निम्न लिखित काम हरू सफलता पूर्वक सुसम्पन्न भए ।—

यस संघले श्रावण २८ गते ०१६ मा कवि महानन्द सापकोटा ज्यूको "पौरस्त्य र पाश्चात्य शिक्षाको तुलना र आवश्यकता" शीर्षकमा, मंसीर ५ गते प्रसिद्ध कवि केशर माने "व्यथित" ज्यूको साहित्य र आलोचना संबन्ध

मा, १४-६-०१६ मा स्वामी ईश्वरानन्द ज्यूको प्राचीन गुरुकुल, ब्रह्मचर्य, वात्स्यायन दर्शन, सत्य-व्याकरणको जन्म, विद्यार्थी जीवन र विद्या, समयानुसार शिक्षाको आवश्यकता, इत्यादि विषयमा, प्रवचन गराएं ।

['प्रभात' का लेखक मुक्तिनाथ धुवेली ।]

संस्कृत शिक्षा प्रतिको सरकारको उपेक्षा नीतिलाई ध्यान मा राखेर, संस्कृत शिक्षाको मान्यता अरु शिक्षा सरह हुनु पर्छ भनी विषयमा उचित आवाज उठाउंदै छ ।

विद्यालय-भवन र छात्रावास न भएकोले छात्रहरू ले धेरै कातना सहनु परेको छ । यसमा सरकार को ध्यान आकर्षित गरेउन स्थानीय बडाहाकिम मा पत्रव्यवहार र प्रतिनिधि मण्डल पठाएं ।

कार्तिक पूर्णिमा मा लाग्ने बाराहक्षेत्र मेलामा प्रतिवर्ष सरह यस वर्ष पनि स्वयं-सेवक पठाई पर्याप्तमात्र सेवा गरियो ।

यस वर्षको मातृ-पूजाको उपलक्षमा थोरी सेवा राशिद्वारा चाक मनाएं ।

२६ गते कार्तिक मा प्रधान मन्त्री वि० प्र० कोइराला ज्यूको स्वागत गरियो । साथै मानपत्र र मांगपत्र पनि चढ़ायो । मांग पत्र मा निम्नलिखित कुरा हरू उल्लेख गरिएका थिए ।

१. (क) गुरुमा विद्यालय-भवन न हुंदा जोगी वस्ने मठमा जसो तसो गरी अध्यापन-कार्य चालु गरिएको थियो र आज सम्म पनि सोही रूपले कार्य चल्दै छ । तर कक्षाहरू धेरै हुंदा स्थानाभावले रूखका फेद मा अध्ययन गर्नु परिरहेको छ जो सर्व-विदितै छ । अतः विद्यालय - भवन को शीघ्रमै निर्माण होस् ।



{ 'सृष्टि तत्व' का लेखक रामप्रसाद खनाल वहाँको । लेखमा आधुनिक शिक्षा प्रणाली का लेखक गोपाल श्रेष्ठज्यू को ब्लाक परेको छ । }

(ख) छात्रावास नहुंदा टाढा बाट आयेका छात्रहरू ले अर्काको शरण मा गई छिंडी-पिंडी आदि मा अनेक प्रकारका दुःख सही वस्नु परेको छ । अतः छात्रावास-भवन को निर्माण चाँडै नै होस् ।

२. विद्यालय ले आफ्नु भनेको जग्गा जहाँ स्वयम् श्री ५ महेन्द्रवीरविक्रम शाहदेव का बाहुलीबाट २०१३ साल मा शिलान्यास भयेको थियो, अर्काले मेरो हो भनी दावी गर्दै छन् । सो जग्गा जसरि हुन्छ सरकार ले यस विद्यालयका नाम मा दर्ता गरिदिनु पर्छ, जसमा भवन-निर्माण आदि-बाट भने देखि हामी छात्र हरु ले फलफूल, तरकारी आदि उपयोगी बीज लगाउने थियौं ।

३. महाविद्यालयको नियमानुसार बुत्तिका साथै उच्च-कक्षा सम्मको पढ़ाई सुचारु-रूपले चालु हुनु ।

४. कक्षा बढ़दै गयेकाले र ६ जना मात्र शिक्षकले अध्यापन-कार्य चालुगर्न नसकी अध्ययनको घेरै ने अवनति भई रहेको ले आवश्यकतानुसार शिक्षक हरु थपिउन् ।

५. शिक्षकहरुको वेतन कम हुंदा पढाउने विभिन्न विषयका सुयोग्य शिक्षकहरुको नियुक्ति गर्न न सक्ता

विद्यालय को उन्नतिको मार्ग ने रोकियेकोले शिक्षकको योग्यतानुसार वेतन प्रबन्ध हवस् ।

६–संस्कृत-भाषा सर्वभाषाको जननी र प्राचीन भाषा हुंदा त्रिभुवन-विश्वविद्यालयमा संस्कृतकी पनि एक दरिलो विभाग रहनु पर्छ र पूर्वाञ्चलमा संस्कृतको केन्द्र कही पनि न भयेकाले र अन्यत्र परीक्षा दिन जानु पर्दा यहाँका कति दीन छात्र हरु आर्थिक कठिनाईले पढन असमर्थ छन् । हिन्दी बाहिर का परीक्षामा अनिवार्य पढ़नु पर्ने हुंदा पहाडका कुना



['वैदिक राष्ट्रगीत' का अनुवादक सदानन्द भट्टराई ।]

कुनामा बस्ने छात्र हरुलाई एकै चोटी हिन्दीमा प्रवेश गर्नु पर्दा ज्यादै कठिन परेको छ, र संस्कृत विश्वविद्यालय वाराणसीको नियमानुसार हिन्दुस्तान के इतिहास, भूगोल आदि पढ़नु पर्ने हुंदा छात्रहरु आफ्नो देशको वातावरणमा अनभिज्ञ रहन्छन् । अतः यो धरान पूर्वाय नेपाल का ठुलो गाँडो र पहाड र प्रदेशको मध्यस्थल पर्न गयेको हुंदा यहाँ त्रिभुवन-विश्वविद्यालय सम्बन्धी शास्त्री सम्मको एक संस्कृत परीक्षा केन्द्र स्वीकृत होस् ।

मार्ग २६ गते स्थानीय बडा हाकिम हरिप्रसाद गिरिज्यू को स्वागत गरियो ।

खेल पनि विद्यार्थी वर्गको आत्म-विकास मा सहायक भएकोले खेल प्रति छात्रवर्गको अभिरुचि बढाउने प्रयत्न गऱ्यो । एक दल खेलाडी का लागि यस वर्ष पोशाक (युनिफर्म) को पनि प्रबन्ध गरियो ।

मार्ग १६ गते देखि २६ गते सम्म खेल प्रतियोगिता (टुर्नामेन्ट) र २७ गते साहित्यगोष्ठी सफलतापूर्वक सम्पन्न भयो । प्रतियोगिता सफल गराएको मा कक्षा प्रथमलाई हार्दिक धन्यवाद प्रदान गर्दछौं । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने साथीहरूलाई पुरस्कार दिइयो ।

यस वर्षका कार्यहरू सफल गराउन सहयोग दिने हाम्रा मुख्य अतिथि, सहयोगी तथा संघका साधारण सदस्य हरूलाई धन्यवाद प्रदान गर्दछौं । मुख्यतः यस पत्रिका प्रकाशनमा भाग लिनु भएका लेखक र पत्रिका छपाउन आर्थिक सहायता दिने बन्धुहरूलाई यो संघ धन्यवाद न दिई रहन सक्तैन । यस को पाण्डुलिपि उतार्नमा सहयोग गर्ने नारायण के० सी० उपेन्द्र बस्नेत, कृष्ण अधिकारी, भक्त बहादुर गुरुङ तथा सम्पादन एवं अन्य कार्यक्रम मा सल्लाह र सहयोग दिएकोले प्रो० टीकाप्रसाद शास्त्री र साथी कृष्ण कोइरालालाई विशेष धन्यवाद न दिनु गुनको कदर नगर्नु जस्तो हुनेछ । सबै सहयोगी बन्धुहरू लाई पुनः हार्दिक धन्यवाद प्रदान गर्दछौं । छात्र एकता अमर रहोस् ।

आय-व्ययको विवरण

आय

कोषमा रहेको पैलीको	१२६॥–)॥
चन्दावाट	६३॥)
साथीहरूवाट विशेष चन्दा	१०८॥।≡)
देउसीवाट	४६३॥≡)
लेखकहरूवाट	१८६)
	६८।।।≡)॥ जम्मा

व्यय

देउसी खेलदा	१०५।।।≡)
पत्रिका सांपादन र प्रेसकापी सार्दा	२४।–)॥
खेल कूदको सामान र व्यवस्थामा	१५)
पत्र-पत्रिका भिकाउँदा	२१।।।)
मसलन्द	३४॥।=)॥
पत्रिका सम्बन्धी खर्च	५८५।।।)
पत्रिका को निम्ति जांदा आउदा	७५)
जम्मा खर्च	८६१॥≡)
कोषमा बांकी	११६॥)

क्षेमानन्द गुरागाञ्ची
प्र० मन्त्री

उद्धव प्रसाद काफ्ले
अर्थ मंत्री

यस वर्षको कार्यकारिणी समिति का सदस्य

बसेका—(देब्रे देखि) डिल्लीप्रसाद भट्टराई (संगठन मन्त्री) उमानाथ भण्डारी, यादव शर्मा बस्नी (क्रीडा मंत्री) काशीनाथ पोखेल, लक्ष्मी नेपाल (साहित्य संस्कृति मन्त्री) ।

उभिका—(देब्रे देखि) विष्णु प्रसाद पोखेल (स० मन्त्री) हिल्लो राम तिम्सिना, पुण्य खनाल, उद्धव प्रसाद काफ्ले (अर्थ मन्त्री) जयनारायण शर्मा (अध्यक्ष) क्षेमानन्द गुरागाञ्चो (प्र० मन्त्री) भीम शङ्कर भण्डारी (उपाध्यक्ष) कमल प्रसाद पौडेल (स्वास्थ्य मन्त्री) नारायण के० सी० (प्रचार मन्त्री) र देवमणी आचार्य ।

शुभ कामना हरू

"छात्र हरूको मेल-मिलाप बाट शिक्षा प्रचार एवं विकास तर्फ कदम बढाउनु प्रत्येक शिक्षित व्यक्ति को कर्तव्य हो । यस पत्रिका प्रति सबैको रुचि बढेर फूलोस् फलोस ।

मिति" ०१६।११।९

सिद्धि लाल श्रेष्ठ
का० मु० डिभिजनल इन्सपेक्टर
अफ स्कूल्स, धरान

"यो पत्रिका अनेक क्षेत्रमा पथ-प्रदर्शन गर्दै जन-साधारण सम्म पुगी सधैंदै चल्दै रहोस् ।

दिनांक—२०१६।११।५

छवि लाल पोखेल
प्रधानाचार्य-श्री पिण्डेश्वर संस्कृत महाविद्यालय, धरान

जगाई नेपालीत्व 'नेपालमा' मा, फुकाई सत्य मानवता मा
नेपाली मापामा फूली, फली रहोस् 'नेपाल'
सबैको प्यारो रही, मेरो शुभ कामना छ ।

लक्ष्मी प्रसाद रिजाल
का० मु० प्रिन्सिपल,
श्री महेन्द्र कालेज धरान

शिक्षा को अद्वितीय महत्व को मूल्यांकन राष्ट्रिय महानता एवं जनीय शक्ति
विकास को सुपरिचय युगानुरूप को पत्र-पत्रिकादि बाट हुने हुनाले "संस्कृत छात्र संघ"
बाट प्रकाशित हुन लागेको शैक्षिक सामाजिक तथा साहित्यिक पत्रिका "नेपाल" प्रति
हार्दिक शुभ-कामना। प्रकट गर्दछु र आशा राख्दछु कि सेस्ले आक्षेपरहित, आदर्श मानव
भावना, राष्ट्रिय सभ्यता एवं संस्कृति को वास्तविक र तुलनात्मक रूप पेश गरी पाठक वर्
लाई शिक्षोन्नति को प्रेरणा प्रदान गर्दै साहित्य र त्यस माध्यम बाट देश को सेवा गर्नेछ

शुभेच्छु
हरिहर प्रसाद
प्रधानाध्यापक
पब्लिक हाइ स्कूल, धरान

७ फाल्गुन २०१६

नेपाली साहित्यकाशमा उदायेको "नेपाल" नामक साहित्यिक तारालै, कुनै किसिमको धमिलो रंगमा न रंगिई, देश र दश मा समयानुकूल, आफ्नो अपूर्व प्रकाश फैलाउन सफल रहोस्...।

दिनांक :—२—११—२०१६

दुर्गा शर्मा
प्रधानाध्यापिका
श्री शारदा बालिका विद्यालय
धरान (नेपाल)

"प्रभात-फेरी दिगन्त गुंज्यो, उदायो "नेपाल"
साहित्याकाश झिल्मिल पारोस्, यो रत्न अमोल।"

शुभ चिन्तक
चन्द्रशेखर श्रेष्ठ
प्रधानाध्यापक
श्री त्रिभुवन विद्यापीठ, धरान

४।११।२०१६

यस्को शंख-ध्वनिले नयाँ र स्फूर्त जागरण ल्याउन सकोस् एवं विद्यार्थी जगत्मा प्रेम र सद्भावना फैलाओस्...।

८।११।२०१६

भोजराज खनाल
नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन
केन्द्रीय समिति

राजेन्द्र प्रेस, सोह्र कला बालाजी।